लुम्बिनी

ऐतिहासिक तथा पुरातात्त्विक अध्ययन



3
6लु

बसन्त महर्जन

लुम्बिनी

ऐतिहासिक तथा पुरातात्त्विक अध्ययन



बसन्त महर्जन

लुम्बिनी

ऐतिहासिक तथा पुरातात्त्विक अध्ययन

लेखक

बसन्त महर्जन

बसामि डट कम

www.basami.com

काठमाडौं, नेपाल

प्रकाशक:
बसामि डट कम
पोष्ट बक्स नं. ८९७५, इपीसी ५२७३
काठमाडौं, नेपाल
फोन नं : २०१०८२०
http://www.basami.com
email: basami@wlink.com.np

२९४.३
म२६६नु

© सर्वाधिकार : लेखक

प्रथम संस्करण : ई.सं २००५

साधारण मूल्य: ३७५/-
हार्ड कभर मूल्य: ६००/-

ISBN : 99946-57-61-5

लेआउट : इमेज प्रिन्टर्स
फोन : ४४१६८६६

कल्याणी रेग्मी स्मारक पुस्तकालय
Kalyani Raman Regmi Memorial Library
काठमाडौं, नेपाल
२६३८२

आवरण : लुम्बिनीस्थित मायादेवी मन्दिरको पश्चिम अशोक स्तम्भतिर फर्केर प्रार्थना गरिरहेका थाई भिक्षुहरू । (डिजाइन तथा तस्विर : बसन्त महर्जन)

मुद्रक : **विजय अफसेट प्रेस**
थापाथली, काठमाडौं

समर्पण



भिक्षु सुदर्शन महास्थविर

टेलिफोन नं. ४२३१४७

त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व
केन्द्रीय विभाग
विभागीय प्रमुखको कार्यालय

कीर्तिपुर
काठमाण्डौं, नेपाल।

प.सं.
च.नं.

मिति २०६२/८/५

विषयः-

शुभकामना

मेरो अति स्नेही मित्र शिष्य श्री बसन्त महर्जनले आफ्नो स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका लागि लेख्नु भएको शोधग्रन्थलाई पुनः परिमार्जन गरी प्रकाशनमा ल्याउनु भएकोमा उहाँलाई अनेकौं साधुवाद सहितको यो शुभकामना दिन चाहन्छु।

यस प्रकारको प्रकाशनले लुम्बिनीका विषयमा चाख राख्ने सर्वसाधारण जिज्ञासु र इतिहास, संस्कृति र पुरातत्त्व पढ्ने विद्यार्थीहरू सबैले फाइदा उठाउने नै छन् भन्ने कुरामा दुईमत नहोला। लेखकले यसको प्रकाशनबाट नेपाली भाषा, संस्कृति र इतिहासको क्षेत्रमा ठूलै योगदन दिनुभएको छ। यसका लागि उहाँ प्रशंसनीय बन्नु भएको छ। यसबाट प्रेरणा लिई एम .ए. को आंशिक परिपूर्तिका लागि लेखिएका संस्कृति विषयका सबै शोधप्रवन्धहरू प्रकाशन गर्न अन्य छात्रछात्राहरूलाई पनि प्रोत्साहन मिलोस्, यही शुभकामना दिन चाहन्छ।

वहाँको कलमबाट यस्ता अनेकौं ग्रन्थ निस्कदै जानेछन् भन्ने आसा पनि लिएको छु।

प्रा. डा. मुकुन्दराज अर्याल
प्रमुख
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व
केन्द्रीय विभाग

प्रमाणपत्र

प्रमाणित किया जाता है कि श्री/श्रीमती/कुमारी _____ पुत्र/पुत्री/पत्नी श्री _____ ने हमारे महाविद्यालय में दिनांक _____ से _____ तक _____ विषय में _____ कक्षा में प्रवेश लिया था। उनके आचरण का विवरण निम्नवत है।

प्रमाणपत्र की प्रतिलिपि _____ को प्रदान की जाती है।

प्राचार्य
_____ महाविद्यालय
_____

कृतज्ञता

लुम्बिनीका सम्बन्धमा कुनै पनि प्रशंगमा मेरो मानसपटलमा स्मरण हुने व्यक्तित्व हुनुहुन्छ, भिक्षु सुदर्शन महास्थविर । उहाँको एउटा इच्छा थियो, पुरातत्त्वका सम्बन्धमा मबाट औपचारिक शिक्षा हासिल गरोस् र लुम्बिनीको पुरातत्त्वका सम्बन्धमा अझ गहिरिएर अध्ययन गरोस् । औपचारिक शिक्षाप्राप्ती, लुम्बिनीसम्बन्धी अध्ययन र पुस्तक लेखन कार्य सम्पन्न गरेर अहिले **लुम्बिनी : ऐतिहासिक तथा पुरातात्त्विक अध्ययन** प्रकाशनमा पनि ल्याएको छु । लाग्छ, उहाँको त्यो इच्छा पूरा गरें तर यो पुस्तक अर्पण गर्नुअघि नै उहाँ दिवंगत हुनुभयो । उहाँको वास सुखावती भुवनमा होस् र निर्वाणको कामना पनि गर्दछु । अनिच्चावत संखारा .....

वि.सं. २०५३ को बैशाख पूर्णिमाको अवसरमा पुरातत्त्व विभागले पत्रकारिता क्षेत्रमा संलग्न हामी केही पत्रकार र त्रिभुवन विश्वविद्यालयका केही विद्यार्थीलाई लुम्बिनीको अध्ययन भ्रमणमा लगेको थियो । त्यो बेला लुम्बिनीको उत्खनन् कार्य भखरै सकिसकेको थियो । हामी पत्रकार तथा विद्यार्थीहरूलाई उत्खनन्का सम्बन्धमा 'ब्रिफिङ' गर्दै हुनुहुन्थ्यो, उत्खनन्मा संलग्न पुरातत्त्वविद् कोषप्रसाद आचार्य । उहाँले स्ट्राटिग्राफीहरू देखाउँदै गर्दा म आश्चर्यचकित हुँदै थिएँ र नजानिँदो पाराले पुरातत्त्वमा आकर्षित भइसकेको रहेछु । उत्खनन्मा जापानपक्षबाट संलग्न पुरातत्त्वविद् सातोरु उएसाकासँग पनि चिनापर्ची भयो र उहाँबाट धुप्रै जानकारी र उत्खनन्का तस्विरहरू प्राप्त भयो । उहाँबाट पाएका जानकारी र तस्बिरलाई यस पुस्तकमा सदुपयोग गरेको छु ।

लुम्बिनी र त्यसवरिपरिका पुरातात्त्विक स्थलहरूको भ्रमणपछि त्यस सम्बन्धमा प्रकाशित साहित्यको अध्ययनका क्रममा भिक्षु सुदर्शन महास्थविरको सम्पर्कमा पुगेको थिएँ । पछि उहाँकै सानिध्यले लुम्बिनीको अध्ययन तथा छलफल गर्ने मौका मिल्यो । मलाई यस्तो लागिरहेकोछ, यदि उहाँसँग सम्पर्क नभएको भए मेरो रुचिले यति झाङ्गिन पाउँदैनथ्यो वा मुस्किल हुन्थ्यो । पत्रकारिता गर्ने क्रममा लुम्बिनी र त्यस परिपरि धुप्रै पटक भ्रमण गरें । तुलनात्मक अध्ययनका लागि भारतका बौद्ध धर्मसँग सम्वन्धित पुरातात्त्विक स्थलहरूको पनि भ्रमण गरियो । समस्या पर्दा भिक्षु सुदर्शन महास्थविरसँग सल्लाह लिन जान्थें । कुनै कुनै कुरामा उहाँ आफै पनि अलमल भइराख्नु हुन्थ्यो र त्यसबेला दुवै मिली चिन्तनमन्थन गर्थ्यौं ।

भिक्षु सुदर्शन महास्थविरपछि कहिल्यै भुल्न नसक्नेमा दुई व्यक्ति हुनुहुन्छ । एक, प्रा.डा. मुकुन्दराज अर्याल, जसले लुम्बिनीको पुरातत्त्वको शोधमा गाइड नै गर्नु भयो भने अर्का हुनुहुन्छ, वरिष्ठ पुरातत्त्वविद् शुक्रसागर श्रेष्ठ जसले भिक्षुको अभाव महसूस हुन दिनु भएन ।

लुम्बिनीको अध्ययनमा मलाई प्रेरणा दिने समस्त अग्रजहरू र सहयोगीहरूप्रति कतज्ञ छु । यसक्रममा पत्रकारितामा साथ दिने सहकर्मी मित्रहरू, प्रतिकृया दिने पाठक वर्ग, विश्वविद्यालयका अन्य गुरुवर्ग, साथीभाइ, शुभचिन्तकलाई सम्झनु नै पर्दछ । यसरी नै श्रीमती अमिका राजथला र मित्र सुकुम शर्माका अमूल्य सुझावहरूले यस पुस्तकमा प्रभाव पारेको छ ।

लेखक

भूमिका

भगवान् बुद्धको जन्मभूमि लुम्बिनीको नाम सुन्ने बित्तिकै कताकता भित्र मनमा शान्तिको अनुभूति हुन्छ। नेपालका एक सपूतले आज विश्वमा शान्ति फैलाउने कार्यमा अमीट छाप छाडेर जान सके। उनको नामको स्मरण र तिनको सौम्य मूर्तिको दर्शनले जो कोही पनि शान्ति चाहने मानवको हृदयमा शीतलताको महसुस हुन्छ। तिनै महामानवले पनि भविष्यमा (आफ्नो महापरिनिर्वाणपछि) लुम्बिनी तीर्थस्थलको रूपमा विकसित हुने कुरा प्रमुख शिष्य आनन्दलाई भनेर गएका थिए। लुम्बिनीले आफ्नो पहिचान धेरै समय इतिहासको गर्भमा विलीन भएर बस्नु परे तापनि थुप्रै सपूतहरूको अथक प्रयासले गर्दा हराएर भने जानु परेन। कतिपय बुद्ध र बुद्धसम्बन्धी स्थलहरू अझै पनि पृथ्वीको गर्भमा छन्। तिनको पुनःप्राप्ति हुन्छ-हुँदैन त्यो त भविष्यले नै बताउन सक्ला तर, लुम्बिनीको परिचय भने अब कतै हराउँदैन। कसैले मेट्न खोज्दैमा मेटिने छैन। कसैले लुकाएर लुक्दैन र कसैले नष्ट गर्न खोज्दैमा पनि नष्ट हुने छैन। एक शताब्दीभन्दा लामो अध्ययन र अनुसन्धानपछि लुम्बिनी यस स्थितिमा पुगेको हो। त्यही पहिचान फैलाउने र त्यसमा स्थायित्व दिने कार्यमा बसन्त महर्जनको यस पुस्तकले एक अध्याय थपेको छ।

भगवान्को जन्मपछि लुम्बिनीमा के भयो ? तथ्य त्यति थाहा पाइँदैन। तर भगवान्को ज्ञान प्राप्तिपछि भने यस स्थानले अवश्य पनि केही न केही रूपमा प्रख्याति र महत्त्व पाइसकेको हुनु पर्दछ। भगवान्को नङ र रौं भएपनि थापेर लगी श्रद्धा गर्ने श्रद्धालुहरूले भगवान्को जन्मथल लुम्बिनीलाई त्यसैं छाडेका थिएनन् होला। विशेष रूपमा श्रद्धा र पूजन गर्दै आएको हुनु पर्दछ। नत्र भने भगवान्को महापरिनिर्वाण भएको करीव तीन सय वर्षपछि सो स्थानमा आइपुगेका मौर्य सम्राट अशोकलाई भगवान्को जन्मस्थलो देखाउन ल्याइएका भिक्षु उपगुप्तले सोझै 'अस्मिन महाराज हिद बुधे जाते' भनी भन्न सक्ने स्थिति हुँदैनथ्यो होला। उपगुप्तले पहिले पनि सो स्थानको तीर्थाटन गरिसकेका थिए होलन् नत्र अशोकले उपगुप्तलाई नै किन चुन्थे ? उपगुप्तले पनि तिनै जन्मशिलालाई देखाएर उक्त वाक्य बोले होलान्। त्यही जन्मशिलाको महत्त्व थाहा पाएर महाराज अशोकले सो जन्मशिला अन्यथा नहोस् भनी राम्रो व्यवस्था गरी गए। सोही

व्यहोरा शिलास्तम्भमा पनि कुँदी छाडे । धेरै वर्षदेखि खुट्याउन र अर्थ्याउन नसकिरहेको शिलास्तम्भको 'शिलाविगडभिचा' को अर्थ आज बुद्धजन्म शिला प्राप्त भएपछि त्यसरी नै गरिएको छ ।

अशोकले त्यतिमात्र लेखेनन् । आज हामीलाई लुम्बिनीको पहिचान गर्न आवश्यक परिचयसमेत केवल ९० अक्षरको छोटो स्तम्भलेखमा पनि पुग्दो गरी विवरण कुँदी गए । लुम्बिनीका बारेमा यथार्थ जानकारी यसै स्तम्भलेखले दिइराखेको छ। लुम्बिनी र वुद्धसम्बन्धी कहाँ, किन, को र के भन्ने प्रश्नहरूको उत्तर यो छोटो अभिलेखले पूर्ण रूपमा दिन सके । स्तम्भलेख किन त भन्दा यहाँ बुद्ध जन्मेकाले (हिदबुधे जाते), कहाँ जन्मेको उत्तरमा लुम्बिनी गाउँमा (लुंमिनिगामे), को जन्मे त भन्दा महामानवको रूपमा शाक्यमुनि (सक्यमुनिती) र शाक्यमुनि के त भन्दा उनी भगवान जन्मे (भगवं जातेती) भनी प्रष्टसँग किटान गरी स्तम्भलेखमा उल्लेख भई दिंदा आज विश्वले महामानवको जन्मस्थलका बारेमा कुनै शङ्का उपशङ्का र द्विविधामा नपरी लुम्बिनीमा श्रद्धापूर्वक तीर्थाटन र प्रार्थना गर्न पाएका छन् ।

अशोकका अधिकांश अभिलेखहरू प्रायः एक न एक ठाउँमा खण्डित वा अक्षर उप्केर अस्पष्ट छन् । तर ठूलो भाग्यको कुरा, लुम्बिनी अभिलेखमात्र एउटा यस्तो अभिलेख हो जुन कुनै खोटबिना बचेर रहेको छ । साथै स्तम्भ पनि यथास्थितिमा खडा भइरहुँदा यसको आधिकारिकता ठूलो छ जसले गर्दा लुम्बिनीका बारेमा कसैले शङ्का उपशङ्का गर्ने ठाउँ नै छैन । यदि एक दुई अक्षरमात्र खण्डित भएको भए, एक दुई इन्च मात्र पनि स्तम्भ यताउता सरेको र सारिएको भए धेरैले तथ्यपूर्ण लुम्बिनीको दर्शनवाट चुक्नु पर्ने थियो । लुम्बिनीको नाउँमा दोस्रो कुनै कृतिम स्थानमा लुम्बिनीको पूजाअर्चना गरिदै आउने थियो । राष्ट्रियताका हिसाबले भाग्यको कुरा हो सन् १८१६ पछिमात्र लुम्बिनीको पत्ता लाग्नु । यदि सो भन्दा अघि लुम्बिनी पत्ता लागेको भए सीमा पारि गई श्रद्धा गर्न जानुपर्ने स्थिति आउने थियो होला ।

मन परे पनि नपरे पनि भन्नै पर्दछ लुम्बिनीको पुनः पत्ता लाग्नुमा अङ्ग्रेजहरूको ठूलो हात छ। ईसाको अठारौं शताब्दीमा पश्चिमा मुलुकमा भएको वैज्ञानिक खोजको विकास र उन्नाईसौं शताब्दीमा आएको पूर्वीय जगत्को धर्म र संस्कृतिप्रतिको चासोले गर्दा लुम्बिनी पत्ता लाग्न पुगेको हो । यत्रो महत्त्वको स्थल प्राप्त भएपछि पनि तत्कालीन शासक वर्गको अज्ञानता र बौद्ध धर्मप्रतिको वक्रदृष्टिले गर्दा झन्डै आधा शताब्दीसम्म खास केही भयो भन्न मिल्दैन । लुम्बिनीमा विकासप्रतिको चासो तब बढ्यो जब संयुक्त राष्ट्र संघजस्तो विश्व संस्थामा बौद्ध राष्ट्र वर्माका एक नागरिक उ. थान्तले महासचिवको पद सम्हाल्न पुगेर लुम्बिनीको भ्रमण गरे । उनको मनमा लुम्बिनीमा गुरुयोजना बनाई विकास गर्नुपर्ने सोच सन् १९६७ मैं आयो । फलस्वरूप १९७२ मा कार्य थालनी भई

१९७८ मा गुरुयोजना तयार भयो । त्यसैअनुरूप विकास कार्यहरू हुन थाले ।

आजसम्ममा तीनवटा देशले लुम्बिनीमा उत्खनन् कार्य गरिसकेका छन्- नेपाल, भारत र जापान । तिनमा सबैभन्दा बढी समय, लागत र ठूलो परिमाणमा उत्खनन् कार्य जापानले गऱ्यो । तर दुःखको कुरा, जति ठूलो परिमाणमा उत्खनन् कार्य भयो त्यति नै भारी परिमाणमा अपमान सहनुपऱ्यो र अपजस पायो त्यस देशले । मायादेवी मन्दिर जिर्णोद्धारबाट पुरै पन्छिन पुग्यो, केबल मूक दर्शकभएर बस्नु पऱ्यो । मायादेवी मन्दिर उत्खनन् होइन संरक्षण गर्ने मनसायले कार्य सुरू भएको थियो र स्विकृति पनि संरक्षणका लागि पाएको थियो । संरक्षण गर्दै जाँदा उत्खनन् गर्नुपर्ने आवश्यकता महसुस भयो र कार्य गर्दै जाँदा बुद्धजन्म शिला (मार्कर स्टोन) फेला पऱ्यो । त्यसैअनुरूप संरक्षण गर्न खोजिंदा जापानीपक्षले पेस गरेको योजना अस्विकृत भयो । मन्दिरको डिजायनका सम्बन्धमा धेरै मिटिङ्ग, सेमिनार भए । धेरै बुद्धि खियाइए । धेरै मेहनत र चर्का वादविवाद भए । धेरै खर्चालु बैठकहरू पनि भए । तर कहिल्यै एक मतमा मात्र होइन, बहुमत सम्ममा पनि पुग्न सकेनन् । आखिर बौद्ध जगतको दवाव पऱ्यो भनी ठूलै थैली खर्च गरी मायादेवी मन्दिरको पुननिर्माण कार्य भयो । भयो त भयो तर जापानी भाइले पहिला सोचेजस्तै भयो । केबल जन्मशिला छोपेर होइन, उघारेर भयो । अन्य सबै डिजाइन र आकारप्रकार जापानी भाइकै विचार र योजनामा सोचिएजस्तै भयो । सक्कली जन्मशिला छोपेर त्यसको प्रतिकृतिमा मात्र पूजा गराउने जापानी भाइको सोचाइमा त्यसो नगरी सक्कली जन्मशिलामा नै पूजा गर्न पाउने गरी मन्दिरको पुननिर्माण कार्य भयो । बाहिरबाट देखिने वास्तु पूर्वरूपमै बनाउने योजना जापानी पक्षबाट पनि भएकै थियो ।

लुम्बिनी क्षेत्रको विकासका निम्ति Buddhism र Tourism एकै रथका ISM रूपी दुई पाङ्ग्रा हुन । आज दिल खोलेर भन्नु पर्दा पर्यटनको विकास र यसको आर्थिक पक्ष सबल नहुँदो हो त लुम्बिनीको विकासमा सोच्नु पनि दिवास्वप्न मात्र हुने थियो । लुम्बिनीलाई धार्मिक र पुरातात्त्विक स्थलभन्दा आर्थिक दृष्टिले बढी हेरिने गरिन्छ । यो तीतो सत्य हो । नत्रभने संयुक्त राष्ट्रसंघको महासचिव जस्तोको नेतृत्वमा सुरु भएको योजना प्रो. केन्जो टांगेजस्ता विश्वविख्यात वास्तुविद्ले तयार पारेको वास्तु देशको उच्चस्तरको नेतृत्वमा सञ्चालित गुरुयोजना लक्ष्यअनुसार पूरा नभई आज झन्डै तीन दशक बितिसक्दा पनि तयार पार्न नसकेकोमा हामीले शिर निहुराउनै पर्छ । त्यसमाथि पनि लुम्बिनीलाई विश्व शान्तिको मुहान, विश्वशान्ति नगर जस्ता विशेषणले पोत्ने तर त्यसै स्थानमा विश्वशान्ति स्तूप बनाउँदै गरेका नावातामे भिक्षु जस्तो मारिनु, लुम्बिनीको विकास गर्न गठित संस्थाका जिम्मेवार व्यक्तिहरूबाटै मादकपदार्थ सेवन गरी बुद्धको मूर्तिमा सुँगुरको मासु कोचिंदा पनि विदाको दिन घटेको घटनामा ऐन लाग्दैन भनी कुनै

कारवाही नहुँदा बुद्ध र बुद्ध धर्मका नाउँमा हामीले लाज मान्नै पर्दछ। जापान बौद्ध समाजले प्रकाशन गरेको लुम्बिनी मायादेवी मन्दिरको उत्खनन् प्रतिवेदन २००५ मा जापानीसहित भारतीय र पाकिस्तानी विद्वान्हरूको प्रतिवेदन समावेश हुनु तर नेपालको तर्फबाट भने केवल सहभागीका रूपमा मात्र नाम आउँनु दुःख लाग्दो कुरा छ।

सन् १८९६ देखि सुरु भएको लुम्बिनीको उत्खनन्बाट धेरै पुरातात्त्विक वस्तुहरू फेला परिसके होलान्। सन् १९३९ अघिका ती वस्तुहरूको थोरैमात्र फोटो छापिएका छन्। सन् १९६४ देखि भएका उत्खनन्हरूको केवल उत्खनन्कर्ताहरूले आआफ्नो पाराले लेखरचनामा मात्र उल्लेख गर्न पुगेका छन्। एकै ठाउँमा सङ्कलन गरी एकमुष्ट रूपमा विश्लेषणात्मक अध्ययन अझै हुन सकेका छैनन्। ती सामाग्री कुन कता छन् भन्न गाह्रो भइसकेका छन्। अधिकतर उत्खनन्कर्ताहरू यस संसारबाट बिदा पनि भइसकेका छन्। यसर्थ नयाँ पिंढीका अन्वेषकहरूले यसतर्फ पनि सोच्ने र अध्ययन गर्ने बेला भइसकेको छ।

भनिन्थ्यो, केशरशमशेरले लुम्बिनीमा तहस नहस गरे। केशर शमशेरले थुपारेर गएका दुई ढिस्कोको उत्खनन् भएको पनि वर्षौं बितिसके। तर खोइ त ? त्यहाँ के निस्के के पाइए कुनै प्रतिवेदन कतैबाट पनि प्रकाशमा आएन। केशरशमशेर अज्ञानी र ध्वंसक भए तिनको भूलले धेरै सामाग्री ती ढिस्कोमा मिसिन जान्थे होलान्। तर केही ननिस्कनुमा केशरशमशेरको सावधानी र विद्वता झल्किन्छ। केवल अरुलाई दोष दिएर मात्र भएन। मायादेवी मन्दिरको सिधा उत्तर केशरशम्शेरद्वारा थुपारिएका तत्कालीन थुप्रो झिकेपछि दोस्रो ८० मि. वर्गाकारको दक्षिण पश्चिमबाट मायादेवी मन्दिरकै Alignment मा ठूल्ठूला पर्खाल निस्किंदा पनि कुनै पुरातात्त्विक चासो नहुनु अनि त्यसै ठाउँमा ठूलो शिलाको पुरातात्त्विक वस्तु त्यसै फ्याँकिएको अवस्था देखेर युनेस्कोका विज्ञहरूले चित्त दुखाई जानु पनि स्वाभाविकै हो।

उत्खनित सामाग्रीको पहुँचबाट टाढै बसी अध्ययन गर्न वाध्य भएकोले पनि होला यस पुस्तकका लेखक प्रारम्भिक स्रोतको विश्लेषणात्मक अध्ययन र गहिराइसम्म पुग्न सकेको देखिएन। फोटो, लेख र लिखित स्रोतको भने हदैसम्म गहिरिएर अध्ययन गरेको पाइन्छ। अन्य लेख र प्रकाशनहरूबाट चिरफार गरी सारेरै ल्याएको भएतापनि लेखकले आफ्नो विचार र विश्लेषणात्मक क्षमता प्रदर्शन गर्न चुकेका छैनन्। लेखकको प्रथम प्रयास हो, भविष्यमा हुने अध्ययनमा थप गहनता बढ्दै जानेछ। हालसालैको एउटा प्रकाशन (हसना मासिक, अंक १, वर्ष २, २०६२) को सानो लेखमा यस पुस्तकका लेखकद्वारा लेखिएको 'लुम्बिनी- विश्वशान्ति सहर : हतारको निर्णय' पनि समयसापेक्ष आलोचना भनौं वा समालोचना, सत्य र तथ्यपूर्ण छ। यसले लेखकको लुम्बिनीमाथिको गहन अध्ययनको छनक दिन्छ। लेखकले भविष्यमा लुम्बिनीका बारेमा कलम चलाउँदै

जानेछन् भन्ने दरिलो आशा हो ।

यस देशमा धेरै विद्वान्हरू जन्मे । धेरैलाई लुम्बिनीका बारेमा थाहा छ । लुम्बिनीका नाउँमा धेरै सेमिनार भए, धेरै पुस्तक लेखिए अथाह लेखहरू प्रकाशनमा आए तर ती सबै छरिएर प्रकाशन भए र अधिकतर लेखहरू अङ्ग्रेजीमा छापिए । देशमा रहेका नगण्य अङ्ग्रेजी जान्नेहरूले मात्र अध्ययन गर्न पाए । नेपाली भाषामा लुम्बिनीका बारेमा यति गहन पुस्तक लेख्न कसैको कलम अघि सर्न सकेको थिएन । दिवङ्गत भिक्षु सुदर्शन महास्थविरको हौसला र सानिध्यमा लेखकले लुम्बिनीको गहन अध्ययन गरे । पछि यसै विषयमा त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्वको आचार्य तह उत्तीर्ण हुन शोधकार्य पनि गरे । त्यही शोधग्रन्थमा थप अध्ययन र अनुसन्धान गरी पुस्तकका रूपमा प्रकाशनमा ल्याई दिंदा लुम्बिनीसम्बन्धी जान्न खोज्ने तर अङ्ग्रेजी नजान्ने लाखौं पाठकका लागि यस पुस्तकले ठूलो टेवा दिनेछ ।

नेपाली भाषामा लुम्बिनीसम्बन्धी यति गहिरिएर लेखिएको पुस्तक आजसम्म प्रकाशनमा आएको छैन । देशका कतिपय श्रद्धालु, विद्यार्थी जनसाधारण जो कसैले पनि यदि अङ्ग्रेजी जान्दैनन् भने लुम्बिनीका बारेमा गहन अध्ययनबाट बञ्चित हुनु परिरहेको थियो । यस कमीलाई लेखकले पूरा गरिदिएका छन् ।

२०६२/८/१

शुक्रसागर श्रेष्ठ
कीर्तिपुर

विषय सूची

शीर्षक
कृतज्ञता
शुभकामना
भूमिका
तस्विर सूची

पहिलो अध्याय : परिचय
विषय प्रवेश १९

दोस्रो अध्याय : लुम्बिनीको ऐतिहासिक पृष्ठभूमि
गौतम बुद्धको जन्म र संक्षिप्त जीवनी ३१
लुम्बिनीको भौगोलिक परिचय र क्षेत्रफल ३३
लुम्बिनी शब्दको व्युत्पति ३५
तीर्थस्थलको रूपमा लुम्बिनीको विकास
र प्रसिद्ध तीर्थयात्रीहरू ४०

तेस्रो अध्याय : लुम्बिनीको पुरातात्त्विक विकास
पूर्व मौर्यकाल ४७
बौद्ध धर्मको स्थिति ४९
पुरातात्त्विक अवशेषहरू ५०
मौर्य काल ५५
बौद्ध धर्मको स्थिति ५८
मौर्यकालीन पुरातात्त्विक अवशेषहरू ५९
शुंग काल ८१
बौद्ध धर्मको स्थिति ८३
पुरातात्त्विक अवशेषहरू ८३
कुषाण काल ८४
बौद्ध धर्मको स्थिति ८५
पुरातात्त्विक अवशेषहरू ८५
गुप्त काल ९१
बौद्ध धर्मका स्थिति ९३
पुरातात्त्विक अवशेषहरू ९५
गुप्तकालपछिको अस्पष्ट इतिहास ९८

जानेछन् भन्ने दरिलो आशा हो ।

यस देशमा धेरै विद्वान्हरू जन्मे । धेरैलाई लुम्बिनीका बारेमा थाहा छ । लुम्बिनीका नाउँमा धेरै सेमिनार भए, धेरै पुस्तक लेखिए अथाह लेखहरू प्रकाशनमा आए तर ती सबै छरिएर प्रकाशन भए र अधिकतर लेखहरू अङ्ग्रेजीमा छापिए । देशमा रहेका नगण्य अङ्ग्रेजी जान्नेहरूले मात्र अध्ययन गर्न पाए । नेपाली भाषामा लुम्बिनीका बारेमा यति गहन पुस्तक लेख्न कसैको कलम अघि सर्न सकेको थिएन । दिवङ्गत भिक्षु सुदर्शन महास्थविरको हौसला र सानिध्यमा लेखकले लुम्बिनीको गहन अध्ययन गरे । पछि यसै विषयमा त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्वको आचार्य तह उत्तीर्ण हुन शोधकार्य पनि गरे । त्यही शोधग्रन्थमा थप अध्ययन र अनुसन्धान गरी पुस्तकका रूपमा प्रकाशनमा ल्याई दिंदा लुम्बिनीसम्बन्धी जान्न खोज्ने तर अङ्ग्रेजी नजान्ने लाखौं पाठकका लागि यस पुस्तकले ठूलो टेवा दिनेछ ।

नेपाली भाषामा लुम्बिनीसम्बन्धी यति गहिरिएर लेखिएको पुस्तक आजसम्म प्रकाशनमा आएको छैन । देशका कतिपय श्रद्धालु, विद्यार्थी जनसाधारण जो कसैले पनि यदि अङ्ग्रेजी जान्दैनन् भने लुम्बिनीका बारेमा गहन अध्ययनबाट बञ्चित हुनु परिरहेको थियो । यस कमीलाई लेखकले पूरा गरिदिएका छन् ।

२०६२/८/१

शुक्रसागर श्रेष्ठ

कीर्तिपुर

विषय सूची

शीर्षक
कृतज्ञता
शुभकामना
भूमिका
तस्विर सूची

पहिलो अध्याय : परिचय
विषय प्रवेश १९

दोस्रो अध्याय : लुम्बिनीको ऐतिहासिक पृष्ठभूमि
गौतम बुद्धको जन्म र संक्षिप्त जीवनी ३१
लुम्बिनीको भौगोलिक परिचय र क्षेत्रफल ३३
लुम्बिनी शब्दको व्युत्पति ३५
तीर्थस्थलको रूपमा लुम्बिनीको विकास
र प्रसिद्ध तीर्थयात्रीहरू ४०

तेस्रो अध्याय : लुम्बिनीको पुरातात्त्विक विकास
पूर्व मौर्यकाल ४७
बौद्ध धर्मको स्थिति ४९
पुरातात्त्विक अवशेषहरू ५०
मौर्य काल ५५
बौद्ध धर्मको स्थिति ५८
मौर्यकालीन पुरातात्त्विक अवशेषहरू ५९
शुंग काल ८१
बौद्ध धर्मको स्थिति ८३
पुरातात्त्विक अवशेषहरू ८३
कुषाण काल ८४
बौद्ध धर्मको स्थिति ८५
पुरातात्त्विक अवशेषहरू ८५
गुप्त काल ९१
बौद्ध धर्मका स्थिति ९३
पुरातात्त्विक अवशेषहरू ९५
गुप्तकालपछिको अस्पष्ट इतिहास ९८

चौथो अध्याय : **लुम्बिनीको खोज, उत्खनन् र पुनःनिर्माण**
लुम्बिनीको खोजी र प्राप्ती १०४
श्रेयको विवाद १०५
पी.सी. मुखर्जीको अध्ययन (१८९८) ११०
उत्खनन् कार्य ११०
केशरशमशेरको कार्य (सन् १९३३-१९३९) ११२
केशरशमशेरका कार्यहरू ११४
देवाला मित्राको अध्ययन (सन् १९६१-६२) १२१
बाबुकृष्ण रिजालद्वारा प्राचीन लुम्बिनी गाउँको उत्खनन् (१९७०-७१) १२५
प्राप्त पुरातात्विक सामग्रीहरू १२५
बाबुकृष्ण रिजालबाट भएको पुरातात्त्विक गतिविधि (१९७६-१९७८) १२६
प्राप्त पुरातात्विक सामग्रीहरू १२७
तारानन्द मिश्रबाट उत्खनन् (१९८३-१९८५) १२८
प्राप्त पुरातात्त्विक कुराहरू १२९
पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र जापानी बौद्ध संस्थाको संयुक्त उत्खनन् (१९९३-९६) १३४
कार्यको थालनी १२६
प्राप्त पुरातात्त्विक सामग्रीहरू १३८
मायादेवी मन्दिरको पुनःनिर्माण १४२

पाँचौं अध्याय : **उपसंहार** १४६

नक्सा १४८
सन्दर्भग्रन्थ सूचि १५७
परिशिष्ट १६५

तस्विर विवरण

तस्विर सङ्ख्या १ : लुम्बिनीको उत्खनन्अघि खिचिएको एरियल भ्यू

तस्विर सङ्ख्या २ : शाक्य पुष्करिणी, जहाँ शिशु जन्माउनुअघि मायादेवीले नुहाएकी थिइन्

तस्विर सङ्ख्या ३ : गौतम बुद्ध जन्म शिला वा मार्कर स्टोन

तस्विर सङ्ख्या ४ : लुम्बिनीस्थित सम्राट अशोकको स्तम्भ अभिलेख

तस्विर सङ्ख्या ५: लुम्बिनीस्थित अशोक स्तम्भमाथि घोडा राख्न बनाइएको शिलाफलकको एक टुक्रा

तस्विर सङ्ख्या ६ : अशोक स्तम्भको जग

तस्विर सङ्ख्या ७ : अशोक स्तम्भको जग

तस्विर सङ्ख्या ८ : अशोक स्तम्भमा रहेको अभिलेख

तस्विर सङ्ख्या ९ : सिद्धार्थको जन्म मूर्ति, खुट्टाको भाग जोडिनु अघि

तस्विर सङ्ख्या १० : सिद्धार्थको जन्म मूर्ति

तस्विर सङ्ख्या ११ : सिद्धार्थको जन्म मूर्ति

तस्विर सङ्ख्या १२ : सिद्धार्थको जन्म मूर्ति

तस्विर सङ्ख्या १३ : सिद्धार्थको जन्म मूर्ति

तस्विर सङ्ख्या १४ : गर्भगृहमा सुनको बट्टामा अस्थिधातु पाइएको भोटिभ स्तूप, मायादेवी मन्दिरको उत्तर

तस्विर सङ्ख्या १५ : भोटिभ स्तूपको गर्भगृहमा सुनको भाडामा पाइएका अस्ति धातुहरू सुनको बट्टासहित

तस्विर सङ्ख्या १६: सुनको कास्केट

तस्विर सङ्ख्या १७ : लुम्बिनीमा पाइएको सिद्धार्थ र यशोधराको निजी जिवन अङ्कित दृष्य

तस्विर सङ्ख्या १८ : अफगानिस्तानको हाड्डा उत्खनन्मा पाइएको सिद्धार्थ र यशोधराको निजी जीवन अंकित दृष्य

तस्विर सङ्ख्या १९ : बुद्धको मूर्तिको शीर्ष भाग मात्र

तस्विर सङ्ख्या २० : बोधिसत्व र एक अज्ञात भक्तको (कुषाण कालीन) दुई काँश्य मूर्ति

तस्विर सङ्ख्या २१ : कुषाणकालीन मुद्रा

तस्विर सङ्ख्या २३ : सप्तरथ मन्दिरको कलात्मक इँटाहरू भएको उत्तर पश्चिम कुनाको दृष्य

तस्विर सङ्ख्या २४ : सप्तरथ शैली मन्दिरको भग्नावशेष

तस्विर सङ्ख्या २५ : बोधिसत्व

तस्विर सङ्ख्या २६ : सुन्दर केशयुक्त शीर्ष

तस्विर सङ्ख्या २७ : मायादेवी मन्दिर पूर्वस्थित ठूलो स्तूप

तस्विर सङ्ख्या २८ : अशोक स्तम्भको माथिल्लो भाग जहाँ विभिन्न समयका यात्रुरूले आ-आफ्ना नाम तथा सन्देशहरू कुँदेका छन्

तस्विर सङ्ख्या २९ : निग्लिहवास्थित अशोक स्तम्भमा अशोकको अभिलेख

तस्विर सङ्ख्या ३० : निग्लिहवास्थित अशोक स्तम्भ

तस्विर सङ्ख्या ३१ : निग्लिहवास्थित अशोकस्तम्भमा रिपुमल्लको अभिलेख

तस्विर सङ्ख्या ३२ : छ्योवर कर्म गराउँदै आदिवासी समुदाय

तस्विर सङ्ख्या ३३ : लुम्बिनीको प्रारंभिक उत्खनन् बेलाको अवशेष

तस्विर सङ्ख्या ३४ : दक्षिणबाट देखिने मायादेवी मन्दिरको भग्नावशेष

तस्विर सङ्ख्या ३५: चार वटा कालको वास्तुअवषेश देखिने मायादेवी मन्दिरको दक्षिणपश्चिमको दृष्य

तस्विर सङ्ख्या ३६ : केशर शमशेरभन्दा अघि नै निर्मित संरचनाको उत्खनन्का बेला बज्र उप्काउँदाको दृष्य

तस्विर सङ्ख्या ३७ : केशर शमशेरभन्दा अघि नै निर्मित संरचनाको उत्खनन्का बेला बज्र उप्काउँदाको दृष्य

तस्विर सङ्ख्या ३८ : केशर शमशेरभन्दा अघि नै निर्मित संरचनाको उत्खनन्का बेला बज्र उप्काउँदाको दृष्य

तस्विर सङ्ख्या ३९ : जनरल केशरशमशेरद्वारा लुम्बिनीमा काम गर्नुअघि अर्थात १९३३ भन्दा पहिलेको मायादेवी मन्दिरको दृष्य

तस्विर सङ्ख्या ४० : जनरल केशर शमशेरले काम गरिसकेपछिको लुम्बिनीस्थित मायादेवी मन्दिरसहित शाक्य पुष्करिणी

तस्विर सङ्ख्या ४१ : मायादेवी मन्दिरको दक्षिण पूर्वमा रहेको इनार,

तस्विर सङ्ख्या ४२ : सोन्ह वटा स्तूपसहित पृष्ठभूमिमा पुनःनिर्मित मायादेवी मन्दिर

तस्विर सङ्ख्या ४३ : बुद्धको मूर्तिको शीर्ष भाग

तस्विर सङ्ख्या ४४: बुद्धद्वारा अष्टमहाऋद्धि प्रदर्शन अङ्कित भग्न मूर्ति र युगल मूर्तिको टुक्रा

तस्विर सङ्ख्या ४५ : पीपलको पात आकारमा कलममाथि ललिताशनमा बोधिसत्व (मन्जुश्री ?)

तस्विर सङ्ख्या ४६ : मैत्रेय बुद्ध

तस्विर सङ्ख्या ४७ : बोधिसत्व (मैत्रेय ?)

तस्विर सङ्ख्या ४८ : दुई पुरुष आकृति मूर्तिहरू

तस्विर सङ्ख्या ४९ : भूस्पर्शमुद्रामा बुद्ध मूर्ति

तस्विर सङ्ख्या ५० : गणेशको मूर्ति

तस्विर सङ्ख्या ५१: बोधिसत्व र लोकेश्वर मूर्तिको टाउकोको भाग

तस्विर सङ्ख्या ५२ : धर्मचक्रको फुटेको भाग

तस्विर सङ्ख्या ५३ : उत्खनित लुम्बिनीस्थित मायादेवी मन्दिर, उत्तरबाट

तस्विर सङ्ख्या ५४ : उत्खनित लुम्बिनीस्थित मायादेवी मन्दिर, पूर्वबाट

तस्विर सङ्ख्या ५५ : उत्खनित लुम्बिनीस्थित मायादेवी मन्दिर, दक्षिणबाट

तस्विर सङ्ख्या ५६ : अशोक स्तम्भका टुक्राहरू

तस्विर सङ्ख्या ५७ : अशोक स्तम्भका टुक्राहरू

तस्विर सङ्ख्या ५८ : मुद्रा

तस्विर सङ्ख्या ५९ : उत्खनित मन्दिरको पुनःनिर्माण कार्य हुँदै

तस्विर सङ्ख्या ६० : उत्खनित मन्दिरको पुनःनिर्माण कार्य हुँदै

तस्विर सङ्ख्या ६१ : विश्व सम्पदा सूचीमा लुम्बिनी परेपछि त्यसको युनेस्कोको अभिलेख

तस्विर सङ्ख्या ६२ : लुम्बिनी उत्खनन्का सम्बन्धमा जापान पक्षले राख्न चाहेको अभिलेख तर हालसम्म राखिएको छैन ।

तस्विर सङ्ख्या ६३ : पुनः निर्मित मायादेवी मन्दिर

तस्विर सङ्ख्या ६४ : पुनःनिर्मित मायादेवी मन्दिरको उद्घाटन अभिलेख

Photo Credit

निम्न उल्लिखित बाहेक सबै तस्विर बसन्त महर्जन

- Excavation at Tilaura-Kot and Kudan and exploration in Nepal Tarai (लेखिका : देवाला मित्रा)- तस्विर सङ्ख्या ९, १९, २०, २१, ४३, ४४, ४५, ४६, ४७,४९, ५०, ५१
- सातोरु उएसाका र जापानी बौद्ध संस्थाको रिपार्ट- तस्विर सङ्ख्या ३, ६, ७, ११, १२, १३, ३६, ३७, ३८ ५३, ५४, ५५, ५६, ५७, ५८
- Lumbini: A Haven of Sacred Refuge (लेखक : वसन्त विडारी)- तस्विर सङ्ख्या १५, १६, २३, २४, ३३, ३४, ३५
- पोष्टकार्ड तथा बेव साइटहरू- तस्विर सङ्ख्या २५, २६, ४०
- सानुराजा बज्राचार्य- तस्विर सङ्ख्या ३९
- कनकमणि दीक्षित (हिमाल खबर पत्रिका)- तस्विर सङ्ख्या ५९, ६०

अध्याय - एक

परिचय

विषय प्रवेश

संसारभरका बौद्धहरूका लागि लुम्बिनी त्यत्ति नै महत्त्व र श्रद्धाको स्थल हो, जति इसाई धर्मावलम्बीलाई बेथेलहम, जेरुसलेम र भेटिकनसिटी, इस्लामलाई मक्का मदिना तथा हिन्दूहरूका लागि केदारनाथ, बद्रीनाथ, पशुपतिनाथ आदि । लुम्बिनी गौतम बुद्धको जन्मस्थल हो । ईसापूर्व ५६३ मा यही लुम्बिनी वनको शाल वृक्षमुनि कपिलवस्तु राज्यका राजा शुद्धोधनका प्रथम पुत्रका रूपमा महारानी मायादेवीले एक शिशुलाई जन्म दिएकी थिइन् र उनै शिशु पैतीस वर्षको उमेरमा बुद्धत्व प्राप्त गरी गौतम बुद्धका रूपमा प्रख्यात भए । बौद्ध ग्रन्थ 'दिव्यावदान'मा उल्लेख भएअनुसार बुद्धले महापरिनिर्वाण प्राप्त गर्नुअघि आफूसित सम्वद्ध चार स्थलहरू लुम्बिनी, बोधगया, सारनाथ र कुशीनगर कालान्तरमा तीर्थस्थल हुने कुरा भनेका थिए । यी चार स्थानलाई बौद्ध चार धाम वा चार संवेजनीय स्थल मानिन्छन् ।

बुद्धको महापरिनिर्वाणपछि पनि केही समयसम्म लुम्बिनी बगैंचाकै रूपमा थियो होला । आफ्ना धर्म गुरु उपगुप्तसँग मौर्य सम्राट अशोक ईसापूर्व २४९ मा लुम्बिनी आउँदा यहाँ मानव बस्ती बसिसकेको देखिन्छ । आफ्ना धर्मगुरूले जहाँ बुद्ध जन्मेको ठाउँ भनेर देखाएका थिए त्यहाँ बुद्ध जन्म स्थल सङ्केत गर्न एउटा सानो शिला राखिएको थियो । उक्त सङ्केतक शिलाप्रति मान्छेहरूमा श्रद्धा बसिसकेको थियो । तसर्थ सम्राट अशोकले जन्मशिलालाई सुरक्षित गरी अभिलेखसहित विशाल शिलास्तम्भ पनि ठड्याए । सो स्तम्भलेखमा संक्षिप्त तर स्पष्टसँग 'यहीं लुम्बिनीमा शाक्यमुनि बुद्धको जन्म भएको हो' भन्ने कुरा अंकित छ । अशोकपछि पाँचौं शताब्दीमा चिनियाँ यात्री फाहियान र सातौं शताब्दीमा अर्का चिनियाँ यात्री हुयनसाङ्गले लुम्बिनीको भ्रमण गरेका थिए । त्यसपछि बाह्रौं शताब्दीसम्ममा पनि कर्णाली प्रदेशका राजा रिपु मल्ल, संग्राम मल्ललगायतले यस क्षेत्रको भ्रमण गरेको अभिलेख पाइन्छ । तर पछि वाह्य जगतका लागि लुम्बिनी खोजीकै विषय बन्न पुग्यो ।

पूर्वको सभ्यता, संस्कृति र पुरातत्त्व निकै धनी छ भन्ने कुरा तत्काल भारतलाई उपनिवेश बनाई राज्य संचालन गरेका पाश्चात्य विद्वान्हरूले पनि थाहा पाएर यहाँको सभ्यता, संस्कृति र पुरातत्त्वका बारेमा जान्नबुझ्न र खोजनीतितिर तिनीहरू उत्साहित हुन पुगे । यही उत्साहस्वरूप सर विलियम जोन्सलगायतका विद्वान्हरू सम्मिलित एक समूहद्वारा कलकत्तामा 'एसियाटिक सोसाइटी'को स्थापना सन् १७८४ मा भयो । सोसाइटीले प्राचीन स्थलहरू विशेषतः बौद्ध सभ्यतासँग सम्बन्धित स्थलहरूको खोजी गर्ने क्रममा नेपालतिर पनि आँखा नलगाएका होइनन् । तर नेपाल भूमिमा कुनै विदेशिलाई टेक्नै नदिने र दिनै परेपनि ज्यादै सीमित मात्रामा मात्र दिने नीति भएकोले पुरातात्त्विक सर्वेक्षण गर्न सोसाइटीले नेपालमा काम गर्न पाएन । फलस्वरूप लुम्बिनी, कपिलवस्तु र रामग्रामजस्ता ठाउँहरू भारतको गोरखपुर र उत्तर प्रदेशको वस्ती जिल्लातिर हुनु पर्ने अनुमान गर्दै त्यतैतिर अलमलिरहेका थिए । सन् १८९३ मा बलरामपुरका मेजर जसकरण सिंहले नेपालको तराईमा अशोकस्तम्भ देखेको कुरा प्रचार गरेपछि पुरातत्त्वविद्हरूको ध्यानाकर्षण नेपालतिर पनि भयो । यता राणा शासकहरू पाश्चात्य विद्वान्हरूको अनुरोधका साथसाथै भारतमा तिनीहरूको उत्साह तथा रुचि देखेर प्रभावित हुन पुगे होलान् तर यसैका लागि भनेर कुनै कार्यक्रम भने बनाइएको पाइँदैन । स्थानिय जनताले जर्मन पुरातत्त्वविद् डा. ए. फुहररलाई निग्लिहवाको अशोकस्तम्भ देखाइदिएपछि यस क्षेत्रले पुरातत्त्वविद्हरूको ध्यान राम्रैसँग खिँच्यो । यस्तैमा तत्कालीन रुम्मिनदेई वा वर्तमान लुम्बिनीमा भारतमा रेलको लिक बिछ्याउन काठको निकासी गर्न रूख कटान गर्दैजाँदा कामदारहरूले जङ्गलको बीचमा शिलास्तम्भ देखे । उक्त स्तम्भ उखेलेर हेर्ने प्रयास हुँदै गर्दा १ डिसेम्बर १८९६ मा डा. ए. फुहरर त्यस ठाउँमा पुगे र शिलास्तम्भमा भएको अभिलेखको उतार लिएर गई ब्राम्ही लिपिका विशेषज्ञलाई पढ्न लगाएपछि गौतम बुद्धको जन्मस्थल भनिएको लुम्बिनी त्यही ठाउँ हो भन्ने निश्चित भयो । यसपछि सिल्भान लेभी, डा. होय, पी. सी. मुखर्जी, पर्सिभल ल्याण्डन, डा. राधाकुमुद मुखर्जी, देवाला मित्रा, बाबुकृष्ण रिजाल, तारानन्द मिश्रलगायत थुप्रै विद्वान्हरूबाट लुम्बिनीको अध्ययन भयो । अध्ययनका क्रममा भएका उत्खनन्हरूबाट थप जानकारी प्राप्त हुँदै गयो र पछि यसको पुरातात्त्विक महत्वलाई दृष्टिगत गरी संयुक्त राष्ट्र संघीय शैक्षिक वैज्ञानिक तथा साँस्कृतिक संगठन (यूनेस्को) ले यसलाई सन् १९९६ मा विश्वको ६६६ संख्याको विश्व सम्पदा सूचिमा दर्ता गरी विश्व समुदायकै सम्पदाको रूपमा मान्यता दियो ।

पुरातत्त्वविद् पी. सी. मुखर्जीले लुम्बिनीमा पहिलो पल्ट उत्खनन्को काम गरेका थिए । त्यसै बेला उनले अशोक स्तम्भभन्दा पूर्वको ढिस्को वा माउन्डको केही भाग खनेर हेर्दा गुप्त कालको अवशेष देखेका थिए । यसलाई उत्खनन् नभनी अन्वेषण भनिएको छ ।

जनरल केशरशमशेर जबराले सन् १९३३-३९ मा उत्खनन् तथा निर्माण कार्य गरे । तर उनको काम गराई वैज्ञानिक ढंगले गरिने पुरातात्त्विक उत्खनन् जस्तो थियो वा थिएन भन्ने प्रश्नको जवाफ आजभोलि पाउन सकिन्न । पुरातत्त्वविद्हरू उनले धेरै कुराको नोक्सान गरेको आरोप त लगाउँछन् तर त्यस अवधिमा त्यहाँ के कति उत्खनन् भएको थियो, के के प्राप्त भयो र के कति नोक्सान भयो भन्ने हिसाबकिताब भने गर्दैनन् । उनले पुरातात्त्विक माउन्डलाई राम्रोसँग छोपेका थिए । ती माउन्डहरू छोप्दा सोही साल १९३९ अङ्कित इँटाहरू प्रयोग गरिंदा इँटाभन्दा मुनि उनी जाँदै गएनन् र पछि जान्नेबुझ्ने विद्वान्ले त्यसको अध्ययन गरोस् भनी छोडेकोजस्तो देखिन्छ । यसरी माउन्डहरूलाई प्राकृतिक आकारमा छोप्दै जाँदा त्यहाँ नजानिंदो रूपमा एउटा अर्को नयाँ संरचना तयार हुन पुग्यो । सो संरचनामा मायादेवीको मूर्तिलाई पनि अटाउनु पर्दा सन् १९९२ अघिसम्म सर्वसाधारणले देख्ने गरेको मायादेवी मन्दिरको रूपमा चिनिएको संरचना बनेको थियो । उक्त संरचना साधारण रोमन शैलीको थियो । तत्कालीन राणा शासकहरू रोमन वास्तु शैलीबाट निकै प्रभावित थिए । उनीहरूले काठमाडौंमा मात्र नभई काठमाडौंबाहिर पनि उक्त वास्तुशैलीमा धेरै निर्माण गराएका छन् ।

लुम्बिनीको पछिल्लो उत्खनन् कार्य पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र जापान बुद्धिस्ट फाउन्डेसनको संयुक्त संयोजनमा ई. सं. १९९२-१९९६ सम्म भएको थियो । उत्खनन् कार्य गर्दै जाँदा पुरातात्त्विक महत्त्वका धेरै वस्तुहरू प्राप्त भयो । त्यहाँ मौर्य, शुङ, कुषाण र गुप्तकालीन वास्तु अवशेषहरू पनि देखियो । सबैभन्दा महत्त्वपूर्ण र अहं वस्तुको रूपमा लिइएको एउटा शिला पनि फेला पऱ्यो । त्यो शिला अरु नभई बुद्ध जन्मको ठाउँ भनी चिनाउन राखिएको थियो र सम्राट अशोकले यसको संरक्षण समेत गरेका थिए । यही शिलाका बारेमा अशोक स्तम्भमा रहेको अभिलेखको तेस्रो पंक्तिको 'सिलाभीगडभीचा कालपित' वाक्यांशले सङ्केत गरिरहेको थियो । यसलाई प्रचलित बोलिमा बुद्धजन्म सङ्केत शिला वा 'मार्कर स्टोन' भनिएको छ र यसको प्राप्तीको घोषणा फ्रेंबुअरी ४, १९९६ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा गराइएको थियो (परिशिष्ट छ) । यस प्रकार लुम्बिनी क्षेत्र बुद्धको बेलामा नै मानवीय गतिविधिहरू भएको स्थल र पछि बौद्धहरूको तीर्थस्थलको रूपमा विकास भएको देखिन्छ । तसर्थ यो पुरातत्त्वको दृष्टिकोणले अध्ययन गर्नु पर्ने क्षेत्र भएको छ ।

लुम्बिनीको पुरातत्त्वका सम्बन्धमा धेरैले काम गरिसकेका छन् । तिनलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ- पुरातात्त्विक उत्खनन् कार्यमा नै संलग्न भएकाहरूको उत्खनन् प्रतिवेदन तथा लेखरचना र अन्य कुराको आधारमा व्याख्या विश्लेषण गरेका विद्वान्हरूको लेखन । लुम्बिनीको पुरातत्त्वसम्बन्धमा सर्वप्रथम लेखनकार्य डा. ए. फुहररले

गरेका थिए । डा. फुहररले यस सम्बन्धमा सर्वप्रथम अलाहावादबादबाट प्रकाशन हुने 'पायोनियर' पत्रिकामा लेखहरू प्रकाशित गराएका थिए भने सन् १८९८ मा उनको छुट्टै रिपोर्ट प्रकाशित भएको थियो । त्यस उप्रान्त लुम्बिनीको पुरातात्त्विक अध्यनका क्षेत्रमा थुप्रै काम भएको पाइन्छ ।

गौतम बुद्धको जन्मस्थल लुम्बिनीको पहिचानपछि पुरातात्त्विक लेखनका रूपमा सर्वप्रथम प्रकाशित डा. ए. फूहररको Antiquites of the Buddha's Birth place रिपोर्ट हो । गौतम बुद्धको जन्मस्थल लुम्बिनी कालान्तरमा सामाजिक विस्मृतिको गर्भमा पुगेको थियो । पछि उन्नाइसौ शताब्दीतिर त यो खोजी कै विषय बन्न पुग्यो । लुम्बिनीको खोजीमा अलेक्जेन्डर कनिंघमलगायतका विद्वान्हरू भारतको गोरखपुर र वस्ती जिल्ला वरिपरि भड्किरहेका बेला सन् १८९६ को नोभेम्वरको अन्तिम सातातिर पाल्पाका बडा हाकिम खड्ग शमशेर रुम्मिनदेइ मन्दिर क्षेत्रमा रूख कटानको बेलामा देखिएको एउटा शिलास्तम्भ उखेल्न लगाउँदै थिए । १ डिसेम्वरमा आर्कियोलोजीकल सर्भे अफ इन्डियाबाट खटिएका डा. ए. फुहररले सो स्तम्भमा भएको अभिलेखको मसी उतार गरी अध्ययन गरेपछि त्यसलाई बुद्धको जन्मभूमि जनाउने प्रमुख सामग्रीको रूपमा लिई लुम्बिनी पत्ता लागेको प्रचार गरे । अर्का अतीत बुद्ध कनकमुनिको नाम अंकित निग्लिहवास्थित अशोक स्तम्भ पनि उनले नै पत्ता लगाएका थिए ।

डा. फुहररले लुम्बिनीस्थित अशोकस्तम्भको अभिलेख उतार्ने र त्यसलाई पढ्न लगाई लुम्बिनी पत्ता लागेको प्रचार गर्नेबाहेक यस सम्बन्धमा अरु काम गरेको पाइँदैन । कारण, लुम्बिनी पत्ता लागेको दुई वर्ष नबित्दै उनी सेवाबाट वर्खास्त गरिएका थिए । पुस्तकमा डा. फुहररले लुम्बिनीको बारेमा थोरैमात्र लेखेका छन् । बौद्ध वाङमयहरूमा वर्णित बुद्ध जीवनी र चिनियाँ यात्रीद्वय फाहियान र व्हेनसाङको यात्रा वृत्तान्त केलाई यहाँ पुनः उल्लेख गरिएको छ । लुम्बिनीको पुरातत्त्वसम्बन्धी पहिलो पुस्तक भएकोले तत्कालका लागि यसको ठूलो महत्त्व भएपनि त्यसपछि थुप्रै अध्ययन अनुसन्धान भइसकेकाले अब लुम्बिनी अध्ययनका लागि यो पुस्तक पर्याप्त भएन ।

लुम्बिनी र कपिलवस्तुको जानकारी दिने क्रममा विभिन्न लेखकहरूले यससम्बन्धी पुस्तक तथा लेखहरू प्रकाशित गरेका पाइन्छ । यसै क्रममा विजय श्रीवास्तवको 'कपिलवस्तु-लुम्बिनी- दिग्दर्शन' शीर्षकमा एउटा पुस्तिका सन् १९५४ मा प्रकाशित भएको छ । पुस्तिका लुम्बिनी र कपिलवस्तुको भ्रमण गर्न चाहने तीर्थयात्रीहरूको लागि ध्यानमा राखेर लेखिएको 'गाइड बुक' प्रकृतिको छ । पुस्तिकाको वर्णनबाटै थाहा पाइन्छ, यो विभिन्न विद्वान्हरूको रिर्पोट र पुस्तकको आधारमा संकलित सामग्रीहरूलाई रोचकपूर्ण ढङ्गले

प्रस्तुत गरिएका छन् । हिन्दी भाषाका पाठकहरूलाई ध्यानमा राखेर तयार पारिएको यो पुस्तिका सानो भैकन पनि गहन र ठोसपूर्ण भएको देखिन्छ ।

डा. ए. फुहरर र पाल्पाका बडा हाकिम खड्गशमशेरको संयुक्त प्रयासले सन् १८९६ मा गौतम बुद्धको जन्मस्थल लुम्बिनीको पत्ता लागेपछि संसारभरको ध्यानाकर्षण लुम्बिनीले गऱ्यो । तर स्पष्ट शब्दमा 'लुंमिनिगामे' र 'हिदबुधेजाते सक्यमुनीति' जस्ता शब्दहरू रहेको अभिलेखसहित अशोक स्तम्भ पत्ता लागेपछि त्यसकै आधारमा प्राचीन कपिलवस्तुको पनि खोजी गर्न सन् १८९९ मा आर्कियोलोजीकल सर्भे अफ इन्डियाको तर्फबाट पुरातत्त्वविद् पी. सी. मुखर्जी यस क्षेत्रमा आए । कपिलवस्तुको खोजीको क्रममा उनले विभिन्न ठाउँमा उत्खनन् पनि गरे । उनले यसै बेला लुम्बिनीमा पनि काम गरेका थिए । त्यस अवधिमा आफूले गरेका कामहरूको विवरण दिई A Report on a tour of Exploration of the Antiquities in the Tarai, Nepal प्रतिवेदन उक्त कार्यालयमा पेश गरे । पछि सोही प्रतिवेदन पुस्तकको रूपमा सन् १९०१ मा प्रकाशित भयो ।

मुखर्जीको यस पुस्तकमा लुम्बिनीको पुरातत्त्वका सम्बन्धमा महत्वपूर्ण विवरणहरू परेका छन् । मुखर्जी लुम्बिनीमा आइपुग्दा अशोक स्तम्भभन्दा पूर्वतिर एउटा ढिस्को थियो र ढिस्को माथि स्थानीय जनता वनदेवीको रूपमा एउटा शीरविहीन मूर्ति पुज्थे । पी. सी. मुखर्जीले ढिस्कोबाहिर भेटाएका विभिन्न सामग्रीहरूमध्ये एउटा स्त्रीमूर्तिको शीर्ष भाग पनि थियो । उक्त शीर ढिस्कोमाथि रहेको मन्दिरको शीरविहीन मूर्तिमा राखेर हेर्दा ठ्याक्क मिलेपछि सो मायादेवीकै मूर्ति हो भन्ने यकिन भयो । यसरी नै मुखर्जीले त्यस स्थल वरिपरि सानासाना ढिस्कोहरू खोलेर स्तूपको पहिचान गरेका थिए । पुस्तकमा मायादेवीको मूर्ति, साना स्तूपहरू र अशोक स्तम्भको वारेमा वर्णन गरिएतापनि स्तूपहरूको कालनिर्धारण भने गरिएको छैन ।

यस पुस्तकको अर्को महत्वपूर्ण पक्ष पुस्तकमा भूमिकाको रूपमा दिइएको अर्का पुरातत्त्वविद् भी. ए. स्मिथको विषयप्रवेश वा भूमिका रहेको छ । त्यसमा उनले तत्कालीन बौद्ध विषयमा भएको अनुसन्धानको सिलसिला उल्लेख गरी मुखर्जी र भविष्यका पुरातत्त्वविद्हरूलाई स्पष्ट नीतिनिर्देशन दिइएको छ ।

लुम्बिनीको उत्खनन् कार्यमा भारतका पुरातत्त्वविद् देवाला मित्राले पनि योगदान दिएकी छिन् । सन् १९७१ मा प्रकाशित पुस्तक Buddhist Monuments मा यससम्बन्धी संक्षिप्त तर महत्वपूर्ण जानकारी दिइएको छ । पुस्तक नेपाल तथा भारतका विभिन्न बौद्ध स्मारकसम्बन्धी परेको हुनाले लुम्बिनीसम्बन्धि विस्तृत व्याख्या हुन नसकेको देखिन्छ । नेपालको बौद्ध स्मारकहरूको मात्र छुट्टै पुस्तक अर्को वर्ष Excavation At

Tilaura-Kot and Kodan and Explorations in the Nepalese Tarai प्रकाशित भएको थियो ।

भारतीय पुरातत्त्वविद् देवाला मित्रा अघिल्ला पुरातत्त्वविद् पी. सी. मुखर्जीले गरेको कामको निश्चित गर्न नेपालको तराईमा खटाइएकी थिइन् । तिनले कपिलवस्तु, कुदान, सगरहवालगायतका ठाउँहरूको अध्ययन गर्ने क्रममा लुम्बिनीको पनि अध्ययन गर्न पुगेकी थिइन् । लुम्बिनीमा उनले अशोक स्तम्भको जगसम्म उत्खनन् गरेर स्तम्भका बारेमा अध्ययन गर्न खोजेकी थिइन् तर स्तम्भको सुरक्षाका लागि तत्कालीन नेपाली अधिकारीले रोक लगाएपछि सो कार्य पूरा हुन पाएन । उनले आफ्नो लुम्बिनीको अध्ययनलाई यस पुस्तकमा समावेश गरेकी छिन् ।

पुस्तकमा देवाला मित्राले आफूले पाएका पुरातात्त्विक सामग्रीहरूको विस्तृत व्याख्या विश्लेषण गरेकी छिन् । पुस्तक यतिमा मात्र सीमित नभई आफू त्यसक्षेत्रमा आउनुभन्दा अघि नै विभिन्न समयमा पाइएको तर अध्ययन भइनसकेका मूर्तिलगायतका पुरातात्त्विक सामग्रीहरूको पनि तस्विर सहित विवरणहरू दिएकी छिन् । ती मूर्ति हाल कहाँ राखिएका छन् भन्ने कुरा सम्बन्धित निकायलाई पनि थाहा नभएको अवस्थामा पुस्तक आफैमा महत्वपूर्ण सामग्री भएको छ ।

लुम्बिनी वर्ष १९७९ को सन्दर्भमा प्रकाशित भिक्षु सुदर्शन महास्थविरको पुस्तक 'लुम्बिनी : छगू ऐतिहासिक विवेचना (१)' नेपालभाषामा प्रकाशित छ । पुस्तकमा 'लुम्बिनी' शब्दको विवेचनादेखि प्राचीन लुम्बिनीको वर्णन, लुम्बिनी ग्रामको विकास, पुराना अवशेषहरू, मौर्य सम्राट अशोक, चिनियाँ यात्रीद्वय फाहियान र हुयनसाङ, कर्णाली प्रदेशका रिपु मल्ललगायतका राजाहरूको भ्रमण तथा विस्मृतिको गर्भमा लुकेर लुम्बिनी पुनः प्रकाशनमा आएको वर्णन यसमा परेको छ । यसरी नै लुम्बिनी पत्ता लागेपछि विभिन्न विद्वान्हरू तथा संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव उ. थान्तको भ्रमण, लुम्बिनीको विकासका लागि मास्टरप्लानको तयारीलगायत विकास निर्माणका साना साना घटनाहरू समेत यसमा उल्लेख गरिएको छ ।

भिक्षु सुदर्शन महास्थविरकै अर्को महत्त्वपूर्ण पुस्तक 'लुम्बिनीया किचलय्' हो । यो मूलतः अठ्ठाइस वटा स्वतन्त्र लेखरचनाहरूको संग्रह हो । पुस्तकको नामअनुसार यो लुम्बिनीसम्बन्धी देखिएपनि वास्तवमा नौ वटा लेखलेमात्र प्रत्यक्ष रूपमा लुम्बिनीसँग सम्बन्ध राख्दछ । लुम्बिनी उत्खनन्मा कहिले के के भेटाएको, अशोक स्तम्भ, फाहियान र हुयनसाङको यात्रा वृत्तान्तमा लुम्बिनी, आदि विषयवस्तुमा लेखहरू केन्द्रीत छन् ।

लुम्बिनीको पुरातत्त्वका सम्बन्धमा नेपाली भाषामा लेखिएका थोरै सामग्रीहरूमध्ये भिक्षु सुदर्शन महास्थविरद्वारा लिखित 'लुम्बिनीको काखमा' एक हो । मूलतः नेपालभाषामा स्वतन्त्र रचनाको रूपमा लेखी विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित रचनाहरूको संकलन र अनुवाद नै यो पुस्तक भएको बुझिन्छ। पुस्तक लुम्बिनीको काखमा भएपनि यो लुम्बिनीको पुरातत्त्वका बारेमा साङ्गोपाङ्गो अध्ययन नभई त्यहाँस्थित अशोक स्तम्भको अभिलेखको मात्र व्याख्या भएको छ। यसरी नै उत्खनन् र विकासका सम्बन्धमा लेखिएका केही रचनासमेत गरी पुस्तकमा १८ वटा लेख समावेश गरिएका छन्। संकलित रचनाहरू तथ्यपूर्ण र तार्किक छन् जुन लुम्बिनीसम्बन्धि अध्ययनका लागि राम्रो सामग्री हो ।

भिक्षु सुदर्शनद्वारा लुम्बिनीसम्बन्धी लिखित थुप्रै लेखरचनामा Which Should be Conserved, the Excavated Birth Monument of Siddhartha or the Mayadevi Shrine ? बढी गहन र सारपूर्ण देखिन्छ । यो लेख मुलतः बुद्धको जन्मस्थल वा मायादेवी मन्दिरको सम्बन्धमा एक विवेचनात्मक लेख हो । मायादेवी मन्दिरको उत्खनन्पछि र पुनःनिर्माण गर्नुअघि मन्दिर कुन ढाँचामा बनाउने भन्ने सन्दर्भमा भइरहेको लामो विवादका बीच उनको यो लेख प्रकाशित भएको थियो ।

कुनै पनि बौद्ध वाङमयमा मायादेवी मन्दिरको उल्लेख पाइँदैन । न अन्यत्र कतै मायादेवी मन्दिरको निर्माण भएको उल्लेख नै पाइन्छ। लुम्बिनीको महत्व हुनुको एउटैमात्र कारण सिद्धार्थ गौतम वा गौतम बुद्धको जन्मका भएको हुनाले मायादेवीको मूर्ति रहेको ठाउँलाई मायादेवी मन्दिर नभनी सिद्धार्थ जन्मस्मारक भन्नु पर्छ भन्ने विचार भिक्षु सुदर्शन महास्थविरको रहेको छ। मायादेवीले बुद्धलाई जन्म दिइरहेको मूर्ति भेटाएपछि सो ठाउँलाई मायादेवी मन्दिर भन्न थालिएको र यो नाउँ एक सय वर्षमात्र पुरानो भएको वास्तवमा सही पनि हो । लुम्बिनीको निर्माण कार्यहरू विभिन्न समयमा विभिन्न ढंगले हुँदै आएको सन्दर्भमा वर्तमान मायादेवी मन्दिरको निर्माण पनि एक हो । पुरातात्त्विक विकासको सन्दर्भमा मायादेवी मन्दिर पनि उल्लेख हुनु पर्ने भएकोले यो लेख अध्ययनका लागि महत्व राख्दछ ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतको रिसर्च सेन्टर फर नेपाल एण्ड एशिया स्टडिज्' द्वारा प्रकाशित भुवनलाल प्रधानको पुस्तक Lumbini, Kapilwastu-Dewadaha मूलतः लेखकका विभिन्न १५ वटा लेखको संग्रह हो । पूर्व प्रकाशित लेख, पुस्तक तथा रिर्पोटहरूको अध्ययनपछि आफ्नो विद्वतापूर्ण तर्कहरू दिदै कतिपय कुराहरूको अर्थ लगाउने प्रयास यस पुस्तकमा गरिएको छ। पुस्तकको शीर्षकले नै यो लुम्बिनीसँग मात्र

सीमित नभएको स्पष्ट पार्दछ । यसमा लुम्बिनी, कपिलवस्तु र देवदहको इतिहास, यसको अवस्थिति, खोजी, प्राप्त पुरातात्त्विक अवशेषहरू आदिका बारेमा वर्णन गरिएको छ । तर लेखक उत्खनन्कर्ता नभएकाले यस पुस्तकमा ती पुरातात्त्विक स्थलहरूको उत्खनन्बाट प्राप्त सामग्रीहरूको विस्तृत व्याख्या तथा कालनिर्धारण गरिएका छैनन् । लुम्बिनी, कपिलवस्तु र देवदहको पुरातात्त्विक विकासका गतिविधिहरू एउटै कालमा भएको हुनाले तिनीहरूको कुरा पनि लुम्बिनीको अध्ययनमा सहायक हुने भएकोले पुस्तक महत्वपूर्ण नै छ ।

बाबुकृष्ण रिजाल लुम्बिनीको पुरातात्त्विक उत्खनन् कार्यमा लामो समय बिताएका एक पुरातत्त्वविद् हुन् । उनीद्वारा लिखित Archaeological Remains of Kapilavastu, Lumbini and Devadaha पुस्तक लुम्बिनी, कपिलवस्तु र देवदहको पुरातत्त्वसम्बन्धी जानकारीका लागि एक महत्वपूर्ण सामाग्री हो । यी तीन वटै स्थलको ऐतिहासिक विवरणका साथै पुरातात्त्विक गतिविधिमाथि टिप्पणी यसमा गरिएको छ। उत्खनन्का क्रममा भेटिएका सामग्रीहरूको कालनिर्धारण गर्ने प्रयास पनि यसमा भएको छ ।

पुस्तक सन् १९७९ मा प्रकाशित भएको हुनाले त्यसपछिका पुरातात्त्विक गतिविधिहरू यमसा समेटिएका छैनन् । यसरी नै पुस्तकमा लुम्बिनी र देवदहभन्दा कपिलवस्तुमा नै बढी शब्द खर्चिएको छ । लुम्बिनीका सम्बन्धमा थोरैमात्र शब्द खर्चिएपनि महत्वपूर्ण जानकारी प्राप्त भएका छन् ।

पुरातत्त्वविद् रिजालका पुस्तक 100 Years of Archaeological Research in Lumbini, Kapilvastu & Devadaha हो । सन् १८९६ मा गौतम बुद्धको जन्मस्थल लुम्बिनीको पत्ता लागेपछि समय समयमा यहाँ पुरातात्त्विक उत्खनन् तथा अध्ययन अनुसन्धान हुन थालेको हो । विभिन्न समयमा विभिन्न विद्वान्हरूबाट विभिन्न उद्देश्यले यहाँ काम गरिएको थियो । ती विद्वान्हरू मध्येमा पुरातत्त्वविद् बाबुकृष्ण रिजाल पनि एक हुन् । उनले आफ्नो कामको अलावा पूर्ववर्ती विद्वान्हरूले गरेका कामहरूलाई पनि समेटेर एक सय वर्षभित्रमा पुरातत्त्व सम्बन्धी के कस्ता गतिविधिहरू त्यहाँ भएको रहेछ भन्ने इतिहास यस पुस्तकमा दिएका छन् ।

पुस्तक मुलतः दुई खण्डमा विभाजित छ । प्रथम खण्ड, गौतम बुद्धको जन्मस्थल लुम्बिनीसम्बन्धी हो भने दोस्रो उनले आफ्नो २९ वर्ष विताएको राजा शुद्दोधनको राजधानी कपिलवस्तु राजप्रसाद क्षेत्रको पुरातात्त्विक उत्खनन् तथा अध्ययन सम्बन्धी । पुरातत्त्वको अध्ययन तथा विश्लेषणमा यी दुई क्षेत्रमा पाइने पुरातात्त्विक सामग्रीहरू

एकअर्कामा सहायक त हुन्छन् तर यहाँ प्रथम खण्डअन्तर्गत रहेको लुम्बिनीसम्बन्धीमात्र चर्चा गरिएको छ । पुस्तकमा लुम्बिनीमा बुद्धको जन्मपूर्वको केही चर्चादेखि बुद्धको जन्म, बुद्धसँगसम्बन्धित स्थलहरूको भ्रमण गर्ने क्रममा मौर्य सम्राट आफ्ना धर्मगुरु उपगुप्तसँग लुम्बिनी पुगेको र अशोकस्तम्भ ठड्याउनाका साथै उनले गरेका अन्य गतिविधिहरू, चिनियाँ यात्रीद्वय फाहियान र हुयनसाङ तथा कर्णाली प्रदेशका राजा रिपुमल्ल आदिको भ्रमण तथा तत्पश्चात लुम्बिनी विस्मृतिको गर्भमा विलीन हुन पुगेको कुरा वर्णन छ । यसरी नै उनले लुम्बिनीको पत्ता लागेदेखि त्यहाँ पुग्ने र अध्ययन गर्ने पी. सी. मुखर्जी, पर्सिभल ल्यान्डन, केशरशमशेर, देवालामित्र तथा आफ्नै संलग्नतामा भएका कार्यहरूको बारेमा लेखेका छन् । अशोकस्तम्भलगायत त्यहाँस्थित केही पुरातात्त्विक सामग्रीहरूको वर्णनका साथै आफ्नै र विभिन्न स्रोतबाट संकलित तस्विर, तथा नक्साहरू पनि समावेश गरिएका छन् ।

लुम्बिनीसम्बन्धी सम्पूर्ण कुराहरू जम्माजम्मी २० पेजमा समेट्न खोजिंदा एक सय वर्षको पुरातात्त्विक गतिविधिहरूको रिकर्ड निकै संक्षिप्त र मुख्य मुख्य कुराहरू मात्र उल्लेख हुन पुगेको छ । तर प्रकाशकीयमा भनिएअनुसार त्यहाँको पुरातात्त्विक गतिविधिहरूको रिकर्डलाई अद्यावधि गर्ने उदेश्यमात्र भएकोले यो पुस्तकले धर्म निर्वाहमात्र गरेको मान्नु पर्दछ । पुस्तकमा पी. सी. मुखर्जीको सन् १९९९ मा प्रकाशित तर बजारमा अप्राप्य A Report on a tour of Exploration of the Antiquities in the Tarai, Nepal लाई थप सामग्रीको रूपमा प्रकाशन गरिएको छ ।

पुरातत्त्वविद् रिजालका लुम्बिनीसम्बन्धि थुप्रै लेखरचनाहरू पनि प्रकाशित छन् । तिनीहरूमध्ये एउटा लेख A Great Discovery at Mayadevi Temple In Lumbini पनि हो । मूलतः मायादेवी मन्दिरको उत्खनन्मा भेटिएको सिद्धार्थ गौतम र यशोधरासँगको मृण्मयी मूर्ति तथा पन्द्रह वटा च्याम्वरका साथै बुद्धजन्म सङ्केत शिला (मार्कर स्टोन) का बारेमा लेखिएको यो लेख पुरातात्त्विक अध्ययनमा निकै महत्व राख्दछ ।

लुम्बिनीसम्बन्धी नयाँ प्रकाशनहरूमा वसन्त विडारीको पुस्तक Lumbin: A Haven of Sacred Refugei पनि एक हो । लुम्बिनीको ऐतिहासिक विवेचनाका साथै हाल उपलब्ध पुरातात्त्विक स्थल एवं सामग्रीहरूका बारेमा उल्लेख गरिएको छ । लुम्बिनी के हो, किन महत्वपूर्ण छ, विगतमा यहाँ के के थियो र तिनीहरूमध्ये वर्तमानमा के के हेर्न पाइन्छ भन्ने विवरणलाई लेखकले समेट्ने प्रयास गरेका छन् । साथै लुम्बिनीको उत्खनन्का विवरणहरू पनि यसमा दिइएकोले यस सम्बन्धी जानकारी राख्न चाहनेलाई

फाइदाजनक भएको छ। पुस्तकमा लुम्बिनीको ऐतिहासिक फोटोग्राफीहरूका साथै आफ्नो भनाईको पुष्टिका लागि वा तुलनात्मक अध्ययनका लागि गान्धार, मथुरा लगायतका ठाउँहरूमा भेटाइएका सामग्रीहरूको पनि फोटोग्राफी समावेश गरिँदा यस पुस्तकले थप महत्व कायम गरेको छ। लेखकको स्वीकारोक्तीअनुसार पुस्तक अरु दृष्टिले भन्दा लुम्बिनी घुम्न आउने सर्वसाधारणको जिज्ञासा शान्त गर्न लेखिएको एक प्रकारको 'गाइड बूक' हो तर यो गाइड बूकको स्तरभन्दा उपल्लो दर्जामा रहेको पाइन्छ। लुम्बिनीको पुरातत्त्वसम्बन्धी अध्ययन गर्ने विद्यार्थी एवं अनुसन्धानकर्तालाई कहाँ के खोज्ने भन्ने तर्फ यसले बढी मद्दत गर्दछ।

लुम्बिनीको कला र वास्तुकलाको विषयमा गितु गिरिले विद्यावारिधि नै गरेका छन्। सोही विद्यावारिधीको शोधपत्रको आधारमा Art and Architecture Remains in the western terai Region of Nepal शीषर्कमा पुस्तक प्रकाशित भएको छ। पुस्तक गौतम बुद्धको जन्मस्थल लुम्बिनीको पुरातात्त्विक सामग्रीहरूमा मात्र सीमित नभई कपिलवस्तु, रामग्राम, देवदह, कुदान आदि गरी उक्त सम्पूर्ण क्षेत्रलाई समेट्ने प्रयास गरेको छ। यसरी सम्पूर्ण क्षेत्रलाई नै समेट्दा तुलनात्मक अध्ययनको अवसर प्राप्त हुन्छ तर विवरणात्मतालाई नै प्रमुखता दिएको पाइन्छ। तसर्थ यो पुस्तक पनि लुम्बिनीसम्बन्धी सम्पूर्णता होइन।

प्रा.डा. मुकुन्दराज अर्यालको Lumbini : An Archaeological and Historical Presentation शीर्षकको लेख लुम्बिनीसम्बन्धमा लेखिएको छोटो लेख भएपनि ऐतिहासिक एवं पुरातात्त्विक विवेचनाका दृष्टिले एक गहन सामग्री हो। लेखमा लेखकले मौर्य सम्राट अशोकपछि लुम्बिनीको भ्रमण गर्ने विभिन्न तीर्थ यात्रीहरूको विवरणका साथै यो ठाउँ विस्मृतिको गर्भमा पुरिंदा पुरातात्त्विक खोजीको परिणाम स्वरूप पत्ता लागेको कुरालाई पनि संक्षिप्त रूपमा उल्लेख गर्नु भएको छ। लेखको मुख्य आकर्षण गौतम बुद्धको जन्मस्थल लुम्बिनी बगैंचामा विभिन्न समयमा भएका उत्खनन्हरूको प्रकृति र उत्खनन्का क्रममा पाएका पुरातात्त्विक सामग्रीहरूको विवरणका साथै कालनिर्धारण भएको छ। लुम्बिनीमा विद्यमान पुरातात्त्विक संरचनाको कालक्रम निर्धारण सहज कुरा होइन। धेरै कुराहरू नष्ट भैसकेको र त्यहाँ भएका उत्खनन् कार्यहरूको पनि रिपोर्ट प्रकाशित नभएको सन्दर्भमा यहाँको पुरातात्त्विक कालक्रमनिर्धारण समस्याकै विषय भएको छ। सम्बन्धित विशेषज्ञहरूद्वारा लेखिएका लुम्बिनीको पुरातत्त्वसम्बन्धी लेखरचनामा पनि कालक्रम निर्धारणलाई आवश्यकताअनुसार शब्द खर्चने गरेका छैनन्। लुम्बिनीको पुरातात्त्विक सामग्रीहरूको कालक्रम निर्धारण धेरै मात्रामा प्राविधिक हुने भएको र मान्छेहरू त्यस्ता प्राविधिक कुराप्रति आकर्षित नहुने भएकोले अध्ययन गरेर पनि

प्रकाशनमा नल्याएको हुनु पनि धेरै संभव छ । यदि यस्तै हो भने पुरातत्त्वको अध्ययनमा यसलाई धोखा भन्न सकिन्छ । विद्वान् लेखकले विभिन्न स्रोतबाट कालक्रम संकलन गरी यस लेखमा प्रस्तुत गरेर लुम्बिनीको पुरातात्त्विक इतिहास अध्ययन गर्नेका लागि दिशानिर्देश गरेको मान्नु पर्दछ ।

लुम्बिनी पत्ता लागेपछि त्यस ठाउँले विश्वको ध्यानाकर्षण गऱ्यो । यसपछि विभिन्न समयमा विभिन्न विद्वान्हरूले यस ठाउँको भ्रमण गरी अध्ययन अनुसन्धान गर्ने क्रम बढेको हो । यसै क्रममा नेपालको इतिहास लेखाउन झिकाइएका पर्सिभल ल्यान्डन अध्ययन अनुसन्धानकै क्रममा लुम्बिनी पनि पुगेका थिए । उनले आफ्नो लुम्बिनी अध्ययन भ्रमणको क्रममा पाएका कुराहरू आफ्नो पुस्तक NEPAL (दोस्रो भाग) मा प्रकाशित गराएका छन् । इन्टरनेसनल बुद्धिष्ट सोसाइटीको जर्नल लुम्बिनीमा साभार प्रकाशित ल्यान्डनको उक्त लेखमा आफ्नो भ्रमणको क्रममा देखेका र आफूलाई लागेका कुराहरू समावेश गरिएका छन् । तत्कालीन वस्तुस्थितिको वर्णनले पनि लुम्बिनीको पुरातात्त्विक अध्ययनमा सहयोग गर्दछ ।

लुम्बिनीसम्बन्धी विद्वान् लेखकहरूबाट थुप्रै अध्ययन अनुसन्धान तथा लेखन कार्य सम्पन्न भइसकेको छ । वास्तवमा लुम्बिनीलाई विभिन्न क्षेत्रले आफ्नै क्षेत्रअनुसार हेरेर यसको अध्ययन गर्ने गरेको पाइन्छ । धार्मिक प्रवृत्तिका मान्छेहरू यसलाई धार्मिक क्षेत्रको रूपमा लिन्छन् त पर्यटन विकास गर्न चाहने वा पर्यटन व्यवसायीहरू यसलाई पर्यटकीय दृष्टिले मात्र हेर्छन् ।

लुम्बिनीमा ईसापूर्व तेस्रो शताब्दीमा मौर्य सम्राट अशोकबाट निर्माण कार्यको थालनी भएको र त्यसपछि पनि बेला बेलामा विभिन्न निर्माण कार्यहरू हुँदै गरेको तथ्यबाट यो पुरातात्त्विक अध्ययनको लागि पनि एउटा महत्त्वपूर्ण विषय र स्थलको रूपमा लिनु अत्यावश्यक छ । अध्ययन अनुसन्धान भनेको अनवरत रूपमा चलिरहने एउटा प्रकृया हो । लुम्बिनीमा अन्य क्षेत्रको अलावा पुरातात्त्विक अध्ययनको क्षेत्रमा पनि काम हुदै गरेपनि यसले थप अध्ययनको माग गर्दछ । प्रत्येक पल्टको अध्ययनले थप अध्ययनको लागि बाटो खोलिदिने गरेको र सोही अनुसार काम हुँदै जाँदा ज्ञानको क्षेत्र विस्तृत हुन गएको छ । लुम्बिनीसम्बन्धी पुरातात्त्विक अध्ययनको आआफ्नै विशेषताहरू पनि छन् । कुनै केबल विवरणात्मक छन् त कुनै विश्लेषणात्मक । यस सम्बन्धी अध्ययनको उल्लेख प्रसंगवश अन्यत्रै उल्लेख हुन पुग्दा लुम्बिनीको पुरातात्त्विक अध्ययनमा यी कुराहरू छुट्ने गरेका छन् । यसरी नै कसैले समयावधी भित्रको कार्यलाई मात्र अध्ययनको केन्द्र विन्दू बनाएका छन् भने कसैले सम्पूर्ण पक्षलाई समेट्न खोजेरपनि विस्तृत रूपमा जान नसकेको देखिन्छ । पूर्व प्रकाशित ती सामग्रीहरू कुनै क्षेत्रविशेष वा भाषा विशेषमा सीमित हुँदा

सबैको पहुँचभन्दा बाहिर हुन पुगेको छ। यसरी नै पूर्व प्रकाशित पुस्तकहरूमा प्राप्त पुरातात्त्विक सामग्रीहरूको कालनिर्धारण गरी लुम्बिनीको पुरातात्त्विक इतिहास केलाएको पाइँदैन। यस अवस्थामा लुम्बिनीको पुरातात्त्विक अध्ययनसम्बन्धी थप अध्ययनको आवश्यकता परेको हो।

लुम्बिनी पत्ता लागेपछि त्यहाँ विभिन्न प्रकारका कार्यहरू भएका छन्। कसैले ती कार्यलाई उत्खनन् भने पनि कसैकसैले उत्खनन् नभई 'खुदाई' वा पुरातात्त्विक स्थलमाथिको 'भ्याण्डालिज्म' पनि भनेका छन्। उदाहरणका लागि केशरशमशेरको कामले लुम्बिनीको पुरातत्त्वमा धेरै हानी पुऱ्याएको आरोप पुरातत्त्वविद् देवाला मित्रालगायतले आरोप लगाएकी छिन्। केशर शमशेरले त्यहाँ के कति कार्य कसरी गरेका थिए र के के वस्तु पाएका थिए भन्ने कुराको कुनै लेखोट प्रकाशित पुस्तक वा अप्रकाशित पाण्डुलिपिकै अवस्थामा पनि छैन। यसरी नै सन् १९९२ देखि १९९६ सम्ममा पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र जापान बुद्धिष्ट फेडेरेशनको संयुक्त टोलीद्वारा सम्पन्न गरेको उत्खनन् कार्यको अन्तिम संयुक्त रिर्पोट पनि प्रकाशित भएको छैन।

लुम्बिनी भन्नाले वर्तमान समयमा एउटा सिंगो अंचललाई नै लिइन्छ। गौतम बुद्धको जन्म भएको बगैंचाकै नामबाट हाल अंचलको नाम रहन गएको हो। सो बगैंचाको ऐतिहासिक तथा पुरातात्विक अध्ययन यहाँ भएको छ अर्थात प्रोफेसर तांगेको मास्टर प्लानमा 'सेक्रेड गार्डेन'को रूपमा लिइएको 'सर्कुलर लेभी' भित्रको पुरातात्त्विक गतिविधिलाई मात्र यहाँ समेटिएको छ।

अध्याय - दुई

लुम्बिनीको ऐतिहासिक पृष्ठभूमि

गौतम बुद्धको जन्म र संक्षिप्त जीवनी

सिद्धार्थ गौतम (जो पछि ३५ वर्षको उमेरमा बुद्धत्व प्राप्त गरी गौतम बुद्धका रूपमा जगत प्रसिद्ध भए) को जन्मसम्बन्धी विवरण जातक अट्टकथा, ललितविस्तर र अविदूरेनिदानमा परेको छ । यसअनुसार कपिलवस्तुकी महारानी महामायादेवीले आफ्नो कोखमा दश महिनाको गर्भधारण गरिसकेपछि एक दिन माइती देवदह जाने इच्छा गरिन् र सो कुरा राजामा बिन्ती गरिन्- 'हे देव, देवदह नगर जाने इच्छा भयो ।' राजाले 'हुन्छ' भनी कपिलवस्तुदेखि देवदह नगरसम्मको बाटामा आवश्यक ठाउँमा सम्याई केरा, पूर्णघट, झन्डा, आदिले शृङ्गार गरी देवीलाई सुनको पालकीमा राखी हजार अमात्य र ठूलो परिषद्का साथ बिदाइ गरे ।

यी दुवै नगरको बीचमा दुवै नगरवासीहरूको साझा वनको रूपमा लुम्बिनी नामक एक मंगल शालवन थियो । त्यत्ति बेला रुखहरूमा फूल फुलिराखेका थिए । फूलको वरिपरि पाँच रंगका भमराहरू भुनभुनाइरहेका थिए । विभिन्न जातका पंक्षीहरू पनि मधुर स्वरले कराइरहेथे । लुम्बिनी पूरै चित्तलता वनजस्तै थियो । यात्राका क्रममा मायादेवी लुम्बिनी पुगिन् । वनको मनमोहक दृश्य देखेर रानीको मनमा बगैचामा एकक्षण टहल्ने इच्छा उत्पन्न भयो । बगैंचामा टहल्दाटहल्दै प्रसव व्यथाले च्याप्दा त्यहीँ एक शाल वृक्षको हाँगो समात्न पुगिन् । वृक्षमुनि दायाँ पार्श्वबाट पुत्र प्राप्त भयो । सोही क्षणमा शुद्ध चित्तका चार महाब्रम्हाहरू पनि सुवर्णको धागाले बुनेको जालीजस्तो कपडा लिई त्यहाँ पुगे र बोधिसत्वलाई त्यसमा थापेर लिई (सम्पटिच्छित्वा) मायादेवीको अगाडि राखेर भने- 'देवी, खुसी हुनुहोस्, हजुरको कोखबाट महाप्रतापी पुत्र उत्पन्न भयो (भिक्षु १९५१:४०-४१) ।

बुद्धको जन्मसम्बन्धी यस्तै खालको विवरण ललितविस्तरमा पनि पाइन्छ । तर ललितविस्तरमा शालवृक्षको सट्टा प्लाक्ष वृक्षको मुनि बोधिसत्वको जन्मभएको कुरा रहेको छ (Mitra 1877) ।

बुद्धका जन्मसम्बन्धी विवरण कालान्तरमा अतिशयोक्ति र शब्द शृंगारले भरिएको देखिन्छ । बुद्धको महापरिनिर्वाणभन्दा निकैपछि लिपिवद्ध गरिएका ती ग्रन्थहरू तत्कालीन धार्मिक ग्रन्थहरूको भाषा शैली र वर्णनबाट प्रभावित छन् । तत्कालीन समयमा आफ्नो सम्प्रदाय अरूको भन्दा उच्च देखाउने एक प्रकारले होड नै चलेको थियो । त्यसै क्रममा आफ्ना पात्रलाई अलौकिक बनाई सोहीअनुसार वर्णन गरेर सर्वसाधारण पाठकलाई आफ्नो मततर्फ आकर्षित गर्थे ।

सिद्धार्थ जन्मेको सात दिनपछि मायादेवीको मृत्यु भएको वर्णन पाइन्छ । सामान्यतः गर्भधारण नौ महिनासम्म हुनुपर्नेमा दश महिना पुग्नु, दायाँ पार्श्वबाट जन्मेको उल्लेख हुनु र सातै दिनमा मायादेवीको मृत्यु भएको वर्णनबाट के कुराको अनुमान गर्न सकिन्छ भने सिद्धार्थको स्वाभाविक जन्म भएको थिएन । यसरी नै दायाँ पार्श्वबाट शिशुको जन्म भएको भन्ने वर्णनले तत्कालीन कुशल चिकित्सकहरूद्वारा शल्यकृया गरेर प्रसूति गराएको थियो कि भन्ने सङ्केत नगर्ने पनि होइन । महामायादेवीको मृत्युपछि सिद्धार्थको लालनपालन सानीआमा महाप्रजापतिको रेखदेखमा भएको थियो ।

दरवारको सुखसयलमा हुर्केका सिद्धार्थको विवाह १६ वर्षको उमेरमा देवदहका राजा दण्डपाणीकी पुत्रीसँग भएको थियो । उनीबाट पुत्ररत्न राहुलको जन्म भयो । तर पुत्रप्राप्तिको सात दिनपछि नै सिद्धार्थ गौतमले दरवार छाडेका थिए । बौद्ध ग्रन्थहरूका अनुसार उनी ज्ञानको खोजीमा हिंडेका थिए र त्यसलाई महाभिनिष्क्रमण भनिएको छ ।

महाभिनिष्क्रमणपछिको ६ वर्षसम्म उनी विभिन्न ठाउँहरूमा कठिन विद्याध्ययन गर्दै र सो विद्यालाई अभ्यास गर्दै रहे । एक रात सोही अभ्यासमा लिप्त रहुँदा बुद्धत्व प्राप्त भयो । बुद्धत्व प्राप्त भएको स्थल 'गया' हो जुन हाल भारतको उत्तर प्रदेशमा पर्दछ । बुद्धले बुद्धत्व प्राप्त गरेको स्थल भएकोले गयामाथि पनि बौद्धहरूको श्रद्धा रहेको छ र जन्मस्थल लुम्बिनीजस्तै संवेजनीय स्थलको रूपमा यसलाई पनि लिइन्छ । सारनाथ गएर सर्वप्रथम बुद्धले धर्मोपदेशको रूपमा अरूसमक्ष आफूले प्राप्त गरेको ज्ञानको प्रचार गर्न थाले । यसलाई बुद्धको धर्मचक्र प्रवर्त्तन भनिन्छ । सारनाथ भारतको बनारसमा पर्दछ । धर्मचक्र प्रवर्तनस्थल भएकोले यस स्थललाई तेस्रो संवेजनीय स्थलको रूपमा लिने गरिन्छ । सारनाथपछि उनी विभिन्न ठाउँहरूको भ्रमण गर्दै आफूले प्राप्त गरेको ज्ञान बाड्दै हिंडेका थिए । उनी कहिल्यै पनि एक ठाउँमा स्थायी रूपमा बसेनन् । यसरी अनवरत् रूपमा धर्मोपदेश दिदै ८० वर्षको वृद्ध उमेरमा कुशीनगरमा महापरिनिर्वाण भए । बौद्धहरू उनको महापरिनिर्वाण स्थललाई पनि अति श्रद्धास्थलको रूपमा लिन्छन् । स्वयं बुद्ध आफैले पनि आफ्नो सचिव भिक्षु आनन्दलाई आफ्नो अनुपस्थितिमा यी चार

स्थानलाई संवेजनीय स्थलका रूपमा लिई संसारभरका बौद्धहरू तीर्थाटन गर्न आउने छन् भनेर गएका थिए ।

लुम्बिनीको महत्त्व तत्कालीन समयमा एउटा सुरम्य बगैंचा थियो भने बुद्धको महापरिनिर्वाणपछि यो स्थल भिक्षु-भिक्षुणी तथा उपासक-उपासिकाका लागि तीर्थस्थल तथा आधुनिक विश्वका लागि पर्यटकीय स्थलको रूपमा परिचित हुनु पुगेको देखिन्छ ।

लुम्बिनीको भौगोलिक परिचय र क्षेत्रफल

गौतम बुद्धको जन्मस्थल लुम्बिनी नेपाल अधिराज्यको पश्चिम तराईस्थित रूपन्देही जिल्लामा पर्दछ । समुद्री सतहबाट १०० मिटरको उचाइमा रहेको यो क्षेत्र राजधानी काठमाडौंबाट लगभग ३०० किलोमिटरको दूरीमा अवस्थित छ । जिल्ला सदरमुकाम भैरहवाबाट २३ किलोमिटर पश्चिममा रहेको यो क्षेत्र प्राचीन कपिलवस्तु राजधानी मानिएको वर्तमान कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवाबाट २७ किलोमिटर पूर्वमा र नवलपरासी जिल्लास्थित प्राचीन कोलीय गण राज्यको रामग्रामबाट पश्चिम ५० किलोमिटरको दूरीमा रहेको छ । विश्व मानचित्रमा लुम्बिनी २७ .४५ उत्तरी अक्षांश र ८३ .१५ पूर्वी देशान्तरमा रहेको छ । राम्रो मौसममा यहाँबाट धौलागिरि हिमशृङ्खला (८,१६७ मी.) राम्रोसँग देखिन्छ जुन १३० किलोमिटर उत्तरमा अवस्थित छ ।

बौद्ध साहित्यहरूमा लुम्बिनीको नाम प्रशङ्गवश ठाउँठाउँमा उल्लेख भए पनि यसको भौगोलिक अवस्थितिबारे भने त्यत्ति राम्रो वर्णन प्राप्त छैन । ती स्रोतहरूबाट लुम्बिनी कपिलवस्तु र देवदहको बीचमा पर्दछ भनिए पनि ती दुई राज्यको दिशा कता हो भन्ने कुरा कतैबाट पनि खुल्दैन । जातक अट्टकथा निदानअनुसार लुम्बिनी कपिलवस्तु र देवदहको बीचमा पर्दथ्यो र यो वन दुवै राज्यका शाक्यहरूको मनोरञ्जनस्थल थियो । यसरी नै जातक अट्टकथानिदानमा जसरी कपिलवस्तुका शाक्यहरू पर्वपर्वमा कोलीय जनपदको देवदह तालमा नुहाउन जान्थे त्यसरी नै कोलीयहरू पनि लुम्बिनी शालोद्यानमा शयर गर्न आउँथे । यो कपिलवस्तु सहरबाट डेढ योजन पूर्वतिर पर्दथ्यो । मज्झिमनिकाय 'अट्ठकथा'मा 'देवदह नगरस्स अविदूरे । लुम्बिनीशालवन उद्यान ....' भनी उल्लेख भएको छ (बज्राचार्य १९९७:५४७) ।

भौगोलिक दृष्टिले लुम्बिनीको अवस्थितिबारे बुझ्न चिनियाँ यात्रीहरूको वर्णन अत्यावश्यक र धेरै नै सहायकसिद्ध भएको छ । चिनियाँ यात्री फाहियान ई. ४०३ मा श्रावस्ती नगरबाट दक्षिण पश्चिमतिर १२ योजन हिंडेर सिद्धार्थ गौतमले राजकुमारको रूपमा २९ वर्ष बिताएको कपिलवस्तु नगरमा पुगेका थिए । उनले कपिलवस्तु नगरभन्दा

पूर्व ५० ली दूरी हिंडेपछि लुम्बिनी पुगेको वर्णन दिएका छन् । यसरी नै लुम्बिनीबाट पाँच योजन पूर्व हिडेपछि राम जनपद अथवा कोलीय नगरको देवदहमा पुगेका थिए । यसरी नै ई. ६३५ मा आएका अर्का यात्री हुयनसाङ श्रावस्तीबाट दक्षिणपूर्व पाँच सय ली हिंडेर कपिलवस्तु पुगेका थिए । उनकै वर्णनअनुसार कपिलवस्तुबाट उत्तर पूर्व ८०-९० ली हिंडेर उनी लुम्बिनी पुगेका थिए । तर यी दुई यात्रीहरूको वर्णनमा दुई छुट्टाछुट्टै दूरी दिएका छन् अर्थात् ३० ली को फरकमा । यसरी फरक पर्नाको कारण भीन्सेन्ट. स्मिथ फाहियान कपिलवस्तुको पूर्वी छेउदेखि र हुयनसाङले पश्चिमी छेउदेखि गणना गरेको मान्छन् (प्रधान २५४२:३) ।

लुम्बिनीको अवस्थिति पुरातात्त्विक प्रमाणले प्रमाणित गर्नुअघि लुम्बिनी खोजीकै विषय थियो । पुरातत्त्वविद् अलेक्जेन्डर कनिंघम लुम्बिनी अन्तै हुनुपर्दछ भन्ने अनुमान गरी खोजी कार्यमा लागिरहेका थिए । तर सन् १८९६ को डिसेम्वरमा मौर्य सम्राट अशोकद्वारा स्थापित स्तम्भमा कुँदिएको अभिलेखको प्राप्तिपछि लुम्बिनीको अवस्थितिबारे भैराखेको द्विविधा र विवादको अन्त्य भयो । उक्त अभिलेखमा लुम्बिनी (लुंमिनि) भन्ने शब्दका साथै 'हिदबुधेजातेसक्यमुनिति' अर्थात शाक्यमुनि बुद्ध यहाँ जन्मेका थिए भन्ने कुरा स्पष्ट र विवादरहित रूपमा उल्लेख भएको छ । यसले गर्दा कतै प्रश्न उठाउने बाटो नै रहेन । लुम्बिनी स्थायी रूपमा स्थापित हुन पुग्यो ।

लुम्बिनीको क्षेत्रफल अध्ययनको विषय हुन सक्छ । ऐतिहासिक ग्रन्थहरूमा यसको क्षेत्रफलको सङ्केतसम्म पनि पाइँदैन । देवदह नगर र कपिलवस्तुको बीच बाटामा पर्ने एउटा सुन्दर बगैंचा भनिएपनि उक्त बगैचा कति क्षेत्रमा फैलिएको थियो भन्ने उल्लेख पाइन्न । बौद्धग्रन्थ मज्झिमनिकायको देवदह सूत्रअनुसार देवदह पुगेका गौतम बुद्ध लुम्बिनीमा विराज भएको उल्लेख भएबाट उनी जन्मेको बगैचाबाट नजिक कतै बसेको हुनु पर्छ जहाँ एउटा बस्ती नै थियो । बुद्धको महापरिनिर्वाणपछि इ. पूर्व २४९ मा मौर्य सम्राट लुम्बिनीमा आउँदा त्यहाँ गाउँको विकास भैसकेको स्पष्ट हुन्छ । सन् १९७०-७१ मा भएको उत्खनन्अनुसार अशोक स्तम्भभन्दा करिब १५० मिटर दक्षिण-पश्चिममा रहेको प्राचीन ठाउँमा लुम्बिनी गाउँ प्रमाणित भएको थियो । यस हिसाबले लुम्बिनी बगैंचा खुम्चिदै गएको देखिन्छ ।

लुम्बिनीबाट अशोक स्तम्भ र त्यसमा भएको अभिलेख प्रकाशनमा आएपछि यस क्षेत्रले विश्वको ध्यानाकर्षण गऱ्यो र यस क्षेत्रको संरक्षण र विकासको नाममा कामहरू हुन थाले । तर, सन् १९६७ मा संयुक्त राष्टसंघका तत्कालीन महासचिव ऊ. थान्तको भ्रमणपछि जापानी वास्तुविद् प्रोफेसर केन्जो तांगेद्वारा बनाइएको गुरु योजनाले यसको

सीमानिर्धारण गर्न खोजेको पाइन्छ । सन् १९८५ मा तयार भएको गुरुयोजनाको कार्यान्वयनका लागि जग्गा अधिग्रहण गरी यस क्षेत्रलाई ३ वर्ग माइल क्षेत्रमा विस्तृत बनाएको छ । गुरुयोजनाअनुसार अधिग्रहण गरिएका जम्मा बाह्र सय विघाहा भूमिलाई तीन भागमा बाँडी सबैभन्दा उत्तरको भाग नयाँ लुम्बिनी गाउँ, बीचको धार्मिक क्षेत्र र दक्षिणको पवित्र उद्यानको रूपमा विकास गरिएको छ ।

लुम्बिनी शब्दको उल्लेख र यसको व्युत्पत्ति

'लुम्बिनी' शब्दको पहिलो लेखन वा उल्लेख लुम्बिनीस्थित मौर्य सम्राट अशोकद्वारा ई. पू. २४९ मा स्थापित शिलास्तम्भको अभिलेखमा परेको छ । त्रिपिटकका विभिन्न ग्रन्थहरूमा पनि यो शब्द नपरेको होइन । यी ग्रन्थहरूमा यस शब्दको उल्लेख भए पनि अशोक स्तम्भमा रहेको लुम्बिनी शब्द नै पहिलो उल्लेख हो किनभने बुद्ध धर्मका ती ग्रन्थहरू सम्राट अशोकभन्दा पछिमात्र लेखिएका हुन् ।

राजा शुद्धोधनलाई पुत्र लाभ भएको थाहा पाएर दरवार आएका वृद्ध ऋषि असितले राजकुमारको भविष्यवाणी गरेको सन्दर्भमा लुम्बिनीको उल्लेख सुत्तपिटकको एउटा ग्रन्थ सुत्तनिपातमा परेको छ । यसरी नै अशोकका धर्मगुरु गोग्गलीपुत्र तिष्यलिखित 'अट्ठकथा'मा पनि बुद्ध लुम्बिनीमा जन्मे' भन्ने उल्लेख परेको छ (प्रधान २५४२:३) । यस बाहेक लुम्बिनी नाउँको उल्लेख त्रिपिटकका अन्य ग्रन्थहरू र केही सिंहली ग्रन्थ तथा महायानी ग्रन्थहरूमा पनि भएको पाइन्छ । तर यहाँ के कुरामा विचार पुऱ्याउनु पर्दछ भने, यी ग्रन्थहरू पछि मात्रै लिपिवद्ध भएका हुन् । त्रिपिटकमध्ये सुत्तपिटक र विनयपिटकको संकलन बुद्धको महापरिनिर्वाण (ई.पू. ४८३) को लगत्तै आयोजना गरिएको प्रथम संगायनमा गरिएको थियो । अभिधम्मपिटक दोस्रो संगायन (ई. पू. २८३) पछि आंशिक रूपले संकलित भएको थियो भने अट्ठकथा तेस्रो संगायन (ई. पू. २४८)मा रचिएको थियो । यिनीहरू लिपिवद्ध गरिएका थिएनन् । तत्कालीन समाजको प्रचलनअनुसार ती कुराहरू कण्ठस्थ गरी एक पुस्ताबाट अर्को पुस्तामा मौखान्तरण हुँदै आइरहेको थियो । श्रीलङ्कामा ई.पू. १०७ देखि १०५ बीचमा भएको चौथो बौद्ध संगायनमा मात्र ताडपत्रमा यिनीहरूको लिपिबद्ध भई ई. पू. २९-१७ सालमा मात्रै ग्रन्थको रूपमा तयार भएको थियो । यस्तो अवस्थामा तेस्रो संगायनको तीन वर्षअघि स्थापित अशोकस्तम्भमा लुम्बिनी शब्द उल्लेख भएकोले यो नै प्रथम लुम्बिनी शब्द हुन आउँछ ।

त्रिपिटकको खुद्धक निकायको पाँचौं ग्रन्थ सुत्तनिपातको 'नालकसुत्त'को पाँचौं गाथामा यसरी उल्लेख भएको छ-

सो बोधिसत्तो रतनवरो अतुल्यो,
मनुस्सलोके हितसुखाय जातो ।
सक्यानं गामे जनपदे लुम्बिनेय्ये,
तेनम्ह तुठ्टा असतसप कल्यारूपा

(अर्थ- प्राणीहरूको हितको निम्ति सुखको निंम्ति मनुष्य लोकमा शाक्य जनपद लुम्बिनी ग्राममा उत्तम फेरि अतुल्य बोधिसत्व उत्पन्न भएको छ । त्यसकारण हामी अति नै हर्षित छौं । (भिक्षु २५४२ : ११))

जातक 'अठ्टकथा'को अविदूरेनिदानमा बोधिसत्वको जन्मभूमि बारे भनिएको छ- द्विन्नं पन नगरानं अन्तरे उभयनगरवासीनम्पि लुम्बिनीवनं नाम मंगलसालवनं अत्थि'- दुवै (कपिलवस्तु र देवदह) नगरको बीचमा पर्ने दुवै नगरमा बस्नेहरूको लुम्बिनी वन भन्ने मंगल शालवन छ (भिक्षु २५४२:११) । 'अठ्ठकथा'मा पाँच रंगको भमराहरू फूलहरूमा मन्दराइरहेको र अनेक पंक्षीहरूले आआफ्ना भाषामा आवाज निकालिरहेको वयान गरी लुम्बिनी वनलाई चित्तलता वनजस्तै छ भनिएको छ (भिक्षु २५४२: ११) । यसरी नै बुद्ध देवदहमा भ्रमण गरी लुम्बिनी बसेको कुरा मज्झिमनिकाय देवदह सुत्तको अट्ठकथामा वर्णन छ (बज्राचाय १९९७: ५४७) । प्रसिद्ध बौद्ध ग्रन्थहरू ललितविस्तर, महाकवि अश्वघोषरचित 'बुद्धचरित', अवदान कल्पलताको अभिनिष्क्रमणावदान, महावस्तु अवदान, बज्ररानेमी संहिता, कर्मविभंग र कर्म विभगोपदेश, दिव्यावदान, गण्डव्यूहमा पनि लुम्बिनीको चर्चा पाइन्छ (भिक्षु २५४०:११-१२) ।

लुम्बिनीलाई 'शालोद्यान'को रूपमा बुद्धवंशमा लिएको देखिन्छ । कहींकहीं 'लुम्बिनी वन' पनि भनिएको छ (भिक्षु २५४०: ११-१२) । यसरी नै यो शब्द व्यक्तिका नाममा पनि प्रयुक्त भएको उल्लेख पाइन्छ । तिब्बती स्रोतअनुसार सुप्रबुद्धकी रानीको नाउँ लुम्बिनी (मायादेवीकी आमा र गौतम बुद्धकी बज्यै) हो र यसको अर्थ नगरकी राम्री शोभिनी नारी हो । एक पटक घुम्न जाँदा रानी लुम्बिनीले देवदह नजिक एक सम्भ्रान्त श्रेष्ठीको एउटा राम्रो बगैंचा देखिन् । रानीले त्यो बगैंचा पाउन इच्छा गरिन् । राजाले श्रेष्ठीको बगैंचा म तिमीलाई दिन सक्दिन भनी श्रेष्ठीको बगैंचाभन्दा पनि आकर्षक, राम्रो, सुगन्धित र चराचुरुङ्गीले भरिभराउ भएको उद्यान बनाई दिए र त्यस बगैंचाको नाउँ नै लुम्बिनी राखिएको भन्ने उल्लेख छ । (प्रधान २५४२: ३) ।

चिनियाँ यात्री फाहियानले लुम्बिनीलाई 'लुनमिन' भनेर उल्लेख गरेका छन् । यसरी नै अर्का चिनियाँ यात्री हुयनसाङको यात्रा वर्णनमा यसलाई ल-फ-नि (La-fa-ni) को रूपमा उल्लेख गरिएको छ । उनैले सुप्रबुद्धकी महारानीको नाउँबाट बगैचाको नाम लफनी

वा लुम्बिनी रहेको कुरा पनि उल्लेख गरेका हुन् । यसरी नै चिनियाँ प्रयोग ल-फ-नि संस्कृत शब्द लवणा (लवणी) सँग हुनसक्ने कल्पना पनि गरिएको छ जुन स्त्रीवाचक शब्द हो । तर यी कुनैबाट पनि 'लुम्बिनी'को शाब्दिक अर्थ वा व्युत्पत्तिबारे थाहा पाइँदैन ।

लुम्बिनी शब्दको व्युत्पत्ति वा अर्थ के हो त ? बौद्ध संस्कृत व्याकरण र कोषअनुसार 'लुम्ब'को अर्थ एक प्रकारको रुख हो (भिक्षु २५४०:१२) । सेनार्टका अनुसार यो रुख विशेष हो (भिक्षु २५४०:१२) । महावस्तुमा 'लुम्ब' लुम्बिनीको लागि प्रयुक्त छ (भिक्षु २५४०:१२)। त्यहीं ललितविस्तरको पद्यखण्डमा शालवृक्षलाई रुखहरूको बीच सबैभन्दा श्रेष्ठ भनी लुम्बिनीको शालवृक्ष वनको प्रशंसा गरिएको छ (भिक्षु २५४०:१२) । भिक्षु सुदर्शनले एक लेखमा लुम्बिनीको अर्थ 'धात्वत्थसंग्रह निस्सयं'मा अर्थ्याएको भनी 'लुम्बति अत्तनि पतिट्ठान दरथं हिंसतीति लुम्बिनी' अर्थात शालोद्यानमा प्रवेश गर्नेहरूको क्लान्ति ग्लानि दुःख, दर्दको हिंसा गर्ने वध गर्ने भएकोले लुम्बिनी भनिएको हो (भिक्षु २५४०:१२)। यसको अर्थ पनि वनसँग सम्बन्धित हुन आएको छ । भिक्षु ज्ञानपूर्णिक महास्थविरको स्रोत उल्लेख गर्दै भिक्षु सुदर्शनले लुम्बयति-लुम्बयते भएको पनि उल्लेख गरेका छन् । लुबि=लुवि धातु, भूचु=भुवादि चुरादि गणिक धातु हो अनि बधे=बध गर्ने, शान्ति गर्ने व हिंसा वा नाश गर्ने अर्थमा प्रयोग हुन्छ (२५४०:१२)। यसरी नै भिक्षु अमृतानन्द महास्थविरको स्रोत उल्लेख गर्दै उनी पुनः यसको अर्थ लगाउने प्रयास गर्छन्- लुम्ब (लुम्बति, लुम्बयति, लुम्वियते) को रूपमा यसको अर्थ सन्ताप, पीडा, यातना वा ठूलो दुःख अथवा क्लेश दिने, पीडा दिने, दिक्क गराउने, थकाउने अर्थका रूपमा र लुम्बिका=एक प्रकारको सङ्गीत सामग्रीको रूपमा पनि विचार गर्दा वनकै तात्त्विक शब्दको रूपमा सर्वेक्षण गर्दा केही अर्थ दिन्छ (२५४०:१२)।

प्रा. काशीनाथ तमोटले आफ्नो एक लेखमा 'लुम्बिनी' शब्दको व्युत्पति खोज्ने क्रममा 'रोहिणी' शब्दको अपभ्रंश हुनुपर्ने तर्क दिएका छन् (तमोट ने.सं. १०९७:५३-५८) रोहिणी संस्कृत शब्द हो । देवदह र कपिलवस्तु राज्यबीच रहेको नदीको नाम रोहिणी र सोही नाम अपभ्रंश भएर लुम्बिनी हुन गएको उनको तर्क छ । उनका अनुसार यही नदीको किनारमा अवस्थित बाक्लो वनलाई रोहिणी-वन भनिन्थ्यो । ई. पू. १५०० देखि प्रचार भइरहेको भारतीय आर्यभाषा संस्कृत साधारण जनले प्रष्टसँग उच्चारण गर्न नसक्दा दोस्रो भाषाको रूपमा बुद्ध (ई.पू. ६२३-५४३) को समयमा प्राकृत, पालि प्रचार भयो । यही रोहिणी-वनलाई जनजिब्राले लुंमिनि वन भन्यो, किनभने केही नाम नभएको ठाउँ बोध गराउन त्यहाँ भएको स्थायी वस्तुको नातासँग सम्बन्ध गाँसी उच्चारण गर्ने गराउने मानिसको स्वभाव हो । ठाउँमा नाम सम्बन्ध गराउन सकिने त्यही नदी एउटा मात्र थियो ।

प्रा. तमोटले रोहिणी शब्दको लुम्बिनी कसरी हुन गयो भन्ने सम्बन्धमा यसरी भाषा विश्लेषण गरेका छन्- लु- पालि भाषामा पनि 'र' र 'ल' को कुनै भेद छैन । यो रोहिणीको 'रो' बाट आएको हो । 'रो' को लो हुन सक्छ । लो'को विग्रह ल् + अ +ु उ हो । यसमा अ लोप भई 'लु' बाकी हुन आएको हो । म्बि- यो 'हि'बाट आएको हो । 'ह' अक्षर महाप्राण भएकोले यो कुनैं पनि अर्को महाप्राण अक्षर (खास गरी ख, घ, थ, ध, भ) सँग घुलमिल हुनसक्छ । जस्तो प्राकृत भाषामा मुखं=मुहं, मेघ=मेहो, गाथा=गाहा, राघा=राहा, बधिर=बहिरो, सभाव=सहा आदि । अक्षरको बीचमा पऱ्यो भने महाप्राणमा पनि सघोष (घ,झ,ढ, भ) को सट्टा धेरैजसो अघोष (ग,ज, ड, द, ब) हुनसक्छ । सघोष महाप्राण साधैं 'ह' हुन सक्ने अथवा अघोष अक्षरमा परिवर्तन हुन सक्ने कुरा अङ्ग्रेजीमा स्पष्ट हुन्छ- नज (ग्+ह), वज (ज्+ह), तज (ड् वा द् + ह), दज (ब्+ ह) भएपछि त्यसमध्ये एउटा लोप भयो भने अर्को बाकी रहन्छ । दुई स्वर वा व्यञ्जनको बीच सघोष महाप्राण प्रायः रहन सक्दैन । यही कारणले 'हि'को गि, जि, डि, दि, वा बि हुने संभव भएकोले बि भयो । त्यसमा 'म्' कसरी बस्न आइपुग्यो, प्रश्न उठ्छ, हि' को पछिल्लो 'णी' उच्चारण गर्न तयार हुनुपर्दा 'लुं' को बाकी 'म्' वा पहिले त्यो 'लो' बाट आएकोले 'अ' लोप भएको ठाउँमा 'लु' अक्षरम सुराघात (Pitch) भएकोले त्यसले केही अक्षर लिनसक्छ । सबैभन्दा सजिलो 'बि' लाई पनि सुहाउँदा म् भएकोले त्यहाँ म् जोडिन आएको हो किनभने 'णि' नासिक्य वर्ण हो त्यसकारण आफू सुहाउँदो म् तानेर लियो । यस्तो समीभवन (आफूजस्तै बनाउने) भाषाको प्रचलित स्वभाव हो । यही लुम्बिनी 'म्बि' भए रुम्मिनी 'म्मि' भयो । रूपन्देही भने 'प' मात्र पनि भयो । 'प' पवर्ग (प, फ, ब, भ, म) को भएर यस्तो संभव भएको हो । म् र बि एउटै ठाउँमा बस्न सक्नाको कारण हो- दुवै अल्पप्राण वर्ग भएको छ । यस्तो हुनु स्वाभाविक पनि हुन्छ । जस्तो- मोमय (सं)=गोबर (ने.)=गुम्बद (फारसी)=गुमज, कबन्धः (सं.)=कमन्धो (प्रा.) आदि । नी- रोहिणीको णीबाट नी हुनु स्वाभाविक कुरा हो किनभने यस्तो उच्चारण संस्कृतबाट प्राकृत कालमा अलिअलि मात्र भएको देखिए पनि पछि यसले व्यापक रूप लिएको थियो ।

प्रा. तमोटले लुम्बिनीको अर्थ यसरी लगाएका छन्- लुम्बिनी शब्दको तीनै वटा अक्षर उच्चारणमा आवाज खर्च हुने हिसाबले अल्पप्राण हो । यसमा 'हि' को म्बि हुनुपर्ने कारण पनि अलि सास खर्च गरेर बोल्नु पर्ने (अल्पप्राण) लु र नीको बीच अलि बढी सास खर्च गर्नु पर्ने (महाप्राण) 'हि' बस्न नसक्दा अथवा उच्चारणमा बाधा भएकाले त्यो पनि स्वतः अल्पप्राण हुनु परेको हो ।

अर्को तरिकाले बिचार गर्दा पनि यो सही देखिन आउँछ । लुम्बिनी' मध्यमा लु र नी अन्त्य वर्ण (दाँतमा जिब्राको टुप्पाले छुवाएर उच्चारण गर्नुपर्ने अक्षर) हो, तर 'हि'

कण्ठ्य वर्ण (घाँटीबाट निस्कने आवाज) हो । मुख ठूलो नपारी दाँतमा छुवाएर बोल्नु पर्ने दुई अक्षरको बीचको त्यो पनि त्यसको उल्टो मुख ठूलो बनाउनु पर्ने र दाँतभन्दा टाढा घाँटीबाट आवाज निकाल्नु पर्ने अक्षर कुनै हालतमा स्वाभाविक रूपमा उच्चारण गर्न सकिन्न । त्यसकारण त्यसको सट्टा दाँतको अगाडि पनि पर्ने, 'लु' र 'नी' उच्चारण गर्नु पर्दा ओठ त्यत्ति नखोलिदा 'म' र 'बि' दुवै ओष्ठ्य वर्ण (दुवै ओंठ जोडेर बोल्नु पर्ने) भएर निस्क्यो र यसप्रकार 'लुम्बिनी' भयो (तमोट ने.सं. १०९७: ५३-५८) ।

लुम्बिनी सन् १८९६ मा पत्ता लाग्नुअघि स्थानीय जनता त्यस ठाउँको मूर्तिलाई वनदेवीको रूपमा रुम्मिन देही वा रुम्मिनदेई'को नामबाट पूजाअर्चना गर्ने गर्दथे । आजकल प्रचलित 'रूपनदेही' वा 'रूपनदेई' भनिने जुन रूप छ त्यो 'रूम्मिनदेही' वा 'रूम्मिनदेई' बाट जनजिब्राले टिपेको रूप हो, अनि 'रूम्मिनदेही' वा 'रूपनदेई' आफै चाहिं 'लुम्बिनीदेवी'को अपभ्रंशित रूप हो । यो शब्द सुन्दर वन र सुकुमारी राजकुमारीको पनि नाउँ भएको तथ्यबाट सौम्य, सुशीलता आदि स्त्रीजनोचित गुणबोधक हुन सक्ने पनि देखिन्छ । तर आजकाल हामीले प्रयोग गर्दैआएको शब्द 'लुम्बिनी' भए पनि अशोकीय स्तम्भमा अङ्कित शब्द चाहिं 'लुंमिनि' वा 'लुम्मिनि' हो । यसरी नामवाचक मौलिक शब्द 'लुंमिनि' वा 'लुम्मिनि' बाट तानतुन गरेर बनाइएको 'लुम्बिनी' शब्दलाई पालि वा संस्कृत भाषाको कुनै व्युत्पन्न शब्द सम्झेर अर्थ्याउन खोज्नु उपयुक्त देखिन्न (प्रधान बु.सं. २५४२:३) ।

'लुम्बिनी' शब्दको अर्थ र व्युत्पत्ति खोज्ने क्रममा विद्वान्हरू पालि र संस्कृत भाषामा रुमल्लिएको पाइन्छ । कुनै पनि शब्दको व्युत्पत्ति खोज्न पालि र संस्कृत भाषामा मात्र रुमल्लिरहने प्रवृत्ति वा आग्रह प्रायः विद्वान्हरूमा रहेको पाइन्छ । यस अवस्थामा त्यस ठाउँमा तत्कालीन जनजीवनको भाषा कुन थियो भन्ने सन्दर्भमा विचार पुऱ्याउनु पर्ने देखिन्छ । तत्कालीन परिवेशमा संस्कृत वा पाली व्यापक प्रचारप्रसार भएको र माध्यम भाषाको रूपमा रहेको भएपनि स्थानीय भाषाहरूको अस्तित्त्वतर्फ ध्यान दिनु पर्दछ । स्थान विशेषको नाम स्थानीय भाषामा नै हुने गरेको उदारहणहरू प्रशस्तै पाइन्छन् । यस दृष्टिकोणबाट विचार गर्दा संभावित भाषाहरूमा मगर भाषा पनि एउटा हुन आउँछ । वर्तमान लुम्बिनी क्षेत्रबाट उत्तरतिर मगर जातिको बाक्लो बसोवास भएको पाइन्छ र उनीहरू आफूलाई यस क्षेत्रका आदिवासीको रूपमा चिनाउँछन् पनि । मगरभाषामा ढुङ्गालाई 'लुङ्ग' र नभएको वा विहिन भन्न 'बिन' शब्दको प्रयोग गर्दछन् । यी दुई शब्दको संयोजनबाट 'लुम्बिनी' शब्दको व्युत्पत्तिको सङ्केत गरेको अनुमान गर्न सकिन्छ । लुम्बिनी क्षेत्रमा ढुङ्गा विनाको माटो पाइने भएकोले त्यसैको आधारमा सोही प्रकृतिअनुसार ठाउँको नामकरण गरिएको र पछि संस्कृत वा पाली भाषामा भित्रिएपछि

'लुम्बिनी'को रूपमा विकास हुन गएको संभावना धेरै सम्भव छ ।

तीर्थस्थलको रूपमा लुम्बिनीको विकास र प्रसिद्ध तीर्थयात्रीहरू

लुम्बिनीलाई चार बौद्ध संवेजनीय स्थलहरूमध्ये पहिलो र महत्त्वपूर्ण संवेजनीय स्थल मानिन्छ । स्वयं बुद्धले नै आफ्नो मृत्युको केही क्षणअघि लुम्बिनीलगायत आफूसँग सम्बन्धित अन्य तीन स्थलहरू प्रमुख तीर्थस्थलको रूपमा विकास हुने कुरा भनेका थिए । बुद्धको महापरिनिर्वाणअघि उनका सेवक भिक्षु आनन्दले बुद्धसँग भनेका थिए- 'भन्ते, पहिला दिशादिशामा वर्षावास गरी भिक्षुहरू तथागत दर्शनार्थ आइरहन्थे । ती मनोभावनीय भिक्षुहरूको दर्शन र सत्संग हामीलाई मिलिरहन्थे । भन्ते, अब भगवान् नरहनु भएपछि हामीले ती मनोभावनीय भिक्षुहरूको दर्शन पनि पाउँदैनौं होला (वज्राचार्य २०००:२७३) ।

यसरी नै आनन्दलाई बुद्धले भनेका थिए- 'आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त यी चार दर्शनीय, संवेजनीय (वैराग्यप्रद) स्थान हुन् । कुन चार स्थान ? यहाँ (लुम्बिनी) तथागत अनुत्तर सम्यक्सम्बुद्ध प्राप्त गर्नु भयो, भनी आनन्द, श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवजनीय स्थान हुने छ । यहाँ (बुद्धगया) तथागतले अनुत्तर धर्मचक्र प्रवर्तन (प्रथम धर्मोपदेश) गर्नु भयो भनी आनन्द, श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । यहाँ (सारनाथ) तथागत अनुपादिशेष निर्वाणधातुद्वारा परिनिर्वाण हुनु भयो भनी आनन्द, श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । आनन्द श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुने छ । आनन्द, यी चार स्थान श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय, संवेजनीय स्थान हुन् (भिक्षु बु.सं. २५०२:१०९, बज्राचार्य २०००:२७३)

गौतम बुद्धको कुशीनगरमा महापरिनिर्वाणपछि स्वयं बुद्धले भनेजस्तो भिक्षु भिक्षुणी तथा उपासक उपासिकाहरू लुम्बिनीको भ्रमणमा आउन थालेको देखिन्छ । कुनै बेला एउटा शान्त र एकान्त बगैचाको रूपमा रहेको लुम्बिनी बुद्ध महापरिनिर्वाणको केही सय वर्षपछि मौर्य सम्राट अशोक यस क्षेत्रमा आइपुग्दा यहाँ एउटा गाउँकै विकास भैसकेबाट बुझ्न सकिन्छ, मान्छेहरू लुम्बिनीको भ्रमण गर्ने प्रवृत्ति यत्ति बढ्यो कि कालान्तरमा यहाँ मानव वसोबास स्थल नै बन्यो । बुद्धको जन्म भएको ठाउँ भनेर यहाँ आउनेहरू असङ्ख्य नै थियो होला जुन विवरण हामीसँग छैन । तर केही ऐतिहासिक वर्णनहरू प्राप्त छन् जसका माध्यमबाट आज लुम्बिनीको बारेमा थाहा पाउने संभव भएको छ । ती तीर्थयात्रीहरू निम्न छन्-

सम्राट अशोक : मगध सम्राट अशोक सम्राट विन्दूसारका पुत्र र मौर्य साम्राज्यका संस्थापक चन्द्रगुप्त मौर्यका नाति थिए । राजा विन्दूसारको २७२ ई. पूर्वमा मृत्यु भएपछि

२९४.३
म २६६ नु

उनी विशाल मगध साम्राज्यका सम्राट भए र उनलाई पनि आफ्नो साम्राज्यको सीमा बढाउने इच्छा भएकोले युद्धहरू गर्थे । यसै क्रममा उनी कलिंगको युद्धमा पुग्दा अपार नरसंहारबाट विरक्त भएर बौद्ध धर्ममा दीक्षित भएका थिए । बौद्ध धर्ममा दीक्षित भैसकेपछि उनले बुद्ध धर्म विकासमा यति धेरै योगदान दिए कि उनी सम्पूर्ण बौद्धहरूकै संरक्षक वा अभिभावकको रूपमा मात्र नभई बोधिसत्त्वकै रूपमा पनि लिइयो ।

सम्राट अशोक ईसापूर्व २४९ मा लुम्बिनी आएका थिए । उनको लुम्बिनी यात्रासम्बन्धी संक्षिप्त विवरण उनैद्वारा लुम्बिनीमा स्थापित शिलास्तम्भमा अंकित अभिलेखमा रहेको छ । तर सो स्तम्भ नै अज्ञात रहेको अवस्थामा उक्त भ्रमणबारे थाहा पाउने प्रमुख स्रोतको रूपमा दिव्यावदान मात्र थियो । दिव्यावदान र अशोकावदान मूलतः सम्राट अशोकको धर्मयात्राबारेमा लेखिएको विवरण हो । उक्त विवरणमा लुम्बिनी यात्रासम्बन्धी कुराहरू पनि परेका छन् (परिशिष्ट क) ।

सम्राट अशोकले लुम्बिनीमा एउटा शिलास्तम्भ गाडी अभिलेखसमेत कुँदाएका थिए जुन यद्यपि छँदैछ । कालान्तरमा जमीनमा पुरिन पुगेको यो स्तम्भ सन् १८९६ मा भेटाएर त्यसमा भएको अभिलेख पढिएको थियो । यसरी नै अशोकले त्यहाँ शिला 'भिगडभीचा' गरेका थिए र एउटा चैत्यको पनि निर्माण गराएका थिए ।

लि-ताओ-युंग (Li–Tao–Yoan) : लुम्बिनी पुग्ने पहिलो चिनियाँ यात्रीको रूपमा लि-ताओ-युंगको नाम आउँछ । यिनी फाहियानभन्दा दुई सय वर्षअघि लुम्बिनी पुगेका थिए (भिक्षु १९९८:५२) । उनको भ्रमण कस्तो रह्यो र उनले केकस्तो बयान गरे भन्ने कुराहरू थाहा पाउन सकिएको छैन ।

सेङ साइ : चीनमा प्राप्त चौथो शताब्दीको पाण्डुलिपिबाट सेङ साइको यात्राविवरण प्रकाशमा आएको छ । 'सुइ-चिंग-चु' (Shui-Ching-Chu) अनुसार लुम्बिनीको बारेमा निम्न लिखित कुराहरू थाहा पाइन्छ-

१) सिद्धार्थ जन्मपूर्व महामायादेवीले समाएको अशोक-वृक्ष जीवित थियो,

२) अशोक-वृक्ष हाँगा समाएकी महामायादेवीको मूर्ति पनि त्यसै रूखमुनि थियो, (तस्विर सङ्ख्या २२)

३) सिद्धार्थको पहिलो भूमिस्पर्शको पदचिन्हमा श्रद्धालुहरू सुवासित फूल चढाउाथे, र

४) सिद्धार्थको पदचिन्हलाई अशोकद्वारा ढुङ्गाले छोपिर सुरक्षा गरिएको थियो (भिक्षु १९९८: १४१) ।

Rani Regmi Kshani Regmi Memorial Library
Kathmandu, Nepal
काठमाण्डौं, नेपाल
२६३८२

यस ग्रन्थको प्रकाशन गर्ने विद्वान् पेटेकको लेखाइबाट अरू थप जानकारीहरू पाउन सकिन्छ (Petech 1950: 35)।

वाइ यु-चिन (Wai-Yoch–Chin) : चिन् वंशकालमा वाइ यु-चिन लुम्बिनीको दर्शन गर्न आएका थिए। यिनी फाहियान भन्दा २५-३० वर्षअगाडि लुम्बिनी पुगेका थिए (भिक्षु १९९८:५३) ।

फाहियान : लुम्बिनीको यात्रा गर्ने चिनियाँ यात्रीहरूमा फाहियानको नाम पनि प्रख्यात छ। यिनी चीनको शान्सी प्रान्तमा जन्मेका थिए र पछि बौद्ध धर्म अध्ययनका लागि चाङ्गां भन्ने ठाउँमा गएर बसे। विद्या अध्ययन र बुद्धसँग सम्बन्धित स्थलहरूको भ्रमणका लागि ई. सम्बत ३९९ मा चाङ्गाबाट विदावारी भएर आएका थिए। उनका साथमा एक सहयात्री चि एन पनि थिए। कश्मीर पुगेपछि सहयात्री त्यहीं रोकिएकोले यात्रामा फाहियान एक्लै हुन पुगे। फाहियान श्रावस्तीबाट कपिलवस्तु पुगी त्यहाँबाट लुम्बिनीका लागि हिंडेका थिए। लुम्बिनीमा उनको भ्रमण ई सम्वत ४०३ तिर रहेको थियो (तर कसैकसैले उनको लुम्बिनी यात्रा ई. सम्बत ४०९ पनि मानेका छन्।) लुम्बिनीबाट यिनी सोझै पूर्व 'लन-मो' पुगे, जसलाई रामग्राम भनेर चिनिन्छ। यिनी भारतमा १५ वर्ष बौद्ध धर्म र दर्शनको अध्ययन र बुद्धसँग सम्बन्धित ठाउँहरूको यात्रा गर्दै सामुद्रिक बाटो भएर सन् ४१४ मा चीन फर्के। चीन फर्केर उनी बौद्ध ग्रन्थहरूको चिनियाँ भाषामा अनुवाद कार्यमा दत्तचित्त भएर लागे र ८८ वर्षको पाको उमेरमा उनको निधन भयो।

फाहियानको लुम्बिनी यात्रा वर्णन यसप्रकारको रहेको छ- 'कपिलवस्तु नगरबाट ५० ली पूर्वमा एउटा बगैंचा छ। बगैंचाको नाम लुम्बिनी हो। त्यहाँ महारानीले एउटा कुण्डमा नुहाएकी थिइन्। त्यसपछि उक्त कुण्डबाट उत्तर कुना भएर माथि उत्रिन्। २० पाइला जति पर उनले आफ्नो हात उठाएर एउटा वृक्षको हाँगा पूर्व दिशा फर्केर समाइन्। यसपछि कुमारलाई जन्म दिइन्। कुमारले पृथ्वी स्पर्श गरी सात पाइला हिंडे। दुईजना नागराजाहरूले कुमारलाई नुहाइदिए। नुहाइदिएको स्थलमा इनार बनाइयो। स्नान गराइएको स्थल इनारमा अद्यावधि श्रमणहरूले पानी लिने गरिरहेका छन्। पानी पिउने गरेका छन्।' (परिशिष्ट ख)

भिक्षु नरेन्द्रयश : फाहियानपछि भिक्षु नरेन्द्रयश स्वात (वर्तमान पाकिस्तान) बाट लुम्बिनी पुगेका थिए। उनी कपिलवस्तुबाट पूर्व हिंडेर भोलिपल्टमात्र लुम्बिनी पुगेका थिए। लुम्बिनीमा उनी एक रात बिताई अन्य बौद्ध संवेजनीय स्थानहरूको दर्शन गरेर साइबेरिया रुस हुँदै चीन पुगेका थिए (भिक्षु १९९८:५२) ।

हुयनसाङः हुयनसाङको जन्म ई. ६०३ मा चीनको एउटा सम्भ्रान्त शाही परिवारमा भएको थियो । उनका पूर्वज बुढाबाजे चे-इन, बाजे क-आग र बाबु हुई आफ्नो समयका विख्यात विद्वान्हरूमध्येमा पर्दथे । तसर्थ ज्ञान आर्जनको जिज्ञासा उनमां सानै उमेरदेखि पलाएको थियो । लगभग बीसबाइस वर्षको उमेरमा उनी प्राचीन नगर चाङ्-आनस्थित एउटा बौद्ध विहारमा ई. ६२३ मा भिक्षुत्व ग्रहण गरे । भिक्षु भई विहारमा अध्ययन गर्दागर्दै उनको मनमा लाग्यो, गौतम बुद्ध आफैंले जहाँ उपदेश दिएका थिए र अझै पनि सो धर्म दर्शनको अध्ययनका लागि प्रख्यात छ त्यहीँ गएर थप अध्ययन किन नगर्ने ? उनी यही सोचले भ्रमणमा निस्कने निर्णयमा पुगे । यस बेला उनको उमेर मात्र २६ वर्षको थियो । उनी त्यही नगरमा बसेर सो सङ्कल्प गरेका थिए जुन नगरबाट पूर्ववर्ती प्रख्यात चिनियाँ यात्री फाहियानले गरेका थिए ।

स्थानीय गभर्नरबाट यात्राको स्वीकृति नपाएपछि तत्कालीन सम्राट ताङ्-ताई-त्शुंग (६२७-६४९ ई.) कहाँ गएर आफ्नो योजना बताए । विना संरक्षण र पर्याप्त साधन स्रोतबिना भारत जानु एउटा दुष्कर यात्रा हुन्थ्यो र सम्राटले हुयनसाङकै भलाइ सोचेर सो अनुमति दिएनन् । कुनै उपाय नलागेपछि उनी गुप्त ढङ्गले उत्तुंग पर्वतमालाहरू, दुर्गम घाटीहरू र घना जंगल पार गर्दै आफ्नो यात्राको आरम्भ गरे । लामो यात्रापछि भारत पुगेर उनी गौतम बुद्धसँग सम्बन्धित तीर्थहरूको भ्रमणमा श्रावस्तीबाट कपिलवस्तु हुँदै बुद्ध जन्मस्थल लुम्बिनी पुगेका थिए । उनी लुम्बिनीबाट रामग्राम पुगे । यसरी यात्रा गर्दै ई. ६३७ मा भारतको प्रख्यात विद्याकेन्द्र नालन्दा महाविहारमा भर्ना भई विद्याअध्ययनपश्चात् चीनमा फर्केर बौद्ध धर्मग्रन्थहरूको अनुवादको काम गरेका थिए ।

हुयनसाङ श्रावस्ती भएर सिद्धार्थ गौतमले २९ वर्षसम्म बिताएको कपिलवस्तुमा पुगेका थिए । कपिलवस्तुबाट उनी विभिन्न ठाउँहरू घुम्दै लुम्बिनी पुगे । उनको लुम्बिनी भ्रमणको वृत्तान्त यस प्रकार छ- वाण-स्रोत को उत्तर पूर्व ८०-९० ली गएपछि लुम्बिनी आइपुग्छ । यहाँ शाक्यहरूको जलक्रिडा गर्ने एउटा पोखरी छ । पोखरीको पानी ऐनाजस्तो सफा छ । फेरि चारैतिर अनेक फूलहरू फुलिरहेका छन् । यस पोखरीबाट २४-२५ पाइला उत्तरतिर एउटा अशोक वृक्ष रहेको छ जुन अहिले सुकिसकेको छ । यहाँ नै बुद्धले मनुष्यलोकमा पहिलो पाइला टेकेका थिए । बुद्धको जन्मतिथि उत्तर वैशाखको अष्टमी त्यसो भनेको चिनियाँ पंचांगअनुसार तीन महिनाको आठौं दिन हो । स्थविरवादीहरूको मान्यता हो- बुद्धको जन्ममिति उत्तर वैशाखको पूर्णिमा अर्थात् चिनियाँ पंचांगअनुसार तेस्रो महिनाको पन्ध्रौं दिन हो ।

यस वृक्षको पूर्वमा एउटा अशोक स्तूप छ जहाँ जन्मने बित्तिकै शिशुलाई दुई नागले

स्नान गराएको थियो । जन्म भएलगत्तै कसैको सहायता नलिई पूर्व, दक्षिण, पश्चिम र उत्तर गरी चारै दिशामा पालैपालो सात पाइला चाली उद्घोष गरे- *अग्ग हम लोकस्स* ..... । जुन जुन ठाउँमा उनले पाइला टेके त्यहाँ त्यहाँ कमलको फूल उम्रेर आयो । फेरि दुई नाग धरतीबाट आकाशमा उडेर गयो । एउटा नागले तातो र अर्को नागले चिसो पानी छर्केर राजकुमारलाई स्नान गरायो । शिशु स्नान गरेको ठाउँ स्तूपको पूर्वतिर दुई धारमा बगिरहेको सानो धारा छ । फेरि दुबै धारा नजिकै एउटा स्तूप बनाइराखेको छ । यही दुई ठाउँबाट दुई नागहरू आकाशमा उडेर गएका हुन् । बुद्धको जन्मपछि परिजनहरू र आफन्तहरूमा छिटोछिटो दौडेर आई स्नान गराउने विचार आएको थियो । त्यही बेला मायादेवीको अगाडि दुई धारको नदीको मूल फुट्यो । एउटा धारको पानी तातो थियो त अर्को धारको पानी चिसो । सबैले स्नान गऱ्यो । नदीको दक्षिणमा एउटा स्तूप छ जहाँ इन्द्रले भर्खरै जन्मेका बुद्धलाई स्वागत गरेका थिए । जुन बेला बुद्ध उत्पत्ति भएको थियो, इन्द्रले घुँडाले टेकेर दैवी वस्त्रले उनको स्वागत गरेको थियो । यसको नजिकै चार स्तूप छ । यहाँ चार देवराजहरूले स्वर्ण कम्बलले बालकलाई बेरी स्वर्ण खटमा राखी मायादेवीलाई भने- 'यहाँले एउटा शौभाग्यशाली पुत्र लाई जन्म दिनु भयो । यो कस्तो हर्षको कुरा हो, सबै देवताहरू त प्रफुल्लित भयो भने अरू सांसारिकहरूको के कुरा ?

यी चारै वटा स्तूपभन्दा अलि टाढा एउटा अग्लो शिलास्तम्भ छ, त्यहाँ घोडाको एउटा मूर्ति छ । यो स्तम्भ सम्राट अशोकले निर्माण गराएको हो । पछि एउटा द्वेषी नागले हानेको चट्यांगले यो स्तम्भको बीच भागमा चिरेर भुईमा पर्न गयो । यसको सँगै एउटा नदी छ, जुन दक्षिण पूर्वतर्फ बगिरहेको छ । स्थानीय मानिसहरू यसलाई 'स्निग्ध सरिता' भन्छन् । जुन बेला मायादेवीले पुत्र पाइन्, त्यस बेला देवताहरूले मायादेवीलाई स्नान गर्न एउटा कुण्डको उत्पन्न गरेका थिए । त्यो कुण्ड अब नदी भएको छ । त्यसै पनि यस नदीको पानी तैलाक्त छ । यसको पूर्व दिशामा सुनसान जङ्गलमा दुई सय ली गएपछि म ग्राममा पुगें । (यो राज्य मज्झिम प्रदेश, मध्ये देशमा परेको छ) (परिशिष्ट ग) ।

फांग चिन : हुयनसाङपछि लुम्बिनी आउने चिनियाँ यात्रीको रूपमा फांग चिन (Fang-Chin) को नाम आएको छ । उनले लुम्बिनीपछि अशोक स्तम्भको उल्लेख गरेर यसको विषय बुद्धजन्मसँग सम्बन्धित छ भन्ने कुरा उल्लेख गरेका थिए (भिक्षु १९९८:५३॥

अन्य चिनियाँ यात्रीहरू : तेस्रो शताब्दीदेखि नवौं शताब्दीभित्रमा सयौं चिनियाँ यात्रीहरूले भारतको भ्रमण गरेका थिए । यिनीहरू मध्ये चे-मोङ (Che-Mong), इ-चिङ (I-tsing) हुयन-चु आदि प्रसिद्ध छन् । उनीहरूको यात्राको उद्देश्य बौद्ध धर्म दर्शनको अध्ययन र बौद्ध तीर्थस्थलहरूको तीर्थयात्रा थियो । बौद्ध विद्याको केन्द्र भएकोले

नालन्दालगायतका ठाउँमा यिनीहरू जानु स्वाभाविक थियो र बुद्धको जन्मस्थल लुम्बिनी पुग्ने संभावना पनि उत्तिकै रहेको छ तर उनीहरूको यात्रा वृत्तान्त नपाइनु अर्कै कुरा हो ।

खस मल्ल राजाहरू : चौधौं शताब्दीतिर पश्चिम नेपाल गण्डकी प्रदेशका खस मल्ल राजाहरू बौद्ध धर्मबाट निकै प्रभावित थिए । आफू बौद्ध भए पनि तत्कालीन राजाहरू राज्यमा अन्य धर्मलाई दमन नगरी आआफ्नो श्रद्धाअनुसार धर्माचरण गर्ने छुट पूर्ण रूपमा दिन्थे । यिनीहरू भारतका विभिन्न बौद्धतीर्थ स्थलमा तीर्थाटनका लागि जाने गरेको कुरा पनि बोधगयामा रहेको ताम्रपत्रबाट थाहा पाइन्छ । बोधगयाको शिखर शैलीको मन्दिरबाट प्रभावित भएर उनीहरू आफ्नो राज्यमा पनि सोहीबमोजिमका मन्दिरहरू बनाउँनमा गौरव गर्थे भन्ने कुरा दैलेखलगायतका ठाउँहरूमा आजभोलि पञ्चदेवल मन्दिरको रूपमा देख्न पाइन्छ । सुर्खेतको लाटी कोइली गाउँमा रहेको प्रख्यात काँक्रेविहार पनि एउटा यसैको उदाहरण हुनसक्तछ ।

सुर्खेतको लाटी कोइलीस्थित काँक्रेविहारको उत्खनन्बाट सो भग्नावशेष शिखर शैलीमा बन्दाबन्दै पूरा हुनु अघि नै भत्केको हुनु पर्ने अनुमान उत्खनन्मा संलग्न अधिकृतले गरेका थिए । रिपोर्ट प्रकाशित हुनुअघि नै यसलाई तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उडड्ययन मन्त्रीले हिन्दू वास्तुकलाको मन्दिर हुनु पर्ने भनी अनाधिकृत रूपमा सार्वजनिक स्थलमा मन्तव्य दिए (स्पेसटाइम २०५८:क) जुन पुरातत्त्वको मर्यादा विपरीत भएको भनी पुरातत्त्व विभागका अधिकारीहरूले समेत मन्तव्य व्यक्त गरे (महर्जन २०५८:२) । मन्दिर क्षेत्रमा पाइएको उक्त भग्नावशेषलाई खस मल्ल राजाहरूको समयको निर्धारण गर्ने हो भने यसलाई बौद्ध वास्तुकलाकै हुनुपर्ने अनुमान गर्न सकिन्छ । नामसँगै विहार शब्द झुण्डिएबाट उक्त ठाउँ शिखर शैलीको एउटा मन्दिरमा नै सीमित राख्न सकिन्न । सो क्षेत्र बौद्ध भिक्षुहरू बस्ने विहार नै हुनु पर्ने देखिन्छ जुन अध्ययनको अर्को विषय हो ।

लुम्बिनीको यात्रा गर्ने खस मल्ल राजाहरूमा रिपुमल्लका बारेमा स्पष्ट जानकारी पाइन्छ । उनी लुम्बिनीको दर्शनमा पुगेको सूचना उनैले अशोक स्तम्भमा कँद्न लगाएका अक्षरहरूबाट हुन्छ । नागवंशका राजा रिपु मल्लले अशोकको शिलास्तम्भको माथिल्लो भागमा 'ऊँमणिपद्मेहुँ श्रीरिपुमल्लचीरंजयतु १२३४' भनी कुँदाएका छन् । स्तम्भमा कुँदिएको सम्बत शक सम्वत हो । यो ई. सं. १३१२ को हुन आउँछ । यही बेलामा उनी कपिलवस्तुमा पनि पुगेको र आफू उक्त ठाउँमा पुगेको जनाउ दिन निग्लीहवास्थित अर्को अशोक स्तम्भमा आफ्नो नाउँलगायतका कुराहरू कुँदेका छन् । रिपु मल्लको उक्त कुँदाइबाट तत्कालीन समयमा अशोक स्तम्भको धेरै भाग जमीनमा पुरिसकेको र

माथिल्लो भागमा उभिएर लेख्दा अक्षरहरू सुन्दर नभएको बुझिन्छ। संभवतः उनले अशोकको शिलालेख देखेका पनि थिएनन् होला। यसरी नै निग्लीहवास्थित अशोक अभिलेखमा कुँदिएको सुन्दर अक्षरबाट के अनुमान गर्न सकिन्छ भने, रिपुमल्ल पुगेको बेलामा नै सो स्तम्भ ढलिसकेको थियो। रिपु मल्ल काठमाडौं उपत्यका आक्रमण गर्न खस मल्ल राजाहरूमध्येकै एक थिए। सम्भवतः उनी बौद्ध तीर्थस्थलहरूको दर्शनका लागि काठमाडौं उपत्यकामा पुगेका थिए र उपत्यकाका मल्ल राजाहरूले आक्रमण गर्दा दलबलसहित आएका उनले पनि प्रत्याक्रमण गरेर काठमाडौं उपत्यकालाई पराजित गरे (भिक्षु २०५४:३)। यसै घटनालाई पश्चिमी खस मल्ल राजाहरूको आक्रमण भनी गोपाल राजवंशावलीमा लेखियो। तर बौद्ध राजा भएर पनि अन्य राज्यमाथि आक्रमण गर्ने, अधिनमा पार्ने आदि घटनाहरू नभएका होइनन्। उनीहरू काठमाडौंमा आएर बौद्धस्थलहरूमा नै बस्ने गरेको पाइन्छ। भक्तपुरमाथि आक्रमण गर्दा गढबाहिर थुप्रो दिनसम्म पर्खेर बसेरको घटनाबाट उनीहरू आक्रमणकै नियत लिएर काठमाडौं आउने गरेको देखिन्छ। आक्रमणपछि विजित जनताबाट कर उठाई लाने प्रचलन त्यस बेला थियो। त्यसरी नै उनले पनि कर उठाएर गएको अनुमान गर्न सकिन्छ। रिपु मल्लको लुम्बिनी भ्रमण काठमाडौं उपत्यकाको आक्रमणपछि भएको देखिन्छ।

अध्याय - तीन

पुरातात्त्विक विकासको अध्ययन

पूर्व मौर्य काल

प्राचीन भारतीय वाङ्मय समृद्ध भएर पनि इतिहास अध्ययनको लागि तथ्यपूर्ण सामग्रीको अभाव देखिन्छ । ब्राह्मण, बौद्ध र जैनसाहित्यले त्यस्तो भूमिका खेल्दैन जस्तो लिवीको एनल्स अथवा हेरोडोटस्को हिस्टोरिया सामु राख्न सकियोस् (भट्ट १९८०:३-४) । यस्तो हुनाको कारण उल्लेखनीय ऐतिहासिक घटनाहरू नभएर होइन, तत्कालीन राजपुरुष तथा अन्य वीर व्यक्तित्वहरूको कथा यथेष्ट मात्रामा पाइन्छ र ती कुराहरू लेख्य रूपमा पनि छन् । तर पनि ती लिखित कुराहरू इतिहासका सामग्री बन्न नसक्नाका कारणमा तिनीहरू केवल गुणगान र कथासार मात्र हुनुका साथै तिथीक्रममा नहुनु तथा इतिहासको दृष्टिकोणबाट नलेखिनु हो ।

पुराणहरूमा दिइएका राजवंशावलीहरूमा शिशूनागवंश पहिलो राजवंश हो जसका बारेमा ऐतिहासिक प्रमाणहरू धेरै मात्रामा पाइन्छन् । यसको कालनिर्धारण पूर्ण रूपमा नभए पनि मुख्य मुख्य कुरामा निश्चित भइसकेको छ । यस वंशको नाम शिशुनागवंश हुनामा पहिलो राजा तथा संस्थापक शिशुनाग थिए । उनले ईसा पूर्व ६४२ तिर यस वंशको स्थापना गरी ४० वर्षसम्म राज्य गरेका थिए । वास्तवमा उनी एउटा सानो राज्यका राजा थिए । आजभोलिको पटना र गया दुवै जिल्ला यस राज्यमा आवद्ध थियो । गयासँग प्राचीन राजगृह उनको राजधानी थियो । उनका उत्तराधिकारीहरूको क्रम यस प्रकार छन्- शिशुनाग, काकवर्ण, क्षेत्रधर्मन्, छत्राजीत र बिम्बिसार । पाँचौ राजा बिम्बिसार नै पहिलो राजा थिए जसका बारेमा केही ऐतिहासिक वृत्तान्त थाहा पाइन्छ । यिनै राजाले एक नयाँ राजगृहको स्थापना गरे र अंग देश (आजभोलिको भागलपुर र मुंगुर जिल्लाहरू) माथि आक्रमण गरी आफ्नो राज्यमा गाभेका थिए । मगध राज्यको उन्नति र आधिपत्यको सूत्रपात यही अंगदेशको विजयबाट भएकोले उनलाई मगध साम्राज्यको सही संस्थापक पनि भन्न सकिन्छ । आजभोलिको अयोध्या र मुजफ्फरपुर प्राचीन कोशल र वैशाली थियो । कोशल र वैशाली दुई छिमेकी महाशक्तिशाली राज्यका एक एक राजकुमारीसँग

उनले विवाह गरी आफ्नो शक्ति र प्रतिष्ठालाई अझ बढाएका थिए । राजा बिम्बिसार गौतम बुद्धका समकालीन पनि थिए । गृहत्याग गरी हिंडेका सिद्धार्थलाई आफ्नो आधा राज्य दिन तयार भएका राजा पनि यिनै थिए । सिद्धार्थले बुद्धत्व प्राप्ति गरेपछि यिनी बुद्ध र बुद्ध दर्शनबाट निकै प्रभावित भए । देवदत्तको सङ्गतमा परेर आफ्नै छोरा अजातशत्रुद्वारा कैद बनाइएको र कैदीमै उनको मृत्य भएको घटना बौद्ध वाङमयमा उल्लेख पाइन्छ ।

कोशल नरेश प्रसेनजीतको मृत्यपछि उनका छोरा विरुद्धक राजगद्दीमा बसेको र उनको सुरूदेखिको तारो कपिलवस्तु राज्यमाथि थियो । कपिलवस्तु राज्यमाथि आक्रमण गर्न पटक पटक आउँदा स्वयं गौतम बुद्धले बीच बाटोबाटै फर्काइदिएका थिए तर बुद्धको अनुपस्थितिमा उनले कपिलवस्तुमाथि आक्रमण गरी शाक्यहरूको आमहत्या गरेका थिए । विरुद्धक समस्त शाक्यवंशसँग क्रूद्ध थिए तसर्थ कपिलवस्तुसँग नजिकको सम्बन्ध रहेको कोली राज्य पनि विरुद्धकको कोपभाजनबाट अलग रहेको भन्न सकिन्नथ्यो । यस बेलाको इतिहास स्पष्ट छैन तर यी दुई राज्यमाथि यदि विरुद्धकले आक्रमण गरी आफ्नो राज्यमा गाभेको भए बीचमा परेको लुम्बिनी पनि स्वतः त्यही राज्यअन्तर्गत गएको अनुमान सजिल्यै गर्न सकिन्छ । पछि अजातशत्रुले कोशलमाथि आक्रमण गरेर त्यसलाई आफ्नो साम्राज्यमा गाभेका थिए । यसरी नै तिरहुतलाई पनि आफ्नो राज्यमा मिलाई गंगा र हिमालय बीच वालप्रदेशको सम्राट बने । सोन र गंगा नदीको सङ्गममा पातलिग्राम नजिकै एउटा किल्लाको पनि निर्माण गराएका थिए । यही किल्ला नजिकै अजातशत्रुका उत्तराधिकारीले एउटा नगर स्थापना गरेका थिए जसलाई इतिहासमा कुसुमपुर, पुष्पपुर अथवा पाटलिपुत्रको नामबाट चिनिन्छ । अन्त्यमा यो नगर मगध राज्यको मात्र नभई समस्त भारतको नै राजधानी बन्न पुग्यो (भट्ट १९८०:५)

बौद्ध स्रोतहरूकै आधारमा गाइगरले 'महावंश'को भूमिकामा शासकहरूको जुन क्रम निर्धारण गरेका छन् आधुनिक इतिहासकारहरूले पनि उसैलाई प्रामाणिक मानेको छन् (गैरोला १९८५:२६८) । यसअनुसार अजातशत्रुका उत्तराधिकारी उदायि मानिएको छ र उनले ईसापूर्व ४५९-४४३ सम्म राज्य गरेका थिए । बौद्ध स्रोतहरूका अनुसार जसरी राजा बिम्बिसारको हत्या अजातशत्रुले गराएका थिए त्यसरी नै अजातशत्रुको पनि हत्या उनैका पुत्र उदायिबाट भएको थियो र अजातशत्रुको हत्या हुँदा उनी चम्पाका राजा थिए । यसपछि उनले पाटलिपुत्रमा आफ्नो राजधानी स्थानान्तरण गरेका थिए । उदायिपछि मगध साम्राज्यको शासन अनुरुद्धले गरेका थिए । उनका सम्बन्धमा यथेष्ट जानकारीहरू पाइँदैन । उनीपछि मुंड मगधको शासक बनेर आठ वर्ष अर्थात ४३५ ई. पूर्वसम्म शासन गरे । मुंडपछि अनन्तर आनदसकले चौबीस वर्ष र त्यपछि शिशूनागको हातमा उक्त साम्राज्य आएको थियो । उनले अठार वर्ष अर्थात् इसा पूर्व ३९३ सम्म शासन गरेका

थिए। सिंहली अनुश्रुतिहरूअनुसार शिशूनाग अमात्य पदमा थिए तर अजातशत्रुका सन्तानहरूमा पितृहत्याको प्रवृत्तिले निरन्तरता पाइरहेको हुँदा जनता आफै चिढिएर अमात्य सुसुनागलाई राजसिंहासनमा राखिएको थियो। शिशूनागले नन्दिवर्धन्लाई पराजित गरी प्रद्योगमाथि आफ्नो प्रभुत्व स्थापित गरेका थिए। यसरी नै शिशुनागपछि कालाशोक, जसलाई काकवर्ण अथवा काकवर्णिन् नामले पनि चिनिन्छ, राजा भए र उनीपछि उनका दश छोराहरूले २२ वर्षसम्म शासन गरे। उनका दश छोराहरूको नाम महावंशमा यसरी दिइएका छन्- मद्रसेन, पोरण्डवर्ण, मंगुर, सर्वञ्जह, जालिक, उभक, सञ्जय, कोरव्य, नन्दिवर्धन र मञ्चमक। तर पुराणहरू तथा अन्य परवर्ती स्रोतहरू र युनानी विद्वान् कर्तिअसका अनुसार कालाशोक काकवर्णीको एक बेजात स्त्रीसँग सम्बन्ध हुन पुगेको थियो। ती स्त्रीबाट 'महावंश'का अनुसार उग्रसेन र कर्तिअसका अनुसार अग्रम्मेस नामको पुत्र प्राप्त भएको थियो। यिनैले काकवर्णी र उनका दश पुत्रहरूको हत्या गरी आफू राजा बनेर नन्दबंशको स्थापना गरेका थिए (गैरोला १९८५:७१)। नंदिवर्द्धन र महानन्दिन राजा भएको कुरा पुराणमा उल्लेख मात्र छ र महानन्दिन अन्तिम राजा हुन गयो। उनका एक शूद्र रानीबाट महापद्म नन्द नामको पुत्र पाएको थियो जसले मगध राज्यलाई बलपूर्वक कब्जा गरी ईसा पूर्व ४१३ तिर नन्दवंशको स्थापना गरी राजा बनेका थिए (भट्ट १९८०:६)।

बौद्ध धर्मको स्थिति

सिद्धार्थ गौतमले गयामा बुद्धत्व प्राप्त गरेर केही समयसम्म सो ज्ञान आफैमा सीमित राखेका थिए तसर्थ त्यति बेलासम्मको बोधिज्ञान व्यक्तिगत नै थियो। सारनाथमा प्रथम पल्ट धर्मचक्र प्रवर्त्तन गरेपछि भने सार्वजनिक भयो। सुरुमा उनको बोधिज्ञान श्रवण गर्ने व्यक्ति पाँच जना मात्र थिए। ती पाँचै जनाले पछि बुद्धको शिष्यत्व ग्रहण गरे। यी पाँच व्यक्तिबाट सुरु भएको बोधिज्ञानको प्रचारले चाँडै नै तत्कालीन समाजलाई प्रभावमा पाऱ्यो। भिक्षुहरूसँगै गृहस्थहरू पनि बुद्ध धर्मतर्फ बढ्दै गएको पाइन्छ। उनको जीवन दर्शनबाट सर्वसाधारणमात्र नभई राजा महाराजा तथा धनीमानीहरू पनि आकर्षित हुन थाले। उनी स्वयं राजा शुद्धोधनका पुत्र थिए। देवदह नगरका राजा दण्डपाणीमात्र बुद्धको विरुद्धमा रहेको पाइन्छ। तर उक्त राज्यका सर्वसाधारण जनता बुद्धका अनुयायी थिए। यो धर्मले बुद्धकै समयमा कपिलवस्तुलगायत वरिपरिका राज्यहरूमा पनि राजकीय संरक्षण पाएको देखिन्छ।

बुद्ध आफ्नो जीवन दर्शन कुनै क्षेत्र र समुदाय विशेषमा सीमित होस् भन्ने चाहन्नथे। ज्ञान प्राप्त भिक्षुहरूलाई धर्म प्रचारका लागि देशाटन गर्न प्रेरित गर्थे र कुनै एक दिशामा एकभन्दा बढी भिक्षु नजान तथा कुनै एक ठाउँमा तीन दिनभन्दा बढी नबस्न

बुद्धको आदेश हुन्थ्यो । सोही आदेशअनुसार भिक्षुहरू क्रियाशील हुँदा बुद्धको जीवनकालमा नै यस धर्मले व्यापकता पाएको थियो । उनको जीवनकालमा नै भिक्षुहरू हिमालय क्षेत्रको काठमाडौं उपत्यका (वा तत्कालीन नेपाल)सम्म पनि पुगेका थिए । बुद्ध स्वयं नै नेपाल आई स्वयम्भूमा बसेको, धर्मोपदेश दिएको, धेरैलाई भिक्षु बनाएको वर्णन स्वयम्भू पुराणमा पाइन्छ तर पाली वाङ्मयमा बुद्ध नेपाल पुगेको प्रसंग कतै पाइँदैन । बरु नेपालको उल्लेख बौद्धसाहित्य 'मूलसर्वास्तवाद विनयसूत्र'मा परेको छ जसअनुसार बुद्ध नभई बुद्धका निजी सेवक भिक्षु आनन्द आफन्तलाई भेट्न तत्काल नेपाल भनेर चिनिने काठमाडौं उपत्यका पुगेको र फर्केको प्रसङ्ग परेको छ ।

बुद्धको जीवनकालमै र बुद्धको निर्वाणपछि पनि यस धर्मले तत्कालीन समाजमा राम्रोसँग प्रभाव पार्न सक्नाका अनेक कारणहरूमध्ये एउटा यसलाई राज्याश्रित प्राप्त हुनु पनि हो । बुद्धका उपदेशहरूबाट स्वयं राजाहरू एवं तिनका कर्मचारीहरू नै प्रभावित थिए भने सर्वसाधारणको पनि रुचि यसैमा भएकोले राज्यलाई बुद्ध धर्मप्रति सकारात्मक हुनु पर्ने बाध्यता नै भयो । बौद्ध धर्मका ठूला उपासक राजा बिम्बिसारका हत्यारा पुत्र राजा अजातशत्रु पनि पछि बौद्ध धर्मतिर नै आकर्षित भएका थिए । बौद्ध धर्मको प्रथम संघायन उनैको संरक्षकत्वमा हुनाले तत्कालीन समयमा बुद्ध धर्मको प्रभावबारे आंकलन गर्न सकिन्छ ।

पुरातात्त्विक अवशेषहरू

लुम्बिनी बगैंचा : विभिन्न बौद्ध साहित्यअनुसार लुम्बिनी मूलतः बगैंचा हो। वरिपरिका मान्छेहरू यहाँ विहार गर्न आउँथे । यो कपिलवस्तु र देवदहको बीचबाटामा पर्दछ । जसरी शाक्यहरू पर्वपर्वमा कोलीय जनपदको दवदहमा तालमा नुहाउन जान्थे त्यसरी नै कोलीयहरू पनि लुम्बिनी शालोद्यानमा शयर गर्न आउने कुरा मज्झिमनिकायको 'अट्ठकथा' मा उल्लेख छ (बज्राचार्य १९९७:५४७) ।

कपिलवस्तुकी महारानी मायादेवीले गर्भधारणको दश महिनापछि प्रथम पुत्र माइतमा जन्माउन माइत देवदह जाँदै गर्दा लुम्बिनीमा एक क्षण विश्राम गर्न बसेकी र त्यसै बेला प्रसव भएको भन्ने उल्लेख पनि बौद्ध साहित्यमा परेको छ । तर लुम्बिनी सुरम्य बगैंचामा मात्र सीमित थिएन कि भन्ने अनुमान हुन्छ । बौद्ध साहित्यमा उल्लेख भएकै भएपनि मायादेवी त्यति बेला देवदहका लागि हिंडेको कुरामा शंका गर्न सकिन्छ । तत्कालीन समाज र स्वयं शाक्य परिवारमा नै पनि प्रथम सन्तान जन्माउन माइत जाने चलन नभएको देखिन्छ । यशोधराले पनि राहुललाई कपिलवस्तुमै जन्माएबाट थप पुष्टि हुन्छ । शारीरिक रूपमा कष्ट हुने भएकोले गर्भधारण गरेकी माइमाईले सामान्यतः यात्रा



तस्विर सङ्ख्या १ : लुम्बिनीको उत्खनन्अघि खिचिएको एरियल भ्यू

गर्दैनन्, सामान्य हिडडूल मात्र गर्दछन्। कपिलवस्तु र देवदह क्षेत्रको ठीक बीचमा लुम्बिनी क्षेत्र पर्दैन, अलिकति घुमेर जानु पर्दछ। मायादेवी देवदेह नभई लुम्बिनी नै गएकाले उनी त्यहाँ जानुको विशेष उद्देश्य देखिन्छ। सामान्यतः नौ महिनाको गर्भधारणपछि प्रसव हुने गर्दछ तर मायादेवीको सन्दर्भका भने दश महिनापछि पनि सो भएको थिएन। यो असामान्य कुरा हो। संभवतः लुम्बिनी बगैचामा मात्र सीमित नभएर परम्परागत विश्वासअनुसार देवस्थल पनि थियो होला र पूजा वा त्यस्तै केही गर्न मायादेवी लुम्बिनी पुगेकी हुन्। तत्कालीन समाजमा यक्ष पूजाको चलन देखिएकाले लुम्बिनीमा त्यसकै पूजा गर्न गएको हुनु पनि धेरै संभव छ र यात्राको थकानले गर्दा सोही ठाउँमा प्रसव हुन पुग्यो। यदि त्यहाँ यक्षको ठाउँ थियो भने तत्कालीन समाजमा प्रमुख र प्रसिद्ध पनि थियो होला तर पछि यक्ष पूजाको प्रचलन घट्दै गएर बुद्धको जन्मस्थलको रूपमा चिनिँदा यक्षसँग सम्बन्धित कुरा विस्मृतको गर्भमा पऱ्यो (तस्विर सङ्ख्या १)।

मानव बस्ती : बुद्धत्व प्राप्तिपछि बुद्ध देवदह जाँदा देवदेहकै वरिपरि लुम्बिनीतिर रात बिताएको भनेबाट यहाँ वरिपरि मानव बस्ती थियो कि भन्ने सङ्केत हुन्छ। संभवतः यही मानव वस्तीले मौर्यकालमा आएर एउटा गाउँको रूप लिएको होला र अशोक स्तम्भमा लेखिएजस्तो त्यसलाई 'लुंमिनि' गाउँ भनियो।

ई. सम्वत् १९७१ मा गरेको उत्खनन्ले हाल अशोकस्तम्भ रहेको स्थलभन्दा दक्षिण

पश्चिम दिशाको करिब १५० मिटर दूरीमा गाउँको पुरातात्त्विक अवशेष पाइएको थियो। यस स्थलमा हाल पुलिस चौकी राखिएको छ। सो उत्खनन्‌मा पाइएका सामग्रीहरूको आधारमा ई. पू. सातौं शताब्दीतिर नै त्यहाँ मानव बस्ती बसेको देखिएको कुरा भनिएको छ।

शाक्य पुष्करिणी : लुम्बिनीको भौतिक निर्माणमा सम्भवतः सबैभन्दा पुरानो अस्तित्त्व शाक्य पुष्करिणी हो। सिद्धार्थ गौतम जन्मनुभन्दा अघि नै लुम्बिनीमा प्रख्यात शाही उद्यान थियो भन्ने कुरा बौद्ध स्रोतहरूबाट थाहा पाइन्छ। उक्त उद्यानको एउटा शोभा यही शाक्य पुष्करिणी पनि थियो। बुद्धलाई जन्माउनु अघि मायादेवीले यही पोखरीमा नुहाएकी थिइन्।

शाक्य पुष्करिणी चिनियाँ यात्रीद्वय फाहियान र हुयनसाङले पनि देखेका थिए र दुवै यात्रीले आफ्नो यात्रा वर्णनमा यो पुष्करिणीको पनि उल्लेख गरेका छन्। फाहियानको वर्णन छ- त्यहाँ महारानीले एउटा कुण्डमा नुहाएकी थिइन्। त्यसपछि पोखरीबाट उत्तर कुना भएर माथि उत्रिन्। २० पाइला जति हिँडेपछि उनले आफ्नो हात उठाएर एउटा



तस्विर सङ्ख्या २ : शाक्य पुष्करिणी, जहाँ शिशु जन्माउनुअघि मायादेवीले नुहाएकी थिइन्

वृक्षको हाँगा पूर्व दिशा फर्केर समाइन् ।

यसरी नै शाक्य पुष्करिणीको वर्णन हुयनसाङले यसरी गरेका छन्- वाण-स्रोत को उत्तर पूर्व ८०-९० ली गएपछि लुम्बिनी आइपुग्छ । यहाँ शाक्यहरूको जलक्रीडा गर्ने एउटा पोखरी छ । पोखरीको पानी ऐनाजस्तो सफा छ । फेरि चारैतिर अनेक फूलहरू फुलिरहेका छन् । यस पोखरीबाट २४-२५ पाइला उत्तरतिर एउटा अशोकवृक्ष रहेको छ जुन अहिले सुकिसकेको छ (परिशिष्ट ग) ।

अशोक स्तम्भको पहिचान भैसकेपछि दुवै चिनियाँ यात्रीहरूले वर्णन गरेजस्तो अन्य भौतिक संरचनाहरूको पनि खोजी भयो । साच्चै अशोक स्तम्भको दक्षिणतिर खाल्डो परेको थियो जुन तस्विरमा देख्न पाइन्छ । पुरातत्त्वविद् बाबुकृष्ण रिजालका अनुसार यो पुष्करिणी अण्डाकारमा रहेको हुनु पर्छ तर यो कुन आधारमा भनिएको हो त्यसको कुनै स्रोत भने दिइएको छैन (Bidari 2003:110-111) ।

शाक्य पुष्करिणी डा. फुहहरले पनि देखेका थिए जुन कुरा उनले पनि लेखेका छन् (Fuhrer 1972:) तर त्यो कुन आकारमा र कति नापमा थियो भन्ने कुराको उल्लेख छैन । केशरशमशेरले काम गरेको बेलामा ठूलो पारिएको बुझिन्छ । तर, उनले काम गर्नुभन्दा अघि खिचिएको तस्विर (तस्विर सङ्ख्या ५२) र पी. सी. मुखर्जी आउँदा तयार पारेको भूमिचित्र (नक्सा सङ्ख्या १) दुवैमा यो वर्गाकारमा देखिन्छ जुन बेलासम्म पोखरीमा कुनै काम भएको उल्लेख पाइँदैन । केशरशमशेरले यस पोखरीमा ईंटा छाप्ने क्रममा विस्तार पनि गरेको (तस्विर सङ्ख्या २) र यसै बेला पोखरी वरिपरिका पुरातात्त्विक संरचनाहरू काटिएको भनिन्छ ।

केशरशमशेरले सन् १९३३ देखि १९३९ सम्म लुम्बिनीमा उत्खनन् र संरक्षणको कार्य गरेका थिए भने यसै बेला शाक्य पुष्करिणीको विस्तार गरिएको थियो । पोखरीमाथि सन् १९७१ र सन् १९९३ मा पनि काम भएको बुझिन्छ तर यो दुवै पटक फोहर पानी सफा गर्नलाई मात्र हो । सन् १९९३ मा पोखरी सफा गर्न पानी निकालेर माटो पनि झिक्दा पोखरीको उत्तर-पूर्व दिशाको कुनामा दक्षिणपश्चिम कुनामा दुई प्वाल रहेको पाइएको थियो जुन क्रमशः १७०x१६० सेन्टिमिटर र १३०x११४ सेन्टिमिटर रहेको छ (Bidari 2003: 1 10-111) ।

बुद्ध जन्म सङ्केतक शिला (मार्कर स्टोन) : अशोक स्तम्भमा रहेको अभिलेखमा 'सिलाभीगडभी' शब्दको अर्थ विभिन्न विद्वान्हरूले विभिन्न आधारमा विभिन्न अर्थ लगाइरहेका थिए । तर उत्खनन्बाट एउटा ढुङ्गा पत्ता लागेपछि सो शब्दको अर्थ सोही



तस्विर सङ्ख्या ३ : गौतम बुद्ध जन्म शिला वा मार्कर स्टोन

ढुङ्गा भएको मानिएको छ। उक्त ढुङ्गा बुद्ध जन्मेको ठाउँलाई सङ्केत गर्न राखिएको अनुमान गर्न सकिन्छ र हाल यसलाई 'मार्कर स्टोन'को रूपमा चिनाउने गरिएको छ। (तस्विर सङ्ख्या ३)।

झन्डै मानव पाइतालाको आकारमा रहेको मार्कर स्टोन अशोक स्तम्भभन्दा दश मिटर पूर्व तथा सिद्धार्थ जन्ममूर्तिको ठिक १६ फिट मुनि तथा मौर्यकालीन ईंटाहरूको सात तहमाथि मिलाएर राखिएको अवस्थामा भेट्टाइएको छ। ढुङ्गाको नाप ७० x ४० x १० सेन्टिमिटर रहेको छ (Rijal 1996:5)। सो उत्खनन्मा संलग्न पुरातत्त्वविद् उएसाकाका अनुसार उक्त ढुङ्गा स्थानीय जातको हो। तर त्यो ढुङ्गा लुम्बिनीभन्दा पूर्व बुटवलको तिनाउ नदी वा त्यसको छेउछाउमा पाइने चुरेबलौटे प्रकृतिको रहेको छ र संभवतः त्यहींबाट ल्याएर यहाँ राखिएको हुनुपर्छ।[1] लुम्बिनीमा चुनारगढदेखि विशाल स्तम्भ ल्याएर राख्न सक्ने मौर्य सम्राट अशोकलाई एउटा फुस्रो र साधारण स्थानीय जातको ढुङ्गा बुटवलदेखि ल्याएर किन राख्नु पर्‍यो र किन त्यसलाई यति श्रद्धा गरी हिफाजत साथ राखियो भन्ने प्रश्न महत्त्वपूर्ण छ। ढुङ्गामाथि यदि धर्म वा अन्य अर्थमा श्रद्धा भएपछि त्यसको महत्त्व अर्कै हुने गर्छ त्यही विशेष अर्थमा यस ढुङ्गालाई लिइएको पाइन्छ बुझिन्छ।

१. उत्खनन्मा संलग्न पुरातत्त्वविद् सातोरु उएसाकाबाट पाएको जानकारी

'मार्कर स्टोन' सम्राट अशोकले उक्त ठाउँमा ल्याएर राखेको नभई उनी आउनु अघिदेखि नै त्यहीं भएको अनुमान हुन्छ। यसर्थ मार्कर स्टोनको अध्ययन यस अध्यायमा राखिएको हो। लुम्बिनी सिद्धार्थ गौतम जन्मिनुभन्दा अघि एउटा बगैंचा थियो र जन्मेको कैयौं वर्षसम्म पनि बगैंचाकै रूपमा थियो होला। तर आफ्नो महापरिनिर्वाण हुने बेलामा बुद्धले भिक्षु आनन्दलाई आफूसँग सम्बन्धित जन्मस्थल लुम्बिनी, बोधिज्ञान प्राप्त गरेको गया, धर्मचक्र प्रवर्त्तन स्थल सारनाथ र महापरिनिर्वाण स्थल कुशीनगर कालान्तरमा भिक्षुभिक्षुणी तथा उपासकउपासिकाहरूका लागि तीर्थस्थल हुने कुरा भनेका थिए र त्यसै बेलादेखि लुम्बिनीले धार्मिक महत्त्व पाएको देखिन्छ। बुद्ध जन्मेको भनेर देखाउन तत्कालीन मान्छेहरूले वरिपरिबाट हाल मार्कर स्टोन भनिएको ढुङ्गा ल्याई त्यहाँ राखिएको र त्यसै चिह्नको आधारमा बौद्धहरू श्रद्धा व्यक्त गर्दथ्यो होला। सम्राट अशोक ई. पू. २४९ मा लुम्बिनी आउँदा उनका धर्मगुरु उपगुप्तले शालवृक्षमात्र नभई उक्त ढुङ्गाको आधारमा पनि बुद्ध यहाँ जन्मेको हो भनी देखाएको हुनु धेरै सम्भव छ। र, जनताको श्रद्धा बसिसकेको ढुङ्गालाई सम्राट अशोकले पनि श्रद्धा गरी त्यसको सुरक्षाको लागि सात तहको ईंटामाथि राखेर घेरिदिएको अनुमान हुन्छ। पछि निर्माण भएका संरचनाहरूले पनि यही मार्कर स्टोनलाई आधार बनाएको पाइन्छ किनभने उत्खनन् अघि रहेको सिद्धार्थ जन्ममूर्ति वा मायादेवीको मूर्तिभन्दा ठिक मुनि १६ फिटमा यो 'मार्कर स्टोन' पाइएको थियो र यी दुईबीच अन्य कालमा बनेका विभिन्न संरचनाहरूको केन्द्र पनि मार्कर स्टोनलाई नै मानेको देखिन्छ।

कोठा : अशोक स्तूपबाट ३० फिट उत्तरमा आयाताकारको एउटा कोठा सन् १९७६-७८ मा भएको उत्खनन्का बेला फेला पारिएको थियो। १५ फिट ४ इन्च उत्तर दक्षिण र १२ फिट ५ इन्च पूर्व-पश्चिम फैलिएको यो कोठा अहिलेको जमिन सतहभन्दा दुई फिट गहिराइमा भेटिएको थियो। यसमाथि मौर्यकालीन ईंटाहरू भेटिएको र तल एन.बी.पी. वेयर र ग्रे वेयर पाइएकोले यसलाई पूर्व मौर्यकालीन हुन सक्ने अनुमान गरिएको हो। यो कुन प्रयोजनका लागि बनाइएको कोठा भन्ने कुरा खुल्दैन (नक्सा सङ्ख्या २)।

मौर्य काल

मगधको मौर्य साम्राज्यको उदय भारतीय इतिहासमा एउटा महत्त्वपूर्ण पाटो हो। मौर्यहरूको उदयअघि र पछिका कालखण्डहरूमा भारत विरलै मात्र त्यस्तो सुदृढ र सम्पन्न अवस्थामा पाउन सकिन्छ। यसै कालमा समस्त भारतीय भूखण्डमा आर्थिक, सामाजिक, धार्मिक आदि क्षेत्रमा ठूलो उपलब्धि हासिल भएको थियो।

मगध साम्राज्यमा नन्दवंशको नाश गरी मौर्य युग सुरु गर्ने प्रतापी व्यक्तित्व थियो- चन्द्रगुप्त । तर उनको कुलका सम्बन्धमा भने विवाद रहेको पाइन्छ । एक किम्वदन्तीअनुसार नन्दवंशी राजा महापद्मनन्द चन्द्रगुप्तका बाबु हुन् । महापद्मनन्दको एउटी मूरा नामकी दासीसँग सम्बन्ध रहेको थियो र उनैबाट चन्द्रगुप्त नामका पुत्रको जन्म भयो । चन्द्रगुप्तलाई मौर्य किन भनियो भन्ने विषय पनि विवादास्पद नै छ । ग्रिक लेखक जस्टिन, विष्णुपुराणका टिकाकार र मुद्राराक्षस नाटकका अनुसार चन्द्रगुप्त राजा महापद्मनन्दका छोरा भइकन पनि मूरा नामकी तल्लो जातिका कुलहीन, शूद्र नारीबाट जन्मेका हुन् अर्थात् मूरा नामकी स्त्री भएकोले उनलाई मौर्य भनिएको हो । तर 'मुरा' शब्दको अपत्यवाचक 'मौर्य' नभई 'मौरेय' हुन्छ यसकारण यो अनुश्रुति विश्वस्त छैन (गैरोला १९८५:२७७) । यस सम्बन्धमा विष्णु पुराणको टीकामा यत्ति नै उल्लेख छ- 'चन्द्रगुप्तं नन्दस्यैव शूद्रायां मुरायां जातं मौर्याणां प्रथमन्' अर्थात चन्द्र गुप्तको नाम मौर्य हुनाको कारण उनी नन्द राजाकी मुरा नामक शूद्र दासीबाट जन्मेका थिए । मुद्राराक्षस नाटकमा चन्द्रगुप्त नन्दवंशको भएको उल्लेख भए पनि नन्दकै पुत्र भनेर कहीँ पनि उल्लेख छैन (भट्ट १९८०:६-७) । तर बौद्ध स्रोतहरूको मत अर्कै छ । दिव्यावदानमा राजा बिन्दूसारलाई राजा चन्द्रगुप्तका छोरा, क्षेत्रीय जाति र मौर्यवंशी भनेर उल्लेख गरिएको छ । यसरी नै सिंहली वंशावली महावंशले उनलाई क्षेत्रीय जाति र मौर्यवंशी भनेको छ । महापरिनिर्वाण सूत्रअनुसार मौर्यहरू पिप्पलीवन निवासी क्षेत्रीय थिए र कुशीनगरमा गौतम बुद्धको अस्थि लिन गएका थिए तर ढिलो पुगेकाले चिताबाट अस्थिको सट्टामा गोलमात्र लगी त्यसैलाई गर्भगृहमा राखी स्तूप निर्माण गराएका थिए । उक्त सूत्रमा चन्द्रगुप्तलाई मोरिय र खत्तिया तथा उनको स्तूपलाई आगारथूपो भनिएको पाइन्छ । यसरी नै गोलमाथि स्तूप निर्माण गरी सन्तुष्ट भएका मौर्य (अंगार थुपं कारेसु मोरिया टुठ्ठमानसा) भनी उल्लेख गरिएको पनि पाइन्छ (उपाध्याय १९९१:२६०-६१) । सो स्तूप फाहियानले रामग्रामबाट आठ योजन (७२ मिल) पूर्वमा देखेका थिए (Legge 1926:70) । यस्तै अर्का यात्री हुयनसाङले २८० ली (५६ मील) दक्षिण-पूर्वमा रामग्राम र कुशीनगरका माझमा आगारथुप रहेको भनी लेखेका छन् (Watters 1973: 23) । सिंहली स्रोत महावंशका टिकाकारले मौर्यहरूलाई शाक्य जातिका भनी बताएका छन् । उक्त स्रोतको वर्णनअनुसार मौर्यहरू कपिलवस्तुमाथि राजा प्रसेनजितका छोरा विडुढभको आक्रमणपछि छुट्टै राज्य बनाई बसेका शाक्यका शाखा थिए । पछि मौर्य नाउँले प्रख्यात भएका र मगधका मौर्य सम्राटहरूका पूर्खा थिए । त्यसै अनुसार सम्राट चन्द्रगुप्त पिप्पलीवनका मोरिय राजाकी प्रधान महिषीका छोरा थिए यसै प्रसङ्गमा अशोककी आमा धम्मा मोरिय राजकुमारीको पनि वर्णन छ । एउटा अर्को बौद्धग्रन्थबमोजिम (Watters 1973: 23) चन्द्रगुप्तका बुबा मौर्य जातिका प्रमुख थिए र

उनी एउटा सीमा-विवादमा मारिएपछि उनकी आमा पुष्पपुर (पाटलिपुत्र)मा शरणार्थी भई बसेकी थिइन्। उनलाई क्रमशः एउटा गोठालो र पछि सिकारीले गाउँमा लगी हुर्काएका थिए। बौद्ध स्रोतहरूले मात्र नभई मध्य युगीन अभिलेखहरूमा पनि उनलाई क्षत्रिय वंशज भनिएको छ। तर कुनै पनि स्रोतमा नन्द वंशसँग चन्द्रगुप्त मौर्यको सम्बन्ध रहेको देखिदैन। उनैले चाणक्यको सहायताले नन्दवंशका अन्तिम राजाको हत्या गरी लगभग ईसापूर्व ३२२ मा मगध राज्यको सिंहासनमा बसेका थिए। कोशल (अयोध्या) काशी, अंगदेश (पश्चिमी वंगाल) तथा मगध (विहार) राज्यहरूसहितको विस्तृत भूभागमा फैलिएको मगध साम्राज्यसँग कुलूत (कूलू), मलय, काश्मीर, सिन्धु र पारस गरी पाँच राज्यका राजाहरू मिलेर संयुक्त रूपमा हमला गरेका थिए। तर मन्त्री चाणक्यकै सहायताले त्यस समस्याको निवारण भएको थियो (भट्ट १९८०:८) ।

चन्द्र गुप्तपछि मगधको राजगद्दीमा उनका पुत्र बिन्दुसार बसे। उनी पनि पिताजस्तै सुरवीर थिए। साम्राज्य विस्तारमा उनले पनि ठूलो सफलता पाए। उनले ईसापूर्व २९७-२७२ बीच करिब पच्चीस वर्षसम्म मगधको शासन गरेका थिए।

बिन्दुसारपछि प्रख्यात सम्राट अशोक विशाल मधग साम्राज्यका सम्राट बने। तर उनी मगधका सम्राट सजिलैसित बन्न पाएका भने थिएनन्। राजा बिन्दूसारको मृत्यु भएको बेला अशोक पाटलिपुत्रमा नै भएपनि उनी उज्जयिनीका शासक थिए। राजगद्दीको हानथापमा राजनीति रक्तरंजित बनेको थियो अर्थात बाबु बिन्दूसारको मृत्युपछि राज्य चार वर्ष गृहकलहमा फस्न पुग्यो। सम्भवतः अशोकलाई त्यस क्रममा भातृवध पनि गर्नु परेको थियो। अशोकका कति दाजुभाइ थिए र युद्धमा मारिए भन्ने विषयमा सजिलै भन्न सकिन्न। बौद्ध ग्रन्थहरूले उनका एक सय एक दाजुभाइ भएको, राज्य सत्ताको लागि सबैको बध गर्नु परेको कुरा उल्लेख गरेका छन्। ती ग्रन्थहरूका अनुसार अशोक सुरुमा निकै क्रूर र अत्याचारी थिए। कलिंगको लडाइँपछि बौद्ध धर्ममा दीक्षित भए र त्यसपछि निकै शान्त, उदार, दयालु र करुणाको प्रतिमूर्ति बने। सायद तुलनात्मक चरित्र देखाउन बौद्धहरूले नै उनको पूर्वजीवन त्यत्ति धेरै क्रूर देखाइएको पनि हुनसक्छ। उज्जयिनीका शासक भएका हुनाले दक्षिणको शक्तिशाली सेनाहरू उनको अधीनमा थियो। ती सेनालाई अशोकले गृहयुद्धमा प्रयोग गर्न पाएका थिए। गृहयुद्धका कारण राज्यमा अव्यवस्था र उथल पुथल उत्पन्न हुनु स्वाभाविक थियो। त्यसलाई नियन्त्रण गर्न पनि अशोक क्रूर हुनु आवश्यक भएको अनुमान छ (विद्यालंकार १९६७:३४५-३४६)।

ठूलो रक्तपातपश्चात मगध साम्राज्यको गद्दीमा बस्न पाएका अशोकपछि बौद्ध धर्म ग्रहण गरी 'धर्मविजय'को अभियानमा लागेका थिए र, आफूलाई सम्राटको रूपमा परिचय

नदिई 'देवताहरूका प्रिय राजा' को रूपमा परिचय दिन रुचाएको पाइन्छ । तर यो भन्दा अघि उनी कलिंग युद्धमा होमिएका थिए । उक्त रक्तरंजित युद्धमा एक लाख मान्छेको मृत्यु भएको र डेढ लाख मान्छेलाई युद्धबन्दी बनाएको थियो । यस भयंकर विभीषिकाबाट अझ ठूलो संख्यामा मान्छेहरू प्रताडित हुनु स्वाभाविक थियो । युद्धको विभीषिकाले अशोकलाई विरक्ति बनाएको पाइन्छ । तत्पश्चात उनी बौद्ध धर्मको शरणमा गई पश्चाताप गर्न थाले । पछि कलिंग युद्धलाई आफ्नो ठूलो पराजयको रूपमा लिई शान्ति सुरक्षा र सामाजिक विकासका लागि बौद्ध धर्मको प्रचारप्रसारमा लागे ।

मौर्य साम्राज्यको अन्त्य

सम्राट अशोकपछि कुणल, दशरथ (बन्धुपालित, *सम्प्रति (इन्द्रपालित)* शालिशूक, सोमधर्मा (देवधर्मा) शतधनुष (शतधन्वा) र बृहद्रथ या बृहद्रश्व सम्राट बनेका थिए। लगभग ईसापूर्व २१० मा मौर्य वंशको शक्ति क्षीण हुँदै गएको आभास पाइन्छ। साम्राज्यको सुदूरवर्ती प्रदेशहरूमा विद्रोह प्रारम्भ हुन पुगेको थियो भने कलिंग, आन्ध्र र महाराष्ट्र मौर्य साम्राज्यबाट मुक्त भैसकेको थियो । त्यत्ति बेला उत्तर-पश्चिमी भारतमा यवनहरूको आक्रमण पनि सुरू हुन थालेको थियो । राजा अशोकको धर्मविजय नीतिको दुरूपयोग शालिकशुकबाट शुरू भएको थियो भने त्यसपछि मौर्य वंशका अन्तिम राजा बृहद्रथ एक निर्बल र विलासी हुनु नै मौर्य वंश अन्त्यको कारण हुन पुग्यो । बृहद्रथका सेनापति पुष्यमित्र एक महत्वाकाङ्क्षी ब्राह्मण थिए । उनले आफ्ना सबै सेनालाई एकत्र गरी शक्ति प्रदर्शन कार्यक्रम राखेर त्यसमा सम्राट बृहद्रथलाई पनि निमन्त्रणा दिएका थिए । सोही अवसरमा बृहद्रथको हत्या गरेर सेनानी पुष्यमित्र विशाल मगध साम्राज्यको अधिपति बने । यस प्रकार ई.पू. १८५ मा मौर्य साम्राज्यको अन्त्य भयो (विद्यालंकार १९६७: ४३४) ।

बौद्ध धर्मको स्थिति

मौर्य साम्राज्यको उदय हुनुअघि नै मगधमा बौद्ध धर्मले व्यापकता लिएको देखिन्छ । यही साम्राज्यमा बिम्बिसारजस्ता बौद्ध राजाले राज्य गरेका थिए भने पछि उनका उत्तराधिकारी अजातशत्रुले बौद्ध संघायन गराएका थिए । तत्कालीन बौद्ध धर्मलाई राजकीय संरक्षण प्राप्त थियो । यस्तैमा मौर्य सम्राट चन्द्रगुप्तको उदय भएको थियो । तर उनी कुन धर्मका पक्षपाति थिए भन्ने कुरा खुल्दैन । उनका सहयोगी चाणक्य इतर बौद्ध भए पनि सो अवधीमा बौद्धहरूप्रति पक्षपाती व्यवहार हुन्थ्यो भन्ने उल्लेख पाइँदैन । कलिंग युद्धपछि सम्राट अशोक रक्तरंजित युद्ध विभीषिकाबाट विरक्त भई बौद्ध धर्ममा दीक्षित भएका थिए । सम्राट अशोकको बौद्ध धर्ममा दीक्षित हुनु बौद्ध धर्मको इतिहासमा

युगान्तकारी घटना हो । यही घटनाको फलस्वरूप बौद्ध धर्मले राजकीय संरक्षण पाउनाका साथै धर्मलाई विकृतिबाट बचाउन राज्यबाट विभिन्न प्रकारले पाइला चाल्ने, तेस्रो बौद्ध संघायनको आयोजना गर्ने, धर्म प्रचारप्रसारका लागि चारै दिशामा भिक्षुहरू पठाउने र ठाउँठाउँमा बौद्ध स्मारकहरूको निर्माणका साथै धर्मराज्य स्थापना गर्न सम्राट अशोक प्रयत्नशील भएको देखिन्छ ।

सम्पूर्ण मौर्य कालभित्र सम्राट अशोकको शासनकालसम्म मात्रै बौद्ध धर्मले राजकीय संरक्षण पाएको देखिन्छ । उनका अधिकारीहरू अशोकजंति सक्षम थिएनन् । उनीहरूलाई अशोकको धर्मयात्रालाई दुरूपयोग गर्ने भन्ने आरोप इतिहासकारहरूको छ । सम्राट अशोकपछि मौर्य साम्राज्य निर्वल हुँदै गयो । अन्तमा मौर्य सम्राट बृहद्रश्यको बध गरी उनका महामन्त्री पुष्यमित्र शुंगले विशाल साम्राज्य हात पारेको थियो । पुष्यमित्र तथा उनका उत्तराधिकारीहरू बौद्ध धर्मप्रति सहिष्णु नरहेको देखिन्छ । बौद्ध धर्मको स्थिति सम्राट अशोकको अन्तिम समयतिर नै अधोगतितिर लागिसकेको पाइन्छ । बौद्ध धर्मको संरक्षण तथा प्रचारप्रसारका लागि अशोकले गर्ने अपार धनराशीको खर्चप्रति उनका मन्त्री तथा उत्तराधिकारीहरू असन्तुष्ट थिए । पछि मन्त्री तथा उत्तराधिकारीहरूले अशोकका आदेशहरूको अवज्ञा गर्न थालेको पाइन्छ । उनको अन्तिम अवस्थाको वर्णन हुयनसाङ्ग तथा लामा तारानाथले पनि गरेका छन् । उनीहरूका अनुसार अन्तिम समयमा अशोक अत्यन्त शक्तिहीन शासकको रूपमा रहे । उनको मृत्यु आत्मग्लानि, अपमान र क्रोधबोधले भएको वर्णन छ (मिश्र २०५३:६१) । हुयनसाङले कुक्कुटाराम नजिक रहेको आमलक स्तूपको वर्णन गर्दै अशोकको अन्तिम समयको असहाय अवस्थाको चित्रण गरेका छन् । त्यस घटनामा अशोकले बौद्ध संघलाई धनदान गर्न खोज्दा उनका अधिकारीहरूले रोकिदिएको र लाचार अशोकले अशोकारामाका भिक्षुहरूलाई आधा अवलामात्र दिएर पठाएका थिए (मिश्र २०५३:६१)।

पुरातात्त्विक अवशेषहरू

अशोकस्तम्भ : मौर्य सम्राट अशोकको आदेशद्वारा निर्मित कलाकृतिहरूमा सबैभन्दा महत्त्वपूर्ण पक्ष स्तम्भहरू रहेका छन् । यसभन्दा अघि त्यत्ति धेरै शिलास्तम्भहरू ठड्याइएन जति अशोकको बेलामा भयो । यति बेलाका स्तम्भहरू कलात्मक हुनाका साथै अद्वितीय पनि थियो । उनको आज्ञाले स्तम्भहरू कहाँकहाँ बनाइएका थिए र कति वटा बनाइएका थिए भन्न स्रोतको अभाव छ । हालसम्ममा नेपाल, भारत, पाकिस्तान र अफगानिस्तानमा गरी जम्मा ४० वटा स्तम्भहरू पत्ता लगाइसकेका छन् । चुनारको ढुङ्गा खानीबाट निकालिएको एक किसिमको अद्वितीय बलौटे पत्थरमा बनाइएका यी स्तम्भहरू त्यहीं



तस्विर सङ्ख्या ४ : अशोक स्तम्भ

निर्माण गरेर ठाउँ ठाउँमा ठड्याउन पठाइएका हुन् ।

यी शिलास्तम्भहरू स्थूलाकार वा पिण्डाकार विशालकाय पाषण खण्ड हुन् । यसको लम्वाइ २० फिटदेखि ५० फिटसम्म र सामान्यतः ३' फिट ७" इन्चदेखि लिएर ४' फिट साढे एक इन्चसम्मको व्यासमा रहेका छन् । माथिल्लो भागको व्यास एक फिट छ इन्चदेखि दुई फिट एघार इन्चसम्म रहेको छ । यी स्तम्भ तलबाट माथि शीर्षभागतिर मोटाइ क्रमशः कम हुँदै गएको र शीर्षभागमा थप अर्को ढुङ्गामा विभिन्न जनावर तथा धार्मिक चिह्नहरूको सुन्दर आकृतिको निर्माण गरिएका छन् । स्तम्भहरूको अधिकतम भार ५० टनसम्म रहेको छ (श्रीवास्तव २००१:२५३) ।

संरचनाका दृष्टिले अशोक स्तम्भहरूलाई तीन भागमा वर्गीकरण गर्न सकिन्छ । एक, स्तम्भको शीर्षभाग सबैभन्दा माथि रहेको भाग जसमा सिंह, हात्ती, घोडा, वृष आदिको मूर्ति हुने गर्दछ, जस्तो लुम्बिनीको अशोकस्तम्भमा घोडाको मूर्ति देखेको कुरा चिनियाँ यात्री हुयनसाङले आफ्नो यात्रा वृत्तान्तमा उल्लेख गरेका छन् जुन हाल विलुप्त छ । यसरी नै सारनाथको स्तम्भमाथि चतुर्मुखी सिंह, लौरियानन्दन गढस्तम्भमा सिंह, विहार प्रान्तको चम्पारनस्थित रामपुरवा स्तम्भमा पशुमूर्ति, संकिशाको स्तम्भमा हात्ती आदि । स्तम्भको दोस्रो भाग, स्तम्भको माथि र शीर्षको मुनिरहेको भाग गोलो (एबेकस) हो । यसैले शीर्षभागलाई थामेको हुन्छ । यसमा धार्मिक चिन्हहरू चक्र, पशु, पंक्षी, पुष्प आदि चित्रण गरिएका हुन्छन् । हेर्दा यो घण्टाजस्तो देखिने भएकोले मार्शललगायतका विद्वान्हरूले अशोकका यी स्तम्भहरूलाई पर्सियाको नक्कल भनेका थिए । तर सूक्ष्मदृष्टिले हेर्दा यो घण्टाको प्रतिकृति नभई उल्टो कमलको आकृति हो (श्रीवास्तव २००१:२५३) । यसरी नै तेस्रो भाग हो, स्तम्भको मुख्य अंङ्ग । यो सादा हुनाका साथै चिल्लो र चम्किलो हुने गर्छ । पाषाणस्तम्भमा यस्तो चिल्लो र चम्किलो हुनाको कारण तत्कालीन प्रविधिको उच्च कारीगढी हो र यस्तो पालिस जमीनभन्दा मुनिको सतहमा पाइँदैन । अशोकले आफ्ना अभिलेखहरू यही भागमा कुँद्ने गरेको पाइन्छ ।

अशोक स्तम्भहरूलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ, सादा स्तम्भ र अभिलेखयुक्त स्तम्भ । विन्सेन्ट स्मिथले अशोकका अभिलेखहरूलाई आठ भागमा विभाजन गरेर अध्ययन गरेका छन् (गैरोला १९८५:२८०) । जुन यस प्रकार छन्-

१. लघु शिलालेखअर्न्ततत सात वटा- सहसराम (विहार), रूपनाथ (जबलपुर नजिक), वैराट् (जयपुर), ब्रम्हगिरि, सिद्धपुर, जतिंग रामेश्वर (तीनवटै मैसूरमा) र मास्की (हैदरावाद) ।

२. भाब्रू अभिलेखअन्तर्गत एउटा- जयपुरमा विराट नजिक भेटिएको ।

३. चौदह अभिलेखअर्न्तगत पहाडको चट्टानमा कुँदिएका छ वटा- शाहबाजगढी, मानसेहरा (पेशावर) कालसी (देहरादून), गिरनार (काठियावाड), धौली (कटक) र जौगढ (मद्रास) ।

४. कलिंग अभिलेखअन्तर्गत दुई अभिलेख- कलिंगको पत्थरमा कुँदिएको ।

५. गुफालेखअन्तर्गत तीन वटा अभिलेख- गया नजिकै बाराबर नाउँको पहाडी क्षेत्र ।

६. तराई स्तम्भलेखअन्तर्गत दुई- नेपाल तराईको लुम्बिनीस्थित प्रसिद्ध अशोक स्तम्भ र निगलीहवा गाउँको स्तम्भ अभिलेख ।

७ सात स्तम्भ लेखअन्तर्गत सात वटा अभिलेख- मेरठ, टोपरा (अम्बाला), प्रयाग, लौरिया अरराज, लौरिया नन्दनगढ र रामपुरवा (तीन वटै चम्पारन, बिहार) ।

८ गौण स्तम्भ लेखअन्तर्गत चार अभिलेख- दुई अभिलेख साँची र सारनाथको तोरणमा कुँदिएको र दुई प्रयाग स्तम्भमा ।

लुम्बिनीस्थित अशोक स्तम्भ : लुम्बिनीस्थित अशोक स्तम्भ लुम्बिनीको पहिचानका लागि एउटा कोशेढुङ्गा साबित भएको छ । यस्तो प्रकृतिको प्रस्तरस्तम्भले मौर्यकालीन पुरातात्त्विक गतिविधिको सङ्केत दिने अर्थात् मौर्य सम्राट अशोकद्वारा स्थापित हुने बुझिन्छ । यसबाट यो स्तम्भ मौर्यकालीन भएको भन्ने स्पष्ट भयो । साथै स्तम्भभन्दा पनि स्तम्भमा भएको अभिलेखले यसको महत्त्व र अर्थलाई अझ उच्च बनाइदिएको छ । बुद्धको जन्म लुम्बिनीमा भएको भन्ने उल्लेख अनेकौं बौद्ध वाङ्मयहरूमा रहेकोले जन्मस्थलको बारेमा विवाद थिएन तर लुम्बिनी कहाँ पर्दछ भन्ने कुरा दशकौंसम्म खोजीको विषय बनेको थियो । लुम्बिनीस्थित यो स्तम्भमा रहेको अभिलेखले बुद्धको जन्मस्थल लुम्बिनी सो स्तम्भ रहेको भूमिमैं हो भन्ने किटान गरिदिएको छ । यसमा लेखिएको 'हिदबुधेजाते सक्यमुनिति' र 'लुंमिनि गामे'ले अलेक्जेन्डर कनिंघम, कार्लाइलजस्ता लुम्बिनी अन्तै हुनु पर्दछ भन्ने मान्यता राख्ने विद्वान्हरूको पनि मुख टालिदिएको थियो । स्तम्भमा रहेको अभिलेख ई. १८९६ मा पढिएपछि प्राचीन लुम्बिनी अन्यत्र नभई यहीँ भएको भन्ने प्रमाणित भयो र यस सम्बन्धी विवाद टुंगियो । अभिलेखमा ती शब्दहरूका साथै अन्य वाक्यांशहरूले मौर्य सम्राट अशोकका बारेमा, तंत्कालीन सामाजिक, आर्थिक, राजनीतिक परिदृश्यहरूको झलक पनि पाइन्छ (तस्विर सङ्ख्या ४) ।

स्तम्भको आकार प्रकार र अवस्था : अशोक स्तम्भ गोलाकार छ । कालो वर्णको सानासाना दाग भएको र चुनार बलौंटे ढुङ्गाको यो प्रस्तर स्तम्भको बाहिरी सतहमा

चमकदार पालिस निकालिएको छ। यो चमक कुन प्रविधिबाट बनाइएको हो भन्ने विषयमा ठोस जवाफ पाउन सकिएको छैन। उक्त प्रविधि हाल हराएको छ। यो पालिस कसरी तयार पारिएको थियो भन्ने विषयमा पर्सिब्राउनको विचारमा एगेट ढुङ्गाले स्तम्भलाई रगडेर चमक निकालिएको थियो होला। तर निहाररन्जन रायले स्तम्भमाथि मसिनो बालुवा र बार्निसद्वारा ल्याइएको टलक भनी आफ्नो राय व्यक्त गरेका छन् (भिक्षु १९९८:) । यो पालिस आजसम्म पनि ज्यूँको त्यूँ हुनु तत्कालीन रासायनिक ज्ञानको द्योतक हो।



तस्विर सङ्ख्या ५: लुम्बिनीस्थित अशोक स्तम्भमाथि घोडा राख्न बनाइएको शिलाफलकको एक टुक्रा

तर लुम्बिनीस्थित स्तम्भका वर्तमान अवस्था मौर्य सम्राट अशोकद्वारा स्थापना गरिएको अवस्थाको जस्तो सग्लो रूपमा छैन। स्तम्भको माथिल्लो भाग भाँचिएको छ। चिनियाँ यात्री हुयनसाङ्गले वर्णन गरेजस्तो स्तम्भमाथिको घोडाको आकृति पनि लुप्त छ। यसरी नै स्तम्भको बीच भागसम्म माथिबाट चिरा पर्दै आएको छ।

लुम्बिनीस्थित अशोक स्तम्भको वास्तविक उचाइ कति थियो भन्ने प्रश्नको जवाफ कुनै पनि स्रोतबाट पाइँदैन। अशोक स्तम्भमै भएको अभिलेखमा स्तम्भ गाडियो भन्ने सूचना दिएको छ। तर यसको आकारप्रकारको वर्णन गर्नु आवश्यक नठानेर होला त्यत्तिकै छाडिएको छ। 'दिव्यावदान'मा पनि यससम्बन्धी कुनै सूचना पाइँदैन। चिनियाँ यात्री फाहियानको लुम्बिनीको यात्रा वर्णनमा अशोक स्तम्भका बारेमा कुनै उल्लेख नहुनु रहस्यमय छ भने हुयनसाङ्गले उचाइ र गोलाइका बारेमा कुनै सूचना दिएका छैनन् । कुशीनगरस्थित अशोकस्तम्भमा रहेको अभिलेखमा गौतम बुद्धको निर्वाण वर्णन भएको भन्ने सूचना दिने हुयनसाङ्गले लुम्बिनीको अभिलेखका सम्बन्धमा किन एक शब्द पनि लेखेनन् होला भन्ने जिज्ञासा उठ्नु स्वाभाविक पनि हो। समभवतः उनी लुम्बिनी आउँदा स्तम्भमा रहेको अशोकको अभिलेखसम्म माटाले पुरिसकेको हुनु पर्दछ। उनले आफ्नो

वर्णनमा स्तम्भको बीच भागमा टुक्रिएको भनेबाट अभिलेख रहेको स्थानबाट हाल बाँकी रहेको टुप्पो आधा हो भने त्यत्तिकै भाग टुक्रिएर खसेको थियो। यसअनुसार अशोक स्तम्भको उचाइ ३० फिट भएको अनुमान हुन्छ (नक्सा सङ्ख्या ३)।

अशोक स्तम्भको उचाइ र गोलाइको नाप लिने पहिलो व्यक्ति डा. फुहरर हुन्। उनको नापअनुसार अशोक स्तम्भको जगदेखि टुप्पासम्मको उचाइ २२ फिट ४ इन्च र जगदेखि ९ फिट ८ इन्च माथि अभिलेख रहेको छ। स्तम्भको गोलाइ फेदमा ८ फिट ३ इन्च, अभिलेख स्थानमा ७ फिट ५ इन्च र टुप्पामा ६ फिट ६ इन्च छ (Fuhrer 1972:27)। त्यसरी नै देवाला मित्राको नापअनुसार छिनाले खत गर्दा खस्रो भएको फेददेखि यो उचाइ ७.३९१ मिटर छ। चिप्लो र खस्रो भाग गरी अशोक स्तम्भ जमीनमुनि २.१३४ मिटर छ (Mitra 1972) ।

स्तम्भको जग हेर्नेहरूमा तारानन्द मिश्र पनि एक हुन्। उनी लेख्छन्- "यस स्तम्भको कूल उचाइ (खम्बा भागको मात्र) ३० फिट १० इन्च छ। जसमध्ये १७ फिट २ इन्च हालको सतहसम्म र १३ फिट ८ इन्च भाग जमीनमुनि छ। जमीनमुनि रहेको भाग मध्ये माथिको ६ फूट ९ इन्च भाग पालिस भएको ६ फिट ९ इन्च तल्लो भाग छिनाको माटो डाम भएको छ। यसरी पुरै स्तम्भको २४ फिट १ इन्च भागमा पालिस गरिएको छ।

यस स्तम्भको शिरो भागको घेरा ६ फिट ६.५ इन्च छ। वर्तमान जमीन सतह नजिक घेरा ७ फिट ९ इन्च र डा. फुहररका अनुसार टुप्पाबाट २२ फिट र ४ इन्च तल जमीनमुनि यसको घेरा ८ फिट २ इन्च छ। तल छिनाको डाम भएको ६ फिट ९.५ इन्च भागमुनि समथर चौकोर रातो बलौटे ढुङ्गाको शिलाफलक छ। यो ढुङ्गाको उत्तरतिरको टुप्पालाई उत्तरतिर १ फिट ९ इञ्चसम्म खोलेर हेरिएको थियो।

स्तम्भको सबभन्दा तल्लो छिनाको बाक्लो डाम भएको ६ फिट ९ इन्च भाग एक इन्च मोटो भई आधाआधा इन्चले चारैतिर बाहिर निस्किरहेको छ। यसरी यस भागको घेराको नाप स्वभावतः बढ्न जानेछ। तर उत्तरतर्फको भाग माथिबाट १८ इन्च मात्र बाक्लो छिनाको डाम छ। त्यसमुनि यो निर्माण कालमा पाप्रो उप्केर तेर्सो आकारमा फुटेको छ र त्यस भागमा छिनाको डाम छैन। उत्तरतिर यस स्तम्भको तल्लो टुप्पा पादप्रस्तरबाट १ इन्च अग्लो छ र यसले पाद प्रस्तरलाई छोइरहेको छैन।

पादप्रस्तरको मुनि भाग जान सकिएन किनभने पूर्व मायादेवी मन्दिरतिरबाट जोरले पानी आइरहेकाले पहिरो जाने सम्भावना थियो। यसै सिलसिलामा गोटिहवाको अशोक स्तम्भमुनि रहेको पादप्रस्तरबारे उल्लेख गर्नु सामयिक हुनेछ। त्यहाँको पादप्रस्तर चौकोर

छ र त्यसमुनि पाको ईंटको गारो छ । तर त्यो ग्रेनाइट ढुङ्गा प्रयोग गरी निर्माण गरिएको छ । लुम्बिनीको यस पादप्रस्तरमा गोलो प्वाल बनाई स्तम्भको तल्लो टुप्पालाई भित्रपट्टि पारेर ठ्याइएको छ (मिश्र २०४३: क) ।

अशोक स्तम्भको चारैतिर १८" बाहिरी भागमा अशोकका समयका ईंटको वेदिका छ । अशोककालीन इँटा (१५" X १०" X ३") को तीन तह खुड्किला भएको जग र माथि दुई तह परखालको इँट सो वेदिका अहिलेसम्म छँदै छ । चिनियाँ मूलसर्वास्तिवाद विनयपिटकअनुसार स्वयं भगवान बुद्धले आफ्ना एक शिष्यलाई सिंह स्तम्भका चारैदिशामा वेदिका निर्वाण गर्ने अनुमति दिएका थिए । यस्तै भारतको वेसनगरबाट तेस्रो ई. पूर्वमा कल्पवृक्षका चारैतिर शिलाद्वारा निर्मित वेदिका पाइएको छ । पहिलो शताब्दी ई. पूर्वको एउटा लेखमा शकर्षण-वासुदेव मन्दिरलाई घेरिराखेको शिलावेदिकाको उल्लेख गरिएको छ (मिश्र २०४३: क) ।

अलेक्जान्डर कनिंघमले वैशालीको अशोक स्तम्भको आधी भाग जमीनमुनि गाडिएको भनेको सन्दर्भमा मिश्रले लुम्बिनीको स्तम्भ पनि कम्तिमा पनि पाँच फिट भाग जमीनमुनि गाडिएको भन्ने कुरा प्रमाणित गर्छन् । यसका लागि उनको तर्क छ- 'यो स्तम्भ गाड्दा पालिस नभएको भाग र बढीमा एक फिट पालिस भएको भागसमेत जमीनमुनि



तस्विर सङ्ख्या ६ र ७ : अशोक स्तम्भको जग

थियो होला (मिश्र २०४३: क)।

मिश्रकै अनुसार लुम्बिनी अशोक स्तम्भको शिरोभागका दुईवटा खण्ड क्रमशः घण्टाकार भाग र घोडाको धसिएको पाइसकिएका छन्। तर ती दुबैका माझमा रहने चौकोस शिला हालसम्म प्राप्त भएको छैन (मिश्र २०४३: क)। भारतका विभिन्न ठाउँहरूबाट प्राप्त शिरोभागको उचाइ क्रमशः साँचीको लगभग ८', रामपुरवाको साँढे उचाइ ६' फिट ९", सिंह भएको ७' भन्दा बढी, सारनाथको सिंह ७' आदि नापबाट लुम्बिनीको पूर्ण शिरो भाग मात्र पनि लगभग ७' को होला भन्ने अनुमान मिश्र गर्छन्। उनका अनुसार लुम्बिनीको हालको स्तम्भको उचाई ३०' फिट १०" र ७ फिट शिरोभागलाई जोडदा कुल उचाई सैतीस फिट र साढे दश इन्च हुने अनुमान गर्न सकिन्छ (२०४३: क)।

स्तम्भको माथिल्लो भाग टुक्रिएर लुप्त अवस्थामा पुगेको छ। स्तम्भको टुप्पादेखि तलतिर पनि चिरा पर्दै आइरहेको छ। लुम्बिनीको मात्र नभई निग्लिहवा तथा गोटीहवा र भारतका अनेक अशोकस्तम्भहरू फुटिराखेका छन्। चिनियाँ यात्री हुयनसाङको वर्णनअनुसार धेरैजसो अशोकस्तम्भहरू चट्याङ्ग परेर फुटेका हुन्। मिश्रका अनुसार यी स्तम्भहरूमाथि चट्याङ्ग खस्नाका कारण यी स्तम्भका सम्पूर्ण भागमा फलामका कणहरू हुन सक्छन्। लुम्बिनी स्तम्भका सारा भागमा यस्तै सानासाना फलामका कणहरू छन् जुन अब क्रमशः खिया लागेर झर्दै छन् र यी झरेका ठाउँहरूमा सानासाना प्वाल सहजै देख्न सकिन्छ (मिश्र २०४३: क)। स्तम्भको शिरानदेखि तलतिर चिरान दिनपर दिन बढ्दै गइरहेको पनि बुझिन्छ। "यो चिरान पहिलेभन्दा बढेको कुरा विगत र आजको स्थितिसँग तुलनाबाट पनि स्पष्ट हुन्छ। पहिले यो चिरान १३ फिट जति लामो भई अभिलेखसम्म झन्डै छोएको रूपमा थियो तर अहिले सम्पूर्ण अभिलेखसम्म चिरान पुगिसकेको छ। चिरानबाट अभिलेखलाई पढ्न नसक्ने रूपमा प्रभाव नपारेतापनि पहिले अभिलेखलाई छुनमात्र पुगेको चिरान बढ्दै गएको स्थितिमाथि विचार गर्दा फलामे पेटीको उपचारमा सुधार र चिरानबाट पानी पस्नबाट बचावको लागि पनि ध्यान दिनुपर्ने देखिन्छ। अहिले यो चिरान अभिलेखको पहिलो हरफको "देवानंपियेन"शब्दको 'ये' अक्षर पछाडि, दोस्रो हरफको "अतनआगाच" शब्दको 'आ' अक्षरको बीचमा, तेस्रो हरफको "सिलाविगडभीचा" शब्दको 'भी' अक्षरको पछाडि, चौथो हरफको "हिदभगवं" शब्दको 'भ' अक्षरको पछाडि र पाँचौं हरफको 'अठभागियेच" शब्दको 'भा' अक्षरको बीचमा परेको छ। चिरान लम्बाकारमा वृद्धि भएजस्तै फराकिलो हुँदै गएको भने देखिँदैन (मिश्र २०४३: क)।

स्तम्भमा भएको चिरानबाट कम नोक्सानी गर्न बेलाबेलामा उपचार गरिएको छ। २०४२ सालमा चर्केको दुवै भागलाई चुनार ढुङ्गाको पाउडर र एरलडाइटको लेप बनाई

टालिएको थियो । यसरी नै फलामको पातामा खिया लागेर स्तम्भमा दाग पर्न गएको र थप धाँजा नपरोस् भन्ने उद्देश्यले स्तम्भमा बेरिएको फलामको पाता झिकेर २०५८ सालतिर कपर, जिंक, र निकल मिसाइएको ढलोटको पाता फरिएको थियो (मिश्र २०४३: क) ।

अभिलेखको भाषा र लिपि : अशोक स्तम्भमा रहेका अभिलेखहरूमा प्रयुक्त भाषा ठाउँअनुसार फरकफरक पाइएको छ । संभवतः यो स्थानीय बोलिचालीको भाषा थियो । भिक्षु सुदर्शन महास्थविरका अनुसार यस भाषाबाट पालि र साहित्यिक प्राकृतको बीचको भाषाको प्रतिनिधित्व हुन्छ । अशोकको अभिलेखको भाषा साहित्यिक पालि र प्राकृत भाषाको ध्वन्यात्मक र व्याकरणीय रूपदेखि भिन्न छ । मगधको सार्वदेशीय भाषा नै मागधी भन्ने दृष्टिमा भन्ने भए लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको भाषा वाङ्मयात्मक रूपमा प्राप्त प्राचीनतम् मागधी समुदायको भाषा हो । साधारणतः मागधी भाषालाई पालि पनि भनिन्छ । यस दृष्टिबाट लुम्बिनीको अशोकको शिलास्तम्भाभिलेखको भाषा मज्झिमरट्ठको प्राचीनतम् पालि हो । यो भाषा त्यसै कारण पालि त्रिपिटकको वर्तमान भाषा र व्याकरणसँग मिल्दैन । यसलाई संस्कृत भाषाको व्याकरण र भाषाशास्त्रको प्रचलित दृष्टिले मात्र अध्ययन गर्न खोज्नु त झनै मिल्दैन (भिक्षु १९९८:१६-१८) ।

आफूले राख्न लगाएको शिलालेखको लिपिलाई अशोकले 'धंमलिपि' भन्न रुचाएको देखिन्छ । 'मे इयं धंमलिपि लिखापिता' जस्ता अशोकको अभिलेखबाट यो कुरा स्पष्ट हुन्छ । नेपालमा हालसम्म प्राप्त अशोकका दुईवटा अभिलेख र भारतलगायत अन्य क्षेत्रहरूमा प्राप्त शिलालेखहरू धरैजसो यही लिपिमा रहेका छन् । यसबाहेक खरोष्ठी, अरेमाई र युनानी लिपिमा पनि रहेको पाइन्छन् ।

ललितविस्तरमा वर्णन भएअनुसार सिद्धार्थले सिकेका ६४ प्रकारका लिपिहरूमा सर्वप्रथम सिकेको लिपि ब्राम्ही हो । जैन धर्म वाङ्मयमा यस लिपिलाई 'नमो बंभीए लिपिए' भनी 'बंभी' लिपि भनिएको छ । चिनियाँ बौद्ध विश्वकोष (फा युअन् चु लिन) मा ललित्तविस्तरको जस्तै सर्वप्रथम ब्राम्ही तदन्तर खरोष्ठी लिपिको नाउँ दिंदै बायाँबाट दायाँ लेख्ने यो लिपि ब्रम्हाद्वारा सृजित भनिएको छ । सिन्धु घाटीको उत्खनन् अगाडिसम्म यही लिपि सबैभन्दा पुरानो मानी यसलाई ब्रम्हाद्वारा निर्मित मानी ब्राम्हीलिपि भनिएको बुझिन्छ । अशोकले धंमलिपि भनेको यो ब्राम्हीलिपि बुद्धको बेलामा नै प्रचलित भएको बुझिन्छ ।

स्तम्भमा रहेको अभिलेखको अर्थ : गौतम बुद्धको जन्मस्थल लुम्बिनीको अवस्थिति जनाउने अभिलेख अशोक स्तम्भमा कुँदिएको अभिलेख हो (तस्विर सङ्ख्या ८) । यसैको प्राप्तिपछि नै लुम्बिनी कहाँ पर्दछ भन्ने विवाद साम्य भएको थियो । अभिलेख यस



तस्विर सङ्ख्या ८ : अशोक स्तम्भमा रहेको अभिलेख

प्रकारको छ-

देवानपियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन
अगनआगाच महीयिते हिदबुधेजाते सक्यमुनीति
सिलाविगडभीचा कालापित सिलाथभेच उसपापिते
हिदभगवंजातेति लुंमिनिगामे उबलिकेकटे
अठभागियेच

यस अभिलेखमा अन्यत्र रहेका अशोकका अभिलेखहरूमा नभएका आठ वटा शब्द परेका छन् । ती शब्दहरू हुन्- अठभागिये, उबलिके, भगवं, विगडभीचा, लुंमिनिगामे र सक्यमुनि ।

लुम्बिनीस्थित अशोक स्तम्भमा रहेको अभिलेखमा कुनै क्षति पुगेको छैन । मौर्यकालीन ब्राम्ही लिपिका अभिलेखहरूमा पूर्णविराम, अर्धविराम र पदयोग पदवियोग आदिमा वास्ता नगरिएको जस्तो देखिन्छ । यही कारणले अभिलेखको अर्थ गराइमा समस्या भएको छ र विभिन्न विद्वान्हरूले आआफ्नै तरिकाले अर्थ लगाउने गरेका छन् । ती अर्थ्याइहरू निम्न प्रकारका छन्-

देवानपियेन पियदसिन लाजिन : राजा तथा सम्राटहरू आफ्ना लागि विभिन्न प्रकारले प्रशस्तिहरू लेखाउने गर्दथे । सम्राट अशोकको सवैभन्दा छोटो प्रशस्ति 'देवानपिये' अर्थात 'देवताहरूका प्रिय' हो । लुम्विनी अभिलेखमा 'देवानपियेन पियदसिन लाजिन' राखिएको छ जसको अर्थ हुन्छ- 'देवताहरूका प्रिय प्रियदर्शी राजा' ।

वीसतिवसाभिसितेन : आफ्नो राज्याभिषेकको बीसौं वर्षमा सम्राट अशोक लुम्विनीमा आएका थिए । उनका अभिलेखहरूमा वर्षको किटान राज्याभिषेकबाट गरिएको छ र यसै क्रममा आफ्नो राज्याभिषेकको बीसौं वर्ष भन्नलाई 'वीसतिवसाभिसितेन' भनिएको हो । त्यस्तै आफ्नो राज्याभिषेकको चौधौं वर्ष भन्नलाई अशोकले निग्लीहवास्थित अर्को अभिलेखममा 'चोदसवसा (भिसि) तेन' प्रयोग गरेका छन् ।

अगनआगाच महीयित : सम्राट अशोक बुद्धको जन्मस्थल लुम्विनीमा धर्मगुरु उपगुप्तका साथ आफै आएका थिए । यहाँ 'अतन' को अर्थ आफै, आफ्नो स्वेच्छाले वा कसैको करबरमा नपरी भन्ने हुन्छ र 'आगाच' को अर्थ 'आए' भन्ने हुन्छ । यहाँ बुद्धले अन्तिम समयमा आनन्दलाई भनेको कुराको सम्झना हुन्छ । बुद्धले आनन्दलाई भनेका थिए- 'आगमिस्सन्ति खो आनन्द सद्धा भिक्खू भिक्खुनियो उपासका उपासिकायो इध तथागतो जातो ति' अर्थात आनन्द, श्रद्धालु भिक्षु भिक्षुणी, उपासक, उपासिकाहरू यहां तथागत जन्मनु भएको भनी आउने छन् । बुद्धले आगमिस्सन्ति' अर्थात आउने छन् भनेको थियो भने त्यही शब्द 'आगमिस्सन्ति' बुद्धको महापरिनिर्वाणको केही सय वर्षपछि सम्राट अशोक लुम्विनी पुगेकोले सो कुराको ब्यहोरा अभिलेखमा 'आगाच' अर्थात आउनु भयो भन्ने हुन्छ । साथै यसमा महीयिते' शब्द पनि आएको छ र सर्बप्रथम यसको अर्थ गर्ने डा. ए फूहररले 'अशोक आफै नै आए र पूजा गरे' भन्ने अर्थ लगाएका छन् (1972) । तर पछि अर्थ लगाउने विद्वान्हरूले भने यसलाई 'पूजा गरे' को सट्टामा 'नमस्कार गरे' 'गौरव राखे' 'गौरवान्वित भए' भन्ने अर्थ लगाएको पनि पाइन्छ ।

हिदबुधेजाते सक्यमुनीति : डा. फुहररले यसलाई 'हिद-बुधे-जाते-सक्यमुनी-ति'को रूपमा शब्द छुट्याएर पाठ गरी यहाँ शाक्यमुनि बुद्ध जन्म भएकोले' देवताहरूलाई मनपर्ने राजा प्रियदर्शी आफ्नो राज्याभिषेकको बीसौं वर्षमा आफै आएर दान गरे भन्ने अर्थ दिएका छन् (Fuhrer 1972)। तर जर्ज बुहलरले हिद शब्दलाई 'इध' को ठाउँमा आएको उल्लेख गरेका छन् । साथै 'सक्यमुनी' शब्दसँग जोडिएको 'ति' को अर्थ 'भनी' 'निम्ति' 'किनभने' हुनसक्ने टिप्पणी गरी यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएकोले देवताहरूलाई मनपर्ने राजा प्रियदर्शी आफ्नो राज्याभिषेकको बीसौं वर्षपछि आफै आएर पूजा गरे' भन्ने अर्थ लगाएका छन् (1898: 99) । अभिलेखमा सबैभन्दा अहं र महत्त्वपूर्ण बाक्य यही

भएको छ। यसैको आधारमा बौद्ध वाङ्मयहरूमा बुद्ध जन्मेको ठाउँ लुम्बिनी यही अभिलेख भएको ठाउँ हो भन्ने प्रमाणित हुन्छ। यो अभिलेखयुक्त स्तम्भ यथास्थानमा छ (Mukherji 1996)।

सिलाविगडभीचा : अशोकका अन्य अभिलेखहरूमा नपाइने आठ शब्दहरूमा 'सिलाविगडभीचा' पनि एक हो। संभवतः अभिलेखमा भएका शब्दहरूमध्ये अर्थ्याइमा सबैभन्दा विवादास्पद शब्द पनि यही भएको छ। डा. फुहररले यसलाई 'सिला-विगडभी-चा' को रूपमा पढी 'विगडभी' शब्द संस्कृतको त्यही अर्थ जनाउने शब्द 'विगर्दभी' को समानार्थी मानेका छन् (1972)। यसअनुसार गधाजस्तो भद्दा नभएको घोडा हुन आउँछ र शिलामय अश्व-मूर्ति बनाई शिलास्तम्भको टुप्पामा राखियो भनी अर्थ्याएको छ।

यसरी नै 'सिलाविगडभीचा' (शिलांआविसर), गडभी गधानी भएको विचार राख्नेहरूका अनुसार यसको संस्कृत अर्थ 'गर्दभी' पालि भाषामा 'गद्रभी' भइकन प्राकृतमा 'गडभी' हुन गएको हो पनि भनिएको छ (Basak 1954:150) ।

पी. सी. मुखर्जीले सिलाविगडभीको संस्कृत समानार्थी शब्द विगर्डभी वा विकटभ्री प्रस्तुत गरेका छन्। यसको अर्थ विगड संस्कृतको 'विकट' बाट बन्न आएको हो र शिलाको प्राकृतिक स्वरूप नष्ट गरी अन्य रूप निर्माण गरिएको भने पनि हुन्छ। यो पालि शब्द 'पासादविकतिका' रूप 'विचितो उन्ननयो अत्थरगा' सिंह व्याघ्र र यस्तै रूप सजिएको भन्ने प्रसंग स्मरणीय छ (Mookerji 1955:297)।

डा. बुहलरका अनुसार सिलाविगडभीचा'को संस्कृत पयार्यवाची शब्द 'सिलाविकटाभी' हो र यसको अर्थ 'शिलामय ठूलो सूर्यको शिला-चक्का बनाइयो'। कारपेण्डियर र हुल्सले 'सिलांविगडंभी' को अर्थ विगड (घोडा) को रूप धारण गरिएको शिला भनी गरिएको उल्लेख पनि 'विगड' को अश्व अर्थ अनुमानित मात्र मानेका छन्। यसरी नै 'सिलाविगडभीचा'को अर्थ संस्कृत स्वरूपमा 'शिलाविकटभित्तिका' हो र यसको अर्थ ढुङ्गाको बलियो बार भएको भन्ने भनाइ डा. राजबली पाण्डेको छ (२०२२: १८९)। तर ढुङ्गाको बलियो बार राखेको कुरा पनि अभिलेखमा किन कुँदाउनु पर्‍यो होला भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्ने गर्छ। यसको लागि तर्क छ- मौर्य युगमा प्रायः काठको मात्र छेकवार राखिन्थ्यो। यसरी काठको छेकबारको ठाउँमा ढुङ्गाको छेकबार लगाइएकोले अभिलेखमा नै उल्लेख गरिएको हो (Sen 1956:122)। यस्तै खालको बार सारनाथमा पाइएकोले त्यस्तै होला भनी सोचिएको पनि देखिन्छ। यसरी नै 'सिलाविगडभी'को अर्थ अश्वमूर्तिका साथै कुनै स्मारक पनि हुन सक्ने अनुमान गरिएको छ (Thapaer 1963:50, 226)।

अशोक स्तम्भ पत्ता लागेदेखि स्तम्भमा कुँदिएको अभिलेखलाई अर्थ्याउने प्रयास निरन्तर हुँदै गरेको पाइन्छ। तर श्री ५ को सरकार पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र जापान बुद्धिष्ट फेडेरेसनको संयुक्त तत्त्वावधानमा भएको पुरातात्त्विक उत्खननबाट सिद्धार्थ गौतमको जन्म मूर्तिको अवस्थितिबाट १६ फिट मुनि भेटिएको एउटा ढुङ्गा नै 'सिलाविगडभी' हो भन्ने अर्थ लाग्न गयो र अन्ततः विवाद पनि साम्य भएको देखिन्छ।

सिलाथभेच कालापित उसपापिते : लुम्बिनीमा आएर सम्राट अशोकले के के गरे भन्ने कुरा सोही ठाउँमा रहेको यस अभिलेखमा कुँदिएको छ। यसमध्ये 'सिलाथभेच कालापित उसपापिते' भन्ने शब्दहरूबाट अशोकले त्यहाँ शिलास्तम्भ पनि ठड्याए भन्ने अर्थ बुझिन्छ। त्यहाँ अशोकभन्दा अघि नै कसैले शिलास्तम्भ ठड्याएको र अशोकले त्यसमा अभिलेख कुँदेको मात्र होला भन्ने शंका पनि हुन्थ्यो तर अभिलेखमा 'सिलाथभेच कालापित उसपापिते' शब्द परेबाट त्यसो नभई सम्राट अशोक आफैले शिलास्तम्भ ठड्याउन लगाएको भन्ने स्पष्ट भयो।

हिदभगवंजातेति लुंमिनिगामे : गौतम बुद्ध जन्मेको ठाउँ लुम्बिनी यही स्तम्भ रहेको स्थानमा हो भनी स्पष्ट रूपमा प्रमाणित गर्ने लुम्बिनीस्थित अशोक स्तम्भको ऐतिहासिक र पुरातात्त्विक महत्त्व यिनै दुई शब्द 'हिदभगवंजातेति लुंमिनिगामे' र पूर्व उल्लेखित 'हिदबुधेजाते सक्यमुनीति' हो। यहाँ बुद्धको जन्मसम्बन्धी जानकारी दुई पल्ट उल्लेख भएको छ। अन्यत्र प्रयोग भएको 'इध' यहाँ 'हिध' भएको छ र यसको अर्थ हुन्छ- 'यहाँ'। यस वाक्यांशले 'लुंमिनि ग्राममा यहाँ भगवान जन्मनु भएका' भन्ने हुन्छ।

'उबलिकेकटे' र **'अठभागियेच'** : 'हिदभगवंजातेति लुंमिनिगामे' अर्थात् 'यहाँ भगवान जन्मनु भएको हुनाले लुंमिनि ग्राममा' भन्ने अर्थ आएपछि त्यहाँ केही त भएको वा गरिएको भन्ने अनुमान गर्न सकिन्छ। सौभाग्यवश त्यसपछिको अभिलेख पनि स्पष्ट रूपमा पढ्न सकिने अवस्थाको छ। अर्थात् 'यहाँ भगवान जन्मनु भएको हुनाले लुंमिनि ग्राममा 'उबलिकेकटे' र 'अठभागियेच' गरे। अब प्रश्न उठ्छ, 'उबलिकेकटे' र 'अठभागियेच' को अर्थ के हो त ? 'सिलाविगडभीचा'जस्तै यहाँ यी दुई शब्द पनि विवादास्पद छ। यस्ता शब्दहरू अन्यत्रका अभिलेखहरूमा नपाइएकोले पनि अर्थ्याउन गाह्रो भएको बुझिन्छ। यी दुई शब्दको पनि विभिन्न विद्वान्हरूले विभिन्न प्रकारले अर्थ गरेका छन्। केशरबहादुर के.सी., भिक्षु सुदर्शन महास्थविर, डा. फुहरर, मुखर्जी आदिले यसका सम्बन्धमा आआफ्नै धारणा दिएका छन्। धेरै जसो विद्वान्हरूले यसलाई करसँग जोडेर सम्राट अशोकबाट लुमिनी गाउँका जनतालाई कर मिनाहा गरेको भन्ने मन्तव्य दिएका छन् भने केशरबहादुर के.सी र भिक्षु सुदर्शन महास्थविर (भिक्षु १९९८) ले बुद्ध धर्मको महत्वपूर्ण पक्ष हिंसा नगर्नु

र अष्टांगिक मार्गको अनुशरण गर्नु भनेको अर्थ लगाएका छन् ।

स्तम्भमा भएको अशोक अभिलेखको अनुवादलाई पुरातत्त्व विभागले मार्कर स्टोनसमेतलाई ध्यानमा राखेर संशोधन गरिएको छ । सो अनुवाद यस प्रकारको छ- 'देवताका प्रिय राजा (अशोक) आफ्नो राज्याभिषेकको बीसौं वर्षमा स्वयं यस ठाउँमा आउँदा अव्यवस्थित अवस्थामा रहेको शाक्यमुनी बुद्धको खासजन्म स्थान सङ्केतक शिलालाई व्यवस्थित बनाए । शिला स्तम्भपनि स्थापना गरे । भगवान जन्मनु भएको यस लुम्बिनी गाउँलाई आठ भागको एक भाग मात्र भूमिकर तिरेपुग्ने गरी अन्य सबैकरहरूबाट मुक्त गरे (श्रेष्ठ २०६०:७)।'

सिद्धार्थको जन्ममूर्ति

गौतम बुद्धको जन्मस्थल लुम्बिनीस्थित मायादेवी मन्दिर आजभोलि लुम्बिनीकै पर्यायवाचीजस्तो भएको छ । तर बौद्ध वाङमय र अन्य पुराना ऐतिहासिक स्रोतहरूले महारानी मायादेवीले बैशाख पूर्णिमाका दिन लुम्बिनीमा शिशुलाई जन्म दिएको सन्दर्भमा बाहेक अन्यत्र लुम्बिनीसँग मायादेवीलाई जोड्ने गरेको पाइँदैन । बुद्धको जन्मस्थल र पछि विभिन्न समयमा निर्माण कार्यहरू हुँदै कालान्तरमा पृथ्वीको गर्भमा छोपिई प्रायः विस्मृत भइसकेको पुरातात्त्विक अवशेषहरू रहेको महत्वपूर्ण स्थलमा सिद्धार्थ जन्मसम्बन्धी एउटा मूर्ति रहेको र मूर्ति पूजकहरूले सो मूर्तिलाई सोही ठाउँमा पूजा गर्दै आएकोले त्यहाँ बनेको संरचनालाई पछि मायादेवी मन्दिर भनी नामाकरण भएको देखिन्छ । यस हिसाबले मायादेवी मन्दिर नामाकरण हुनुको आधार यही मूर्ति रहेको छ । साथै लुम्बिनीमा पाइएका मूर्तिहरूमध्ये यो सर्वाधिक ठूलो र महत्त्वपूर्ण पनि रहेको छ (तस्विर सङ्ख्या १०) ।

भौतिकस्थितिको अस्पष्टताले सिद्धार्थको सप्तपद गमन मुद्राको जन्म मूर्तिको कलात्मक पक्षमा केही भन्न नसकिए पनि यो मूर्ति कमलको फूलमाथि भएको अनुमान गर्न सकिने र मूर्तिको अवस्थिति झण्डै राष्ट्रिय संग्रहालयको मूर्तिजस्तै हुनसक्ने मत भिक्षु सुदर्शन महास्थविरको छ (२०५८:१) । 'ललितविस्तर', 'बुद्धचरित'जस्ता पछि लेखिएका केही साहित्यहरूमा मायादेवीको दायाँ पार्श्वबाट शिशुको जन्म भएको भनिएजस्तै सिद्धार्थको अवस्थिति पनि यस्तै खालका अन्य मूर्तिहरूमा जस्तै मायादेवीको दायाँतिर रहेको छ । तर मूर्ति निकै मात्रामा खिइएको कारण यसमा देखिएका आकृतिहरूको अध्ययनमा कठिनाइ हुन्छ । यदि सिद्धार्थ जन्मसम्बन्धी मूर्ति यही एउटा मात्रै भइदिए बौद्ध वाङमयमा बुद्धको जन्मसम्बन्धी गरिएको वर्णनअनुसारको मूर्ति यही हो भनेर पहिचान गर्न पनि गाह्रो हुनसक्थ्यो ।

अशोक स्तम्भ र त्यसमा भएको अभिलेखबाट प्राचीन लुम्बिनीको पहिचान भए पनि शुरूमा त्यहाँ नै रहेको अर्को महत्वपूर्ण एउटा सिद्धार्थलाई जन्म दिइरहेकी मायादेवीको मूर्तिको पहिचान हुन सकेको देखिन्न । यो मूर्ति पुरातात्त्विक ढिस्कोमाथि रहेको एउटा सानो कोठामा राखी स्थानिय वासिन्दाले शिरविहीन अवस्थामा वनदेवीको रूपमा बलिसमेत दिई पुज्दै आएको थियो । डा. ए. फुहररले पनि सो मूर्ति देख्न पाएका थिएनन् । उनी र उनका विद्वान् मित्र सिल्भान लेभीले मन्दिरभित्र अवलोकन गर्न चाहेका पनि थिए तर पुजारीबाट अनुमति पाउन सकेनन् (Falk 1998:21) । संभवतः गैर हिन्दूहरूलाई मन्दिर प्रवेश गर्न नदिने प्रचलनले गर्दा उनीहरू मूर्तिको अध्ययनबाट वञ्चित हुनु परेको थियो ।

तर उक्त मूर्ति कुनै अमूर्त वनदेवीको नभई मायादेवीले सिद्धार्थलाई जन्म दिइरहेको मूर्ति हो भनी डा. होयले सर्वप्रथम सन् १८८९ मा पहिचान गरेका थिए । यसै बेला उनले लोरी तांगाई (पाकिस्तान) को यस्तै जन्ममूर्तिसँग तुलना गरेर एउटा लेख पनि लेखेका थिए (Mishra 1990: 4) । सुरुमा उनलाई पनि डा. फुहरर र प्रा. सिल्भान लेभीलाई जस्तै मन्दिर प्रवेश गर्न दिइएको थिएन । तर पुजारीलाई केही पैसा दिएर मनाई उनी र वाल्टर लप्टनले मन्दिरमा प्रवेश गर्न पाए र तुरुन्तै मूर्तिको पहिचान भयो यद्यपि त्यति वेलासम्म मूर्ति शीरविहीन नै थियो (Falk 1998) । पी. सी. मुखर्जी लुम्बिनी क्षेत्रमा पुग्दा उनले सो मन्दिरभन्दा केही पर एउटा मूर्तिको शीर फेला पारे । मुखर्जीले सो शीरलाई मन्दिरभित्रको मूर्तिमा जोडेर हेर्दा ठ्याक्कै मिल्यो (Mukherji 1996:120) र उक्त मूर्ति अरू नभई बुद्ध जन्मेको दृश्यांकित मूर्ति रहेको भनी अझ अर्थ खुल्यो । तर सन् १९८५ अप्रिलसम्म पनि यो मूर्तिले पूर्णता पाएको थिएन । मूर्तिको तल्लो भाग टुक्रिएर अन्तै पुगिरहेको थियो तर बाँकी रहेको मूर्तिको तल्लो भाग जमिनमा नै धसिएकोले यसको यथार्थ स्थितिको जानकारी भएको थिएन (तस्विर सङ्ख्या ९) । यस्तो अवस्थामा मायादेवीको खुट्टा रहेको भाग मन्दिरबाहिर उत्तरमा अन्य काममा प्रयोग गरिएको अवस्थामा र ब्रम्हाको खुट्टा भएको टुक्रा सोही मायादेवी मूर्तिलाई अडेस दिन पछाडि राखिएको अवस्थामा पुरातत्त्व विभागका रविन्द्र ज्यापूले पत्ता लगाई मूल मूर्तिसँग जोडिदिएका थिए ।[२]

मूर्तिमा सबैभन्दा ठूलो आकृति मायादेवीको छ । तिनीले दाहिने हात माथि उठाएर रूखको हाँगा समाइराखेकी छिन् । उक्त रूख कुन हो भन्ने विषयमा बौद्ध वाङमयहरूमा एक मत छैन । जातक अट्ठकथाले मायादेवीले दायाँ हात पसारेर शाल वृक्षको शाखा

---

२ रविन्द्र ज्यापूसँगको अन्तर्वार्ता

तस्विर सङ्ख्या ९ : सिद्धार्थको जन्म मूर्ति, खुट्टाको भाग जोडिनु अघि

तस्विर सङ्ख्या १० : सिद्धार्थको जन्म मूर्ति

समाइन् भनी उल्लेख गरिएको छ भने ललितविस्तरअनुसार दायाँ हात पसारेर 'प्लाक्ष' को शाखा समाएकी थिइन् (भिक्षु २०५८:१) । तर कुनै ग्रन्थमा 'अशोक' वृक्ष भनिएको छ। फाहियान र हुयनसाङजस्ता चिनियाँ यात्रीहरूले पनि अशोक वृक्ष नै भनेका छन् । यहाँ मायादेवीले रूख समाइरहेको दृश्य स्पष्ट देख्न सकिन्छ । यो समाइ अरू सिद्धार्थ जन्मसम्बन्धी मूर्तिहरूभन्दा साऱ्है नै स्वाभाविक छ (भिक्षु २०५८:१) । मायादेवीको बायाँ हात भने स्थिर छ र आफ्नो वस्त्र समाइरहेको जस्तो देखाइएको छ । सूक्ष्म, शिष्ट र कतिभंग रूपमा उभिएकी मायादेवीको खुट्टामा मोटो कल्लीजस्तो आभूषण देखिन्छ जुन मूर्तिको अन्य भागहरूजस्तो खिइएको छैन । मायादेवीसँगै रहेकी अर्की स्त्री आकृतिको कानमा रहेको गहनाको अध्ययनबाट मायादेवीको कानमा पनि गहना रहेको थाहा पाइन्छ ।

मायादेवीको आकृतिसँगै अर्को स्त्री आकृति धेरैजसो विद्वान्हरूका मतअनुसार मायादेवीकै बहिनी तथा कान्छी रानी प्रजापति हुन् । तर पी.सी. मुखर्जी सो आकृति दरवारको कुनै एउटी परिचारिका मान्छन् (1996:120) । उक्त आकृतिलाई परिचारिका भन्न नमिल्ने देखिन्छ किनभने त्यसपछिका अन्य आकृतिहरूमा ब्रम्हामा र इन्द्रको अनुमान गरिएको छ भने परिचारिका रूपमा एउटी सर्वसाधारण स्त्रीलाई सो मूर्तिमा किन ठाउँ किन दिइएला र ? गर्भवती मायादेवीको साथमा प्रजापति हुनु धेरै संभव पनि छ। तर कुनै पनि बौद्ध साहित्यमा बुद्ध जन्मेको बेला प्रजापति पनि सँगै गएको भन्ने उल्लेख भने छैन । प्रजापति स्वयंले पनि भर्खरै छोरा नन्द पाएकी थिइन् र प्रसवसम्बन्धी कुरामा प्रजापति अनुभवी भएकाले लुम्बिनीमा उनी मायादेवीसँग आएको हुनुपर्ने अनुमान गरी कलाकारले यस मूर्तिमा प्रजापतिको पनि उपस्थिति देखाएको हुन सक्छ ।

मायादेवीको दायाँतिर तिनको घुँडामुनिसम्म आउने उचाइमा उभिएको एउटा सानो मूर्ति छ । यो सानो मूर्ति ज्यादै नै खिइएको कारण केही पनि भन्न सकिने अवस्थाको छैन । तर यो शिशु सिद्धार्थको मूर्ति भन्ने कुरामा शंका छैन । सिद्धार्थ जन्म मूर्तिहरूमा शिशुको मूर्ति मायादेवीभन्दा दायाँ र उभिएको अवस्थामा हुने गर्दछ । शिशु जन्मेको केही समयपछि नै सात पाइला हिडेको भन्ने कहावतअनुसार धेरै मूर्तिहरूमा सात वटै फूल देखाउने गरिन्छ र सातौं फूलमा शिशुले टेकेको हुन्छ । यसअनुसार यहाँ पनि शिशुले टेकेको एउटा फूलसहित उसको पछाडि अरु छवटा गरी सात वटा फूल हुनु पर्दछ जुन देखिन्न ।

मुखर्जीका अनुसार बोधिसत्व बाहेक उक्त मूर्ति समूहमा अरू सबै स्त्री मूर्तिहरू हुन् । यसरी नै मायादेवीतिर हात पसारेको एउटा आकृति पनि देख्न सकिन्छ र उक्त

आकृति प्रजापतिको हुनुपर्ने तर्क उनको छ (1996)। तर त्यसको खुट्टामा कुनै आभूषण नभएको र शरीरको भंगीमा पनि स्त्रीयोचित नभएकोले मुखर्जीको तर्क मान्न सकिने अवस्था छैन। स्मिथले भने यो आकृति पुरुषको भनेका छन् (भिक्षु २०५८:१)। उक्त आकृति पुरुषकै हुनु धेरै संभव छ किनभने ललितविस्तरमा चार महाब्रम्हामध्ये एकले शिशुलाई पात वस्त्रमा ग्रहण गरेर लिए भनी उल्लेख छ। यसरी नै जातक अठ्ठकथामा शुद्ध चित्त भएका ब्रम्हाले सुनको जालीमा थापेर लिए भनिएको छ। यस मूर्तिलाई ब्रम्हा मान्ने हो भने त्यसको पछाडि उभिएर रहेको मूर्तिलाई के मान्ने भन्ने समस्या रहेको छ। कलकत्ता सङ्ग्रहालयमा रहेको सिद्धार्थको जन्ममूर्तिको व्याख्यामा स्मिथ र सारनाथ संग्रहालयको सिद्धार्थको जन्ममूर्तिको व्याख्यामा वृन्दावन भट्टाचार्य ले यस पात्रलाई शक्र भएको उल्लेख गरेका छन् (भिक्षु २०५८:१)।

सिद्धार्थको जन्मसम्बन्धी अन्य मूर्तिहरूमा चारै ब्रम्हा लहरै उभिएको पनि देखाउने गरिन्छ। यसरी नै वरिपरि परिचारिकाहरू र माथि आकाशमा पुष्पवर्षा गर्दै गरेका देवताहरू देखाउने गरेको पनि पाइन्छ। सिद्धार्थको जन्म प्रसङ्गमा जातक अट्ठकथाको निदान-कथामा आकाशबाट जलधारा निस्केर बोधिसत्व र उनकी आमालाई नुहाइदिएको वर्णन छ (बज्राचार्य १९९९:९८) भने ललितविस्तरमा नन्द र उपनन्द नागराजहरूले आकाशबाट शीत र उष्ण जलधाराले स्नान गराएको वर्णन पाइन्छ। काठमाडौं पशुपतिबाट प्राप्त राष्ट्रिय संग्रहालयमा रहेको यस्तै मूर्तिमा मायादेवी र सिद्धार्थका साथै सिद्धार्थको शिरतेर आकाशबाट देवमूर्ति वा नागहरू पुष्पवर्षा गरिरहेको देखाइएको छ।

लुम्बिनीको सिद्धार्थ जन्ममूर्तिको निर्माण कालका सम्बन्धमा पनि विवाद रहेको



तस्विर सङ्ख्या ११, १२ र १३ : सिद्धार्थको जन्म मूर्ति विभिन्न कोणबाट

पाइन्छ । पं. हेमराज शाक्यले यो मूर्ति ईसाको तेस्रो शताब्दीको मानेका छन् (ने.सं.१०९७) तर कालनिर्धारणका सम्बन्धमा कुनै आधार र तर्क दिएका छैनन् । डा. आर. एन. पाण्डे (भिक्षु २०५८: १) र देवाला मित्रा (Mitra 1972:198) यसलाई गुप्तकालीन मान्छन् । तर उनीहरूले सो मूर्तिको काल निर्धारणको आधार भने दिएका छैनन् । एस. के. सरस्वतीको भनाइ ("There is a similar example of a beautiful Bodhisattva image made of Mathura red sandstone at Mathura by the Gupta artists and was brought to Bodhgaya and was established there. The piece had been ordered to be made by Maharaja Trikamala." Sarasvati, S.K, *A Survey of Indian Sculpture*, 1957, P. 131 PL. XXI. No.92:) को आधारमा तारानन्द मिश्र पनि यो मूर्ति गुप्तकालीक नै भएको स्विकार्छन् । उनका अनुसार मायादेवी मन्दिरको माथिल्लो भाग अर्थात गुप्तकालीन ईंटाहरूसँगै भेटिएको आधारमा मूर्ति ईसाको चौंथौदेखि पाँचौं शताब्दीको हो (1990: 4) ।

लुम्बिनीस्थित यो मूर्तिको सर्वप्रथम पहिचान गर्ने डा. होय यसलाई बुद्धको जन्म अंकित गर्ने मूर्तिहरूमध्येकै पुरानोमा एक मान्छन् । उनले यसको तुलना लोरी टांगाई (पाकिस्तान) को यस्तै जन्ममूर्तिसँग पनि तुलना गरेका छन् जुन dark grey slate मा गान्धार शैलीमा बनाइएको छ (Mishra 1990:4) । कलकत्ता संग्रहालयमा रहेको पातलीपुत्रको द्वारपालको मूर्ति यदि मौर्य सम्राट अशोककालीन हो भने यो मूर्तिलाई पनि सोही समयको मान्नु पर्ने तर्क स्मिथ (भिक्षु २०५८:क) र मुखर्जी (1996) को छ। विद्वान्हरूको मत विभाजनका कारण लुम्बिनीस्थित सिद्धार्थ जन्मको मायादेवी मूर्तिको काल निर्धारणमा समस्या उत्पन्न भएको छ । मौर्यकालमा स्तम्भमाथि सिंह, हात्ती, घोडा, साँढेलगायतका जनावरहरूका साथै मानवाकृत मूर्तिहरू नबनाइने होइन । उदारणका लागि यक्षमूर्तिहरूलाई लिन सकिन्छ । मायादेवीको जस्तै शालभंजिका मुद्रामा केही यक्षणीहरूका मूर्ति पनि पाइन्छन् । यस प्रकार मौर्य कालमा नै यस्ता मूर्तिहरू बनिसक्नामा कुनै आश्चर्य मान्नु पर्दैन । मायादेवीको मूर्तिलाई मौर्यकालीन मान्ने विद्वान्हरूको मतलाई समर्थन गर्न चिनियाँ यात्री सेङसाईको यात्रा वृत्तान्त एउटा स्रोत रहेको छ जुन यात्री फाहियानभन्दा पनि दुई सय वर्षअघि लुम्बिनी पुगेका थिए । उनले हाल उपलब्ध रेड सायन्ड स्टोनबाट बनेको मायादेवीको मूर्तिसँग मिल्दो वर्णन गरेका छन् । अशोकद्वारा स्थापित स्तम्भमाथि रहेका विशेष गरी सारनाथको स्तम्भमाथिको सिंहलगायत पशुमूर्तिहरूको अध्ययनपछि स्मिथ र मुखर्जीहरूको भनाइमा सहमति जनाउन सक्ने देखिन्छ । ती पशुमूर्तिहरूमा देखिने एउटा विशेषता छरितो पना र चलायमान हो जुन लुम्बिनीको यस सिद्धार्थ जन्ममूर्तिमा पनि झल्किन्छ ।

अज्ञात प्रथम स्तूप

सम्राट अशोक लुम्बिनीको तीर्थ यात्रामा बुद्धको जन्मस्थलको पूजा गरेको, 'सिलाभीगडभीचा कालापित' गरेको, लुम्बिनी गाउँका गाउँलेहरूलाई 'उबलिकेकटे अठभागियच' गरी स्तम्भ पनि राखेको कुरा लुम्बिनीस्थित स्तम्भको अभिलेखबाट स्पष्ट हुन्छ । यो कुरा दिव्यावदानलगायतका बौद्ध ग्रन्थहरूमा पनि परेका छन् । ती ग्रन्थहरूमा भएको तर अभिलेखमा नपरेको एउटा विषय हो- स्तूपको निर्माण । बौद्ध वाङमयमा अशोकले लुम्बिनीमा एउटा स्तूपको पनि निर्माण गराएको उल्लेख छ । बुद्धको अस्थि धातु राखी विभिन्न आठ राज्यमा बनाइएका आठै वटा स्तूपबाट सबै अस्थिधातु झिकी ८४ हजार स्तूप बनाउने लक्ष्य राखेको र सोहीअनुसार स्तूप बनाउने अभियानमा लागेका सम्राट अशोकले लुम्बिनीमा पनि एउटा स्तूप बनाउनु स्वाभाविक कुरा हो । अझ बौद्ध वाङ्मयहरूका अनुसार लुम्बिनीको स्तूप प्रथम हो । तर समस्या के रहेको छ भने, लुम्बिनीमा बनेका थुप्रै स्तूपहरूमध्ये कुन स्तूप अशोकद्वारा बनाउन लगाइएको प्रथम स्तूप भनी छुट्याउन मुस्किल भएको छ । यदि त्यो स्तूप हराइसकेको भएपनि कुन ठाउँमा थियो होला भन्ने अनुमान गर्न पनि नसकिने भएको छ ।

हुयनसाङको लेखोटअनुसार शाक्यपुष्करिणीबाट २४-२५ पाइला उत्तरतिर त्यति बेलासम्ममा सुकिसकेको एउटा अशोक वृक्ष थियो जुन बुद्धको जन्मस्थल हो । यस वृक्षको पूर्व भखरै जन्मेका राजकुमारलाई दुई नागले स्नान गराएको ठाउँमा एउटा अशोक स्तूप रहेको वर्णन उनले गरेका छन् । यस वर्णनका आधारमा पी. सी. मुखर्जीले ढिस्कोको केन्द्रबाट एक सय फिट पूर्व रहेको अर्को एउटा सानो ढिस्कोको उत्खनन् गरेका थिए तर चित्त बुझ्दो नतिजा निस्केन । सम्राट अशोकजस्तो सम्राटले बनाएको स्तूप भनेपछि अलि ठूलो हुनु पर्ने अनुमान गरी मुखर्जीले स्तम्भभन्दा ५० फिट दक्षिण पश्चिमको ढिस्को हुनु पर्ने भनेका छन् । यदि यो होइन भने यसभन्दा पूर्वको सानो ढिस्को हो कि भन्ने अनुमान पनि नभएको होइन (1996:139) । यस प्रकार लुम्बिनीमा कुनै बेला अशोक स्तूप भएको कुरा सही नै भएपनि हाल लुप्त भैसकेको वा पहिचान गर्न सकिरहेको छैन ।

तीन वटा स्तूप : सन् १९७७-७८ मा भएको उत्खनन्को क्रममा मायादेवी मन्दिरको पश्चिम लहरै तीन वटा स्तूप पाइएको थियो जसलाई मौर्यकालीन भनी काल निर्धारण गरिएको छ । यी मुख्यतः उद्देशिक स्तूप हुन् ।

अस्थिसहितको स्तूप : मायादेवी मन्दिरको उत्तर ५ फिटको दूरीमा एउटा स्तूपको अवशेष पाइएको छ । स्तूपको माथिबाट तल काटिएको छ (तस्विर सङ्ख्या १४) । चारकुने आकारको मौर्यकालीन स्तूपमा केही मानव अस्थिसहित (तस्विर सङ्ख्या १५)कास्केट





तस्विर सङ्ख्या १४ (माथि) : गर्भगृहमा सुनको बट्टामा अस्थिधातु पाइएको भोटिभ स्तूप, मायादेवी मन्दिरको उत्तर, तस्विर सङ्ख्या १६ (तल) : कास्केट, तस्विर सङ्ख्या १५ (दायाँ) : भोटिभ स्तूपको गर्भगृहमा सुनको भाडामा पाइएका अस्ति धातुहरू सुनको बट्टासहित

पनि भेटिएको थियो (तस्विर सङ्ख्या १६) ।

विहार : मायादेवी मन्दिरको दक्षिण चारवटा विहारमध्ये कुषाणकालीन विहार नम्वर १ भन्दा पश्चिममा अर्को एउटा विहार (विहार नम्बर २) पाइयो । यी दुई विहारको वीचमा चार फिटको दूरी रहेको छ । मूलतः यो पनि कुषाणकालीन नै हो तर कुषाणकालमा यो विहार बन्नुभन्दा अघि यहाँ मौर्यकालमा नै विहार बनिसकेको थियो । मौर्यकालीन विहार ५३' फिट २" इन्च पूर्व पश्चिम लम्वाई र ४८' फिट ५" इन्च उत्तर दक्षिण चौडा रहेको छ । यसको चारै दिशामा वस्ने कोठा रहेको छ जसलाई चतुशाला भनिन्छ । यसको १३' फिट १०" इन्च लम्वाइ र १३' फिट ९" इन्च चौडाई नापको केन्द्रमा सभागृह, उपोसथागार रहेको छ ।

विहार : विहार नम्बर २ को पश्चिममा एउटा अर्को विहार (विहार नम्वर ३) भेटियो तर यो गुप्तकालीन विहार हो । ईसापूर्व दोस्रो र पहिलो, ईसाको पहिलोदेखि दोस्रो, र ईसाको तेस्रोदेखि चौथो गरी तीन अवधीमा यसै ठाउँमा विहार बनेको देखिन्छ । पछिल्ला कार्यहरूले अघिल्लो निर्माण कार्यलाई धेरै नै क्षति पुऱ्याएकोले त्यसका बारेमा यथेष्ट जानकारी पाइँदैन । तर पनि अघिल्ला कार्यको रूपमा बाहिरी गाऱ्हो अवशेष भेटिएको छ जुन मौर्य कालीन हो । गुप्तकालको विहारमा पूर्वतर्फ कोठाबाट एउटा ढल निस्केर केन्द्र हुँदै दक्षिण गएको छ जुन रोमन अक्षरको 'एल' आकार लिएको छ । यो ढल ४४ फिट लामो रहेको छ । कुषाणकालमा पनि यस्तै ढलको निर्माण भएको थियो । यी दुवै कालमा ढललाई इँटाले छोप्ने व्यवस्था थियो (Mishra 1990:41) ।

पहिचान नभएको प्लेटफार्म : अशोक स्तभको उत्तर पश्चिम ३० फिटको दूरीमा रहेको पूर्व मौर्यकालीन कोठामाथि रहेको ५' x ९" x ५' नापको प्लेटफार्म रहेको छ (नक्सा संख्या २) मौर्य कालीन इँटाहरूबाट तीन तह उठाइएको यो संरचनाको इँटाको नाप १५१०३ इन्च रहेको छ । इँटाको प्रकृतिको आधारमा मौर्यकालीन भनिएको हो । (Mishra 1990:41)

मुद्राहरू : लुम्बिनीको पुरातत्त्वको विषयमा लेखिएका लेखहरूमा त्यहाँबाट मौर्य, शुंग, कुषाण, गुप्त कालका मुद्राहरू पाइएको कुरा उल्लेख हुने गरेका छन् । तर ती मुद्राका बारेमा भने कुनै वर्णन पाइँदैन । अध्ययन गर्न ती मुद्राहरू उपलब्ध छैनन् । कपिलवस्तु उत्खनन्मा थुप्रै मात्रामा विभिन्न कालका मुद्राहरू पाइएको र त्यसको तस्विर पनि प्रकाशित भएको थियो । यसरी नै देवाला मित्रा लुम्बिनी पुग्दा एक स्थानिय युवकले लुम्बिनीवाट प्राप्त गरेका कुषाणकालीन सिक्का देखाएका थिए जुन कुरा उनले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । लुम्बिनीको उत्खनन् कार्यमा संलग्न भएका उत्खनन्कर्ताकै लेखमा विभिन्न कालका मुद्राहरू पाइएको भन्ने उल्लेख र उत्खनन्का बेला लुम्बिनीमा पुगेकाहरूको भनाईअनुसार त्यहाँ मुद्रा पाइएको कुरा पक्का हो तर ती मुद्राहरूका सम्बन्धमा रिपार्ट प्रकाशित नभएको मात्र होइन, ती अब कहाँ छन् र कुन अवस्थामा छन् भन्ने जानकारी पनि हुन सकेको छैन । ती अनुपलब्ध मुद्राहरूमा मौर्यकालीन पनि अवश्य नै थियो होला ।

शुंग काल

मौर्य सम्राट बृहद्रथ (बृहदश्व) का प्रधान सेनानायक पुष्यमित्रले आफ्नै सम्राटको हत्या गरी मगध साम्राज्यको शासक बने र शुंगवंशका प्रथम प्रतापी शासक भए । तिब्बती इतिहासकार लामा तारानाथले उनलाई ब्राह्मण, कुनै एक राजाका पुरोहित र

एक ठाउँमा त ब्राह्मण राजा समेत भनेका छन् । शुंगहरू मूलतः विदिशा (पूर्व मालवाको बेसनगर) बाट आएका थिए । मौर्य वंशको शासनकालमै पनि पुष्यमित्रका छोरा अग्निमित्र विदिशाका शासक थिए । पुष्यमित्र राजा भैसकेपछि पनि अग्निमित्र विदिशाकै शासक पदमा कायम थियो ।

पुष्यमित्र राजा भएपछि मगध साम्राज्य फेरि एक पल्ट शक्तिशाली बनेको पाइन्छ । निर्बल मौर्य शासकहरूको बेलामा साम्राज्यको अधीनताबाट मुक्त भएका प्रदेशहरूलाई पुष्यमित्रले पुनः केन्द्रको अधीनमा ल्यायो । विदर्भ (बरार) का शासक यज्ञसेन मौर्यहरूका तर्फबाटै नियुक्त भएका थिए । तर मौर्यहरूको दुर्बलताको लाभ उठाई उनी स्वतन्त्र बनेका थिए । पुष्यमित्रको आदेशले अग्निमित्रले उनीमाथि आक्रमण गरी विदर्भलाई मगध साम्राज्यमा नै विलय गराएको कुरा कालिदासको नाटक 'मालविकाग्निमित्र'को वर्णनमा पनि रहेको छ ।

विदर्भको विजय र यवनहरूलाई परास्त गरिसकेपछि पुष्यमित्रको ध्यान मगध साम्राज्यको विलुप्त गौरवलाई पुनरुद्धार गर्नतिर गयो । साम्राज्यको सीमा पश्चिममा सिन्धु नदी थियो । दिव्यावदानअनुसार साकल (सियालकोट) पनि उनको साम्राज्यअन्तर्गत थियो । अयोध्यामा प्राप्त उनको एक शिलालेखबाट के प्रमाणित हुन्छ भने, मध्य देशमा उनको शासन मजबुत थियो । विदर्भको विजयपछि उनको साम्राज्यको सीमा दक्षिणी सीमा नर्मदासम्म पुगेको थियो । यस प्रकार पुष्यमित्रको साम्राज्य हिमालदेखि दक्षिणमा नर्मदा नदीसम्म र सिन्धुदेखि प्राच्य समुद्रसम्म विस्तृत थियो । पुष्यमित्रले कति वर्षसम्म राज्य गरे भन्ने स्पष्ट ऐतिहासिक सामग्री नपाइए पनि पुराणका आधारमा उनले छत्तीस वर्ष (१८५-१४९ इं.पू.) सम्म राज्य गरेका थिए ।

पिता पुष्यमित्रको निधनपछि विशाल मगध साम्राज्यको शासन अग्निमित्रको काँधमा आएको थियो । अग्निमित्रले आफ्नो राजधानी विदर्भमा नै बनाएका थिए भने आफ्नो नाममा अनेक मुद्रा टक मार्न लगाए । पुराणहरूमा अग्निमित्रको शासनकाल आठ वर्ष भनिएको छ । यसबाट उनको शासनकाल १४३-४२ देखिन आउँछ । उनको मृत्युपछि मगधको शासक उनकै छोरा बनेका थिए । 'मालविकाग्नि' नाटक र पुराणहरूमा उल्लेख भएअनुसार उनको नाम वसुमित्र थियो । यवनहरूसँग युद्ध हुँदा उनी प्रधान सेनानायक पदमा थिए । वसुमित्रपछिका सात जना राजाहरूका बारेमा राम्रो जानकारी पाइँदैन । तर पुराणको आधारमा शुंग शासकहरूको तालिका निम्नअनुसार दिइएको छ- पुष्यमित्र (३६ वर्ष), अग्निमित्र (८ वर्ष), वसुज्येष्ठ अथवा सज्येष्ठ (७ वर्ष), वसुमित्र (१०वर्ष), आद्रक अथवा ओद्रक (२ वर्ष), पुलिन्दक (३ वर्ष), घोष (३ वर्ष), बज्रमित्र (९ वर्ष)

भागवत (३२ वर्ष) र देवभूति अथा देवभूमि (१० वर्ष) गरी एक सय वीस वर्ष शासन गरेका थिए । देवभूति अथवा देवभूमि 'विष्णुपुराण' (४.२४.३९) र हर्षचरित (उच्छ्वास ६) अनुसार व्यसनी र कामुक थिए र वसुदेव नामक मन्त्रीले दासीपुत्रबाट हत्या गराई स्वयं गद्दीमाथि अधिकार जमाएका थिए ।

बौद्ध धर्मको स्थिति

मौर्यवंशको अन्त्य गरी शुंग साम्राज्य स्थापना गर्ने पुष्यमित्र बौद्ध धर्मका विरोधी भएको कुरा बौद्ध ग्रन्थहरूमा उल्लेख छ । प्रसिद्ध बौद्ध ग्रन्थ 'दिव्यावदान' तथा लामा तारानाथको ग्रन्थअनुसार उनले बौद्धहरूप्रति अनेक विधिले अत्याचार गर्दै शाकल (सियालकोट)मा बौद्ध भिक्षुको हत्या गरी टाउको काटी ल्याउन सक्नेलाई एक सय स्वर्ण मुद्रा दिने घोषणासमेत गरिदिएका थिए । यस वर्णनमा केही अतिशयोक्ति पनि हुन सक्ला तर यो हुँदै नभएको कुरा भनेर पन्छाउने स्थिति पनि छैन । शुंग वंश वैदिक धर्मका पक्षधर थिए । उनैको समयमा वैदिक धर्मले पुनरुत्थान हुन पायो । यस्तो स्थितिमा बौद्धहरूले शुंग वंशको विरोधमा विदेशी शक्ति यनवहरूसँग सम्वन्ध बढाएकोले राज्यशक्तिका लागि वुद्ध धर्मप्रति दमननीति अपनाउन पुष्यमित्रलाई वाध्यता आइपरेको पनि वताइन्छ । बौद्ध धर्मविरोधी घोषणा पुष्यमित्रले सियालकोटमा मात्रै गरेका थिए जहाँ यवनहरूको शक्ति विस्तारित भइरहेको थियो र यस सन्दर्भमा पुष्यमित्रको बौद्ध धर्मप्रति दमन नीति सोही ठाउँमा मात्रै केन्द्रित रहेको हुनसक्छ (नाहर १९६१:३३८) ।

बुद्धधर्म विरोधी नीति पुष्यमित्रले कुन कुन भूभागमा कहिलेसम्म अवलम्वन गरे भन्ने कुरा खुल्दैन । तर यस कालमा पाली भाषाको ठाउँमा संस्कृतभाषामा बौद्धहरूले आफ्नो ग्रन्थ लेख्न थालेको देखिन्छ । शुंग, कण्व र सातवाहन राजा बौद्ध धर्मका संरक्षक र अनुयायी भने भएनन् । भरहूत र साँचीको स्तूप यसै समयमा निर्माण भएको थियो । त्यत्ति बेला राज्यशक्तिको प्रभावमा केही उच्च वर्ग बौद्ध धर्मबाट विमुख भएपनि जनजीवनमा भने यो धर्मले लोकप्रियता हासिल गरिनै रहेको देखिन्छ । तर विदेशीहरू यवन, शक, कुषाणजस्ता शासकहरूले भने पछि बौद्ध धर्म अपनाएको थियो (विद्यालंकार १९६७:५०४) ।

प्राप्त पुरातात्त्विक अवशेषहरू

विहार : पूर्व मौर्यकालदेखि नै लुम्बिनी क्षेत्रमा विहारहरू बन्न थालेको सङ्केत त्यहाँको उत्खनन्बाट थाहा पाइन्छ । मौर्यकालदेखि गुप्तकालसम्ममा विहारहरू बनाएको अवशेष सुरक्षित नै छन् । तर शुंग कालको विहार यही हो भनेर ठम्याउन समस्या भएको

छ । इतिहासमा शुंगकालको अवधि थोरै भएको र बौद्ध धर्मलाई राज्यद्वारा प्रोत्साहन पनि नपाएकोले त्यत्ति बेला विहारको निर्माण सीमित मात्रामा मात्र भयो र अवशेषको रूपमा बाँकी नरहेको वा पहिचान गर्न नसकिएको भन्न सकिन्न ।

मुद्रा : लुम्बिनीबाट शुंगकालका केही मुद्राहरू पनि पाइएको भनिए पनि ती मुद्राहरू के कस्ता छन् भन्ने कुरा प्रकाशित छैनन् । यसरी नै ती मुद्राहरूको सङ्कलन पनि कहाँ छ भन्न जानकारी पाइँदैन ।

स्तूप : शुंग कालमा पनि स्तूपहरू निर्माण भएको पाइन्छ । तर ती स्तूपहरू पनि ठूलो संख्या र उल्लेख्य रूपमा पाइँदैनन् । ठूलो वर्गाकारको स्तूपभित्र बनाइएका स्तूपहरूमा यस कालका स्तूपहरू पनि रहेको उल्लेख पाइन्छ (Rijal 1978) ।

कुषाणकाल

कुषाण काल, भारतीय इतिहासमा एउटा अर्को युग हो जुन बेला भारत फेरि एक पल्ट हरेक क्षेत्रमा समृद्ध भई अगाडि बढेको थियो । कुषाणकाल बौद्ध धर्मको प्रचार प्रसार तथा संरक्षणका लागि ठूलो अवसर थियो । यी ऐतिहासक कालखण्डको अन्तरालमा भारतले शुंग, सातवाहन, क्षत्रपवंश, ग्रीक शासकहरूको शासन भोगेको थियो । तिनका शासन छोटो समयको थियो साथै अस्थिरता पनि । चन्द्रगुप्त, बिन्दूसार र अशोकजस्तो शासकहरू पाउन भारतले कुषाण शासक कनिष्कसम्म पर्खनु पऱ्यो । कनिष्कभन्दा अघिल्ला शासकहरूमा उनका पितामह कुजूल कडफिसेस बौद्ध भएर पनि शैवधर्म वरण गरेका थिए भने अन्य शासकहरू ज्यादाजसो वैदिक धर्मका पक्षपाति थिए । ग्रीक शासकहरू भारतीय सभ्यतामा भिज्न चाहन्थे र राजा मिनान्डर वा मिलिन्द त आचार्य नागसेनको सम्पर्कपछि बौद्ध धर्ममा दीक्षित नै भएका थिए । कुषाण सम्राट कनिष्कको सैनिक क्षमता चन्द्रगुप्तको जस्तो थियो भने धार्मिक सहिष्णुता अशोकको जस्तो महान् थिए (गैरोला १९८५: ३५१) ।

कुषाणवंशको संस्थापकको नाम कुजूल कडफिसेस थियो । मध्य एशियाको एउटा यायावरी तुर्की जातिसँग सम्बन्धित यिनीहरूबाट थिए । १६५ ई. पूर्वतिर भारतमा कुषाण साम्राज्यको स्थापना भयो । तुर्की यायावरी जातिले वैक्ट्रियाबाट हिँडेर उत्तरपश्चिमी चीनको कान-नू नाउँको प्रान्तमा रहने यहूदी जातिमाथि आक्रमण गरेका थिए र त्यही विजयी जाति तिब्बतको सीमा पार गर्दै भारत प्रवेश गरेका थिए । कुषाण शासक कुजुल कडफिसेसपछि उनका उत्तराधिकारी अर्थात बीम कडफिसेसले शासन गरेका थिए ।

स्मिथका अनुसार बीम कडफिसेसले यत्ति शक्ति संचय गरे कि समस्त उत्तरी र मध्य पश्चिम भारतमा आफ्नो एक छत्र शासन स्थापना गरे (गैरोला १९८५:३५१)।

कनिष्कका अभिलेखहरूबाट थाहा पाइन्छ, उनी राजगद्दीमा बसेको तीन वर्षभित्रमा नै उनले पेशावरदेखि सारनाथसम्म आफ्नो साम्राज्य विस्तार गरेका थिए। कनिष्कका अभिलेखहरू पेशावर, जेदा, माणिक्याल (दुवै रावलपिण्डी), सुई विहार (बहावलपुर), मथुरा, कौशम्बी र सारनाथमा पाइएका छन्। यसरी नै उनका सिक्काहरू सिन्धुदेखि लिएर बंगाल र उत्तरमा हिमालसम्मका विस्तृत भूभागमा उपलब्ध छन्। आफ्ना पुर्खाले आर्जन गरेको भूभागसहित कनिष्कले उत्तरमा कापिशदेखि उत्तर पूर्वमा सारनाथसम्म र पश्चिममा कश्मीरदेखि मध्य भारत (विदिशा) सम्म शासन गरेका थिए (गैरोला १९८५:३५२)।

बौद्ध धर्मको स्थिति

कुषाण साम्राज्यका संस्थापक कुजूल कडफिसेस बौद्ध भएर पनि भारतमा प्रवेश गरेपछि स्थानीयकरण हुने क्रममा शैव बनेका थिए। तर धार्मिक सहिष्णुता कायम नै थियो। पछि कनिष्कले बौद्ध धर्म ग्रहण गरेर यो धर्मको संरक्षकको दायित्व लिए। पाटलिपुत्रमा आक्रमण गर्न गएका कनिष्कले त्यहाँबाट प्रसिद्ध बौद्ध कवि तथा दार्शनिक अश्वघोषलाई आफूसँगै ल्याएका थिए। आफू बौद्ध धर्मका अनुयायी हुनाका साथै बौद्ध समुदायको संरक्षकको भूमिका निभाएर पनि सबै धर्मप्रति सहिष्णुताको नीति लिएको स्वयं उनैका सिक्काहरूबाट थाहा पाइन्छ। उनका सिक्काहरूमा बौद्धलगायत ब्राह्मण, इरांनी, युनानी, रोमन, र सुमेरियाई आदि विभिन्न धर्मानुयायी समाजका देवी देवताहरू तथा महापुरुषहरूका आकृतिहरू कुँदिएको पाइन्छ।

बौद्ध संगायन हुनाको अर्थ हो, तत्कालीन समयमा बौद्ध धर्मको स्थिति सुदृढ नै हुनु। कुषाणकालमा चौथो संगायन भएको थियो। केही विद्वान् यो संगायन जालन्धरमा भएको मान्दछन्। तर धेरै जसो विद्वान्हरू अब सो कार्यक्रम काश्मिरको कुण्डलवन महाविहारमा भएको मान्दछन्। हुयनसाङका अनुसार यस संगायनमा विभिन्न ठाउँहरूबाट पाँच सय सर्वास्तिवाद बौद्ध विद्वान्हरू सम्मिलित थिए (गैरोला १९८५:३५४)।

पुरातात्त्विक अवशेषहरू

विहार नं १ : मायादेवी मन्दिरभन्दा पूर्व कुषाणकालीन एउटा विहार (नम्बर १) सन् १९८५ को उत्खनन्मा भेटाइएको थियो। उत्तर, पूर्व र दक्षिण गरी तीन दिशामा फर्केको यो विहारको उत्तरको कोठा भने सभा कक्ष भएको देखिन्छ। (Mishra 1990:40)।

विहार नं २ : विहार नम्बर १ भन्दा पश्चिममा अर्को एउटा विहार (विहार नम्बर-२) पाइएको छ। यी दुई विहारको बीचमा चार फिटको दूरी रहेको छ। मौर्यकालमा नै निर्माण गरिएको भएपनि कुषाणकालमा पुनः यसमाथि विहार बनाइएको थियो। उत्तर पश्चिम र दक्षिण दिशामा चौध वटा कोठा बनेको थियो। पश्चिम दिशाको पूर्वमा रहेको प्रांगणतर्फ बरन्डा निकालिएको थियो। यस विहारको प्रवेशद्वार दक्षिण पूर्व कुनामा रहेको छ (Mishra 1990:40)।

सिद्धार्थ र यशोधराको निजी जीवनअंकित मृण्मयी मूर्ति : सिद्धार्थ गौतम वा गौतम बुद्धका जति पनि मूर्तिहरू बनेका छन् ती प्रायः बौद्ध धर्मसँग सम्बन्धित रहेको पाइन्छ। बुद्धत्व प्राप्तिअघिका मूर्तिहरू पनि पछिल्ला जीवनको सङ्केत दिने सम्बन्धी हुन्छन्। लुम्बिनीमा पाइएका बुद्धका मूर्तिहरू पनि यस्तै बौद्ध धर्मसँग नै सम्बन्धित रहेको पाइन्छ। तर उत्खनन् हुँदै गर्दा सन् १९९५ जुलाई २५ तारिखमा मायादेवी मन्दिरको दक्षिण-पूर्वी कुनाबाट राजकुमार सिद्धार्थ र उनकी राजकुमारी यशोधरा आफ्नो शयन कक्षमा बिताइरहेको निजी जीवनसम्बन्धी मृण्मयी मूर्ति (तस्विर सङ्ख्या ३९) भेटियो।

मूर्तिको तल्लो भाग उपलब्ध छैन भने धेरै मात्रामा टुटफुट भैसकेको छ। अनुहारलगायतका भागहरू पनि क्षतिग्रस्त भैसकेको यो मूर्तिको नाप ६८ x ३७ सेन्टिमिटर रहेको छ। यसको माथिल्लो भाग गुम्बज परेको छ भने तल्लो भाग सीधा। यस्तो मूर्ति के प्रयोजनका लागि बनाइने हो थाहा हुन सकेको छैन।

राजकीय छाँटमा बसिरहेका सिद्धार्थको हाउभाउ छिटोछरितो र मुखमा मुस्कुराहत देखिन्छ। बायाँ घुँडा बसेको र दायाँ घुँडा उठाएर त्यसमाथि दायाँ हातलाई अडेर दिएको अवस्थामा सिद्धार्थ देखिन्छन्। यसरी नै उनको बायाँ हात पछाडि ओछ्यानमा पल्टिरहेकी यशोधराको दायाँ घुँडामा समाइरहेको छ। सिद्धार्थको गलामा माला छ भने शीरमा मुकुट शोभायमान देखिन्छ। यसरी नै यशोधरा सिरानमाथि आफ्नो दाहिने हात र हातमा टाउको राखेर पल्टिरहेकी छिन्। गलामा माला, दुवै हातमा र कानमा ठूल्ठूला गहनाले सिंगारिएको छ। दुवैको आकर्षण पूर्ण रूपमा राजकीय नै नै देखिन्छन्।

पुरातत्त्वविद् बाबुकृष्ण रिजालले यस मूर्तिलाई राजकुमार सिद्धार्थ बुद्धत्व प्राप्तिका लागि गृहत्याग गर्नु अघिको समय अर्थात् महाभिनिष्क्रम गर्नुअघिको जीवनको चित्रण यसमा भएको मानेका छन् (1996:10)। यस्तै खालको एउटा अर्को मूर्ति अफगानिस्तानको हड्डा उत्खनन्मा पनि पाइएको छ (तस्विर सङ्ख्या ४०) र सो तस्विर प्रकाशित भएको पुस्तकमा पनि यसलाई महाभिनिष्क्रमणअघिको भनेर उल्लेख गरेका छन् (Hernann 1959:73) । दुवै पुस्तकमा यशोधरा निदाइरहेकी र गहिरो निद्रामा छिन् कि छैनन्



तस्विर सङ्ख्या १७ (माथि) : लुम्बिनीमा पाइएको सिद्धार्थ र यशोधराको निजी जिवन अंकित टेराकोटा मूर्ति, तस्विर सङ्ख्या १८ (तल) : अफगानिस्तानको हड्डा उत्खनन्मा पाइएको सिद्धार्थ र यशोधराको निजी जीवन अंकित टेराकोटा मूर्ति ।

भनेर हेर्न सिद्धार्थले बायाँ हातले उनलाई थिचेर हेरेको भन्ने उल्लेख छ तर वास्तवमा त्यस्तो हुन सक्दैन । बरू दुवै मूर्तिमा सिद्धार्थको हातले हल्का पाराले यशोधरालाई छोएको छ र यसलाई युगल जोडीको रसरंगसँग सम्बन्धित गरेर हेर्न सकिन्छ । लुम्बिनीमा पाइएको मूर्तिमा यशोधराले पुत्र राहुललाई दूध चुसाइरहेको पनि उल्लेख छ (Rijal 1978) तर राहुलको उपस्थिति त्यहाँ देखिँदैन । यशोधराको बायाँ स्तनमा स्वयं उनको हात छ भने दायाँ स्तनमा स्पष्ट रूपमा साधा देखिन्छ । दायाँ स्तनभन्दा मुनिको भाग फुटेका कारण त्यहाँ के थियो भन्न सकिन्न तर यति स्पष्ट छ कि त्यो साना ठाउँमा शिशु राहुल अटाउँदैन तसर्थ राहुल जन्मिनुभन्दा निकै अगाडिको सिद्धार्थ र यशोधराको निजी जीवन चित्रण गरिएको मूर्ति भन्न सकिन्छ, न कि महाभिनिष्क्रमणअघिको । यस्तै चित्रण गरिएको हड्डाको मूर्तिमा भने पछाडि हातमा बत्ती लिएको कुनै एउटा पुरुष आकृति देखिन्छ, र पुस्तकमा उनलाई छन्दक भनिएको छ (Hernann 1959:73) । लुम्बिनीमा पाइएको मूर्तिमा त्यस पात्रको उपस्थिति छैन ।

गान्धार शैलीमा निर्मित यो मूर्तिलाई रिजालले चारौंदेखि छैंठौं शताब्दीको हुनसक्ने अनुमान गरेका छन् । हड्डाको मूर्तिलाई भने पाँचौं शताब्दीको भनी काल निर्धारण गरिएको छ (Hernann 1959:73) । यस्तै प्रकृतिको एउटा अर्को मूर्ति पाकिस्तानमा पनि पाइएको छ ।

बुद्ध मूर्तिको शीर्षभाग : लुम्बिनीबाट उर्णा र उसनिसयुक्त बुद्ध मूर्तिको एउटा टाउको फेला पारिएको छ तर त्यो कुन मितिमा कहाँबाट संकलन गरिएको थियो भन्न सकिन्न । In Indian Archaeology 1961-62 A Review (New Delhi, 1964) मा गल्तीवस तिलौराकोटमा पाइएको भनिएको यो मूर्तिको तस्विर देवलामित्राले आफ्नो पुस्तकमा छपाएकी छिन् (तस्विर सङ्ख्या ३३) । उनका अनुसार यो कुषाणकालीन मूर्ति हो । मथुराबाट आएको हुनसक्ने रेड साइन्ड स्टोनमा बनेको यो मूर्तिको टाउकोको उचाइ ७.५ सेन्टिमिटर र बढीमा ५ सेन्टिमिटर चौडाइको छ (1972:199) ।

तस्विर सङ्ख्या १९ : बुद्धको मूर्तिको शीर्ष भाग

बोधिसत्त्वको मूर्ति : लुम्बिनीको उत्खनन्को क्रममा एउटा मूर्ति पाइएको छ जसलाई बोधिसत्वको मूर्ति भनिएको छ (तस्विर सङ्ख्या २४-२)। जनरल केशरशमसेरको उत्खनन्मा पाइएको भनिएको उक्त मूर्ति पछि देवलामित्राले आफ्नो पुस्तकमा प्रकाशित गरेका थिए (1972:199)। तर सो मूर्ति केशरशमसेरले कुन मितिमा कहाँबाट कुन अवस्थामा प्राप्त गरेका थिए भन्ने विषयमा भने कुनै सूचना उपलब्ध छैन।

तस्विर सङ्ख्या २० : बोधिसत्व र एक अज्ञात भक्तको (कुषाण कालीन) दुई काँश्य मूर्ति

११ इन्च लम्बाइको यो काँश्य मूर्तिमा धोती लगाइएको छ। दुवै हातमा गहना लगाएको यो मूर्तिको गलामा सादा हार लगाएको छ भने कानमा कुन्डल पनि देख्न सकिन्छ। यसरी नै टाउकोमा मुकुट लगाएको छ। शरीर बायाँ ढल्केको छ। सोही अनुसार टाउको पनि बायाँ नै ढल्केको छ। दायाँ हातमा कमलको फूल समातेको छ भने बायाँ हातमा बज्र रहेको छ। देवाला मित्राका अनुसार यो मूर्ति पद्मपाणी वा बज्रपाणी बोधिसत्वको हो। उनले यस मूर्तिलाई कुषाणकालको भनेर कालनिर्धारण गरेकी छिन् (1972:203)।

अज्ञात भक्त वा दाताको मूर्ति : लुम्बिनीमा केशरशमशेरले नै पाएको र देवलामित्राले तस्बिर प्रकाशित गरेको अर्को मूर्ति कुनै एक अज्ञात भक्त वा दाताको मूर्ति हो (तस्विर सङ्ख्या २४-१) । यसको पहिरन र हुलियाको भरमा एउटा बौद्ध भक्तको हुन सक्ने अनुमान गरिएको हो। आठ सेन्टिमिटर उचाइको यो पनि काँश्य मूर्ति नै हो र धेरै हदसम्म बोधिसत्वको मूर्तिसँग मेल खाने भएकोले यसलाई पनि कुषाण कालकै मानिएको छ (1972 :203)।

मृण्मयीमूर्ति : यस कालको एउटा मूर्तिको टाउकाको भाग सन् १९७६-७८ को उत्खनन्मा पाइएको छ। साधारण र कच्चा पाराले ढालिएको यो मूर्ति माटो पोलेर बनाइएको टेराकोटा मूर्ति हो। मूर्तिको मुहारको दायाँ भाग नराम्रोसँग क्षति भैसकेको

छ। यसको आकार ३" X १२" रहेको छ (Rijal 1977)।

स्तूप : लुम्बिनीमा भएका उत्खननहरूमा भेटाएका थुप्रै स्तूपहरूमा कुषाणकालीन स्तूप भनी स्पष्ट किटान गरी भन्न सकिने गरी सुरक्षित रहेको पाइँदैन। तर यस कालमा स्तूप निर्माण हुँदै भएन भन्न भने सकिन्न। यस कालमा पूर्व स्तूपहरूको मर्मत तथा उही स्तूपमाथि नयाँ संरचना दिने गरेको पाइन्छ। जस्तो मायादेवी मन्दिरको दक्षिण पूर्वको ठूलो स्तूप मौर्यकालमा आयताकारमा बनाइएको थियो र पछि ईसापूर्व दोस्रो शताब्दीमा दुई फिटको फरकमा दुई फिट एक इन्च बाक्लो गारो एकमाथि अर्को गरी थपेको पाइन्छ। संभवतः सबैतिरबाट स्तूपलाई छोप्न र नयाँ आवरण दिन यस्तो गरिएको थियो। स्तूपको भित्री आवरणबाट ५ फिटको अन्तरपछि २५ इन्चको गारो चारैतिर थपिएको छ र ५ फिट माटो भरेर प्रदक्षिणापथ बनाइको छ। कुषाणकालमा यसको माथि पुनः केही निर्माण भएको छ। तर ईंटाका केही तहबाहेक अरू सबै अनुपलब्ध छन्। यसरी नै कुषाणकालीन विहार नम्बर १ सँगै वर्गाकार र गोलो गरी ईंटाका दुई वटा स्तूप बनाइएको छ। सम्भवतः सो स्तूप कुषाणकालीन नै हुनु पर्छ।

चिहान : अशोक स्तम्भको दक्षिण-पश्चिम करिव १५० मिटर दूरीमा सन् १९७०-७१ मा प्राचीन लुम्बिनी गाउँको उत्खनन् गर्ने क्रममा एउटा चिहान भेटाइएको थियो। उत्खनन्कर्ता बाबुकृष्ण रिजालले कुषाणकाल भनी काल निर्धारण गरेको यो चिहान गोलो आकारमा रहेको छ र त्यहाँबाट मानव हाडखोर, फलामे हँसिया, चराचुरुङ्गी र जनावरका केही हाडहरू राखिएको भाँडा पाइएको थियो। तर यसका सम्बन्धमा अध्ययन भएको कुनै सुचना पाइँदैन।

तामाको मुद्रा : तिलौलाकोटका एक वकिलको संकलनमा रहेको एउटा मुद्रा देवाला मित्राले हेर्न पाएका थिए र उनले यसको तस्बिर छपाएकी थिइन् (तस्विर सङ्ख्या २९)। निकै नै खिइसकेको यो मुद्राको अग्र भागमा लामो कोट लगाएको कुषाण राजा देखाएको हुनु पर्ने अनुमान छ। मुद्राको नाप २.५ सेन्टिमिटर व्यास र ३ मिलीमिटर मोटाइ रहेको छ (1972:203)।



तस्विर सङ्ख्या २१ : कुषाण मुद्रा

धातुको मुद्रा : दुई वटा अर्को धातुको मुद्रा हाल राष्ट्रिय संग्रहालय, छाउनीमा

संकलित तथा प्रदर्शित छन्। कुषाणकालीन भनी कालनिर्धारण गरिएका ती मुद्रा ३ सेन्टिमिटर व्यास र ३ मिलीमिटर मोटाइ रहेको छ।

शिव र नन्दी चित्रांकित मुद्रा : उत्खननका क्रममा शिव र नन्दी तस्विर अंकित एउटा मुद्रा पाइएको छ। राजा विम कदफिसेसको भनिएको यो मुद्रा सन् १९९४ को उत्खननबाट प्राप्त भएको हो।

गुप्तकाल

भारतीय इतिहासमा गुप्त युगलाई स्वर्णयुग पनि भनिन्छ। तर कुषाण साम्राज्यको पतनलगत्तै गुप्तहरूले शासन गरेका भने होइनन्। अब प्रश्न उठ्छ, गुप्तहरू आउनु अघि यहाँ कुन शक्तिको उदय भएको थियो अथवा कुषाण साम्राज्यको पतन गर्ने तत्त्व यदि गुप्तहरू थिएनन् भने ती को थिए त ? कुषाण र गुप्तकाल बीचको अध्ययन गर्ने हो भने यौधेय, कुनिन्द, मालव, नाग र मघ आदि गणराज्यहरूले मुद्राहरू प्रसारण गरेको पाइन्छ। मूलतः यिनीहरू गणतन्त्रात्मक राज्य सञ्चालन गर्दथे। तर ती गणतन्त्रहरू कसरी पतन भयो त भन्ने सम्बन्धमा स्पष्ट छैन। डा. जायसवालले समुद्र गुप्तको साम्राज्यवादिता नै ती गणतन्त्रहरूको पतनको प्रमुख कारण मानेका छन्। तर डा. अल्तेकरको मतअनुसार यसको विपरित गणतन्त्रात्मक परम्परा शिथिल हुँदै गएपछि आफै लोप भएको थियो (नाहर १९६१:४२०)। यसै बेला राजतन्त्रात्मक राज्यहरू पनि देखा परेको थियो। यसबाट बुझ्न सकिन्छ, कुषाणहरूले यिनै राज्यहरूलाई दबाएर विशाल साम्राज्यको स्थापना गरेका थिए र कुषाण साम्राज्य क्षीण हुँदै गएपछि यी राज्यहरू पुनः स्वतन्त्र भई राज्य गर्न थालेका हुन्। यस्तैमा गुप्तहरूको उदय हुनपुग्यो।

गुप्त अभिलेखहरूको एउटा विशेषता हो- अभिलेखको प्रारम्भ आफ्नो वंशावलीबाट सुरू गर्नु। त्यसको सहायताबाट यिनीहरूका बारेमा केही मात्रामा थाहा पाउन मद्दत पुग्दछ। यसरी दिइने वंशावलीमा पहिलो उल्लेख हुने नाम हो- श्रीगुप्त। यसर्थ गुप्तसाम्राज्यको संस्थापक नै श्रीगुप्त हुन् कि भन्ने अनुमान हुन्छ। तर श्रीगुप्तको सम्बन्धमा के मतभेद रहेको पाइन्छ भने यो कुनै नाम नै होइन। एलन तथा जायसवालका अनुसार गुप्तहरूका आदिपुरुषको नाम केवल गुप्त थियो र 'श्री' सम्मानार्थ प्रयोग गरिएको मात्र हो। उनीहरू आफ्नो मतलाई समर्थन गर्ने सामग्री समुद्र गुप्तको प्रयाग अभिलेखलाई अगाडि सार्दछन् जसमा समुद्रगुप्तले आफूलाई महाराजा श्रीगुप्तका प्रपौत्र बताएको छ। यहाँ सबै राजाको नामअगाडि श्री जोडिएको छ र जसको नाम नै श्रीबाट सुरु भएको छ

उसको लागि फेरि सम्मानार्थ बेग्लै थप 'श्री' जोडिएको पाइन्छ । यिनै श्रीगुप्तको समयमा भारत आएका चिनियाँ यात्री इत्सिंगले प्रयोग गरेको नाम चे-लि-कि-तो संभवतः श्रीगुप्तका लागि प्रयोग गरिएको हो । 'श्री गुप्तस्य' लेखिएको एक माटोको शील पाइएको आधारमा डा. हार्नले पनि गुप्तहरूको आदि पुरुष 'गुप्त' नै हुनु पर्ने राय दिएका छन् ।

गुप्तहरूको पहिलो ज्ञात नाम श्रीगुप्त भएकै कारण उनलाई गुप्त साम्राज्यको संस्थापक मान्ने हो भने पनि यिनी कसरी शक्तिमा आए भन्ने कुरा अज्ञात नै छ। जायसवालका अनुसार गुप्त एक सामन्त राजा थिए र उनले भारशिव राजाहरूको अधीनतामा प्रयागनजिकै राज्य गरेको थियो । इत्सिंगको विवरणअनुसार श्रीगुप्तको राज्य सीमा मृग-शिखावन' गंगातर्फ नालन्दाभन्दा पूर्व लगभग पचास सोपान टाढा थियो। इत्सिंगकै आधारमा गंगूल (आइ.एच.क्यू. सितम्वर १९३८) नालन्दा महाबोधिको उत्तरपूर्वमा सात सोपान टाढा थियो भन्ने निष्कर्ष निकालेका छन् । इत्सिंगले भनेको एक सोपान बराबर ६ मील हुन्छ । यसबाट ज्ञात हुन्छ कि श्रीगुप्तको शासन वंगालमा मुर्शिदावाद जिल्लाको कहीं थियो । र उनको शासन १७५-२०० ई. बीचमा हुन्छ । तर पुराणहरूलाई आधार मान्ने हो भने गुप्त शासन चौथो शताब्दीको सुरुमा प्रारम्भिक गंगाको किनारमा (प्रयाग र साकेत नगरहरूसहित) मान्नु पर्दछ (नाहर १९६१:४२८) । उनको शासन २७५-३०० ई. मा पर्न आउँछ (गैरोला १९८५:३६९) ।

श्रीगुप्त वा गुप्तपछि प्रयाग प्रशस्तीमा घटोत्कच गुप्तको नाम आएकोले श्रीगुप्तपछि यिनै राजा भएको थाहा हुन्छ । जसरी आफ्नो पिताको नाम अगाडि 'महाराज' प्रयुक्त भएको छ त्यसरी नै यिनको नाम अगाडि पनि 'महाराज' शब्द प्रयुक्त भएको छ । यिनले ३०० ई.देखि ३१९सम्म र यसपछि 'चन्द्रगुप्तले शासन गरेको पाइन्छ । यिनीभन्दा अगाडि दुई शासकले आफ्नो नामका अगाडि केवल 'महाराज' प्रयोग गरेको थियो भने यिनले 'महाराजाधिराज'को सम्मान प्रयोग गरेका थिए । यिनैले आफ्नो साम्राज्य मगधबाट प्रयाग र साकेत (अयोध्या)सम्म विस्तार गरी आफ्नो वंशको स्मृतिमा गुप्त सम्वत पनि चलाएर ३१९ देखि ३३५ ई.सम्म राज्य गरेको पाइन्छ (गैरोला १९८५:३६९) ।

गुप्त शासकहरूमा समुद्रगुप्तको नाम प्रख्यात छ । चन्द्रगुप्तका प्रथम पुत्र समुद्रगुप्तले अश्वमेघ यज्ञ पनि गरेका थिए । यसको संस्मरणमा 'अश्वमेघपराक्रमः' को वीरुद अङ्कित गराएर मुद्रा पनि प्रसारण गराएका थिए । यिनी वैष्णव थिए । प्रयागस्थित यिनको अभिलेखअनुसार समुद्रगुप्तले लगभग छ वटा राज्यलाई परास्त गरी आफ्नो प्रभुत्व कायम गरेका थिए । यसबाट बुझिन्छ, यिनले आफ्नो शासन कालमा आफ्नो साम्राज्यको सीमा उत्तरमा गढवाल-कुमायूँसम्म, दक्षिणमा महाकान्तार, कोराल र काँचीसम्म,

पश्चिमोत्तरमा पंजाब तथा सीमाप्रान्तसम्म र पूर्वमा बिहार, वंगाल तथा कामरूपसम्म फैलाएका थिए । यिनले ४० वर्षसम्म लामो शासन गरेका थिए । यिनीपछि गद्दीमा बसेका राम गुप्तलाई उनकै भाइ चन्द्रगुप्तले वध गरी शासन ३७५ इ. मा आफ्नो हातमा लिएका थिए । यिनले आफ्नो साम्राज्यको पश्चिम सीमास्थित वाकाटक राज्यका राजा पृथ्वीसेनसँग छोरीको विवाह गरेर सम्बन्ध बढाई ज्वाईंको पनि सहयोगमा शकहरूलाई ध्वस्त पारेका थिए । त्यसपछि उनले समस्त मालवा, गुजरात र महाराष्ट्रमाथि पनि अधिकार कायम गरे । बंगालको विद्रोही संघराज्यलाई पनि पराजित गरे र पश्चिमतिर आफ्नो विजय गर्दै पंजाब र उत्तर सीमाप्रान्तलाई पनि आफ्नै अधीनमा पारे । उनको यही पराक्रमको फलस्वरूप 'विक्रमादित्य' उपाधि ग्रहण गरे । उनले ३७५-४१४ ई. सम्म अर्थात ३९ वर्षसम्मको लामो शासन गरेका थिए (गैरोला १९८५:३७२) ।

चन्द्रगुप्तको मृत्युपछि उनकी रानी धुवदेवीबाट पैदा भएका प्रथमपुत्र कुमारगुप्त शासक भए । कुमारगुप्तले पनि आफ्नो बाजेले जस्तै अश्वमेघ यज्ञ गरेर त्यसको संस्मरणमा स्वर्णमुद्रा प्रसारण गरेका थिए । उनीपछि स्कन्दगुप्त, पुरुगुप्त, नरसिंहगुप्त बालादित्य र कुमारगुप्त द्वितीयको नाम आउँछ भने त्यसपछि बुधगुप्त, भानुगुप्त, विष्णुगुप्त चन्द्रादित्य, तथा वैण्यगुप्त द्वादशादित्यहरूको नाम आउँछ । यसरी नै कृष्णगुप्त, हर्षगुप्त, जीवितगुप्त प्रथम, कुमारगुप्त तृतीय दामोदरगुप्त, महासेनगुप्त र देवगुप्तको नामपनि उल्लेख भएको पाइन्छ । यी गुप्त शासकहरू कतिसम्म कमजोर थिए भन्ने सन्दर्भमा मगधमा मौखरिहरूको अधिकार भएपछि मालवामा राजधानी सार्नु पर्‍यो । मालवामा सातौं ई.को प्रारम्भसम्म राजधानी रहेको पाइन्छ । देवगुप्तलाई थानेश्वरका राज्यवर्धनले मारेर गुप्तवंशको अन्त्य गरिदिएका थिए (गैरोला १९८५:३७३) ।

बौद्ध धर्मको स्थिति

गुप्तहरूका पूर्वज वा गुप्त साम्राज्यको संस्थापकको रूपमा लिइएका श्रीगुप्त वा गुप्तको बौद्ध धर्मप्रति पनि श्रद्धा थियो भन्ने जानकारी इत्सिंगको यात्रा वर्णनबाट हुन्छ । उनको वर्णनमा यिनी राजाले 'मृगशिखा वन'मा चिनियाँ यात्रीहरू बस्नको लागि धर्मशाला बनाइदिएको उल्लेख छ (गैरोला १९८५:३६९) र यसअनुसार सो समयमा विभिन्न उद्देश्य राखी चिनियाँ यात्रीहरू मुख्यतः चिनियाँ बौद्ध भिक्षु वा यात्रीहरू भारतमा बरोबर आइराख्यो भन्ने बुझ्न सकिन्छ ।

गुप्त शासकहरू ब्राह्मण धर्मका पक्षपाति भए पनि बौद्ध धर्ममा योगदान गरेको पाइन्छ । कुषाणकालमा विकास भएको महायानी बौद्ध धर्मले पनि यति बेला आफूलाई समाजमा जब्बर रूपमा स्थापित गरिसकेको प्रतीत हुन्छ । यसको अर्थ यो होइन कि

महायानी बौद्ध धर्मको प्रभावले हीनयानी बौद्ध धर्म ऱ्हासोन्मुख भएको थियो । भौगोलिक दृष्टिले हेर्दा हीनयान गंगा र यमुना दक्षिणतिर फैलियो भने महायान उक्त नदीको उत्तरतर्फ फैलिदै गयो । अर्थात समाजमा महायानी सम्प्रदाय लोकप्रिय भएपनि हीनयानी सम्प्रदायको अस्तित्त्व पनि थियो । विशेष गरी हीनयान सम्प्रदायको पनि सर्वास्तिवादीहरूको समाजमा प्रभाव अलि राम्रो नै भएको देखिन्छ ।

बुद्धघोष यसै युगका प्रसिद्ध बौद्ध कवि थिए । उनले अनेक बौद्ध ग्रन्थहरूको रचना गरेका थिए । भारतमा चिनियाँ यात्रीहरूमात्र नभई श्रीलंकाका बौद्ध विद्वान्हरूको पनि आवतजावत थियो । श्रीलंका त्यति बेला पनि बौद्ध धर्मका केन्द्रहरूमध्ये एक थियो र श्रीलंकाली बौद्ध विद्वान्हरू भारतमा प्रवचन दिनका लागि पनि आउँथे । इ. सं. को तेस्रो शताब्दीतिर आन्ध्र, तामिलनाड, कर्नाटक, कोंकड र वंगालम श्रीलंकाका बौद्ध विद्वान्हरूको ठूलो सम्मान थियो । धर्मनिष्ठ बौद्ध यात्रीहरूको सुविधाका लागि श्रीलंकाका राजा मेघवर्मन्ले बुद्ध गयामा विश्रामगृहको निर्माण गर्न लगाएका थिए ।

यसै युगमा प्रसिद्ध चिनियाँ यात्री फाहियान बौद्ध तीर्थस्थलहरूको भ्रमणमा आएका थिए । तत्कालीन समयमा बौद्ध धर्मको अवस्था कस्तो थियो भन्ने थाहा पाउने एउटा मुख्य स्रोत उनको यात्रा विवरण पनि हो । उनले भारतका विभिन्न भागहरूमा अनेक बौद्ध भिक्षु र बौद्ध विहारहरू देखेका थिए । यसरी नै उपासकउपासिकाहरू ठाउँ ठाउँमा स्तूपहरूको निर्माण गराउँथे । उनका अनुसार कुनै कुनै राजाले बौद्ध विहारहरूलाई भूमि दान दिइराखेको थियो र यसबाट विहारहरूको खर्च राम्रोसँग चल्थ्यो । बौद्ध भिक्षुहरू विनयको पालना कडाइका साथ गर्दथे र गृहस्थीहरू पनि भिक्षुलाई अत्ति नै श्रद्धा गरी दानदक्षिणा दिन्थे । यस बेला महायानी बौद्ध सम्प्रदाय तीव्र रूपमा बढिरहेको देखिएपनि हीनयानीहरू पनि रहेको र दुवै सम्प्रदाय आपसमा मिलेर रहेको पाइन्छ । नालन्दा तथा विक्रमशिलाजस्ता विद्याकेन्द्रहरूमा यी दुवै सम्प्रदाय सँगै बसेर विद्या अध्ययन गर्दथे । यी दुई विद्याकेन्द्रले कुमार गुप्त तथा अन्य शासकहरूको संरक्षण पाएको थियो ।

फाहियानको यात्रा विवरणको अध्ययन गर्दा उनी सकारात्मक सोचाइ भएको यात्री रहेको बुझिन्छ र तत्कालीन समयमा बौद्ध धर्म राम्रै अवस्थामा भएको चित्रण गरे । वास्तवमा बौद्ध धर्ममा यसै बेलादेखि विकृति बढेको थियो । रमाशंकर त्रिपाठीका अनुसार गुप्तकालमा मध्यदेशमा निश्चय नै बौद्ध धर्मको अवनती थियो । तर फाहियानले यसको विरुद्ध लेखेका छैनन् । दिनुहुँ अवनतीमा रहेको बौद्ध धर्मको वास्तविक चित्रण उनले गरेनन् (१९५६:२०४) । धर्म प्रचारको प्रतिस्पर्धामा अनेक कथा थप्नु र अलौकीक देखाउने होडमा बौद्धहरू पनि पछि परेनन् । अनेक दार्शनिक विचारधाराहरूको प्रादुर्भाव हुनाका

साथै उपसम्प्रदायहरू पनि देखा परे । यसै बेला कला तथा वास्तुकलामा पनि विकास भएको थियो । तत्कालीन कला तथा वास्तुकलाबाट बौद्ध क्षेत्र मात्र प्रभावित नहुने कुरै भएन । यस बेलाको वास्तुकलाको विकास लुम्बिनी तथा त्यस वरिपरि कुदानलगायतका पुरातात्त्विक महत्वका स्थलहरूमा देख्न पाइन्छ ।

पुरातात्त्विक अवशेषहरू

विहार : मायादेवी मन्दिरको दक्षिण विहार नम्वर २ को पश्चिममा एउटा विहार (विहार नम्बर ३) भेटिएको छ जुन गुप्तकालीन हो । ईसापूर्व दोस्रो र पहिलो अनि ईसाको पहिलोदेखि दोस्रो, र ईसाको तेस्रोदेखि चौथो गरी तीन अवधीमा यस विहारको निर्माण कार्य भएको देखिन्छ । पछिल्ला कार्यहरूले अघिल्लो निर्माण कार्यलाई धेरै नै क्षति पुऱ्याएकोले त्यसका बारेमा धेरै जानकारी पाइँदैन । तर पनि अघिल्ला कार्यको रूपमा बाहिरी गाऱ्होको अवशेष भेटिएको छ । गुप्त कालमा आएर त्यहाँ तीन वटै दिशामा गरेर एघार वटा कोठा बनेको थियो । विहार ४४'. ६" पूर्व पश्चिम लम्बाइ र ४३' उत्तर दक्षिण चौडाइ रहेको छ भने त्यसको बीचमा १३' १०' को खाली ठाउँ छ जसलाई उपोसथागार भनिन्छ । पूर्वतर्फ कोठाबाट एउटा ढल निस्केर केन्द्र हुँदै दक्षिण गएको छ, जुन रोमन अक्षर 'एल' आकार लिएको छ । यो ढल ४४ फिट लामो रहेको छ । कुषाण कालमा पनि यस्तै ढलको निर्माण भएको थियो । यी दुवै कालमा ढललाई इँटाले छोप्ने व्यवस्था थियो । विहारको दक्षिण पूर्वी कोठामा दुई वटा पानी ट्याङ्की रहेको छ । ठूलाको नाम ३ X २.८ X ४ छ भने सानोको नाप २.५ X १.३ X ४ रहेको छ । कोठा संभवतः किचेनको लागि बनाइएको थियो । कोठाहरूको नाप ७'.२" X ५.१०, ८' २" X ६'.८" र १०'३" X ८'.७" रहेको छ । पूर्व र दक्षिण पूर्वका कोठाहरूको प्रवेशमार्ग पनि पत्ता लागेको छ जसको नाप २'.८" , २. १०" र २'. ११" रहेको छ । विहारको बाहिरपट्टि पश्चिमी मुख्य गारोलाई तीन वटा टेको दिएको छ जसको नाप क्रमशः पहिलो (दक्षिण) को नाप ७ फिट ७ इन्च (लम्बाई) र २ फिट २ इन्च मोटाइ रहेको छ । दोस्रो वा बीचको गारो ८ फिट ४ इन्च लम्बाई र २'.४" मोटाइ रहेको छ भने तेस्रो वा उत्तर दिशाको गारो ३'.२" लम्बाइ र २'.४" मोटाइ रहेको छ ।

रसप्तरथ शिखर शैलीको मन्दिर : गुप्त कालमा शिखर शैलीमा सप्तरथ मन्दिर निर्माण लोकप्रिय भएको बुझिन्छ । भारतका विभिन्न ठाउँहरूमा यस्ता वास्तुकला देख्न पाइन्छ । लुम्बिनीबाट २५ किलोमिटर दक्षिण पश्चिमस्थित कुदानको उत्खनन्मा पनि यस्तै शैलीको मन्दिरको अवशेष पाइएको थियो । कुदानको जस्तै सप्तरथ मन्दिर लुम्बिनीको मुख्य स्थल अशोक स्तम्भभन्दा पूर्व बनाइएको थियो । यसको उचाइ कति थियो होला



तस्विर सङ्ख्या २३ (बायाँ) : सप्तरथ मन्दिरको कलात्मक ईंटाहरू भएको उत्तर पश्चिम कुनाको दृष्य
तस्विर सङ्ख्या २४ (दायाँ): सप्तरथ शैली मन्दिरको भग्नावशेष

भन्ने अध्ययन भएको छैन। यसका ईंटाहरू कलात्मक र बुट्टेदार छन्। एउटा बुट्टा निकाल्न दुई इँटा जोड्नु पर्ने यस कलाशैलीको विशेषता हो। यो गुप्तकालीन मन्दिर लुम्बिनीको सबैभन्दा पछिल्लो निर्माण कार्य भएको बुझिन्छ किनभने माउन्डको सबैभन्दा माथि यसको अवशेष भेटिएको छ। पछि भएका निर्माण गतिविधि पनि यसै अवशेषमाथि बनाईको छ। लुम्बिनीमा गुप्तकालीन कलात्मक ईंटाहरूको निर्माणको भग्नावशेष पछिल्लो उत्खनन्का बेला निकालिएको थियो र हाल त्यसका तस्विर हरूमात्रै बाँकी छन् (तस्विर सङ्ख्या २३, २४) ।

मूर्तिहरू

बोधिसत्व : गुप्तकालीन मूर्तिहरूको प्रतिनिधित्व केही मात्रामा यो बोधिसत्त्वको मूर्तिले पनि गर्दछ। तत्कालीन मूर्तिहरूमा पाइने कोमलता र इश्वरीय गुणको झलक यसमा देख्न पाइन्छ। मूर्ति हेर्दैमा अनुमान गर्न सकिन्छ, यो पूर्ण कदको मूर्ति थियो तर नाइटोभन्दा माथिको भागमात्र पाइएको छ। पातलो शरीर, पारदर्शी वस्त्र, मुख मुद्रामा आध्यात्मिक र स्वर्गीय मुस्कान यसमा देख्न पाइन्छ। नाक र मुख लाम्चो परेर हिसी परेको छ भने चिल्लो गाला र बाक्लो ओंठले मूर्तिलाई सजीवता दिएको छ। यसरी नै सानो चिउँडाको बीचमा खाल्डो परेर दुवैतिर उठेको छ। आँखी भौं पनि घुमाउरो पारेर बनाइएको छ भने फराकिलो निधारमा विशिष्ठता झल्किन्छ। मूर्तिमा लगाइएको मुकुटमा एउटा सिउर निस्केको छ। यस्तै दायाँ

तस्विर सङ्ख्या २५: बोधिसत्व

हात अभय मुद्रामा रहेको छ। यो बोधिसत्वको मूर्ति सन् १९७६-७७ मा मायादेवी मन्दिर वरिपरि उत्खनन्को बेला फेला पारिएको मूर्ति हो (तस्विर सङ्ख्या २५)।

मूर्ति : सन् १९७६-७८ को उत्खनन्का बेला दुई मृण्मयी मूर्ति फेला पारिएको थियो। यी दुवैमा टाउकोको भागमात्र छन्। पुरातत्त्वविद् रिजालले यसलाई गुप्तकालीन भनी कालनिर्धारण गरेका छन्। दुई मध्ये एक मूर्तिको केशविन्याश गहिरो घुँगुरिएको छ जसलाई कुपिकुन्तला भनिन्छ। जसको बाक्लो ओंठ र गोलो हँसिलो अनुहार देखिन्छ (तस्विर सङ्ख्या २६)। यस्तै अर्को मूति धेरै नै जीर्ण भैसकेकाले स्पष्ट बुझ्न सकिन्न तर केशबिन्यासबारे अनुमान भने लगाउन सकिन्छ।

तस्विर सङ्ख्या २६: सुन्दर केशयुक्त मूर्तिको शीर्ष।

भूस्पर्श मुद्राको बुद्धको मूर्ति : सन् १९७०-७१ मा लुम्बिनीको प्राचीन गाउँको खोजीको क्रममा अशोक स्तम्भको दक्षिण करीव १५० मिटरको दूरीमा उत्खनन् गर्दा यो मूर्ति पाइएको हो। यो बुद्धको मृण्मयी मूर्ति भूस्पर्श मुद्रामा रहेको छ। यसलाई गुप्तकालको भनी कालनिर्धारण गरिएको छ।

स्तूप : गुप्तकालमा पनि लुम्बिनीमा धेरै स्तूपहरू बनाइएको पाइन्छ। यस कालका स्तूपहरू दुई प्रकारका छन्- चारैतिर देवकोष्ठ निकालिएको वर्गाकार स्तूप र सिँढीयुक्त आयाताकारको स्तूप जसको शीर्ष भाग समतल परेको हुन्छ। गुप्तकालका केही स्तूपमा चार इन्चको इँटा निकालेर तल्लो भाग र माथिल्लो भागलाई छुट्याएको छ। एउटा स्तूपमा एकजोडी फूल स्तूपको चारैकुनामा खोपेर बनाइएको थियो।

मायादेवी मन्दिरको दक्षिणपूर्वको ठूलो वर्गाकार स्तुप : मायादेवी मन्दिरको दक्षिणपूर्व दिशामा रहेको ठूलो वर्गाकारको स्तुप कुनै एउटै कालखण्डको स्तूप होइन। तर पछिल्लो पटक अर्थात गुप्तकालमा यसमा केही काम भएको पाइन्छ। यो स्तूप मौर्यकालमा आयाताकारमा बनाइएको थियो। उत्खनन्को क्रममा यो स्तूपबाट दुई तहको पेटीबाहेक केही पनि पाइएन। ईसापूर्व दोस्रो शताब्दीमा दुई फिटको फरकमा दुई फिट एक इन्च बाक्लो गारो एकमाथि अर्को गरी थपेको पाइन्छ। संभवतः सबैतिरबाट स्तूपलाई छोप्न र नयाँ आवरण दिन यस्तो गरिएको थियो। स्तूपको भित्री आवरणबाट ५ फिटको अन्तरपछि २५ इन्चको गारो चारैतिर थपिएको छ र ५ फिट माटो भरेर प्रदक्षिणापथ

तस्विर सङ्ख्या २७ : मायादेवी मन्दिर पूर्वस्थित ठूलो स्तूप

वनाइको छ। कुषाण कालमा यसमाथि पुनः केही निर्माण भयो। तर इँटाका केही तहबाहेक अरू सबै अनुपलब्ध छन्। गुप्त कालमा आएर यसको जगमा फेरि चार फिटको गारो चारैतिर लगाइएको छ। यसपछि पनि थुप्रै बाटुला चैत्यहरू त्यसमाथि निर्माण गरेको देखिन्छ जसमध्ये ९ वटा स्तूप अद्यावधि देख्न सकिन्छ (Mishra 1990:42)।

छाप : गुप्तकालीन वर्गाकार स्तूपहरूबाट गुप्त लिपिमा अभिलेखसहितका उन्नाईस वटा छाप पाइएका छन्। तर ती अभिलेखहरूमा के के कुरा रहेका छन् भन्ने कुरा प्रकाशमा आएको छैन।

मुद्राहरू : लुम्बिनीबाट गुप्तकालीन केही मुद्राहरू पाइएको भनिए पनि ती मुद्राहरू के कस्तो अवस्थामां छन् र ती कुन प्रकारका छन् भन्ने कुरा प्रकाशमा आइनसकेका कारण यस्तै हो भन्न सकिन्न।

गुप्तकालपछिको अस्पष्ट इतिहास

गुप्तकालपछि लुम्बिनी ओझेलमा पर्न गएको देखिन्छ। तर अचेल भन्ने गरिएजस्तो पूर्ण रूपमा हराएको भने थिएन। सम्राट हर्षवर्द्धनको समयमा आएका चिनियाँ यात्री हुयनसाङको यात्रा वृत्तान्तअनुसार त्यति बेला गौतम बुद्धले राजकुमारको रूपमा बिताएको राज्य कपिलवस्तु ध्वस्त भएर उजाड भैसकेको थियो। लुम्बिनीको वर्णनमा भने कपिलवस्तुको जस्तो स्थिति देखिदैन तर उपेक्षित हुन पुगेको भने पक्का हो।



तस्विर सङ्ख्या २८ : अशोक स्तम्भको माथिल्लो भाग जहाँ विभिन्न समयका यात्रुरूले आ-आफ्ना नाम तथा सन्देशहरू कुँदेका छन्

मौर्यकालमा आएर एउटा गाउँकै विकास भैसकेको लुम्बिनीमा शुंग, कुषाण र गुप्तकालमा सो गाउँ हुनु कुनै आश्चर्यको कुरा होइन । तर हुयनसाङ आउँदासम्ममा त्यहाँ गाउँ उठिसकेको देखिन्छ, गाउँका बारेमा उनले कुनै सङ्केतसम्म पनि गरेका छैनन् । उनले स्थानीय जनताको उल्लेख त गरेका छन् तर ती जनता प्राचीन लुम्बिनीकै हुनु पर्छ भन्ने छैन, उनले भनेका स्थानीय जनता श्रावस्ती र कपिलवस्तु, कपिलवस्तु र लुम्बिनी अथवा लुम्बिनीयात्रापछि भेटेका मान्छेहरू पनि हुन सक्छन् । भारतमा मुगल शासकहरूको उदयपछि बुद्ध धर्ममा नराम्रो असर परेको र त्यसैकारणले लुम्बिनी कालान्तरमा हराउन नै पुगेको मन्तव्य केही हदसम्म ठिक भएपनि लुम्बिनी हराउनुमा मुगल साम्राज्यको उदयलाई मात्र दोष दिन नमिल्ने देखिन्छ । सम्राट हर्षवर्द्धनकै समयमा उपेक्षाको शिकार र उजाड भैसकेको लुम्बिनीको गाउँ यसरी विस्थापित हुनुमा त्यहाँ महामारी फैलिएको र त्यसबाट बच्न गाउँलेहरू अन्यत्र लागेको अनुमान हुन्छ । लुम्बिनी क्षेत्रमा पछिसम्म पनि औलोको डर थियो । हुयनसाङ लुम्बिनी आउँदा पक्कै पनि स्थानिय मान्छेहरूसँग बाटो सोधेर आएका थिए होलान् र लुम्बिनीसम्म पुग्न आफूलाई गाह्रो भएको वा स्थानिय वासिन्दालाई लुम्बिनीको बारेमा थाहा नभएको जस्ता कुराहरू वृत्तान्तमा पाइँदैन । यसबाट बुझ्न सकिन्छ, लुम्बिनीबाट गाउँ उठिसकेको र उजाड भएपनि तत्कालीन समाजको मानसपटलबाट लुम्बिनी हराइसकेको थिएन । जंगलको बीचमा भएको लुम्बिनीमा मान्छेहरूको गतिविधि नहुनु पनि स्वाभाविक हो । त्यहाँ कहिले काहिँ हुयनसाङजस्ता स्वदेशी तथा विदेशी तीर्थयात्री आउँथे र खानपान र बस्ने व्यवस्था नभएपछि सोही दिन अन्यत्र लाग्थे होलान् ।

कर्णाली प्रदेशका राजाहरूको नाम अशोक स्तम्भमा कुँदिएको अहिले पनि देख्न पाइन्छ (तस्विर सङ्ख्या ४) । जितारी मल्ल, रिपु मल्ल, आनन्दमल्ललाई पनि लुम्बिनी र कपिलवस्तुजस्तो ठाउँहरूको बारेमा जनकारी थियो । उनीहरू बौद्ध तीर्थस्थलहरूको



तस्विर सङ्ख्या ३० : निग्लिहवास्थित अशोक स्तम्भ

तस्विर सङ्ख्या २९ : निग्लिहवास्थित अशोक स्तम्भमा अशोकको अभिलेख

भ्रमण गर्न पूर्व आउँदा कपिलवस्तु, लुम्बिनी, र निग्लिहवा पनि पुगेका रहेछन् । यो कुरा उनीहरूको नाम अशोक स्तम्भमा कुँदिएवाट प्रमाणित हुन्छ ।

तेह्रौं शताब्दीमा कर्णाली प्रदेशका राजा रिपु मल्ल लुम्बिनी पुगेका थिए भन्ने कुराको प्रमाण अशोक स्तम्भमा उनले आफ्नो नाम र साल कुँदेन लगाएको लिखतवाट बुझिन्छ । हुयनसाङले आफ्नो यात्रा वृत्तान्तमा अशोकस्तम्भको अभिलेखको उल्लेख गरेको छैनन् । यसको अर्थ हुन्छ- उनले सो अभिलेखलाई वास्तै गरेनन् वा त्यत्तिन्जेलसम्ममा अभिलेखको उचाई (भाग) सम्म माटोले पुरिसकेको थियो । लुम्बिनीस्थित अभिलेखम रिपु मल्लले 'ऊँमणि पद्मे हुँ श्रीरिपुमल्लचीरंजयतु १२३४' कुँदाएका छन् (तस्विर सङ्ख्या २८) । उक्त सम्वत शक सम्वत हो । यो इश्वी सम्वत १३१२ मा पर्न आउँछ । सोही बेला उनी निग्लिहवा पनि पुगेका थिए । त्यहाँस्थित अभिलखेमा पनि यस्तै व्यहोरा कुँदेन लगाएका छन् (तस्विर सङ्ख्या ३१) । निग्लीहवाको स्तम्भमा कुँदिएको अक्षरलाई यहाँ उल्लेख गर्नुको कारण यी दुई बीच तुलना गर्नलाई हो । सम्भवतः त्यति बेलामा निग्लीहवाको स्तम्भ ढलिसकेको थियो र अक्षर लेख्न सजिलो भयो होला र अक्षर राम्रोसँग



तस्विर सङ्ख्या ३१ : निग्लिहवास्थित अशोकस्तम्भमा रिपुमल्लको अभिलेख

कुँदिएको छ । तर तुलनात्मक रूपमा लुम्बिनीमा उनको अक्षर कुँदाइ राम्रो छैन । उभिएर अक्षर कुँदेनु परेको थियो होला र अक्षर कुँदेनेले स्तम्भको टुप्पोमा नभ्याउादा त्यहाँसम्ममात्र लेख्न पुगे । यस हिसाबले रिपुमल्ल आउँदासम्ममा अशोकको अभिलेख खण्ड छोपिसकेको स्पष्ट हुन्छ ।

यात्रीहरूले लुम्बिनीको भ्रमण गरेका कुनै लिखित सामाग्री नपाएको आधारमा मान्छेहरू छ सात सय वर्षदेखि लुम्बिनी हराइरहेको र सन् १८९६ मा मात्र भेटिएको मान्छन् । तर भिक्षु सुदर्शन महास्थविर भने उक्त भनाइको खण्डन गर्छन् । उनका अनुसार 'लुम्बिनी यति धेरै वर्षसम्म अंन्धकार युगमा परेको छैन । पाटन महाबौद्धका निर्माता पं. अभयराज आफ्नो कान्छी श्रीमतिसँग तीर्थयात्रा गर्न गएको वर्णन छ । रिपुमल्लको बौद्ध तीर्थ यात्राभन्दा २५२ वर्षपछि ने. सं. ६८५ (१५६४ ईश्वी) मा तीर्थ यात्रा गर्ने पं. अभयराज तीर्थयात्राका क्रममा बुद्ध गयासँगै लुम्बिनी पनि अवश्य पुगेको हुनु पर्छ (१९७९:३२०) ।

गुप्तकालपछि पनि लुम्बिनीमा धेरथोर गतिविधि हुँदै गरेको पाइन्छ भलै त्यो सानो अनुपातमा नै किन नहोस् । चौंधौं शताब्दीतिरका कलाकृतिहरूले यसै कुराको सङ्केत गर्ने मत रामनिवास पाण्डे पनि राख्दछन् । उनका अनुसार 'पाल परम्पराको घटनाको गंगाको मूर्ति, नवौं शताब्दीको सोनवागढीको चामुण्डा मूर्ति, अरु दशदेखि चौंधौं शताब्दीसम्मका मन्दिरहरूको शिलाफलकमा कुँदिएको शिल्पकला, लुम्बिनी बगैंचाका धेरै मूर्तिहरू र पाल सेन शैलीको वरदागोरियाका मूर्तिहरूले के कुराको प्रमाण दिन्छ भने तेन्हौं चौंधौं शताब्दीसम्मका कपिलवस्तु जिल्ला र रूपन्देही परासीमा प्रशस्त रचनात्मक कामहरू भएका थिए । यसबाट के देखिन्छ भने पन्ध्रौं शताब्दीको आरम्भ हुनुभन्दा अगाडि त्यस क्षेत्रलाई कुनै स्थानिय वंशले आफ्नो अधीनमा राखेको थियो र यसका शासकहरूले स्थानीय विद्वान् र कलाकारहरूलाई खुबै प्रोत्साहित पनि गरेका थिए (२०२३:३८) ।' काठमाडौंका बज्राचार्यहरूले गर्ने 'अष्टमहाचैत्य वन्दनास्तोत्र'मा लुम्बिनीको उल्लेख पाइन्छ । यसरी नै श्री ५ सुरेन्द्रविक्रम शाहको राज्यकालमा रचित एउटा गीतमा बुद्ध लुम्बिनी गएको वर्णन परेको छ (परिशिष्ट घ) । यी कारणहरूले गर्दा बरु के भन्न सकिन्छ भने लुम्बिनी हराएको थिएन केबल स्थानिय व्यक्ति र सीमित बौद्धहरूमा मात्र संकुचित हुन पुगेको थियो । केहीले यसको ऐतिहासिकता नबुझेर अर्कै अर्थमा लिन पुगेको पनि देखियो भने सम्बन्धित समुदाय लुम्बिनीप्रतिको आफ्नो साँस्कृतिक सम्बन्धबारे बताउन नसक्ने भएपनि त्यससँगको आफ्नो परम्परालाई भने जीवित नै राखेको पाइन्छ । उदाहरणको लागि लुम्बिनी वरपरका स्थानीय जनता लुम्बिनीमा आजभोलि पनि 'छ्योवर' गर्न आउँछन् र यो संस्कार परम्पराअनुसार यस क्षेत्रमा गर्नु पर्ने बताउँछन् । यिनीहरू

तस्विर सङ्ख्या ३२ : लुम्बिनीमा आफ्नो सन्तानको छ्योवर गर्ने परम्परा भएका आदिवासी समुदायका एक महिला प्रथम सन्तानको छ्योर कर्म गराउँदै ।

यसलाई 'कराइ चढाना' भन्दछन् । बच्चाको पहिलो पल्ट गरेको मुण्डनको केश पहिला पहिला भए अशोक स्तम्भमा चढाउँथे भने हाल सो गर्नमा लुम्बिनी विकास कोषले रोक लगाएको छ । यसो भएपनि 'कराई चढाउन' का लागि यिनीहरू यहाँ आउने परम्परा हराएको छैन । लुम्बिनीमा कपाल चढाइसकेपछि यिनीहरू कराइमा पकवान पकाई मन्दिरमा चढाउने र आफूहरू पनि खाएर जाने परम्परा पाइन्छ ।6 यो संस्कार भिक्षु सुदर्शन महास्थविरको विचारमा प्रव्रज्या संस्कारको साँस्कृतिक अवशेष हो (१९७९:३४) ।

लुम्बिनीको पुरातात्त्विक क्षेत्र र त्यस वरपरको सामाजिक, साँस्कृतिक नृतत्त्व आदि विषयमा शूक्ष्म रूपमा अध्ययन गर्ने हो भने यसको प्राचीनता र त्यसको निरन्तरताहरू अझै पनि प्रकाशमा आउने देखिन्छ । माथि उल्लेखित तथ्यहरूको आधारमा पनि लुम्बिनी इतिहासको कालखण्डमा नहराएको बरु प्रचार प्रसारको अभावमा ओझेलमा पर्न गएको स्पष्ट हुन्छ । आधुनिक संसार सुहाउँदो प्रचारप्रसार भने सन् १८९६ मा खड्गशमशेर र डा. ए. फुहररको कामपछि भएको थियो र यसले गर्दा लुम्बिनी पुनः पत्ता लागेजस्तो भ्रम हुन गयो ।

अध्याय - चार

खोज, उत्खनन् र निर्माण कार्य

भारतको इतिहासमा गुप्त कालसम्म बुद्ध धर्मले राम्रो स्थान जमाए पनि त्यसपछिको राजनीतिक उथलपुथलसँगै बुद्ध धर्मको प्रभाव क्षेत्र साघुँरिंदै गएको पाइन्छ। फाहियान र हुयनसाङहरू लुम्बिनी आउँदासम्म धार्मिक वातावरण भए पनि उपेक्षाको शिकार त्यत्तिबेला नै भैसकेको आभाश पाइन्छ। उपेक्षाको अवधि लामो कालसम्म रहेको बारेमा अघिल्लो अध्यायमा चर्चा भैसकेको छ। राजनैतिक उथलपुथलसँगै भारतमा बुद्ध धर्म प्रभावित भैरहेपनि यसको अभ्यास नेपाल, जापान, चीन, तिब्बत, कोरिया, श्रीलंका, जापान, थाइल्यान्ड, बर्मालगायतका एसियाली मुलुकहरूमा थियो। ई. १८८० तिर बुद्ध धर्म युरोपतिर लोकप्रिय हुन पुग्यो। युरोपमा यसै बेला 'धम्मपद'लगायतका अन्य बौद्ध ग्रन्थहरूको अनुवाद पनि धमाधम भइरहेको थियो।

युरोपको ध्यान जसै बुद्धका उपदेशहरूतिर आकृष्ट भयो स्वाभाविक रूपमा उनीहरूमा बौद्ध धर्म, संस्कृति, पुरातत्त्व आदिको इतिहासका बारेमा पनि जिज्ञासा हुन थाल्यो। यस्तैमा सरकारी निकाय भारतीय पुरातात्त्विक सर्वेक्षण विभाग पनि आफ्नो कार्यमा सक्रिय भैरहेको हुँदा भारतका विभिन्न ठाउँहरूबाट अशोक स्तम्भहरूको पत्ता लाग्दै थियो जसले गर्दा उनीहरूमा पुरातात्त्विक खोजी गर्ने कार्यमा थप हौसला प्राप्त भइरहेको थियो। भारतीय इतिहास अध्ययनका लागि अतुलनीय योगदान गरेका ती अशोक स्तम्भहरूबाट बुद्धसँग सम्बन्धित स्थलहरूका बारेमा पनि जानकारी हुँदै गर्दा उक्त निकायका अधिकारीहरूको ध्यान बुद्धसँग सम्बन्धित स्थलहरूको खोजी गर्नेतिर पनि लाग्यो। उता चिनियाँ यात्री हुयनसाङ र फाहियानको यात्रा वृत्तान्त पनि भरखरै अङ्ग्रेजीमा उल्था भएको थियो। त्यसले गर्दा भारतमा बौद्ध तीर्थस्थलको खोजीमा थप ध्यान आकृष्ट गऱ्यो।

ऐतिहासिक स्थलहरूको खोजीका क्रममा गौतम बुद्धको जन्मस्थल लुम्बिनीलगायत बुद्धसँग सम्बन्धित अन्य स्थलहरूको समेत अध्ययन भइरहेको थियो। बौद्ध स्मारक स्थलहरूको खोजीको मूल आधार ललितविस्तरलगायत बौद्ध ग्रन्थहरू र चिनियाँ यात्रीहरूका

यात्रा वृत्तान्त थियो । लुम्बिनीको अन्वेषणको क्रममा भारतीय पुरातत्त्वका पिता मानिएका प्रसिद्ध पुरातत्त्वविद् जनरल अलेक्जेन्डर कनिंघम भारतको उत्तर प्रदेशको बस्ती जिल्लामा मोहना नदीलाई रोहिणी नदी, आमकोहित गाउँ नै कोलिय नगर अनि मोक्सोम नगर लुम्बिनी हुनुपर्छ भनी सन् १८७४ देखि अनुमान गरेका थिए भने कार्लाइलले शिवपुरको आसपास लुम्बिनी, वारपारको दक्षिणतिरको पोखरी सिद्धार्थलाई स्नान गराएको पोखरी, गर्दीनाला नै तैलनदी, कोलीय राज्य वाराह क्षेत्र हुनु पर्छ भनी मन्तव्य दिइरहेका थिए (श्रीवास्तव १९५४:५६-५७) ।

लुम्बिनीको खोजी र प्राप्ति

लुम्बिनीको खोजीका सम्बन्धमा कनिंघम र कार्लाइलको अनुमान, अनुमान मात्रै रह्यो । तत्कालीन नेपाल विदेशीहरूका लागि अध्ययनको लागि सहज थिएन । यस्तैमा सन् १८९३ मा बलरामपुरका मेजर जसकरण सिंहले लुम्बिनीको शिलास्तम्भ आफूले देखेको भनी दाबी गरे । उनको दावी पत्रपत्रिकामा प्रकाशित हुँदा यसले एक प्रकारको हलचल मचायो तर कसैलाई देखाइदिने काम नहुँदा लुम्बिनी पत्ता लगाएको श्रेय उनले पाउन सकेनन् ।

भारतका विभिन्न भागहरूमा रेलवेको निर्माणका लागि नेपाल तराईको चारकोशे झाडीको जङ्गल काटिदै थियो । जङ्गल काटेर काठका मूढाहरू निकासी गर्ने कार्यमा पाल्पाका बडाहाकिम खड्गशमशेर सक्रिय थिए । सन् १८९६ तिर तत्काल रुम्मिनदेईको नामले चिनिएको लुम्बिनी क्षेत्रबाट पनि रूखहरू काटिदै थियो । यसै क्रममा जङ्गलभित्र ढुङ्गाको स्तम्भ कामदारहरूले देखेपछि सो कुरा बडाहाकिमको कानसम्म पुग्यो । सो स्तम्भ वरिपरिको माटो पन्छाउँदै गर्दा सन् १८९६ को डिसेम्वर १ तारिखका दिन जर्मनी पुरातत्त्वविद् डा.ए. फुहरर उक्त स्थलमा पुग्न सकेका थिए । अघि सन् १८९५ मा निग्लीहवास्थित अशोक स्तम्भ पत्ता लगाउने व्यक्ति पनि उनी नै थिए । उनले लुम्बिनीमा अशोकको शिलास्तम्भमा रहेको अभिलेखको फोटो खिच्नाका साथै त्यसको मसी उतार पनि लिए । सो उतार अर्का जर्मनी विद्वान् ब्राम्ही लिपि विशेषज्ञ इ. हुल्जलाई पढ्न लगाउँदा प्राचीन साहित्यिक स्रोतहरूले उल्लेख गरेको गौतम बुद्धको जन्मस्थल लुम्बिनी सोही ठाउँमा भएको र उनको जन्म स्मारकको रूपमा सम्राट अशोकले उक्त शिलास्तम्भ राखिएको तथ्य स्पष्ट भयो । यो कुरा संसारभर चाँदै फैलियो र यसरी लुम्बिनी पत्ता लागेको कुरा प्रचारप्रसार गर्ने कार्यमा डा. फुहररको ठूलो योगदान रहन पुग्यो ।

श्रेयको विवाद

लुम्बिनी कसले पत्ता लगाएको थियो भन्ने विषयमा विवाद रहेको पाइन्छ। एक समय यसै विषयलाई लिएर विद्वत् समाजमा ठूलै विवाद चर्केको पनि थियो। सुरुमा डा. फुहररले लुम्बिनी पत्ता लगाउने श्रेय आफू एक्लैले लिन चाहेको देखिन्छ। तर धेरै विवाद सिर्जना भएपछि डिसेम्वर १ तारिखका दिन वास्तवमा के भएको थियो सो कुरा लिखित रूपमा पठाउन अनुरोध गर्दै उनले जनरल खड्गसमशेरलाई एक पत्र पठाएका थिए (परिशिष्ट ङ)। उक्त पत्र लेख्दासम्म आफू एक्लैले सो श्रेयको दावी गर्न हिच्किचाउन थालिसकेको देखिन्छ। त्यसकारण श्रेय खड्गशमशेर र आफूले पाउनु पर्ने आसयको कुरा रहेको छ। तर प्रत्युत्तरमा खड्गशमशेरले स्पष्ट शब्दमा कसैलाई पनि श्रेय दिन चाहेनन्। उनले सो ठाउँमा खुदाइ गर्न तत्कालीन वीरशमशेरको आदेशले मात्र संभव भएकोले उनैलाई यो श्रेय जान्छ भनी पन्छिन खोजेको देखिन्छ (परिशिष्ट च)। यी दुवै पत्र तत्कालीन रोयल एसियाटिक सोसाइटीको प्रकाशनमा प्रकाशित भएपछि विवादलाई सोसाइटीले ठाउँ दिएन।

लुम्बिनी पत्ता लगाएको घटनाको सम्वन्धमा भुवनलाल प्रधान यसरी वर्णन गर्छन्- 'पाल्पाका तैनाथवालाको हैसियतमा काम गर्दा खड्गशमशेरलाई यथासमयमा रूम्मिनदेई (रूपनदेही) जंगलमा ढुंगे लाट जस्तो कुनै वस्तु जमिनमुनि परिरहेको छ भन्ने जनकारी मिल्यो। यिनी आफै गएर त्यस थलाको निरीक्षण गरे तथा त्यसको उत्खनन्को निमित्त व्यवस्था मिलाए। यसरी त्यो ढुंगे खम्बा खनेर निकाल्न यिनकै पहलकदमीमा रुम्मिनदेईको जङ्गलमा खोदाइको काम धमाधम हुन थाल्यो। उनी जङ्गलमा उत्खनन् भैरहेकै थलो नजिक मुकाम गरी त्यस काममा रेखदेख गरिरहे। यो घटना ई. १८९६ साल नोभेम्बर महिनाको अन्त्यतिरको थियो।

ई. १८९६ डिसेम्बर १ तारिखको दिन बिहान त्यस लाटलाई पुरिराखेको माटो अलिकति मात्र झिक्न बाँकी थियो। लाटको फेदनिरको माटो खनेर निकाल्ने काम जारी नै रह्यो। खम्बाको मुनितिर केवल तीन फिट मात्र बाँकी रहेको माटो धमाधम हटाइँदै थियो। त्यत्तिकैमा त्यहाँ एक जना विदेशी डा. फुहरर देखापर्न आए। उनले नेपाल सरकार काठमाडौंमा सम्पर्क राखेका थिए। फुहररले मागेको निकासा पाल्पाका तैनाथवाला खड्गशमशेरसँग नै लिनू भन्ने आदेश भएको थियो। त्यसैले फुहरर तानसेन पुगेका थिए। तर त्यस वेला खड्गशमशेर तानसेनबाट आएर बुटवलको जंगलमा खम्बा उत्खनन् गर्ने ठाउँमै मुकाम गरिरहेका थिए। त्यसैले तानसेनमा पनि डा. फुहररलाई तैनाथवाला खड्गशमशेरसित भेट्ने हो भने बुटवलको जंगलस्थित उनकै मुकाममा जानू भन्ने जवाफ

मिल्यो । तद्नुसार फुहरर तानसेनबाट बाटो सोध्दै त्यस जङ्गलमा आइपुगेका थिए। फुहररको खड्गशमशेरसित भएको पहिलो भेट नै यही थियो ।

यसरी डा.फुहरर त्यस उत्खनन् थलामा आइपुग्दा स्तम्भको फेदबाट तीन फिट मात्र माटो खनेर झिक्न बाँकी थियो । उनले त्यस लाटमा कुँदिएको अभिलेखको फोटो खिचे, त्यसको मसी उतार पनि लिए । त्यस थलामा घटेको यथार्थ विवरण यही थियो (१९९८:६-७) ।"

लुम्बिनीको पत्ता लगाउने श्रेय कसलाई दिने वा नदिने भन्ने सवालमा जुन दुई व्यक्तिको नाम आएको छ, त्यससम्बन्धमा केही भन्नुअघि ती दुई व्यक्ति को हुन् र लुम्बिनीका सम्बन्धमा तिनीहरूको योगदान के रहेको थियो भन्ने जान्नु अवश्यक हुन्छ। पहिलो व्यक्तिको रूपमा लिउँ, खड्गशमशेर । नेपालको इतिहासमा जहाँनियाँ राणा शासन स्थापना गर्ने जंगबहादुर राणाका भाइ जनरल धीरशमशेर (१८७९-१८८४) का सत्रभाइ छोरा मध्येका माइला खड्गशमशेर (१८६०-१९२१) हुन् । जंगबहादुर राणाले आफूपछि नेपालको शासन गर्नेहरूको रोलक्रम बनाउँदा यिनको नाउँ पनि त्यसमा परेको थियो । इ. १८८५ मा जंगबहादुरका उत्तराधिकारी रणोद्दीपसिंहको हत्या गर्ने कार्यमा यिनको सक्रीय सहभागिता थियो र यिनैले चलाएको गोलीले तत्कालीन प्रधानमन्त्री तथा श्री ३ महाराज रणोद्दीपसिंहको प्राण पखेरु उडेको थियो । उक्त हत्याकाण्डमा उनलाई निकै गौरव थियो र बेलाबेलामा भन्ने गर्थे रे- मैले एक गोलीले एक घण्टाभित्रै नेपालमाथि विजय प्राप्त गरेको हुँ । तर उक्त हत्याकाण्डपछि नेपालको शासक बनेका जेठो दाजु वीरशमशेर भने खड्गशमशेरबाट सधै सशङ्कित थिए र उनबाट छुटकारा पाउन आफ्नो शक्ति मजबुत भएपछि आफूबाट टाढा राख्न खड्गशमशेरलाई ई. १८८६ मा पाल्पा गौडाका तैनाथवाला नियुक्त गरी तानसेनमा पठाइएका थिए । यसरी तानसेनमा बसेर काम गर्दै गरेको अवधिमा नै लुम्बिनी पत्ता लागेको थियो ।

खड्गशमशेरको क्षेत्र पुरातत्त्व थिएन । लुम्बिनी पत्ता लाग्नुअघि उनमा बुद्ध वा बुद्ध धर्मसम्बन्धमा कुनै ज्ञान रहेको जानकारीसम्म पनि पाइँदैन । जङ्गलमा प्रस्तर खम्बा देखिएको हल्ला चलेपछि उनी त्यसको अध्ययनका लागि नभएर हात्ती लगाएर खम्बा नै उखेल्ने कार्यमा उद्यत रहेका थिए । यस्तैमा जर्मन पुरातत्त्वविद् डा. फुहरर उनको ठाउँमा पुगेका थिए । डा. फुहररले स्तम्भमा भएको अभिलेख उतार लिएर त्यसको पाठ् अर्थ्याएपछि गौतम बुद्धको जन्मस्थल एवं प्राचीन लुम्बिनी सोही ठाउँ हो भन्ने स्पष्ट भएको थियो । साथै यस घटनासँग तत्कालीन खड्गशमशेरको नाम पनि जोडिन पुगेको मात्र थियो ।

भुवनलाल प्रधानका अनुसार खड्गशमशेर राणाको इतिहास र पुरातत्त्वमा अभिरुचि

थियो । प्रधानको उक्त कथन पर्सिभल ल्यान्डनको भनाइबाट प्रभावित देखिन्छ । ल्यान्डनले आफ्नो 'नेपाल' (१९२८) नामक पुस्तकमा उनलाई पुरातात्त्विक अध्ययनमा उत्सुक विद्यार्थीको रूपमा चित्रित गरेका छन् । पुरातत्त्वको विद्यार्थीको गुण बरु लुम्बिनी पत्ता लागेपछि विकास भएको हुन सक्छ । उनले ई. १९०४ मा लखनउबाट प्रकाशित हुने 'पाइँनियर' पत्रिकामा 'बुद्धिस्ट आर्कोलोजी इन द नेपाल तराई' तीन खण्डमा प्रकाशित गराएका थिए । नेपालको पुरातत्त्वसम्बन्धमा लेख्ने पहिलो नेपाली संभवतः उनी नै हुन् ।

लुम्बिनी पत्ता लगाउने श्रेय कसैकसैले डा. फुहररलाई मात्र दिने गरेको छ भने केही दिन यता नेपाली विद्वान्हरू संयुक्त रूपमा खड्गशमशेर र डा. फुहररलाई दिन रुचाएको देखिनमा आएको छ । नेपाली पक्षको यो रुचि राष्ट्रवादबाट प्रेरित देखिन्छ । पुरातत्त्वसम्बन्धी कुनै ज्ञान नभएका खड्गशमशेरलाई यदि डा. फुहररले नभेटेका भए केही दिनपछि नै अशोकस्तम्भ उखेल्न खड्गशमशेर पक्कै सफल हुन्थे र यो घटना पुरातत्त्वको अध्ययनमा हानिकारक र लुम्बिनीको सम्वन्धमा हत्या सावित हुन्थ्यो । जङ्गलमा ढुङ्गाको खम्वा देखिएपछि उनले गरेको कार्यलाई कुनै हालतमा पनि पुरातात्त्विक उत्खनन् कार्य भन्न सकिने अवस्थाको थिएन किनभने उनको काम अनुसन्धान र अध्ययनबाट प्रेरित थिएन केवल जिज्ञासामात्र थियो । यदि यसो होइन भने उनको काम गराइको कुनै रेकर्ड राखिनु पर्थ्यो सो राखिएको पाइँदैन । त्यस बखत र पछि राणाकालभरि नै बौद्ध धर्मप्रति तिनीहरूको रुखो व्यवहार, देशबाट बौद्ध भिक्षुहरूको निकाला गर्नु इत्यादिले बौद्ध धर्मप्रति तिनीहरूको व्यवहार प्रष्ट हुन्छ ।

खड्गशमशेरले आफ्नो अन्तिम समयमा भारतको राजस्थानमा निर्वासित जीवन बिताउनु परेको थियो । तत्कालीन प्रधानमन्त्री एवं श्री ३ महाराज वीरशमशेरले आफूलाई खतरा आउन सक्ने त्रासले काठमाडौंबाट पाल्पामा धपाइएका भाइ खड्गशमशेरले पाल्पामै शक्तिसंचय गरी राजधानी काठमाडौं हान्न आउने तयारी गरिरहेको भन्ने भ्रममा कारवाही चलाउन लाग्दा खड्गशमशेर आफ्ना आसेपासेसहित सपरिवार भारतको राजस्थाको सँगर सहरतर्फ भाग्नु परेको थियो । त्यहीं उनको बसोवास रह्यो तर उनको मृत्यु सन् १९२१ मा बनारसमा भएको थियो । आज पनि उक्त सहरमा उनीसँगै गएका केही नेवारहरूको आवादी छ ।

लुम्बिनीको पत्ता लगाउने श्रेय लिने अर्को व्यक्तित्व हुन् डा. ए..फुहरर । जर्मन नागरिक डा. फुहरर भारतीय पुरातत्त्व सर्वेक्षण विभाग अन्तर्गतका एक पुरातत्त्वविद् थिए । आफ्ना हाकिमहरूको निर्देशनअनुसार नेपालभित्र निगिलहवासम्म आएर उनले ई. १८९५ मार्चमा त्यहाँ त्यसै ढलिररहेको अशोक स्तम्भमा रहेको अभिलेखको उतार लगेका

थिए । त्यसको पाठको अर्थ ठम्याइएपछि भारतीय पुरातत्त्व सर्वेक्षणका अधिकारीहरूले नेपाल भूभागभित्र अरू पनि अशोक स्तम्भहरू हुन सक्ने संभावना देखे । एल. ए. वाडेलले पनि बुद्धको जन्मस्थलको खोजी गर्न चाहे र सोहीबमोजिम उनले नेपाल सरकारसँग अनुमति मागी दिन बृटिश सरकारसँग अनुरोध गरे । सन् १८९६ को अगष्ट महिनामा वंगाल सरकारले उनलाई चाहिने खर्चको बन्दोबस्त गर्ने वचनवद्धता पनि दियो । उनलाई नेपालमा काम गर्न दिन नेपाल सरकारले पनि रुचाएको थियो र अन्तिम अनुमति पाल्पाका बडाहाकिमसँग लिनु पर्ने थियो जुन निश्चित रूपमा पाउँथ्यो । तर अचानक ६ फेब्रुअरी १८९६ मा वाडेलले आफ्नो सट्टामा पुरातत्त्वका सर्भेयर डा. ए. फुहररले नेतृत्व गर्ने खवर पाए (Falk 1998:11-12) ।

नेपाल सरकारबाट अनुमति प्राप्त गर्ने सिलसिलामा कम्पनी सरकारले काठमाडौंसँग सम्पर्क राखेको थियो । नेपाल सरकारको तर्फबाट जवाफमा उक्त क्षेत्र खड्ग शमशेरको तैनाथी इलाकाभित्र परेकोले चाहिने निकासापुकासा उनैसँग लिनू भन्ने आदेश दिइएको थियो (Fuhrer 1972: Preface) । तद्नुसार डा. फुहरर पाल्पा, बुटवल हुँदै निग्लीहवा जान लागेका थिए तर बाटोमै खड्गशमशेर निग्लिहवामा नभई पडरिया बजारनजिकै क्याम्पमा भएको थाहा पाएर त्यहीँ पुग्दा बडाहाकिम जङ्गलभित्र रहेको शिलास्तम्भ निकाल्न लगाउँदै थियो । डा. फुहरर त्यहाँ १८९६ को डिसेम्वर १ तारिखमा पुगेका थिए र उनी त्यहाँ पुग्दा केही भागमात्र खन्नु बाँकी थियो । संभवतः डा. फुहरर खड्गशमशेरको काम गराईवाट झस्के र तत्कालै सो काम नगर्न अनुरोध गरे होलान् किनभने त्यो पुरातात्त्विक उत्खनन् थिएन । उनले शिलास्तम्भमा भएको अभिलेखको तस्बिरका साथै उतार पनि लिए । डा. फुहररले उतार लिएको अभिलेखको ब्राम्ही लिपिविज्ञ इ. हुल्जले अर्थ लगाएपछि सो अभिलेख भेटाएकै क्षेत्र बुद्धको जन्मस्थल लुम्बिनी भएको प्रमाणित भएको थियो ।

डा. फुहरर नेपालमा तीन पल्टसम्म काम गर्न आएका थिए । उनलाई तेस्रो पल्ट प्राचीन कपिलवस्तु पत्ता लगाउन भनेर भारतीय पुरातत्त्व सर्वेक्षणले खटाएको थियो । उनले शाक्यहरूको बधस्थल सगरहवामा उत्खनन् पनि गरेका थिए । तर उनका ती कार्यहरूले धेरै पुरातात्त्विक क्षेत्रको क्षति भएको र उनको रिपोर्ट पनि गलत भएको आरोप लगाएर १८९८ अगस्टको २४ तारिखदेखि सेवाबाट वर्खास्त गरिएको थियो । यी सबै काय भी. ए. स्मिथको रिपोर्टअनुसार भएको थियो (Falk1998:11-12) ।

लुम्बिनीको प्रचार प्रसारमा खड्गशमशेर र डा. ए. फुहरर दुवैको योगदान रहेको देखिन्छ । खड्गशमशेरको सहयोग नपाएका भए लुम्बिनीका सम्बन्धमा डा. फुहररको

कुनै पनि भूमिका रहँदैनथ्यो । अशोक स्तम्भ देखेकै आधारमा त्यसको पत्ता लगाउने श्रेय दिने हो भने त यो कहिल्यै हराएकै थिएन । मेजर जशकरणसिंह आदिले पनि देखेका थिए । त्यस्तै स्थानिय जनता र रूख काट्ने मजदूरहरूले पनि सो देखेकै कुरा हो । अशोक स्तम्भ पत्तालाग्नु नै लुम्बिनी पत्ता लाग्नु होइन । मुख्य कुरा त सो स्तम्भमा भएको अभिलेख भेटाउनु र त्यसको अर्थ गरी त्यसलाई प्रचारप्रसार गर्नु हो । अभिलेखको अर्थ लगाउने र प्रचारप्रसार गर्ने कार्यमा त डा. फूहररपछि धेरै विद्वान्हरू निस्के तर अग्र व्यक्तित्वका रूपमा भने डा. फूहररकै नाम अगाडि आउँछ र त्यस कार्यमा खड्गशमशरको सहयोग नपाउने हो भने डा. फूहररको त्यसमा कुनै भूमिका नहुने कुरा पनि पक्का भएकोले यहाँ यी दुवैको योगदानलाई ध्यानमा राख्नु पर्दछ ।

प्राप्त पुरातात्त्विक सामग्रीहरूः

अशोक स्तम्भ : जनरल खड्गशमशेरको प्रयासले प्रकाशमा ल्याइएको लुम्बिनीस्थित अशोक स्तम्भमा रहेको अभिलेख डा. ए. फुहररले उतार लिई विशेषज्ञलाई पाठ पढ्न लगाएका थिए । सोही बेला बौद्ध ग्रन्थहरूमा बुद्धको जन्मस्थल लुम्बिनी भनिएको ठाउँ पहिचान भएको थियो ।

सिद्धार्थको जन्म चित्रित मायादेवीको मूर्ति : अशोक स्तम्भमा अंकित अभिलेख पढिसकेपछि सो स्थल बुद्धको जन्मस्थल तथा बौद्ध साहित्यहरूमा भनिएको लुम्बिनी भनी प्रमाणित भैसकेपछि त्यहाँ अन्य कुराहरूको पनि खोजी भयो । यसै क्रममा स्थानिय व्यक्तिहरूले वनदेवी, रूपादेवी वा रुम्मिनदेई भनी पुज्दै आएको सिद्धार्थको जन्म चित्रित मायादेवीको मूर्ति पहिचान भएको थियो । यस मूर्तिका सम्वन्धमा विस्तृत विवरण अघिल्लो दोस्रो अध्यायमा भैसकेको छ ।

शाक्य पुष्करिणी : फाहियान तथा हुयनसाङले पनि उल्लेख गरेको मायादेवीले शिशुजन्माउनु अघि नुहाएको भनिएको शाक्य पुष्करिणी पनि यसै बेला चिनिएको थियो (Fuhrer 1972:5) । यस शाक्य पुष्करिणीका बारेमा विस्तृत विवरण दोस्रो अध्यायको पूर्व मौर्यकालखण्डमा दिइएको छ ।

चार वटा चैत्य : अशोक स्तम्भनजिकै चार वटा स्तूप देखेको कुरा डा. फुहररले आफ्नो 'एन्टीक्वीटिज अफ बुद्ध शाक्यमुनिज बर्थ प्लेस इन द नेप्लिज तराई' मा उल्लेख गरेका छन् (Fuhrer 1972) । यसको अर्थ हो, खड्गशमशेरले अशोकस्तम्भको साथसाथमा त्यसको वरिपरिका ढिस्कोहरू पनि सम्याउन लगाएका थिए । सोही बेला यी चार वटा स्तूप भेटाइएको थियो । यी चार वटा स्तूपको उल्लेख हुयनसाङले पनि आफ्नो यात्रा वृत्तान्तमा गरेका छन् ।

पी.सी. मुखर्जीको अध्ययन (१८९८)

डा. ए. फूहररलाई नेपालबाट फिर्ता बोलाइसकेपछि उनको ठाउँमा पूर्णचन्द्र मुखर्जी (पी. सी. मुखर्जी) काम गर्न आएका थिए। उनी भारतीय पुरातत्त्व सर्वेक्षणमा कार्यरत एक बंगाली हुन्। प्रमुख पुरातत्त्वविद् भिन्सेन्ट स्मिथको मार्गनिर्देशअनुसार काम गर्न उनी नेपाल आएका हुन् (Mukherji 1996:85)।

२३ जनवरीमा लखनउबाट तौलिहवा (नेपाल)का लागि हिँडेका उनी २५ तारिखको साँझमात्र पुगेका थिए। उनले ३ फेब्रुअरीवाट उत्खनन् र अन्वेषणको काम थालेका थिए। उनीभन्दा अघि काम गर्ने डा. फुहररले प्राचीन कपिलवस्तु भनेको सगरहवा नभई तिलौराकोट हुनसक्ने ठम्याई थियो र उनको काम त्यसैमा केन्द्रित रह्यो। यसका लागि तिलौराकोट वरिपरि पनि अध्ययन गर्ने क्रममा उनी रुम्मिनदेई वा लुम्बिनीतर्फ हिंडेर अर्को दिन ११ मार्चमा पुगेका थिए।

मुखर्जीको वर्णनअनुसार लुम्बिनी वा रुम्मिनिदेई भारतीय बजार दुल्ला वा सीमा स्तम्भ नम्बर ३५ बाट ६ माइल उत्तर पूर्वमा नेपाली तहसिल भगवानपुरबाट २ माइल उत्तरमा पर्दछ। पडरिया गाउँबाट एक माइलजति उत्तरमा पूर्व पश्चिम फैलिएको एउटा ठूलो ढिस्को रहेको थियो जसले प्राचीन नगरको सङ्केत गर्दथ्यो। यो ढिस्कोभन्दा ५०० फिट जति उत्तरमा अर्को ठूलो ढिस्को रहेको थियो। यसको नाप करीव ३००' X ४००' फिट रहेको थियो। कुनै समय खाल्डोले घेरिएको देखिन्थ्यो। यो स्थानिय जनताले रुम्मिनदेई नाउँले पुज्दै आएकी देवीको थान हो। वास्तवमा यो ढिस्को मूर्तिहरूको टुक्राटाक्री र पुरातात्त्विक सामग्रीहरूको थुप्रो थियो। यो ढिस्कोको उत्तर पश्चिमको उँचाइमा बनाएको भर्खरैको एउटा सानो भद्दा खालको कोठामा मूर्ति राखिएको छ। ढिस्कोभन्दा करिब १०० फिट दक्षिणमा एउटा सानो पोखरी छ जसको पानी सफा र पिउनयोग्य छ। पोखरीको पूर्व सानो ढिस्को छ र त्यसभन्दा १०० फिट उत्तर पूर्वमा अर्को त्यस्तै खालको ढिस्को थियो।

उत्खनन् कार्य

मुखर्जीले अशोक स्तम्भको अवस्थिति रुम्मिनदेई मन्दिरको उत्तर-पश्चिम कुनाबाट ४५ फिट पश्चिम र ढिस्कोको टुप्पोबाट २५ फिट मुनि देखाएका छन्। सम्भवतः त्यति बेला अशोक स्तम्भलाई छोपिएको माटो पूरै हटाइसकिएको थिएन। उनले सो काम गरे। उनले त्यहाँ साढे पाँच फिटसम्मको गहिराइमा उत्खनन् गरे तर जगसम्म भने पुग्न सकेनन्। स्तम्भको एक फिट ५ इन्च वरिपरि ईंटाको गारो उठाएको कुरा उनले पनि

उल्लेख गरेका छन् । सो गारो एउटै कालखण्डका भने रहेनछ । सबैभन्दा तलको गारोको ईंटा ठूलो र प्राचीन देखिन्थ्यो भने त्यसभन्दा दुई फिट आठ इन्चमाथि पछि बनेको देखिन्थ्यो । तेस्रो वा माथिलो गारो भने पछिल्लो कालको हो । मुखर्जीले त्यहाँ आफूले गरेको उत्खनन्को नतिजा आफ्नो रिपोर्टमा दिएका छन् । जसअनुसार गारोको उत्तरमा उत्खनन् गर्दा ईंटाका टुक्राहरूको बाक्लो सतह भेटिएको थियो र त्यसभन्दा तल उनी गएनन् । पश्चिमी गारोको ३ फिट सात इन्च तलसम्म गएर उत्खनन् गरे । यसरी नै दक्षिणको गारोतिर उत्खनन् गर्दा उत्तरको जस्तै ईंटाहरूको बाक्लो सतह आएको थियो । त्यसलाई काटेर तल ६ फिटसम्म जाँदा चारैतिर इँटा बिछ्याएको भेटियो ।

यसरी नै स्तम्भबाट ५० फिट दक्षिण पश्चिमस्थित ढिस्कोको दक्षिण पश्चिम भिरालोमा उत्खनन् गर्दा उत्तरबाट आइरहेको पर्खाल पूर्वतिर गएको र यहाँबाट एउटा 'क्रसवाल' दक्षिणतिर गएको भेटाए । मुखर्जीले यसलाई स्तूप हुनसक्ने अनुमान गरे । (वास्तवमा यो स्तूप नै रहेछ, जुन पछिको उत्खनन्बाट प्रकाशमा ल्याइएको छ ।)

स्तम्भभन्दा १५ फिट पूर्वमा ईंटाका टुक्राहरूको ठूलो ढिस्कोमाथि स्तम्भबाट ४५ फिट पूर्वमा रहेको रुम्मिनदेई भत्केको बिग्रेको अवस्थामा थियो । त्यहाँ पनि उनले अलिकति उत्खनन् गरे । त्यहाँ दक्षिणमा तुरुन्तै ईंटाको तह देखे । त्यसभन्दा अझ तल जाँदा अरू दुई थप सतह पाए, कम्पाउण्ड पनि देखे । झर्खरै उत्खनन् गरेको पर्खालभन्दा मुनिबाट अत्यन्त राम्रो कालिगढीको बुट्टेदार इँटा भेटियो । ती कुनाहरू पछ्याउँदै गएर रथकहरू गन्दा सबै दिशामा सात सात वटा पाइयो । यो मन्दिर शिल्पशास्त्रअनुसारको सप्तरथ शैलीमा बनेको देखिन्छ । त्यहींबाट उनले बज्रवाराही, उभिरहेका तीन मूर्ति, पार्वती र मायादेवीको मूर्तिको टाउकोको भाग पाएका थिए (Mukherji1996:120) ।

जसलाई रुम्मिनदेई थान भनिएको छ त्यसभन्दा १६ फिट उत्तरमा एउटा सन्यासीले केही वर्षअघिमात्र एउटा मठ बनाएको थियो । सन्यासी मरेपछि दुई कोठाको त्यो मठको छाना खसेर जीर्ण भैसकेको थियो । सन्यासीले ढिस्कोलाई सफा गरेर मठ बनाएको थियो । मठ बनाउने क्रममा दुई वटा स्तूपलाई त्यहाँबाट हटाएको रहेछ । तर एउटा स्तूपको जग भने देख्न सकिने स्थितिमा थियो । भित्र कोठामा प्राचीन मूर्तिका थुप्रै टुक्राहरू मुखर्जीले देखेका थिए जसमध्ये बुद्धको लामो टाउको भएको मूर्ति उल्लेखनीय छ (Mukherji 1996:118) ।

लुम्बिनीको उत्खनन् कार्यपछि १९ तारिखमा सैनामैनातिर लागेको टोलीलाई स्वास्थ्यले साथ नदिएको र स्वयं मुखर्जी पनि विरामी परेपछि उनीहरू २९ मार्चमा लुम्बिनी छाडे । तर, पछि पुनः दोस्रो पल्ट आएर अध्ययन गरेका थिए ।

प्राप्त पुरातात्त्विक सामग्रीहरू

पी. सी. मुखर्जीले लुम्बिनीको थोरै बसाइमा पनि गहन अध्ययन गरेको पाइन्छ। उनले पुरातात्त्विक ढिस्कोहरूको अध्ययन र उत्खनन् गरेर रिकर्ड राख्ने गरेकोले पछि अध्ययन गर्नका लागि धेरै नै सहायकसिद्ध भएको छ। उनले त्यहाँ उत्खनन् मात्र गरेका थिए, संरक्षण कार्य गरेका थिएनन्। उनले उत्खनन् गरेपछि सबैलाई छोप्ने काम पनि गरे। आफूले थुप्रै मूर्तिका टुक्राटाक्रीहरू देखेको भन्ने बाहेक के कति पाए भन्ने यथेष्ट रिकर्ड छैन। तर पनि केही मूर्तिहरूको विवरण यस प्रकारको छ-

मायादेवी मूर्तिको शीर्ष भाग : सन् १८९६ मा खड्गशमशेर र डा. फुहररले लुम्बिनीमा काम गर्नुअघिदेखि नै बुद्धकी आमा मायादेवी स्थानिय जनताबाट अर्कै नाउँमा पुजिदै आएकी भएपनि त्यो शीरविहीन थियो। डा. होयले यो मायादेवीले शिशुलाई जन्म दिइरहेको मूर्ति भनेर पहिचान गरेका थिए। पी. सी. मुखर्जीले मन्दिरको बाहिर पूर्वपट्टिबाट उक्त टाउको भेटाएर ल्याई जोडेपछि मूर्तिले पूर्णता पाएको थियो।ड हाल यही मूर्ति लुम्बिनीको ३ प्रमुख शिलामध्ये एक हुनु पुगेको छ। प्रथम जन्मशिला, दोस्रो शिलास्तभ र तेस्रो यो मूर्ति। यी तीन बाहेक लुम्बिनीमा अन्य प्राचीन शिलाका अवशेषहरू पाइँदैन नै भने हुन्छ।

बज्रवाराही : चार फिट उचाइ र दुई फिट एक इन्च चौडाइको यो मूर्तिको अनुहार खिइसकेको छ। तर यो मूर्ति त्यहाँ पछिल्लो समयमात्र पुगेको अनुमान हुन्छ वा कसैले अन्तैबाट उठाएर यहाँ ल्याएको मात्र पनि हुन सक्छ।

पार्वती : हिन्दू धर्ममा महादेवकी शक्ति पार्वतीको यो मूर्ति पाइनुको अर्थ पछिल्लो समयमा यहाँ स्थापित गरेको वा कसैले अन्तै बाट ल्याएर राखिएको भन्ने बुझिन्छ। यहाँ पार्वतीको टाउको मात्र भेटिएको छ। मुखर्जीका अनुसार यो गौरी शंकरको युगल मूर्तिको एक भाग थियो।

एक पुरुषसहित तीन व्यक्ति उभिरहेको मूर्ति : एक पुरुषसहित तीन मानवाकृति भएको यो मूर्ति दुई फिट चौडा र एक फिट तीन इन्च उचाइको छ। यो सायद मन्दिरको प्रवेश द्वारमा रहेको आंशिक खम्बाको भाग हुन सक्छ।

केशरशमशेरको कार्य (सन् १९३३ – १९३९)

लुम्बिनी पत्ता लागेपछि पहिलो पल्ट सन् १९३३-३९ मा जनरल केशर शमशेरको नेतृत्वमा विस्तृत रूपमा यहाँ काम भएको थियो। तर उनले गरेको कामलाई नकारात्मक रूपमा लिने गरेको पाइन्छ। धेरैजसो विद्वान्हरू र यस सम्बन्धमा रुचि राख्ने सर्वसाधारण



तस्विर सङ्ख्या ३३ : लुम्बिनीको प्रारंभिक उत्खनन् वेलाको अवशेष



तस्विर सङ्ख्या ३४ : दक्षिणबाट देखिने मायादेवी मन्दिरको भग्नावशेष



तस्विर सङ्ख्या ३५: चार वटा कालको वास्तुअवषेश देखिने मायादेवी मन्दिरको दक्षिणपश्चिमको दृष्य

पनि उनको कार्य वैज्ञानिक नभएको र त्यसबाट लुम्बिनीका पुरातात्त्विक महत्त्वका कुराहरू नष्ट हुन पुगेको आरोप लगाउने गर्दछन् । मायादेवी मन्दिर वरिपरि गरिएको कार्य 'लेभलिंग मेथड' मात्र भएको पनि भनिन्छ (Rijal 1996:3) । तर उनले त्यस्तो के के कुरा बिगारे र कस्तो असर पऱ्यो भनेको पाइँदैन । यसो हुनु स्वाभाविक पनि हो । केशरशमशेरले आफूले गरेको कार्यको कुनै पनि रिपोर्ट र टिपोट प्रकाशित गरेनन् । यो नै उनको ठूलो दोष थियो । तर उनले रिपोर्ट लेख्दै नलेखेको भने रहेनछ भन्ने जानकारीमा आएको छ । प्रा. डा. मुकुन्दराज अर्यालका अनुसार उनले यस सम्बन्धी लेखेको रिपोर्ट केशर लाइब्रेरीमा थियो (Aryal 1995:510) तर अप्रकाशित र नभेटिएको सो रिपोर्टको खोजी राष्ट्रियस्तरबाट हुनुपर्ने देखिन्छ । यस्तो अवस्थामा उनले काम थाल्नुभन्दा अघि लुम्बिनीको वस्तुस्थिति कस्तो थियो, त्यहाँ के के भएको थियो भन्ने कुरा अनुमान गर्नलाई पनि मुस्किल छ । उनको काम गराइको भौतिक नतिजा मात्र हामीलाई उपलब्ध छ ।

केशरशमशेरका कार्यहरू :

मायादेवी मन्दिर निर्माण: हालको मायादेवी मन्दिरको पूर्व रूपको निर्माण केशरशमशेरले गरेका थिए । अशोक स्तम्भदेखि पूर्वको माटाको ढिस्कोमाथि रोमन शैलीमा सेतो चुना लगाएर निर्माण गरेको संरचनालाई नै हाल मायादेवी मन्दिरको नामले चिनिन्छ ।







तस्विर सङ्ख्या ३६, ३७, ३८ : केशर शमशेरभन्दा अघि नै निर्मित संरचनाको उत्खनन्का वेला बज्र उप्काउँदाको दृष्यहरू ।

लुम्बिनीमा हालको भूसतह समुद्रबाट ठीक एक सय मिटर माथि रहेको छ। खड्गशमशेर, डा. फुहरर तथा पी.सी. मुखर्जीले त्यहाँ काम थाल्दा अशोक स्तम्भको पूर्व ठूलो माटाको ढिस्को थियो। उक्त ढिस्को माथि कुनै एक सन्यासीको मठ थियो। तर त्यति बेला सन्यासी मरिसकेकोले मठ बेहाल अवस्थामा थियो। यसरी नै मठको दक्षिण १६ फिटको दूरीमा एक भद्दा खालको कोठा बनाई सिद्धार्थलाई जन्मदिइराखेको मायादेवीको मूर्ति राखिएको थियो जसलाई स्थानीय जनता वनदेवी वा रुम्मिनदेई भनी पूजा गर्दथे। मौर्य सम्राट अशोक लुम्बिनीमा आउँदा सिद्धार्थको जन्मस्थल चिनाउन शालवृक्षमुनि सात



तस्विर सङ्ख्या ३९ : जनरल केशरशमशेरद्वारा लुम्बिनीमा काम गर्नुअघि अर्थात १९३३ भन्दा पहिलेको मायादेवी मन्दिरको दृष्य

तहको इँटामाथि हिफाजतसाथ राखिएको शिलामाथि पछि विभिन्न कालहरूमा निर्माण कार्यहरू भएको थियो र गुप्त कालमा त्यहाँ शिखर शैलीमा सप्तरथ मन्दिर निर्माण गरिएको थियो । तर पछि लुम्बिनी ओझेलमा पर्दा यो मन्दिर पनि जीर्ण भई अन्ततः माटोको ढिस्कोमा परिणत भएको थियो । कालान्तरमा त्यसलाई वनदेवीको कल्पना गरी रुम्मिनमाई भनिएको थियो । पी. सी. मुखर्जी आउँदासम्म पनि यसले 'मायादेवी मन्दिर' नाम पाइसकेको थिएन बरु उनले आफ्नो पुस्तकमा मायादेवीको मूर्तिको मन्दिर वा मूर्ति रहेको मन्दिरसम्म भनेका थिए । तर पछि यसको नामकरण मायादेवी मन्दिर नै भएर गयो ।

स्तम्भको पूर्व मायादेवी मन्दिर निर्माण गर्दा माटाको ढिस्कोबाट के कति माटो झिकियो, माटो झिकेर भित्रको वास्तुमा छोयो छोएन, छोयो भने छुनु भन्दाअघि त्यहाँ कस्तो संरचना थियो र कतिसम्म इँटा झिकियो आदि बारे कुनै जानकारी छैन । तर उनले बनाएको मन्दिरको संरचनाको अध्ययन गर्दा उक्त ढिस्कोमा केशरशमशेरले खासै बिगारेको देखिन्न । माटो पन्छाउँदै गर्दा जहाँ जहाँ इँटाको संरचना भेटिन्छ त्यहाँसम्म मात्रै गएर सम्पूर्ण संरचनालाई छोपिदिएको थियो । सिद्धार्थ गौतमको जन्मसम्बन्धी मायादेवीको मूर्ति राख्न एउटा कोठा त्यहाँ पहिल्यै बनिराखेको जानकारी मिल्छ ।



तस्विर सङ्ख्या ४० : जनरल केशर शमशेरले काम गरिसकेपछिको लुम्बिनीस्थित मायादेवी मन्दिरसहिनत शाक्य पुष्करिणी

केशरशमशेरले लुम्बिनीमा काम गर्नुअघि त्यहाँ देखिएको संरचना स्थानीय जनताले बनाएको देखिंदैन । त्यहाँ बज्रलेपन गरी सेतो रंग लगाइएको र झट्ट हेर्दा यसमा रोमन शैलीको झलक पाइन्छ । तत्कालीन नेपाल, विशेष रूपमा काठमाडौं उपत्यकामा युरोपियन शैलीको वास्तुकला भित्रिएको र त्यो राणा वा उच्च घरानाहरूमा निकै लोकप्रिय थियो । संभवतः यो संरचना खड्गशमशेर वा उनीपछि कुनै अधिकारीबाट बनाइएको थियो । डा. फुहरर १ डिसेम्वर १८९६ मा एक छिन बसेर गएका थिए भने खड्गशमशेर वा अरु कसैबाट यो संरचनाको निर्माण भएको संभावना प्रवल देखिन्छ । सन् १९३३ मा केशरशमशेरले काम थाल्नुभन्दा अघि खिचिएको तस्विर डा. फुहररले आफ्नो पुस्तकमा प्रकाशित गरेका तस्विरभन्दा बेग्लै आकृतिको छ । मुखर्जीले पनि डा. फुहररलेजस्तै त्यहाँ एउटा भद्दा मन्दिर थियो भनेर उल्लेख गरेका थिए । संभवतः मुखर्जीको अध्ययनपछि र १९३३ अघि त्यो संरचना बनाइको थियो (तस्विर सङ्ख्या ३४, ३५) । केशरशमशेरलाई त्यहाँ पुरातात्त्विक कुराहरू बिगाऱ्यो भन्ने आरोप लगाउनेहरूले ध्यान दिन नसकेको एउटा कुरा के रहेको छ भने उनीभन्दा अघि बनाइएको मायादेवीको मूर्ति राखिएको कोठालाई समेत उनले बिगार्ने काम गरेका थिएनन् । संभवतः खड्गशमशेरले त्यो संरचना पुरातात्त्विक ढिस्कोमाथि बनाइएको हो र केशरशमशेरले त्यसलाई यथावत् राखी माटो पन्छाई सुरक्षाको निम्ति नयाँ इँटाले पुराना इँटाहरूलाई छोप्ने काम मात्र

गरेका थिए । पछिल्ला पुरातत्त्वविद्हरूलाई अध्ययनको सुविधाको लागि सुरक्षित राखिदिएको जस्तो आभास पनि हुन्छ । यसरी नै पुरातात्त्विक ढिस्कोलाई सुरक्षित पार्ने क्रममा उनले आफ्नो काम गराईको साल अंकित इँटा (१९३९) ले छोपेका थिए । सन् १९९३ मा पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र जापान बुद्धिष्ट फाउण्डेशनको संयुक्त टोलीले सो नयाँ इँटा निकालेर काम काम थालेको थियो । यसरी नै खड्गशमशेरले निर्माण गर्न लगाएको कोठालाई केशरशमशेरले माथि अरू बुट्टा निकालेर बज्रलेपन गरी सेता रंगले रंगाउने वाहेक केही नगरेको प्रमाण उक्त उत्खनन्का बेला बज्र उप्काउँदा देखिएको दृष्यबाट स्पष्ट हुन्छ (तस्विर सङ्ख्या ३५, ३६, ३७, ३८) । पुरातात्त्विक ढिस्कोको संरक्षण बाहेक उत्खनन् कार्य केशरशमशेरले नगरेको भन्ने दावीलाई भिक्षु सुदर्शन महास्थविर पनि सहमत देखिन्छन् । उनको भनाइ यस प्रकार छ- 'जहाँसम्म सिद्धार्थ जन्म स्मारक (मन्दिर) को कुरा छ, त्यसमा उहाले बाहिरबाट पुरानो अवशेषलाई टोपी लगाई दिने जस्तो छोपी दिने महत्त्वपूर्ण काम गर्नु भएको छ । स्मारकको अवशेष भिरालोलाई खण्ड खण्ड गरी अग्लो होचो रूपमा नयाँ ईंटाले छोपेर तल्लातल्लाको मैदान बनाइ दिनु भएको छ । अगाडिको पूर्वी भिरालो पछिल्लो पश्चिमी भिरालो सम्याएर प्राचीन भिरालो वा मैदानलाई उहाले विनष्ट गर्नु भएको छैन । अगाडिको उचाइलाई अग्लो नै बन्न दिई पछिल्लोको होचो अवशेषलाई होचो नै बन्न दिइकन दुई तहको मैदान रहन दिनु भएको छ । शायद यसै क्रममा उहाँले स्मारकको थुम्कोमा मायादेवीको मूर्ति सहितको सानो कोठाको थप निर्माण कार्य पनि गर्नु भयो (भिक्षु १९९८:१३१-१३२) ।' यसरी पुरानो संरचनाको सुरक्षाकोलागि नयाँ ईंटाले छोप्दै जाँदा त्यहाँ एउटा नयाँ संरचना देखियो र त्यसलाई रंगरोगन गर्दा रोमन शैलीको वास्तुजस्तो आकार निर्माण हुनपुग्यो । तर यो रोमन शैलीको मन्दिर पनि केशरशमसेरले बनाएको नभई पुरानै थियो ।

शाक्य पुष्करिणीको विस्तार : गौतम बुद्धभन्दा अघिदेखि नै अस्तित्त्वमा रहेको र उनको जन्मअगाडि मायादेवीले नुहाएको भनिएको पोखरी शाक्य पुष्करिणी हो । यो मायादेवी मन्दिरको दक्षिण दिशामा रहेको छ । यो पोखरी मुखर्जीले देख्दा त्यहाँ पिउनयोग्य कंचन पानी थियो । केशरशमशेरले त्यहाँ काम थाल्नु अगाडिको एउटा तस्विर मा यो साधारण खाल्डोको रूपमा मात्र देखिन्छ र पानीमा अशोक स्तम्भको छायाँ देख्न सकिन्छ । केशरशमशेरले यसलाई ठूलो बनाउनुका साथै त्यसमा इँटा छाप्ने कार्य पनि गरेका थिए । पोखरीलाई ठूलो बनाउने क्रममा पोखरीको पूर्व दिशातिर पुरातात्त्विक संरचनालाई नै क्षति पुग्न गएको भनिन्छ । पोखरीको पूर्वमा रहेको पुरातात्त्विक क्षेत्रको गारो पूर्वबाट पश्चिमतर्फ आइरहेको र बीचमा त्यत्तिकै काटिएको पाइँदा त्यो अपूर्ण त अवश्य नै हो तर केशरशमशेरले पोखरीलाई खासै ठूलो बनाएको भने भन्न मिल्दैन ।

लुम्बिनी भनी पहिचान भएको तीन वर्षपछि मुखर्जीले तयार पारेको त्यस क्षेत्रको रेखाचित्रमा पोखरीलाई वर्गाकार नै देखाइएको छ बरू उनले इँटा छापेर खुड्किलाहरू भने बनाइदिएको अवश्य हो ।

स्तूप आकारका दुई थुम्काको निर्माण : अशोक स्तम्भको दक्षिण र उत्तर दिशामा दुई माटाका ढिस्काहरू रहेका छन् । लुम्बिनी पुग्ने धेरै जसो यात्रीहरू यसलाई पनि प्राचीन स्तूप नै भन्ठान्छन् तर यो त केशरशमशेरले लुम्बिनीमा काम गर्दा निस्केको माटोलाई थुपार्दा बनेको ढिस्को मात्र थियो । ती ढिस्काहरूमध्ये दक्षिणको ढिस्कोलाई लुम्बिनी विकास कोषले हटाएर हाल त्यहाँ बगैंचा बनाएको छ । उक्त ढिस्कोमाथि इँटाको खम्बा उठाइएको थियो । दक्षिणमा रहेको माटोको ढिस्को हटाउदै गर्दा त्यससम्बन्धी प्रकाशित एक समाचारमा ढिस्कोबाट खासै महत्वको पुरातात्त्विक सामग्री नपाएको प्रतिक्रिया कोषका पुरातत्त्व अधिकृत वसन्त विडारीबाट यस लेखकले पाएको थियो । त्यहाँबाट प्राप्त ससाना माटाका मूर्तिहरू हाल लुम्बिनी विकास कोषको कार्यालयमा सुरक्षित राखिएका छन् तर त्यस सम्बन्धमा कुनै रिपोर्ट प्रकाशित भएको छैन । अध्ययन पनि भएको देखिँदैन । यसरी नै उत्तरतिरको माटोको ढिस्कोमाथि पहिले पानी ट्याङ्की राखिएको थियो भने हाल उक्त ढिस्को पनि हटाइएको छ ।

केशरशमशेरले कार्य सम्पन्न गरेको लगत्तै लुम्बिनी भ्रमणमा आएका एक भारतीय यात्रीका अनुसार यी दुबै ढिस्को पन्जावी इन्जिनियर गोकुलचन्द्र नग्रथले बनाएका थिए । यस ढिस्कोमा इँटाहरूको पनि प्रयोग भएको थियो । वास्तवमा त्यहाँ जीर्णोद्धार सम्बन्धी विभिन्न भाषामा अभिलेख राख्ने सोचाइ रहेको थियो । तर यसै बीच सन् १९३४ को महाभूकम्पको विनाशले सबैको ध्यान लुम्बिनीको निर्माणबाट हटेर अन्तै मोडियो । यो भूकम्पले नजिकै भारतको विहारमा मात्र ठूलो मात्रामा क्षति पुगेको नभई राजधानी काठमाडौंको दरवारमा पनि क्षति पुगेको थियो । दरवारको मर्मतका लागि इन्जिनियर नग्रथलाई काठमाडौं पठाउनु पर्दा लुम्बिनीको काम रोकिन गयो । दरवारको मर्मतकै क्रममा उनको मृत्यु हुँदा अभिलेख राख्ने योजना पूरा हुन पाएन (त्रिपाठी १९४८:५६) ।

गेस्ट हाउसको निर्माण : केशरशमशेरले लुम्बिनीमा आउने तीर्थालुहरूलाई बस्नका लागि एउटा गेस्ट हाउस नै बनाएका थिए । सो गेस्ट हाउस अशोक स्तम्भभन्दा दक्षिण पश्चिममा पर्दछ जहाँ अहिले पुलिस चौकी राखिएको छ । पुरातत्त्वविद् देवाला मित्राका अनुसार गेष्टहाउस बनाउने क्रममा त्यहाँसम्म जाने बाटा बनाउँदा पनि धेरै पुरातात्त्विक वस्तुहरू नष्ट भएको थियो (Mitra 1971) ।

इनारको मर्मत : केशरशमशेरले आफ्नो उत्खनन् तथा संरक्षणको क्रममा



तस्विर सङ्ख्या ४१ : मायादेवी मन्दिरको दक्षिण पूर्वमा रहेको इनार,

इनारबाट हिलो झिकी त्यहाँको पानी पिउनयोग्य तुल्याएका थिए ।

प्राप्त पुरातात्त्विक सामग्रीहरू

लुम्बिनीको उत्खनन्को क्रममा त्यहाँबाट के कस्ता सामग्रीहरू प्राप्त भयो वा भएन भन्ने कुनै श्रेस्ता पाइएको छैन । यहाँ पालिसदार माटाका टुक्राहरू, सिक्का, बुट्टेदार इँट आदि प्राचीन वस्तुहरू पाइएका थिए (प्रधान १९९८:६-७) । त्यहाँबाट थुप्रो मात्रामा मूर्ति, सिक्का, अशोक स्तम्भकै टुक्राहरू मात्र नभई स्तम्भमाथि रहेको भनिएको घोडाको मूर्ति वा त्यसका टुक्राहरू पनि पाउने संभावना पनि उत्तिकै बलियो छ ।

केशरशमशेरले ठूलो मात्रामा मूर्तिहरू पाएको सङ्केत उनको कार्यको लगत्तै लुम्बिनी भ्रमणमा आएका भारतीय यात्रीले पनि आफ्नो यात्रा विवरण लेखमा दिएका छन् । उनका अनुसार त्यहाँ एउटा कोठा रहेको थियो जहाँ लुम्बिनी उत्खनन्बाट प्राप्त मूर्तिलगायतका सामग्रीहरू राखिएको थियो (त्रिपाठी १९४८:५६) । मुखर्जीले पनि कोठामा मूर्तिहरू राखिएको भन्ने उल्लेख गरेका छन् । ती मूर्तिहरू यात्रुहरूको अवलोकन हेतु नै राखिएको थियो । मित्राले ती मध्ये केहीको तस्विर प्रकाशित गरेका छन् जुन मित्राकै शीर्षकमा वर्णन गरिएको छ । यस बाहेक पनि प्राप्त अन्य कुराको सूचि यस प्रकारका छन्-

ससाना मूर्तिहरू : केशरशमशेरले लुम्बिनी क्षेत्रको काम गर्दा निस्केको माटोलाई

अन्यत्र नफाली त्यहीँ अशोक स्तम्भको उत्तर र दक्षिण तिर दुई ठाउँमा थुपारेर राखेका थिए जुन झट्ट हेर्दा प्राचीन स्तूपजस्तै देखिन्छन्। ती दुईमध्ये दक्षिणतर्फको ढिस्को हटाउँदा केही ससाना मृण्मयी मूर्तिहरू पाइएका छन्। ढिस्को हटाउँदा प्राप्त पुरातात्त्विक सामग्रीहरूको बारेमा रिपोर्ट प्रकाशित छैन। खासै महत्वको पुरातात्त्विक सामग्री नपाएको भनेका ती पुरातात्त्विक सामग्रीहरू पनि अध्ययनको विषय हो तर ती सामग्रीका बारेमा कोष आफैले अध्ययन गर्दै गरेकाले अन्यबाट त्यससम्बन्धमा नलेखियोस् भन्ने मान्यता रहेको पाइन्छ।

मुद्रा : लुम्बिनीमा मुद्राहरू पाइनु अस्वाभाविक कुरा होइन। केशरशमशेरले काम गरेको बेलामा पनि मुद्राहरू फेला परेको उल्लेख छ (प्रधान १९९८:८) । तर ती मुद्राहरू हाल अनुपलब्ध भएका कारण कहाँबाट प्रसार भएको, कसको, कहिलेको र कस्तो भन्ने कुनै जानकारी पाइँदैन।

पालिसदार माटाका टुक्राहरू : केशरशमशेरको उत्खनन् कार्यमा पालिसदार माटाका टुक्राहरू पनि पाइएका छन् (प्रधान १९९८:८)। यस्ता पालिसदार माटाका टुक्राहरूले पुरातत्त्वको अध्ययनमा ठूलो महत्व राख्दछ। (संभवतः यी टुक्राहरू एनबीपी वेयर, रेड वेयर आदि हुनुपर्छ)

बुट्टेदार ईंट : केशरशमशेरको कार्यबाट बुट्टेदार ईंटका टुक्राहरू पाउनु स्वाभाविक कुरा हो। उनको कार्यावधिमा पाइएका पुरातात्त्विक सामग्रीहरूको रूपमा भुवनलाल प्रधानले एक प्रकारका ईंटाहरूको उल्लेख गरेका छन् (प्रधान १९९८: ८)। यस्ता बुट्टेदार इँटा मूलतः गुप्तकालीन अवशेष हुन्। हाल मायादेवी मन्दिर रहेको ढिस्कोमा केशरशमशेरको कार्य यस्तो इँटा पाइएको सतहबाट तल नगएको देखिन्छ। तर पनि त्यहीँबाट वा अन्यत्रबाट त्यस्ता इँटाहरू सङ्कलन भएको पनि हुनसक्छ।

देवाला मित्राको उत्खनन् (ई. १९६१-६२)

देवाला मित्रा भारतीय पुरातात्त्विक सर्भेका सुपरिटेन्डेन्ट आर्कियोलोजिष्ट थिइन्। पी. सी. मुखर्जीले कुदान र तिलौराकोटमा गरेको उत्खनन्लाई निश्चितता दिनलाई उनी तराईमा आएकी थिइन्। यसै बेला उनले लुम्बिनीको पनि भ्रमण गरेकी थिइन्। यसै भ्रमणका बेला लुम्बिनीमा पनि काम गरेका थिइन्। जुन कुरा उनका प्रकाशित पुस्तकहरू (1971,1972) मा उल्लेख छ।

अशोक स्तम्भको जग हेर्ने उनको उद्देश्य थियो। पूरै अशोक स्तम्भ मौर्यकालीन पालिसयुक्त छैन। पालिस लगाएको भागभन्दा तल गएर स्तम्भको सम्पूर्ण नाप लिन उनी



तस्विर सङ्ख्या ४२ : सोन्ह वटा स्तूपसहित पृष्ठभूमिमा पुनःनिर्मित मायादेवी मन्दिर

चाहन्थिन् । यसै उद्देश्यले पालिसको भागभन्दा ५१ सेन्टिमिटरसम्म तल गइन् । तर तत्कालीन नेपाली अधिकारीले सो काममा रोक लगाइदियो । अशोक स्तम्भको जगसम्म जाँदा स्तम्भमाथि नै असर पर्ने डरले यसरी काममा रोक लगाएको बुझिन्छ । सम्बन्धित अधिकारीको यो राम्रै कदम थियो । तिनले मायादेवी मन्दिरको उत्तर पूर्वस्थित १६ वटा इँटाका भोटिभ स्तूपहरू पनि भेटाएकी थिइन् ।

देवाला मित्राको अर्को महत्वपूर्ण काम केशरशमशेरले काम गरेको बेला फेला पारेका मूर्तिहरूको तस्विर खिचेर आफ्नो पुस्तकमा प्रकाशित गर्नु हो । ती निम्न छन्-

बुद्ध मूर्तिको शीर्ष भाग : एउटा मृण्मय बुद्ध मूर्तिको टाउकोभन्दा तलको भाग हराएको अवस्थामा पाइएको छ । टाउको पछाडिको प्रभामण्डल सादा छ भने गुप्तकालीन कला परम्परामा यो बनाइएको छ । हँसिलो अनुहारको यो मूर्तिको टाउकोमा उसाँय सुन्दर ढङ्गले सिंगारिएको छ भने बाक्लो ओंठ, ठूल्ठूला आँखा आदिले सुन्दरतामा अझ सुन्दरता थपेको देखिन्छ । गुप्तकालीन कलाशैलीको प्रभाव देखिएको र सातौं शताब्दीको मानिएको यो मूर्तिको टाउको भाग १३ सेन्टिमिटरको उचाइमा छ । तर शरीरको भाग अप्राप्त भएको हुँदा यसको नाप यकिन हुन सकेको छैन । (Mitra 1972:201) ।

तस्विर सङ्ख्या ४३ : बुद्धको मूर्तिको शीर्ष भाग, तस्विर सङ्ख्या ४४: बुद्धद्वारा अष्टमहाऋद्धि प्रदर्शन अङ्कित भग्न मूर्ति र युगल मूर्तिको टुक्रा, तस्विर सङ्ख्या ४५ : पीपलको पात आकारमा कलममाथि ललिताशनमा बोधिसत्व (मन्जुश्री ?), तस्विर सङ्ख्या ४६ : मैत्रेय बुद्ध, तस्विर सङ्ख्या ४७ : बोधिसत्व (मैत्रेय ?), तस्विर सङ्ख्या ४८ : दुई पुरुष आकृति मूर्तिहरू, तस्विर सङ्ख्या ४९ : भूस्पर्शमुद्रामा बुद्ध मूर्ति, तस्विर सङ्ख्या ५० : गणेशको मूर्ति, तस्विर सङ्ख्या ५१: बोधिसत्व र लोकेश्वर मूर्तिको टाउकोको भाग

अष्ट महाऋद्धि अङ्कित माटाको मूर्ति : गौतम बुद्धले बुद्धत्व प्राप्त गरेर पहिलो पल्ट कपिलवस्तु र त्यसपछि विभिन्न ठाउँमा ऋद्धि प्रदर्शन गरेका थिए । सोही घटना दर्शाउने एउटा शिलामूर्ति भेटिएको थियो । तर मूर्तिको टाउकोको भाग उपलब्ध छैन ।

बोधिसत्वको मूर्ति (मन्जुश्री ?) : पीपलको पात आकारमा अङ्कित टेराकोटाको एउटा मूर्तिमा दायाँ हातले खड्ग समाटेको आधारमा देवलामित्राले यसलाई मन्जुश्री नै हुन् कि भन्ने अनुमान गरेकी छिन् (1972:203)। दुई तहयुक्त कमलको फूलमाथि बसिरहेको यो मूर्तिमा बायाँ हात बायाँ घुँडामा अड्याएर झारिएको छ। अनुहारमा क्षति भैसकेकोले त्यसको अध्ययन हुन सक्दैन भने पातको माथिल्लो भाग पनि क्षति भैसकेको छ। आठौं अथवा नवौं शताब्दीको मानिएको यो साढे नौ सेन्टिमिटरको उचाइमा रहेको छ।

मैत्रेय बुद्ध (तस्विर सङ्ख्या ४६) :

ललितासनमा रहेको बोधिसत्व : पाइएका सुन्दर मूर्तिहरूमा एउटा यो पनि हो। नवौ दशौं शताब्दी तिरको अनुमान गरिएको यो मूर्ति मैत्रेय वा मन्जुश्रीको अनुमान गरिएको छ। यो मूर्तिको उचाई नाप ७ सेन्टिमिटर र ४.८ सेन्टिमिटर चौडाइ रहेको छ (Mitra 1972:200, तस्विर सङ्ख्या ४७)।

उभिइरहेका दुई पुरुष मूर्ति : उभिइरहेका दुई पुरुषको मूर्ति सम्बन्धी अध्ययन राम्रोसँग भएको छैन। खुट्टाको भाग टुक्रिएर हराइरहेको छ भने अनुहार पनि राम्रोसँग चिनिन्न। मायादेवी मन्दिरको पुनःनिर्माणअघि सिद्धार्थ जन्मअंकित मायादेवीको मूर्तिसँगै सानो टहरामा राखिएको थियो तर मायादेवीको मूर्तिलाई यथास्थानमा पुनर्स्थापित गरेपछि यसलाई खुल्ला प्रदर्शनमा राखिएको छैन (तस्विर सङ्ख्या ४८)।

भूमिस्पर्श मुद्राको बुद्ध : यो बोधिवृक्षमुनि भूमिस्पर्श मुद्रामा बनाइएको शिलामूर्ति हो। बुद्धका भूमिस्पर्श मुद्राको मूर्तिहरू लोकप्रिय छन्। १७ सेन्टिमिटर उचाई र १२ सेन्टिमिटर चौडाइको यो मूर्तिको टाउकोको दायाँ भागदेखि माथि टुक्रिएको छ। (तस्विर सङ्ख्या ४९)

गणेशको मूर्ति : यो गणेशको मूर्ति देवाला मित्राले आफ्नो पुस्तकमा छापेका छन् (तस्विर सङ्ख्या ५०) । साधारण देखिने यो मूर्ति उनका अनुसार नरम ढुङ्गामा बनाइएको छ। यसको उचाई साढे नौ सेन्टिमिटर उचाई र सात सेन्टिमिटर चौडाइ रहेको छ (1972:201)।

अन्य पुरातात्त्वितक महत्त्वका मूर्तिहरू :

- बोधिसत्वको कुषाणकालीन काँश्य मूर्ति (तस्विर सङ्ख्या २०)
- एक अज्ञात दाता वा भक्तको कुषाणकालीन काँश्य मूर्ति (तस्विर सङ्ख्या २०)

- कुषाण कालीन बुद्धको हँसिलो अनुहारको मूर्तिको टाउको मात्र
- लोकेश्वरको मूर्ति टुक्रा (तस्विर सङ्ख्या ५१) :
- प्रस्तर मूर्तिको खण्डित शरीरमात्र
- टेराकोटाको बुद्ध मूर्तिको टाउकाको भागमात्र (तस्विर सङ्ख्या ४३)
- कुम्हालेको माटाको थप्पा

बाबुकृष्ण रिजालबाट प्राचीन लुम्बिनी गाउँको उत्खनन् (१९७०-७१)

लुम्बिनीमा मानव बस्ती रहेको सङ्केत स्वयं गौतम बुद्ध देवदह पुग्दा यस क्षेत्रमा वास बसेको तथ्यबाट प्राप्त हुन्छ। तर ईसापूर्व तेस्रो शताब्दीमा मौर्य सम्राट अशोक लुम्बिनीको तीर्थयात्रामा आउँदा यस ठाउँमा एउटा गाउँकै विकास भैसकेको स्पष्ट उल्लेख 'दिव्यावदान'मा मात्र नभई यहाँस्थित अशोकको शिलास्तम्भमा रहेको लेखमा पनि भएको छ। अशोक स्तम्भभन्दा लगभग १५० मिटर दूरी दक्षिण-पश्चिममा रहेको ढिस्कोलाई प्राचीन लुम्बिनी गाउँ वा अभिलेखमा अंकित 'लुंमिनि गामे' हुनु पर्छ भनी पी.सी. मुखर्जीले पनि अनुमान गरेका थिए।

लुम्बिनी क्षेत्रको प्राचीन गाउँको खोजीको क्रममा पुरातत्त्व विभागले सन् १९७० मा पुरातात्त्विक उत्खनन् कार्य सुरु गऱ्यो। लुम्बिनीमा वैज्ञानिक ढङ्गले प्रथम पटक भएको भनिएको सो उत्खनन् कार्यको नेतृत्व विभागका पुरातत्त्वविद् बाबुकृष्ण रिजालले गरेका थिए। उत्खनन् पी. सी. मुखर्जीले देखाएकै ठाउँमा भएको थियो। सो उत्खनन्बाट पाइएका सामग्रीहरूको अध्ययनपछि त्यहाँ ईसापूर्व छैठौं शताब्दी वा गौतम बुद्धकै समयदेखि गुप्तकालसम्मको मानवीय गतिविधि रहेको निष्कर्ष निकालिएको छ। यसरी नै त्यहाँको मानव कृयाकलापको साँस्कृतिक तह १० तह भएको उल्लेख छ (Rijal 1979:16)।

प्राप्त पुरातात्त्विक सामग्रीहरू

प्राचीन लुम्बिनी ग्रामको उत्खनन्का क्रममा पाइएका पुरातात्त्विक सामग्रीहरूले त्यस ठाउँमा मानव बसोवास राम्रै सङ्केत गर्दछ। त्यहाँ पाइएका पुरातात्त्विक सामग्रीहरू (Rijal 1979:16) यस प्रकारका छन् -

माटाको पर्खाल : वास्तु निर्माणमा इँटाबाट गारो उठाउनु अघि माटाकै गारो बनाउने प्रचलन थियो। यस प्रकारका गाराहरू इँटा बन्नु अगाडि खुब प्रचलित हुन्थ्यो र

पूर्व मौर्यकालीन अवशेषको रूपम यो पाइएको हो ।

टेराकोटा रिंग वेल : उत्खनन्को तल्लो भागमा यो टेराकोटाको इनार पाइएको हो । पानी निस्केको कारण १६ वटा घेराभन्दा तल जान नसकेको उल्लेख छ ।

मानव चिहान- उत्खनन्को क्रममा एउटा गोलो घेराको चिहान पनि फेला पारिएको थियो । कुषाणकालीन भनी अनुमान गरिएको सो चिहानबाट मानवका हड्डाखोर, फलामको हँसिया, चराचुरुङ्गी र जनावरका केही हाडहरू राखिएको भाँडा पनि पाइएको थियो ।

भूस्पर्श बुद्धको मृण्मयी मूर्ति : उत्खनन्को क्रममा एउटा मृण्मयी मूर्तिलाई गुप्तकालको भनी कालनिर्धारण गरिएको छ ।

बाबुकृष्ण रिजालबाट भएको पुरातात्त्विक गतिविधि (१९७६-१९७८)

लुम्बिनीमा भएका पुरातात्त्विक महत्त्वका अवशेषहरू दिनानुदिन भैरहेको क्षति रोक्न र नयाँ अवशेषको खोजी गर्न सन् १९७६ देखि सन् १९७८ को अवधि भित्र पुरातत्त्वविद् बाबुकृष्ण रिजालको नेतृत्वमा काम भएको थियो । उनकै अनुसार यो अवधिको पुरातात्त्विक गतिविधिको मुख्य उद्देश्य स्मारकहरूलाई खुल्ला गर्नुभन्दा संरक्षण गर्नु थियो । तसर्थ यसलाई संरक्षण र उत्खनन् गरी दुई उप शीर्षकमा अध्ययन गरिनु पर्दछ ।

संरक्षण

- मायादेवी मन्दिरको पूर्वस्थित ठूल्ठूला इँटाहरूले बनेको स्तूप र जीर्ण गारोको मर्मत कार्य सम्पन्न गरियो ।
- मायादेवी मन्दिरको पश्चिमस्थित अशोक स्तम्भसँगै रहेका दुई स्तूपको मर्मत
- मायादेवी मन्दिरको उत्तरपूर्वको सोह्र वटा स्तूप समूह धेरै मात्रामा जीर्ण भैसकेकोले संरक्षण तथा पुनरुद्धार गरियो ।
- मायादेवी मन्दिरको उत्तर दिशामा लहरै पाँच वटा स्तूप रहेको छ । विभिन्न कालखण्डमा बनाइएका यी स्तूपहरूको मर्मत पनि यसै अवधिमा गरियो । पूर्वबाट पहिलो, पहिल्यै जीर्ण भैसकेको यो स्तूपलाई पुरानै आकार र नापमा पुनःनिर्माण गरियो । दोस्रो, यो मौर्यकालीन स्तूप हो । स्तूपको माथिल्लो भागको मर्मत गरी पानी नछिर्ने गरियो । तेस्रो, आकार र नापमा दोस्रोसँग यसको तुलना गर्न सकिन्छ

तर कुषाणकालमा आएर स्थानिय इँटाका टुक्राहरू माटोले जडान गरी गोलो आकारमा उठाइयो । चौथौं स्तूप पनि गोलो नै छ र नाप र आकार पनि तेस्रोकै अनुकुल हुने गरी बनाइएको थियो । पाँचौं स्तूप यही समयको उत्खनन्मा भेटिएको र स्तूपको माथिल्लो भाग पूरै नष्ट भैसकेको थियो । तत्काल उपलब्ध मौर्यकालीन इँटाहरूको प्रयोगका साथैं मर्मत गरी नयाँ आकार दिइएको थियो ।

उत्खनन्

उत्खनन् कार्य मायादेवी मन्दिरको उत्तर पश्चिम दिशामा केन्द्रित भएको थियो । यस अवधिमा भएको उत्खनन् कार्यहरू निम्नबमोजिमको छ (Rijal 1979:18) ।

- अशोक स्तम्भबाट ३० फिट उत्तरमा आयताकारको एउटा कोठा फेला पऱ्यो । यसको नाप १५ फिट ४ इन्च, उत्तर दक्षिण र १२ फिट ५ इन्च पूर्व-पश्चिम तथा अहिलेको जमीन सतहभन्दा दुई फिट गहिराइमा भेटिएको थियो । १७ x ८५ इन्च नापको पाको इँटाबाट दुई तहमाथि उठाइएको छ । इँटाको बनावट खस्रो हुनुका साथै भूस र खर मिसाएर बनाइएको छ । यसको माथिल्लो तहमा अघिल्लोलाई विस्तापित गर्ने प्रकृतिका मौर्यकालीन इँटाका टुक्राहरू छन् । मौर्यकालीन यी इँटाहरूभन्दा मुनि शुद्ध एन.बी.पी. वेयर र केही ग्रे वेयरहरू पाइएका छन् । कोठाको माथि रहेको तह कुनै प्लटेफार्म हो जसको नाप ५' ९" x ५' रहेको छ । तीन तह इँटा माथि उठाइएको यस संरचनामा प्रयुक्त इँटाको नाप १५ x १० x ३ इन्च रहेको छ । कोठा पूर्व मौर्यकालीन हुनसक्ने अनुमान गरिएको छ ।
- मायादेवी मन्दिरको उत्तर ५ फिटमा एउटा स्तूपका चारकुने आकारको मौर्यकालीन स्तूप भेटियो । यो स्तूपको माथिबाट तल काटिएको छ । रिजालका अनुसार यो सन् १९३३ देखि १९३९ सम्म जनरल केशरशमशेरद्वारा भएको उत्खनन् कार्यका वेला काटिएको थियो । यस स्तूपको भुँइमा गोलो र लाम्चो आकारको सुनको कास्केट पनि भेटिएको थियो जसमा मानिसको हाड र पूजाका सामानहरू राखिएको थियो (तस्विर सङ्ख्या १४, १५, १६) ।

प्राप्त पुरातात्त्विक सामग्रीहरू

मौर्यकालीन पालिस लगाइएको बलौटे चुनार ढुंगाहरू: सातौ शताब्दीमा आएका चिनियाँ यात्रीले अशोक स्तम्भमाथिको घोडाको मूर्ति खसिरहेको उल्लेख गरेका छन् । यस उत्खनन्मा भेटिएका चुनार बलौटे ढुङ्गाका टुक्राहरू सम्भवतः त्यही मूर्तिको अवशेष हुनु पर्छ । ती भेटिएका चुनार ढुङ्गाहरूको रीफिटिङ्ग गरेर हेर्नुपर्ने थियो तर आजसम्म त्यस्तो

भए गरेकको देखिन्न ।

तीन वटा माटाको मूर्ति : यस उत्खननमा एक कुषाणकालीन र दुई गुप्तकालीन गरी तीन वटा माटाका मूर्ति भेटिएको थियो । यी तीन वटै मूर्तिको टाउकोको भागमात्र पाइएको थियो ।



तस्विर सङ्ख्या ५२ : धर्मचक्रको फुटेको भाग

माटाको धर्मचक्र : मायादेवी मन्दिरको पूर्वबाट पाइएको यो माटोको धर्मचक्र एउटा ठूलो प्यानलको एक टुक्रा हुनसक्ने अनुमान गरिएको छ (Rijal 1977:15, 1979:20) । त्यसमा रहेको घेराभित्र जम्मा ३२ वटा व्यास गन्न सकिन्छ (तस्विर सङ्ख्या ३८) । धर्मचक्रको सँगै दुई जनावरको मूर्ति पनि बनाइएको छ सम्भवतः ती एउटा साँढेर अर्को मृग हुन् ।

उत्खननको दोस्रो चरणको कार्य आर्थिक वर्ष १९७७-७८ मा भएको थियो । मूलतः यो उत्खनन् अघिल्लो वर्षकै निरन्तरता थियो । दोस्रो वर्षको यो उत्खनन् कार्य मायादेवी मन्दिरको उत्तर दिशामा ३०० वर्गमिटरभन्दा बढी क्षेत्रमा १८ वटा ट्रेन्चहरू खनेर गरिएको थियो ।

त्यस उत्खननबाट प्राप्त सामग्रीहरूमा मौर्यकालीन तीन वटा चैत्य17 महत्त्वपूर्ण रहेका छन् । यसरी नै अशोकस्तम्भ र स्तम्भमाथि रहेको घोडाका टुक्राहरू, टेराकोटा छत्रावलीका टुक्राहरू, बुट्टेदार इँटाका टुक्राहरू र एउटा बोधिसत्वको मूर्तिको टाउको भाग रहेकाछन् (Rijal 1978:15, 1979:20)। यसरी नै अशोक स्तम्भभन्दा ६ मिटर उत्तरमा एउटा चैत्य फेला पारिएको थियो । यसको मर्मत गर्नाका साथै उपलब्ध मौर्यकालीन इँटाहरू प्रयोग गरी जमीनमाथि उठाइएको थियो ।

मायादेवी मन्दिरको उत्तर पूर्वमा रहेको ठूलो स्तूपको पनि मर्मत गरी मौलिक आकार दिने काम पनि भएको थियो ।

तारानन्द मिश्रबाट उत्खनन् (१९८३-१९८५)

लुम्बिनीमा दुई वटा पुरातात्त्विक महत्वको ढिस्को रहेको थियो । एउटा, मायादेवी मन्दिर वरिपरि, जसलाई LMB-1 नाम दिइएको थियो । यसअन्तर्गत मायादेवी मन्दिर, अशोक स्तम्भ, स्तूपहरू, विहारहरू र इनार रहेका छन् । यिनीहरू राम्रो पाकेका इँटाबाट

बनेका छन् । यस्तै अर्को LMB-1 भन्दा दक्षिण पश्चिमको ढिस्को जसलाई नाम दिइएको छ LMB-2 । यसअन्तर्गत प्राचीन लुम्बिनी गाउँ पर्दछ (Mishra 1996:38-39) । प्राचीन लुम्बिनी गाउँको उत्खनन् १९७१ मा भएको थियो ।

उत्खनित क्षेत्र LMB-1 लुम्बिनीको धेरै नै महत्वपूर्ण धार्मिक केन्द्र हो । यसै क्षेत्रमा गौतम बुद्धको जन्म भएको थियो । उत्खनन्कर्ता मिश्रका अनुसार यहाँ छ वटा स्ट्राटिग्राफिक लेयर भेटिएको छ (Mishra1996:38-39) । जुन यस प्रकारको छ-

१ खसिया मल्ल काल (नवौंदेखि तेह्रौ शताब्दी)

२ गुप्तकाल र उत्तर गुप्त काल (तेस्रोदेखि नवौं शताब्दी)

३ कुषाण काल (ईसापूर्व पहिलोदेखि दोस्रो शताब्दी)

४ शुंग अथवा मित्र काल (ईसापूर्व दोस्रो र तेस्रो)

५ अशोक काल (ईसापूर्व तेस्रो शताब्दी)

६ एन. बी. पी. अथवा पूर्व अशोक काल (ईसापूर्व चौथौं शताब्दीदेखि अघि)

प्राप्त पुरातात्त्विक कुराहरू

यस अवधिमा सानो क्षेत्रमा मात्र उत्खनन् भएको थियो । तर क्षेत्र सानो भैकनपनि धेरै पुरातात्त्विक सामग्रीहरू भेटिएको थियो । उत्खनन्मा संलग्न मिश्रका अनुसार पुरातात्त्विक सामग्री एक सयभन्दा बढी भेटिएको थियो (1996:46) । केहीको वर्णन यस प्रकारको छ-

विभिन्न काल र नापका इँटाहरू : कुनै पनि पुरातात्त्विक क्षेत्रहरूको अध्ययन गर्नमा त्यहाँ पाइने इँटाले तत्कालीन कालखण्डको बारेमा महत्वपूर्ण जानकारी दिने गर्दछ । यसअनुसार उत्खनन्मा पाइने इँटाहरूलाई महत्वपूर्ण सामग्रीको रूपमा लिइन्छ । यस उत्खनन्मा पाइएका इँटाहरूलाई उत्खनन्कर्ताले निम्नअनुसार काल निर्धारण गरिएका छन् (1996:39)–

पूर्व मौर्यकाल : पूर्व मौर्यकालका इँटाहरूको नाप १७" X १८" X ५" र १७.५" X ११.२५" X ३.२५" मानिएको छ । इँटा त्यति राम्रोसँग मुछिएका र पोलिएका हुँदैनथे ।

मौर्यकाल : मौर्यकालका इँटाहरू राम्रोसँग पोलिएका र रातो रंगका हुन्थे । यस कालका इँटा ठूल्ठूला हुनुका साथै मोटो पनि हुन्थ्यो । यस कालका भनी निम्न नापका

इँटाहरूलाई मानिएको छ जुन मन्दिरका लागि प्रयोग भएको छ-

१४.५" x ०" x २.७५"

१४" x ०" x ३.५",

०" x १०" x ३.२५"

१५" x ०" x २.७५"

यसरी नै मौर्यकालमा निर्मित विहारबाट पाएको इँटा भनी निम्न नापका इँटाहरूको उल्लेख छ-

१५" x १०" x ३",

१५.५" x १०.५" x २.७६",

१४.५" x ०" x ३"

०" x ९.५" x ३ "

शुंग वा मित्र काल : शुंग कालमा आएर इँटाको नाप अलिकति घट्नाकासाथै पर्हेलिन थालेको पाइन्छ। यस कालका इँटाहरू निम्न नापका छन्-

१४" x ०" x २",

१४" x ०" x २.२५",

०" x ०" x २.२५",

१४" x ०" x २.५",

१३.७५" x ०" x २.२५"

कुषाणकाल : कुषाणकालमा आएर इँटाको उचाइ र चौडाइ दुवै घट्न थालेको छ। प्रयुक्त इँटाको पोलाइ निम्न खालको थियो भने भित्री रंग खरानी रंगको पाइन्छ। यसको नाप १२.५" x ८" x २'२५" रहेको छ।

गुप्तकाल : गुप्तकालका इँटाहरू सानो भए पनि पोलाईमा धेरै मात्रामा विकास भएको पाइन्छ। यसरी नै इँटा चिल्लो देखिनुका साथै रातो गाढा रंगका हुन्थे। यस कालका इँटा निम्न नापका पाइएका छन्- १२" x ८" x २" र १२.५" x ८.५" x २"।

विहारहरू (Mishra 1996:39)

० मायादेवी मन्दिरभन्दा पूर्वको कुषाणकालीन विहार (नम्वर १) यसै उत्खनन्मा भेटाइएको हो । विहार भिक्षुहरू बस्नका लागि बनाइन्छ । पूर्व, उत्तर र दक्षिण गरी तीन दिशामा फर्केको यो विहार उत्तर तर्फको कोठा भने सभा कक्ष (सन्थागार) भएको देखिन्छ ।

० विहार नम्वर १ भन्दा पश्चिममा अर्को एउटा विहार (विहार नम्वर २) छ । यी दुई विहारको बीचमा चार फिटको दूरी रहेको छ । यो विहार मौर्य कालमा नै निर्माण गरिएको भएपनि कुषाण कालमा पुनः यसमाथि विहार बनाइएको थियो । मौर्यकालीन विहार ५३'.२" पूर्व पश्चिम लम्बाई र ४८'.५" उत्तर दक्षिण चौडा रहेको छ । यसको चारै दिसामा बस्ने कोठा रहेको छ जसलाई चतुशाला भनिन्छ । यसको १३'.१०"x१३'.९" नापको केन्द्रमा सभागृह, उपोसथागार रहेको छ । यसै विहारमा कुषाण कालमा उत्तर पश्चिम र दक्षिण दिशामा चौध वटा कोठा बनेको थियो । पश्चिम दिशातर्फ पूर्व फर्काई प्रांगणतर्फ बरण्डा निकालिएको थियो । यस विहारको प्रवेशद्वार दक्षिण पूर्व कुनामा रहेको छ ।

० विहार नम्वर २ को पश्चिममा एउटा अर्को विहार (विहार नम्वर ३) भेटियो । इशापूर्व दोस्रो र पहिलो, ईसाको पहिलोदेखि दोस्रो, र इशाको तेस्रोदेखि चौथो गरी तीन अवधीमा यस विहारको निर्माण कार्य भएको देखिन्छ । पछिल्ला कार्यहरूले अघिल्लो निर्माण कार्यलाई धेरै नै क्षति पुऱ्याएकोले अघिल्लो कालका बारेमा त्यति धेरै जानकारी पाइँदैन । तर पनि त्यसकालको कार्यका रूपमा बाहिरी गाऱ्होको अवशेष भेटिएको छ । गुप्त कालमा आएर त्यहाँ तीन वटै दिशामा गरेर एघार वटा कोठा बनेको थियो । विहार ४४'. ६" पूर्व पश्चिम लम्बाइ र ४३' उत्तर दक्षिण चौडाइ रहेको छ भने त्यसको बीचमा १३'१०' को खाली ठाउँ छ जसलाई उपोसथागार भनिन्छ । पूर्वतर्फको कोठाबाट एउटा ढल निस्केर केन्द्र हुँदै दक्षिण गएको छ, जुन रोमन अक्षर L आकारमा छ । यो ढल ४४ फिट लामो रहेको छ । गुप्त कालमा जस्तै कुषाण कालमा पनि यस्तै ढलको निर्माण भएको थियो । यी दुवै कालमा ढललाई इँटाले छोप्ने व्यवस्था थियो । विहारको दक्षिण पूर्वी कोठामा दुई वटा पानी ट्याकी रहेको छ । ठूलो ३ x२.८ x४ गहिरो छ भने सानोको नाप २.५x१.३x४ गहिरो छ । कोठा संभवतः भान्साको लागि बनाइएको थियो । कोठाहरूको नाप ७'.२"x५.१०, ८' २"x६'.८" र १०'३"x८'.७" रहेको छ । पूर्व र दक्षिण पूर्वका कोठाहरूको प्रवेशमार्ग पनि पत्ता लागेको छ जसको नाप २'.८", x २.१०" र २'.११" रहेको छ । विहारको बाहिर पश्चिमी मुख्य गारोलाई तीन वटा टेको दिएको छ जसको नाप क्रमशः पहिलो (दक्षिण) को नाप ७ फिट ७ इन्च (लम्बाई) र २ फिट २ इन्च मोटाइ रहेको छ । दोस्रो वा बीचको गारो ८ फिट ४ इन्च लम्बाई र २'.४" मोटाई

रहेको छ भने तेस्रो वा उत्तर दिशाको गारो ३'.२" लम्बाइ र २'.४" मोटाइ रहेको छ।

० विहार नम्वर ३ को पूर्व एउटा सानो अर्को विहार (विहार नम्बर ४ भेटिएको छ। तीन वटा कोठा भएको यो विहारको केही भागमात्र पत्ता लागेको छ। यो विहार पूर्वतिर लम्विएर गएको देखिन्छ।

उन्नाइस वटा स्तूपको उत्खनन् र जीर्णोद्धार (Mishra1996:42) : यस अवधिमा ठूलासाना गरी जम्मा उन्नाइस वटा स्तूपको उत्खनन् र संरक्षण कार्य सम्पन्न गरियो। यी स्तूप लामो काल खण्डमा बनाइएका विभिन्न शैलीका थिए जसमा निम्न स्तूपहरू रहेका छन्।

मायादेवी मन्दिरभन्दा ३५ फिट उत्तरी दूरीमा एउटा आयाताकारको स्तूप रहेको छ। तर यो स्तूपको कालनिर्धारण गरिएको छैन। यसरी नै अर्को एउटा आयाताकारको स्तूप मायादेवी मन्दिरको दक्षिणपूर्व ठूलो वर्गाकार स्तूपभित्र रहेको छ, जुन मौर्यकालको हो। यी स्तूपहरू बाटुला छन् र दुई तह पेटीमा उठाइएका छन्। त्यसभित्र अर्को ठूलो वर्गाकारको ईसापूर्व तेस्रो शताब्दीको मौर्यकालीन स्तूप भेटिएको छ। यी स्तूपहरूमा पनि दुई तह पेटी छन्। यसै वर्गाकारको ठूलो स्तूपभित्र बनाइएको वृत्ताकार र वर्गाकारका स्तूपहरू कुषाणकालका हुन्। गुप्तकालमा पनि धेरै स्तूपहरू बनाइए। गुप्तकालका स्तूपहरू दुई प्रकारका छन्-

चारैतिर खोपी निकालिएको वर्गाकार स्तूप र सिँढीयुक्त आयाताकारको स्तूप जसको शीर्ष भाग समतल परेको हुन्छ। गुप्त कालका केही स्तूपमा इँटाबाट नै सम्याएर र चार इन्चको इँटा निकालेर तल्लो भाग र माथिल्लो भागलाई छुट्याएको छ। एउटा स्तूपमा एकजोडी फूल स्तूपको चारैकुनामा खोपेर बनाइएको थियो।

० **मायादेवी मन्दिरको दक्षिणपूर्वको ठूलो वर्गाकार स्तूप** (Mishra1996:42) सुरुमा यो स्तूप मौर्यकालमा आयताकारमा बनाइएको थियो। उत्खनन्को क्रममा यो स्तूपबाट दुई तहको पेटीबाहेक केही पनि पाइएन। ईसापूर्व दोस्रो शताब्दीमा दुई फिटको फरकमा दुई फिट एक इन्च बाक्लो गारो एकमाथि अर्को गरी थपेको पाइन्छ। संभवतः सबैतिरबाट स्तूपलाई छोप्न र नयाँ आवरण दिन यस्तो गरिएको थियो। स्तूपको भित्री आवरणबाट ५ फिटको अन्तरपछि २५ इन्चको गारो चारैतिर थपिएको छ र ५ फिट माटो भरेर प्रदक्षिणापथ बनाइको छ। कुषाणकालमा यसमाथि पुनः निर्माण भएको छ। तर इँटाका केही तहबाहेक अरु सबै अनुपलब्ध छन्। गुप्त कालमा आएर यसको जगमा फेरि चार फिटको गारो चारैतिर लगाइएको छ। यसपछि पनि थुप्रै बाटुला चैत्यहरू त्यसमाथि

निर्माण गरेको देखिन्छ जसमध्ये ९ वटा स्तूप अद्यावधि देख्न सकिन्छ ।

० **वर्गाकार र गोलो गरी बनाइएका दुई स्तूप** : कुषाणकालीन विहार (नम्बर १) सँगै वर्गाकार र गोलो गरी इँटाका दुई वटा स्तूप बनाइएको छ ।

अन्य वस्तुमा निम्न बमोजिमका सामाग्रीको उल्लेख पाइन्छ । तर तिनका तस्विर तथा अध्ययनप्रतिवेदन पाइँदैन ।

० **इनार** : भिक्षुहरू बस्नका लागि बनाइएको कुषाणकालीन विहार नम्बर १ को प्रांगणमा एउटा इँटाको इनार रहेको छ (तस्विर सङ्ख्या ४१) ।

० कुषाणकालीन तामाको सिक्का (विहार नम्बर ३ को दक्षिण क्षेत्रबाट प्राप्त)

० ढुङ्गा र माटोमा बनेका मालाका दानाहरू

० ढुङ्गाको भूमिस्पर्श मुद्रामा गुप्तकालीन बुद्ध मूर्ति

० उन्नाइस वटा गुप्त कालीन अभिलेख सहित माटोका छापहरू गुप्त कालिक स्तूप भएको ठाउँबाट प्राप्त भएका छन् । सो के सम्बन्धी अभिलेख रहेछ भन्ने कुरा प्रकाशित छैन र हाल कहाँ कस्तो अवस्थामा रहेको छ भन्ने जानकारी पनि पाइँदैन ।

० तामा फलाम तथा अन्यधातुका वस्तुहरू

० कालो र हल्का रातो रंगका एन.बी.पी. वेयरका टुक्राहरू

० कुषाणकालीन माटाका पूर्ण भाँडाहरू

पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र जापानी बौद्ध संस्थाको संयुक्त उत्खनन् कार्य (१९९३-९६)

सहमति र सम्झौता : मायादेवी मन्दिरको पूर्व छेउमा उम्रेको पीपलको जरा मन्दिर र अशोक स्तम्भसम्म नै फैलिरहेको थियो । समयमै सो जरालाई फैलिनबाट रोक्न वा काटेर पठाउन जरुरी थियो । यसका लागि लुम्बिनी विकास कोष दाताको खोजीमा थियो । यस रेस्टोरेसन प्रोजेक्टमा काम गर्न जापानको एउटा बौद्ध संस्था जापान बुद्धिस्ट फाउण्डेशनको कार्यसमितिले सन् १९८२ मा निर्णय गर्नुका साथै बजेटको पनि व्यवस्था गऱ्यो । (JBF 2005:1) । यसअनुसार पीपलको जरा हटाउने सम्बन्धमा मे २३, १९९० मा कोषका तत्कालीन सदस्य सचिव यावदकान्त सिलवाल र जेविएफका प्रतिनिधि हिरोउकी कासासीमा र टुसुनेहिसा कुमेहाराको मेमोरेन्डममा निम्न सर्तमा दुवै पक्ष मायादेवी मन्दिर संरक्षण योजना कार्यक्रम संचालन गर्न सहमत भयो-

- संरक्षण योजनामा जेबिएफले आर्थिक सहयोग गर्ने,
- सेप्टेम्बर १९९० बाट काम सुरु गर्ने,
- हाल देखा नपरेको तथा भविष्यमा आइपर्ने कुनै समस्या भए दुर्वै पक्षको आपसी सम्झौता जेबिएफ र कोषको बोर्ड अफ डाइरेक्टरर्सबाट अनुमोदन गराउनु पर्ने ।

सेप्टेम्बर ४, १९९० मा कोषका तत्कालीन सदस्य सचिव यादवकान्त सिलवाल तथा जेबिएफको बोर्ड अफ डाइरेक्टरका अध्यक्ष रायोजुन सिराकावाका बीच मायादेवी मन्दिर रेष्टोरेशनका नाममा सम्झौता सम्पन्न भयो । सम्झौता हुँदा ८ महिनाको समय तोकिएको तथा फोर्स मेजरका रूपमा प्राकृतिक प्रकोप, युद्ध वा सम्बन्धित घटनाहरू तथा पुरातात्त्विक कारणहरूबाट उत्खनन् कार्यमा बाधा परेमा वा सरकारी निर्देशनअनुरूप कार्य रोकिएमा कुनै पनि पक्ष दोषी ठहरिने छैन । असहमति तथा आरविट्रेशनका लागि दुवै पक्षले आपसी सहमतिमा र यसरी सहमतिमा पुग्न नसकेमा आरविट्रेशनबाट तथा सो पनि नभए UNCITRAL नियमअनुसार गर्ने । आरविट्रेशन स्थल टोकियो रहने र सो सम्बन्धमा खर्च भएको Losing Party ले व्यहोर्ने एव सम्झौता कार्यान्वयन नेपाल कानुनअनुसार हुने उल्लेख भएको छ ।

तर सम्झौताअनुसार काम हुन सकेन । यस अवस्थामा तत्कालीन शिक्षा सचिव रमेशजंग थापाको अध्यक्षतामा ६ जुन १९९१ मा भएको बैठकको मेमोरेन्डम अनुसार कार्य योजना जेबिएफ, कोष र श्री ५ को सरकारको सहमति अनुसार लागू गर्ने, पहिलो चरणको काम नोभेम्बर १९९१ मा सुरु गर्ने, काम सम्पन्न हुनासाथ कार्यदलले प्रतिवेदन

तस्विर सङ्ख्या ५३ : उत्खनित लुम्बिनीस्थित मायादेवी मन्दिर, उत्तरबाट

बुझाउने, त्यसपछि रेस्टोरेसनसम्बन्धमा भने १९९२ सम्ममा सार्क देशका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय ख्याति प्राप्त पुरातत्त्वविद्, विद्वान्, भिक्षु आदिको सल्लाह लिने र सेप्टेम्बरदेखि काम सुरु गरी मार्च १९९३ सम्ममा विज्ञहरूको सुझावअनुरूप संरक्षण कार्य सकाउने । सो सम्वन्धी सबै खर्च जेबिएफले व्यहोर्ने तथा योजना लागू गर्न एकजना संयोजक नियुक्त गर्ने रहेको थियो ।

केही पत्राचारहरू भएपछि ३० अगष्ट १९९२ मा भएको सम्झौताअनुसार दुबै पक्ष सम्झौता तथा कार्य योजनामा संसोधन गर्न मन्जुर भयो । सम्झौताअनुसार पहिलो चरणमा ट्रायल ट्रेन्चहरू खन्ने, मायादेवी मन्दिरको वास्तु अन्वेषणको निम्ति क्रमशः भत्काउने तथा दोस्रो चरणमा संरक्षण कार्य गर्ने उल्लेख गरियो । सोही मिति (३० अगष्ट, १९९२) को याक एण्ड यति होटलमा भएका Amendment Mimorandum अनुसार Amendment Implenenting Program मा हस्ताक्षर भयो । सो अनुसार पहिलो चरणको कार्यक्रम अक्टोवर १९९२ मा सुरु गरी मार्च, १९९३ मा सकाउने, अप्रत्यासित घटनाका सम्बन्धमा आपसी सहमतिमा गर्ने निर्णय गरियो ।

Amendment Implementing Program को दुईवटा ड्राफ्टमध्ये अगष्टको पत्रमा कोषले गर्ने कार्यहरूमा ८ वटा बुँदाहरू र जेविएफले गर्नेमा एक बुँदामात्र

तस्विर सङ्ख्या ५४ : उत्खनित लुम्बिनीस्थित मायादेवी मन्दिर, पूर्ववाट

उल्लेखित छ। तर सोही सालको सेप्टेम्वर महिनाको ड्राफ्टमा कोषले गर्नु पर्ने कार्यहरूमा ९ बुँदा र जेविएफ ले गर्नेमा दुई बुँदा उल्लेख भएको छ। लुम्बिनी विकास कोषले गर्ने भनी उल्लेख भएको बुँदामा पुरातात्त्विक कारण वा उपलब्धिबाट संरक्षण कार्यमा कुनै व्यवधान आइपरे मायादेवी मन्दिर निर्माण गर्न अर्को स्थान उपलब्ध गराउनु पर्ने भनिएको छ। जेबिएफले गर्ने भनी उल्लेख भएको बुँदामा सोही अनुरूप कार्यान्वयन गर्नै पर्ने उल्लख भएको तर अगष्टको ड्राफ्टमा यी कुराहरू उल्लेख भएको छैन।

कार्यको थालनी

संझौताअनुसार चार चरणमा काम गर्नु परेको थियो। पहिलो चरणमा रुखको जराले पारेको असर र मन्दिरको संरचनाको अध्ययन गर्ने थियो। यसका लागि मन्दिरको माथि बीचमा उत्तरदक्षिण हुने गरी एउटा ट्रेन्च खन्ने काम भयो। यसबाट पी. सी. मुखर्जीले भनेजस्तो संरचना नै रहेको पाइयो। यसरी नै अर्को ट्रेन्च पनि खनियो र सो ट्रेन्च गारोभन्दा बाहिर पनि गयो जसबाट दुई वटा गारो देखियो जुन रिजालले आफ्नो रिपोर्टमा उल्लेख गरेका छन्। यति काम गरेपछि पहिलो अन्तर्राष्ट्रिय विशेषज्ञहरू सम्मिलित एक संगोष्ठी २४ देखि २७ फ्रेबुअरी १९९४ सम्म लुम्बिनीमा भयो। संगोष्ठीको तीन वटा विषय वा एजेन्डाहरू थियो। ती हुन्-

तस्विर सङ्ख्या ५५ : उत्खनित लुम्बिनीस्थित मायादेवी मन्दिर, दक्षिणवाट

१. वास्तुकला डिजाइनको अन्तिम स्वरूप प्रस्ताव गर्ने

२. मायादेवी मन्दिरमा रहेको पीपलको रूखलाई के गर्ने भन्ने बारेमा सुझाव दिने,

३. मायादेवी मन्दिर जीर्णोद्धार गर्ने इँटाको डिजाइनबारे प्रस्ताव पेश गर्ने ।

त्यस संगोष्ठीले उत्खनन् गर्न नपुग भएको ठहर गऱ्यो । साथै उत्खनन् क्षेत्र दक्षिणतिर बढ्नु पर्ने र अझ गहिराइमा गई उत्खनन् हुनु आवश्यक भएको महसूस गऱ्यो । त्यस संगोष्ठीमा परम्परागत वास्तुकला अथवा पूर्वावस्थामा पुनरुद्धार गर्ने कुनै प्रकारको निर्णय भएन ।

पीपलको रूख कटान : मायादेवी मन्दिरको दक्षिण-पूर्वमा झांगिएर पीपलको रूखका जराहरू मन्दिर भित्र भित्रै फैलिरहेको थियो । यसका जराहरू इँटा जोडाइ गरिएको माटो भएर अगाडि बढ्दै थियो । जराहरू बलियो थियो र भविष्यमा मन्दिर भत्काउन सक्ने संभावना प्रबल थियो । तसर्थ पीपलको रूखलाई काटेर त्यहाँबाट हटाउने निर्णय भयो । सो मन्दिरका सम्बन्धमा सर्वसाधारणमा के भ्रम रहेछ भने, मायादेवीले शिशु जन्माउँदा समाएको रुख त्यही थियो । तर वास्तवमा मायादेवीले समाएको रुख पीपल नभई शाल थियो । सन् १९३३ अघि खिचिएको तस्विरमा समेत सो पीपल देखिदैन । पीपल काटेर वृक्षवृत्त गणना गरी हेर्दा अस्सी वटा मात्र पाइयो । त्यसर्थ यो करिव अस्सी

वर्षअघि मात्र त्यहाँ उम्रेको बुझिन्छ। जस्तो सुकै भएपनि उक्त पीपलको रूखलाई त्यत्तिकै काट्दा सर्वसाधारणले आपत्ति जनाउने संभावना देखी इन्जेक्शन दिएर सुकाउने र पछि उखेल्ने सुझाउ दिइएको थियो तर समय अभावको कारण काटिएको बताइन्छ।झड पीपल काटिएपछि त्यसको विरुद्ध अदालतमा मुद्दा दायर भएको थियो जुनपछि खारेज भयो। पछि त्यस रूखलाई टिस्यू कल्चर गरी विकास गरेका विरुवाहरूलाई मायादेवीले समाएको रूख भनी मूल्य राखेर बेच्न पनि थालियो (महर्जन २०५८:१)। पुरातत्त्व र लुम्बिनीको धार्मिक, साँस्कृतिक तथा कुनै पनि सम्बन्ध नभएको सो रूखका बारेमा सर्वसाधारण मात्र नभई लुम्बिनी विकास कोषका पदाधिकारीहरू स्वयं पनि कति भ्रममा रहेछ भने, सो टिस्यू कल्चर गरेर विकास गरेको विरुवा विक्री कार्यक्रममा तत्कालीन उपाध्यक्षले मन्दिरको रुख काटिएकोले चित्त दुखाएकाहरूलाई अब सन्तोष मिल्ने अभिव्यक्ति समेत दिएका थिए (स्पेसटाइम २०५८:)।

उत्खनन्को दोस्रो चरणमा मन्दिरको केन्द्र भागमा पुनः अर्को टेष्ट ट्रेन्च खनियो र stage VI मा इँटामा बनाइएको सतह भेटियो। यसलाई रिकर्ड गरी हटाएर पुनः अगडि बढ्यो। यसरी बढ्ने क्रममा stage II मा मार्कर स्टोन भेटियो। यो मार्कर स्टोन बुद्ध जन्मेको निश्चित ठाउँको सङ्केत चिन्ह थियो र पुरातात्त्विक दृष्टिले निकै ठूलो उपलब्धी हो। यसपछि १० मार्च १९९५ मा अर्को दोस्रो अन्तर्राष्ट्रिय संगोष्ठी लुम्बिनीमा बस्यो। यस संगोष्ठीले कार्यलाई निरन्तरता दिनुपर्ने निर्णय गऱ्यो (JBF 2001:27) र सोही अनुसार पूर्वतिर उत्खनन् गर्दै जाँदा पहिले नौ वटा च्याम्बर भेटियो भने पछि पुनः पश्चिमतर्फ बढ्दा अर्को तीन वटा च्याम्वर भेटिंदा यसको संख्या पन्ध्र वटा पुग्यो। कार्य सम्पन्न गरी मार्कर स्टोन र पूर्वको संरचना सुरक्षाको लागि बन्दोवस्त गरियो।

प्राप्त पुरातात्विक सामग्रीहरू

पुरातात्त्विक उत्खनन्लाई लिखित विध्वंशको रूपमा लिइन्छ। यसले उत्खनन्हरूको अनिवार्य रिकर्ड राख्नु पर्ने मान्यतालाई जोड दिन्छ। उत्खनन् तब मात्र पूर्ण भएको मानिन्छ जब वैज्ञानिक ढंगले भएको उत्खनन्को गहन प्रतिवेदन (डिटेल रिपोर्ट) प्रकाशित हुन्छ। तर दुर्भाग्यको कुरा, लुम्बिनी उत्खनन्को सन्दर्भमा त्यस्तो रिपोर्टको अभाव रहेको पाइन्छ। यतिमात्र नभई उत्खनन्को गहन अध्ययन भएको जानकारी पनि छैन। प्रतिवेदन अब आउने संभावना पनि देखिदैन। कारण, यसका लागि जापानबाट खटेर आएका पुरातत्त्वविद् उएसाकाको निधन भैसकेको छ भने नेपाली पक्षबाट त्यसको सङ्केतसम्म पनि छैन। बाहिर आइसकेको जानकारी अनुसार निम्न वस्तुहरू यस उत्खनन्मा प्राप्त भएको थियो।

सिद्धार्थजन्म सङ्केत शिला वा मार्कर स्टोन : पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र जापान बुद्धिस्ट फाउन्डेशनको संयुक्त उत्खनन्को संभवतः सबैभन्दा ठूलो उपलब्धि बुद्धजन्म सङ्केतक शिला (मार्कर स्टोन) भेटिनु हो । बुद्ध जन्मेको ठाउँ यही हो भनेर निश्चित गर्न चिन्हको रूपमा मौर्य सम्राट अशोकले आफ्नो लुम्बिनी भ्रमणको क्रममा यो ढुङ्गालाई सात तह इँटामाथि हिफाजतका साथ व्यवस्थित गरेका थिए । ढुङ्गाको सुरक्षाको लागि चारैतिर पर्खाल पनि लगाइएको थियो । (यसको ऐतिहासिकता बारेमा अध्याय ३ को पूर्व मौर्य कालमा भइसकेको छ) अशोक स्तम्भमा कुँदिएको र लामो समयदेखि अर्थ्याइमा समस्या भैरहेको 'सिलाभीगडभीचा कालापित' ले यही ढुङ्गा र त्यसको सुरक्षाको लागि बनाईको पर्खाल भन्ने अर्थलाई नजिक ल्याउने भएकोले यो विवाद पनि अब लगभग साम्य हुने देखिन्छ ।

च्याम्बर नम्बर २ बाट मार्कर स्टोन पाइएको हो । मार्कर स्टोन भेटिएको कुरालाई सुरुमा सार्वजनिक नगरी गोप्य नै राखिएको थियो । तर यससम्बन्धी समाचार जापानको दैनिक समाचार पत्रिका आसाही शिम्बुनले मिति २६ जुलाई १९९५ मा प्रकाशित गरेपछि यसलाई गोप्य राख्नु जरुरी भएन । ६ महिनापछि यसको घोषणा ४ फेब्रुअरी १९९६ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा गराइएको थियो (परिशिष्ट : छ) ।

पन्ध्र वटा च्याम्बर : मायादेवी मन्दिरको उत्खनन्को क्रममा स्टेज नम्बर एकमा पुग्दा प्रष्टसँग पन्ध्र वटा च्याम्बरहरू भेटियो (तस्विर सङ्ख्या ६३) । च्याम्बरहरू पूर्व पश्चिममा पाँच पङ्क्ति र उत्तर दक्षिण तीन गरी जम्मा पन्ध्र वटा रहेका छन् । बीचका च्याम्बर नम्बर २, ५ र ८ वर्गाकारमा छन् भने अन्य विभिन्न नापका आयताकारमा रहेका छन् (नक्सा संख्या ७) । च्याम्बर नम्बर २ बाट मार्कर स्टोन पाइएको थियो (तस्विर सङ्ख्या ३) भने च्याम्बर नम्बर ८ बाट सालको गोल पाइएको थियो । यी च्याम्बरहरूको नाप कुनै कोठासँग सुहाउँदो छैन न त पानी भर्ने कुण्ड नै हुन् । यो के प्रयोजनका लागि बनाइएको भनी यकिन गर्न पनि सकिएको छैन । च्याम्बर नम्बर २ मा सात तहको मौर्यकालीन ईंटा लगाएर त्यसमाथि मार्कर स्टोन राखिएका र च्याम्बरमा पनि सोही कालको ईंटा प्रयाग भएबाट यो मौर्य कालमा नै बनिसकेको भन्ने प्रष्ट हुन्छ (तस्विर सङ्ख्या ६२) । तर च्याम्बरहरूको माथिल्लो तहमा पछिल्लो कालका इँटाहरू पनि पाइएकाले पछिसम्म पनि यी च्याम्बरहरू प्रयोजनमा आएको थाहा हुन्छ । गुप्तकालमा यसै च्याम्बरमाथि शिखर शैलीमा सप्तरथ मन्दिर बनाइएको थियो । सम्भवतः मौर्यकालमा नै पन्ध्रवटा च्याम्बर बनाइएको थियो र त्यसलाई बलियो बनाउन माटो भरेर सतहलाई डबली बनाइएको हुनसक्छ जसको प्रयोजन प्रार्थना गर्नलाई हुनसक्छ । फाहियान आउँदा मायादेवीले समाएको रूख जीवितै थियो भने हुयनसाङ आउँदा सुकिसकेको थियो अर्थात

मान्छेहरू मार्कर स्टोन र शालवृक्षतिर फर्केर प्रार्थना गर्दथे । यी पन्ध्रवटै च्याम्बरको चारैतिर सम्भवतः पर्खाल पनि भएको अनुमान हुन्छ ।

रूखको गोलः उत्खनन्का क्रममा च्याम्बर नम्बर ८ मा रूखका केही गोल (कोइला)हरू पाइएको थियो । ती कोइलामध्ये भविष्यमा हुने उत्खनन्का लागि केही बाँकी राखेर सुरक्षितका साथ निकालिएको थियो । ती कोइलालाई रेडियो कार्बोन डेटिंगका लागि तीन भागमा बाँडेर तीन ल्याबोटरीमा छुट्टाछुट्टै AMS सिद्धान्तअनुसार परीक्षण गरिएको थियो । निष्कर्षमा उक्त गोल इसा पूर्वको शालबृक्षको रहेको रिपोर्टमा उल्लेख छ (JBF 2001:27) ।



तस्विर सङ्ख्या ५६ : उत्खननका बेला पाइएका अशोक स्तम्भका चुनार ढुंगाका टुक्राहरू

गुप्त, कुषाण, शुंग र मौर्यकालीन इँटाहरू एकमाथि अर्को गरी बनाइएका वास्तुअवशेष : यस उत्खनन्मा पाइएका विभिन्न पुरातात्त्विक वस्तुमध्ये लुम्बिनीको क्रमानुगत इतिहास थाहा पाइनु पनि हो । यसअघि त्यहाँ एउटा ढिस्कोमात्र देखिन्थ्यो भने केशरशमशेरले त्यस ढिस्कोलाई छोपेर आयताकारको कुनै भवनजस्तो बनाइदिएको थियो । पी. सी. मुखर्जीको अध्ययनबाट त्यहाँ माथिल्लो सतहमा गुप्तकालीन अवशेष देखा परेको थियो । बाबुकृष्ण रिजालको उत्खनन्बाट अझ त्यसभन्दा अगाडिको संरचना देखिएको थियो तर उत्खनन् र अध्ययनको अभावमा यस्तै हो भन्न सकिएको थिएन । यस उत्खनन्मा गुप्त, कुषाण, शुंग र मौर्यकालीन वास्तुअवशेषहरू एकपछि अर्को गरेर तह तह पर्दै विकास भैरहेको देखिन्छ । हाल यस्तो क्रमानुगत अध्ययनका लागि मार्कर स्टोन पाइएको पश्चिमतर्फ एक ढिस्को सुरक्षित नै राखिएको छ ।

चुनार ढुङ्गाका टुक्राहरू : उत्खनन्का क्रममा अशोक स्तम्भका टुक्राहरू प्रसस्त मात्रामा पाइएको थियो ती ढुङ्गाका टुक्राहरू अशोक स्तम्भमाथि चट्यांग पर्दा फुटेका टुक्राहरू हुन् (JBF 2005:149-161)। यसरी नै स्तम्भको शीर्षभागमा रहेको र पछि खसेर नष्ट भएको घोडाको मूर्तिको टुक्रा पनि नहोला भन्न सकिन्न । यस्ता टुक्राहरू

यसअघिका उत्खनन्का क्रममा पनि संकलन गरिएको थियो । यी जम्मै टुक्राहरूलाई 'रिफिटङ्' गरेर अध्ययन गर्ने हो भने स्तम्भका बारेमा थप जानकारी पाउन सकिन्छ तर हालसम्म त्यस्तो भएको छैन । पाइएका ढुगाका टुक्राहरू पनि कुन अवस्थामा छन् थाहा पाइँदैन । जेबिएफ, कोष र विभाग मिलेर गरेको पछिल्लो पटकको उत्खनन्का क्रममा पाइएका टुक्राहरूको तस्विर जापानबाट प्रकाशित रिपोर्टमा प्रकाशित गरिएको छ (तस्विर सङ्ख्या ५६, ५७)।

सिद्धार्थ र यशोधराको निजीजीवन अङ्कित मूर्ति : उत्खनन्का क्रममा एउटा टेराकोटाको मूर्ति जसमा सिद्धार्थ र यशोधराको निजी जीवन अङ्कित गरिएको छ । यस मूर्तिका सम्बन्धमा अध्याय ३ को कुशाण काल खण्डमा चर्चा गरिएको छ ।

मुद्राहरू: उत्खनन्का क्रममा लुम्बिनीबाट विभिन्न कालका चाँदी लगायत धातुका मुद्राहरू भेटाइएको थियो । यी मुद्राका केही तस्विर जापानबाट प्रकाशित रिपोर्टमा प्रकाशित छन् (तस्विर सङ्ख्या ५८) ।

कुषाण मुद्रा : कुषाण राजा विम कदफिसेसको कुशाण मुद्रा पाइएको छ । यस मुद्रामा शिव र नन्दी रहेको छ ।

तामामा ढालिएका प्राचीन मुद्रा : यो तामामा ढालिएको प्राचीन मुद्राको एकै घेराभित्र चार वटा क्उयपभक अङ्कित मुद्रा पाइएको छ ।



तस्विर सङ्ख्या ५७ : उत्खननका वेला पाइएका अशोक स्तम्भका चुनार ढुंगाका टुक्राहरू

तस्विर सङ्ख्या ५८ : मुद्रा





तस्विर सङ्ख्या ५९,६० : उत्खनित मन्दिरको पुनःनिर्माण कार्य हुँदै ।

मायादेवी मन्दिरको पुनःनिर्माण

लुम्बिनी विकास कोष र जापान बुद्धिस्ट फाउन्डेसन बीचको सम्झौताअनुसार पहिलो चरणको काममा उत्खनन्पछि संरक्षणको काम थालिनु पर्दथ्यो तर सो भएन । उत्खनन्पछिको संरचना के गर्ने, माटोले नै पुर्ने वा प्रदर्शनीका लागि खुल्ला राख्ने भन्ने विषयमा पनि लामो छलफल भएको थियो । मायादेवी मन्दिर नै बनाउने भए कुन डिजाइनमा बनाउने भन्ने विषयमा पनि धेरै चरणमा विभिन्न डिजाइनहरूमाथि छलफल भयो । तर ठोस निर्णय लिन सकिएन । संरक्षण कार्य हुन नसक्नाका पछाडि जापान बुद्धिस्ट फाउन्डेसन र लुम्बिनी विकास कोष बीचको असमझदारी पनि एउटा थियो ।

यसै बीच सन् १९९७ को डिसेम्वर १ मा संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन (युनेस्को) ले लुम्बिनीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गऱ्यो । कुनै पनि सम्पदा विश्व सम्पदा सूचीमा सूचीकृत भैसकेपछि त्यस क्षेत्रको काम कारवाही युनेस्कोको मापदण्डभित्र रहेर गर्नु पर्ने हुन्छ । यसप्रकार मायादेवी मन्दिरको संरक्षणमा स्वतन्त्र निर्णय लिन नपाइने भयो । लामो अध्ययन र छलफलपछि युनेस्कोले पुरातात्त्विक क्षेत्रलाई क्षति नपुग्ने गरी स्वीकृत नक्साअनुसार मायादेवी मन्दिरको पुनःनिर्माणका लागि स्विकृति दियो । तर सम्झौताअनुसार पुनःनिर्माणका लागि आर्थिक व्ययभारवहन गर्नु पर्ने जापान बुद्धिस्ट फाउन्डेसन र लुम्बिनी विकास कोषबीचको विवाद भने यथावत नै रह्यो । नेपाल पक्षका अनुसार सम्झौता कार्यान्वयनका लागि पत्राचारहरू थुप्रो पल्ट भएपनि जापान पक्षवाट कुनै जवाफ नआउँदा अन्ततः नेपाल आफैले खर्च व्यहोर्ने गरी युनेस्कोले स्वीकृत गरेको नक्साअनुसार माघ, २०५८ सालदेखि मन्दिरको पुनः निर्माण कार्य थालियो र २५४७ औ बुद्ध जयन्तीका दिन जेष्ठ २ गते औपचारिक कार्यक्रम गरी मन्दिरको उद्घाटन भयो । उद्घाटन त भयो र उद्घाटनको अभिलेख पनि त्यहाँ अहिले देख्न पाइन्छ । तर उत्खनन्को अभिलेख त्यहाँ पाइन्न । उत्खनन्को अभिलेख राख्न

जापानी पक्षले तयार पारेको पनि थियो (तस्विर सङ्ख्या)

पुरातात्त्विक क्षेत्रको उत्खननपछि त्यस क्षेत्रको संरक्षणलगायतका कुराहरू गर्नुअघि उत्खननका सम्पूर्ण रिपोर्टको अध्ययन गरिनु पर्दथ्यो तर रिपोर्ट नै प्रकाशित हुन नसकेको अवस्थामा मायादेवी मन्दिरको पुनःनिर्माण नै कति ठीक छ वा छैन भन्ने विषय विवाद वा छलफलको पाटो अझै पनि हुन सक्छ। पुनःनिर्मित मायादेवी मन्दिरको बाह्य आवरण जनरल केशरशमशेरद्वारा सन् १९३३-३९ को अवधिमा अर्धरोमन शैलीमा निर्मित मायादेवी मन्दिरकै पुनरावृत्ति देखिन्छ। भत्काउनु अघिसम्मको मन्दिरभन्दा केही उचाइ बढेकोले त्यसको अगाडि अशोक स्तम्भ ओझेलमा परको आभास हुन्छ। पुरानो भवनमा बुद्ध धर्मको सङ्केत गर्ने कुनै चिन्ह थिएन भने हाल शूटमाथि भादगाउँले टोपी लगाएजस्तै टुप्पामा स्वयम्भूको सानो प्रतिकृति राखिएको छ। उत्खननमा प्राप्त मार्कर स्टोनलाई बुलेट प्रूफले सुरक्षा प्रदान गरिएको छ। पन्ध्र वटै च्याम्वर तथा अन्य पुरातात्त्विक उत्खननबाट प्राप्त भौतिक अवशेष खुल्ला प्रदर्शनीमा राखिएका छन्। मार्कर स्टोनको ठीक माथि यथास्थान र उचाइमा शिशुजन्म चित्रित मायादेवीको मूर्ति राखिएको छ। तर त्यसलाई सहज रूपमा देख्न सकिदैन, तलबाट टाउको

तस्विर सङ्ख्या ६१ : विश्व सम्पदा सूचीमा लुम्बिनी परेपछि त्यसको युनेस्कोको अभिलेख



तस्विर सङ्ख्या ६२ : लुम्बिनी उत्खननका सम्बन्धमा जापान पक्षले राख्न चाहेको अभिलेख तर हालसम्म राखिएको छैन।



तस्विर सङ्ख्या ६३ : पुनः निर्मित मायादेवी मन्दिर

उठाएर अस्वाभाविक ढंगले हेर्नु पर्दछ भने मन्दिरको छत् चढेर स्वयम्भू चैत्याकारमुनि ढोका खोलेर हेर्दा सामुन्ने नभई अलिकति तल भित्तामा टाासेर राखेको अवस्थामा निहुरेर मात्र देख्न पाइन्छ।

मन्दिर पुनःनिर्माणका क्रममा आवश्यक गुणस्तर र सावधानी अपनाएको पाइन्न। मन्दिर निर्माणको सुरुका कार्यहरू 'पाइलिंग'देखि नै त्रुटि देखिएको र अन्ततः गारो उठाउँदा एक पल्ट भाँसिन पनि पुगेको थियो। यसरी नै मन्दिर उद्घाटन हुनु अगावै माघको पहिलो साता वर्षाको पानी चुहिएको घटनालाई पनि काम राम्रो भएको भन्न सकिन्न (महर्जन २०५९:२)। पन्ध्र वटा च्याम्वरलगायत अन्य पुरातात्त्विक संरचनालाई आजभोलि जुन रूपमा खुल्ला प्रदर्शनीमा राखिएको छ त्यो उचित हो वा होइन भन्ने कुरामा छलफल हुनु पर्ने देखिन्छ किनभने ईंटाहरूमा अहिल्यै लेउ पर्न थालेको र नून पनि देखिन थालेको छ। मन्दिरभित्र खुल्ला प्रदर्शनमा राखिएका च्याम्वरका ईंटाहरूमा जमीनमुनिको पानीको असर पनि देखा परेको छ। प्राकृतिक रूपमै स्वास फेर्ने क्रममा ईंटाहरू फुल्ने तथा जमीन भित्रको पानीमा रहेको नून पनि सँगै माथि ल्याउँदा त्यसले इँटालाई असर गर्ने गर्दछ। यसरी नै मायादेवी मन्दिरभित्रको ईंटाहरूलाई जमीनको नुनिलो पानीको असरलाई कम गर्न युनेस्कोले चारैतिर ढल बनाउने सकिने सुझाव पनि दिइएको थियो, तर सो काम हुन सकेन।

मायादेवी मन्दिरको पुनःनिर्माणका सम्बन्धमा टिप्पणीहरू हुँदा लुम्बिनी विकास

कोष तथा सम्वद्ध व्यक्तिहरू त्यहाँ पुरातात्त्विक कुराहरूलाई छोप्ने कार्य मात्र भएको र सजिलैसँग हालको भवनलाई हटाउन मिल्ने गरी बनाएको बताउँछन् (महर्जन २०५९:२)। तर मन्दिर निर्माणका क्रममा त्यस्तो नभएको र त्यसरी झिक्यो भने पुरातात्त्विक संरचनामा धक्का पर्ने बताइन्छ (महर्जन २०६०:क)। यतिमात्र नभई फलामका सत्तरीमा बोल्टीङ गर्ने भनी पास भएको ठाउँमा वेल्डिङ गरिएका छन्।



तस्विर सङ्ख्या ६४ : पुनःनिर्मित मायादेवी मन्दिरको उद्घाटन अभिलेख

उपसंहार

लुम्बिनी समस्त बौद्धजगत्का लागि पावन धार्मिकस्थल हो । अन्य धर्मावलम्बीहरूका लागि पनि उत्तिकै आकर्षणको स्थल बनेको छ । यहाँ विभिन्न उद्देश्य राखेर संसारभरका पर्यटकहरू ओइरिने क्रम बढ्दो छ । पुरातात्त्विक अध्ययनका लागि पनि यो राम्रो स्थल हुनाका कारण पूर्व मौर्यकालदेखि गुप्तकालसम्मको अध्ययन यहाँ एकै ठाउँमा सम्भव हुनु पनि हो ।

प्रसिद्ध वास्तुविद् प्रो. केन्जो टाङ्गेको गुरूयोजनाअनुसार नयाँ लुम्बिनी ग्राम क्षेत्र, विहार क्षेत्र र पवित्र उद्यान क्षेत्रको कल्पना गरिएका छन् । नयाँ लुम्बिनी ग्राम क्षेत्रको विकासका कार्यहरू हुन बाँकी नै छन् भने विहार क्षेत्रमा विश्वका विभिन्न बौद्ध राष्ट्र वा समाजले आआफ्नो बौद्ध दर्शन, कला, संस्कृति झल्किने गरी निर्माण कार्यलाई अगाडि बढाइरहेको र पवित्र उद्यानलाई सबैले साझा क्षेत्रको रूपमा अंगीकार गरिरहेको छ । लुम्बिनी संसारभरका कुनै पनि जाति, भाषा, क्षेत्र, राष्ट्र आदि कुराबाट माथि उठ्नु पर्दछ । यसो भएको खण्डमा संसारभरका बौद्ध र गैरबौद्ध सबैलाई यो विश्व पर्यटन केन्द्रको रूपमा विकास हुने कुरामा शङ्का छैन । यस हिसाबले यसको हरेक पक्षबाट अध्ययन हुनु जरुरी छ ।

लुम्बिनीको अध्ययन गर्दा भारतको इतिहासलाई पनि ध्यान दिनु पर्दछ । भलै वर्तमान राजनैतिक भूगोलमा यो नेपालभित्र पर्दछ तर इतिहासमा कुनै समय यो स्वतन्त्र राज्यको अङ्ग भएपनि पछि मगध साम्राज्यअन्तर्गत पर्न गएको थियो । यसको उत्थान र पतनमा भारतको इतिहाससँग नङ र मासु जत्तिकै सम्बन्ध रहेको छ । पुरातात्त्विक इतिहासको दृष्टिकोणले पनि लुम्बिनीको पुरातत्त्व भारतकै पुरातत्त्वको इतिहासको अंगजस्तो बनेको छ । राम्रो र फाइदाजनक देखेपछि सबैं आफ्नो भन्ने प्रवृत्ति मानिसहरूमा भएको पाइन्छ । केही लेखक तथा विद्वान्ले विगत केही दशकदेखि विभिन्न तर्क दिंदै लुम्बिनी नेपालमा नभई भारतको उडिशा राज्यअन्तर्गत कपिलेश्वरमा पर्दछ भन्ने दावी गर्दै आइरहेका छन् । ठीक यसै बेला नेपालका विद्वान्हरूले पनि लुम्बिनी उत्ति बेलादेखि नै नेपालअन्तर्गत भएको मन्तव्यहरू दिन थालेका छन् । यी दुबै मन्तव्य सत्यका लागि भन्दा

राष्ट्रवादबाट प्रेरित देखिन्छ। इतिहास र पुरातत्त्वको अध्ययनमा कोरा राष्ट्रवादको कुनै अर्थ हुँदैन।

लुम्बिनीको उत्खनन् व्यवस्थित रूपमा भएको देखिन्न। उत्खनन्कर्ताहरूले आफूले पाएका सम्पूर्ण पुरातात्त्विक सामग्रीहरूको तस्विर, नक्शा तथा नाप दिएको पाइन्न। केही मूर्ति, विहारलगायत अन्य वास्तु संरचनाको काल निर्धारण त गरिएका छन् तर ती केका आधारमा गरिएका हुन् भन्ने उल्लेख छैन। थुप्रै पटक भएका उत्खनन्हरूको कुनै पनि विस्तृत रिपोर्ट प्रकाशमा नआएको मात्र नभई कन्जर्भेसन गर्दा सम्भवतः शुंग, कुषाण र गुप्त कालका स्तूपहरूलाई त्यहाँ धेरै मात्रामा पाइएका मौर्यकालीन इँटाले छोपेर संरक्षण (?) गर्दा अनर्थ भएका छन्। शुंग, कुषाण, गुप्त कालका स्तूपलगायतका वास्तुहरू छोपिनु पुरातात्त्विक दृष्टिले न्यायसंगत छैन। यस बारेमा शूक्ष्म अध्ययन हुनु जरुरी छ। यसरी नै पुरातात्त्विक उत्खनन्लाई 'लिखित विध्वंश' भनिन्छ र 'लिखित विध्वंश' वैज्ञानिक मानिन्छन्। पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र जापान बुद्धिष्ट फेडेरेशनको संयुक्त टोलीले मायादेवी मन्दिरको उत्खनन् गरेर पनि विस्तृत र संयुक्त रिपोर्ट प्रकाशनमा नल्याउनु 'अलिखित विध्वंश' हो र त्यो स्वतः अवैज्ञानिक कार्य हुन्छ। जापान पक्षले आफ्नो तर्फबाट रिपोर्ट हालै नेपाललाई हस्तांन्तरण गरेको छ तर संयुक्त रिपोर्टको जरुरी हुन्छ। उत्खनन् रिपोर्टको अध्ययन नै नगरी त्यहाँ निर्माण कार्य थालिनु पुरातत्त्वको दृष्टिकोणले त्यसलाई हचुवा र लापरवाही कामबाहेक अरु केही भन्न सकिन्न। यो अर्को 'ठूलो भूल' हो। हाल निर्माण गरिएको मायादेवी मन्दिर बाहिरबाट झट्ट हेर्दा कुनै गोदमघर वा कारखानाजस्तो देखिन्छ। भित्र पुरातात्त्विक कुराहरूलाई खुल्ला रूपमा राखिएका छन् र त्यसरी राखिनु ठिक छ वा छैन भन्ने विषय छलफलको पातो हुनसक्छ। यसरी नै लुम्बिनीको दर्शन गर्न जाने श्रद्धालु तथा पर्यटकहरू सबैको रुचि पुरातत्त्वका विषयमा हुँदैन। कसैले प्रदर्शित पुरातात्त्विक संरचनाका सम्बन्धमा प्रश्न गऱ्यो नै भने पनि त्यसको जवाफ दिनसक्ने त्यहाँ कोही छैन किनभने पुरातत्त्वविद्हरू नै त्यसलाई अर्थ्याउन नसकेर अचम्ममा परेका छन्। जिज्ञासामा त्यहाँ सुनिने अनधिकृत जवाफहरूले सर्वसाधारणमा भ्रमको बीजारोण गरिरहेको छ। यस तर्फ ध्यान जानु पर्ने देखिन्छ। यसरी नै लुम्बिनीको सबैभन्दा अहं कुरा नै त्यहाँको पुरातत्त्व भएकोले पुरातात्त्विक अध्ययनमा विशेष ध्यान जानु पर्ने देखिन्छ। हाल लुम्बिनीलाई पर्यटन उद्योगको एक उत्पादनका रूपमा भन्दा माथि राखेर हेर्न नसकेको देखिन्छ जुन उचित होइन।

o

नक्सा सङ्ख्या १



Distribution of structure at Lumbini, P.C. Mukharji, 1901

LUMBINI 6.
STRUCTURAL PLAN & SECTION
LOOKING EAST
(1976-77)

नक्सा सङ्ख्या २



Pre- Mauryan Structure found below the Mauryan Chaitya base

नक्सा सङ्ख्या ३



LUMBINI PILLAR RECONSTRUCTION

SWOYAMBHU & ASSOCIATES

25-APRIL-1995

नक्सा सङ्ख्या ४



Structure around Mayadevi Temple

नक्सा सङ्ख्या ५



Plan of Mayadevi Temple before rersearch

नक्सा सङ्ख्या ६



Mayadevi Temple (various phrase of outside construction)

नक्सा सङ्ख्या ७



Sketchy plan of structures from stage I to stage III

नक्सा सङ्ख्या ८



Side view of marker stone at stage II

नक्सा सङ्ख्या ९



Plan and cross section of the entrance structure at stage V



Plan and side view of structure

नक्सा सङ्ख्या १०



Stratigraphy at chamber 8

नक्सा सङ्ख्या ११



Overall plan of structuers at stage I

BIBLIOGRAPHY

Aryal, Mukunda Raj. 1995, "Lumbini: An Archaeological and Historical Presentation". *Neplese and Italian Contributions to the History and Archaeology of Nepal* Delhi: Munshiram Mahorarlal Publishers Pvt. Ltd. New (Proceeding of the Seminar Held at Hanuman Dhoka Kathmandu 22-23 Janurary 1995)

Basak, Radhagovinda 1954. *Ashokan Inscriptions*, Calcutta: Progressive Publishiers,

Bhikkhu Hui Ding, "Lumbini", *Ananda Bhoomi Monthly*, year 29, vol.6

Bhikkshu, Sudarshan 2053, "Which Shoulk be Conserved, the Excavated Birth Monument of Siddhartha ofr the Mayadevi Shrime?" *GyanMala Smarika*,

Bidari, Basanta 2000. *Lumbini: Past, Present & Future With the master Plan*. India: General Secretary of the Maha Bodhi Society of India,

Bidari, Basanta 2001. "Gotihawa", *Lumbini* Lumbini: The Intermational Buddhist Society No.7 page 1

Bidari, Basanta 2003. *Lumbin: A Haven of Sacred Refugei* Lumbini:

Bidari, Basanta1998. "Kapilvastu, the Ancient sakya Kingdom in Nepal" *Lumbini* Lumbini: The Intermational Buddhist Society No.4 may , page 10

Buhler, Georg 1998. "The Asoka edicts of Paderia and Nigliva". Lumbini: The Intermational Buddhist Society No.4

Chakravarti, Dilip K. 1988. *History of Indian Archaeology from the beging to 1947*. India: Munsi Ram Manoharlal Pvt. Ltd

Deeg, Max 2003. *The Places where Siddhartha Trod: Lumbini and*

Kapilvastu, Lumbini: Lumbini International Research Institute.

Falk, Harry 1998, *The discovery of Lumbini*, Lumbini: Lumbini International Research Institute,

Fuhrer, A. 1972. *Antiquities of Buddha Sakyamuni's Birth place in the Nepalese Tarai*, Varanasi, Delhi: Indological Book House,

Giri, Gitu. 2003. *Art and Architecture Remains in the western terai Region of Nepal*, Delhi: ADROT Publication,

Landon, Percival 1997. "Lumbini" *Lumbini* Lumbini: The International Buddhist Society No. 3 May

Legge, James 1926. *The Travesl of Fa-Hien: A Record of the Buddhist Kingkoms, being an account of his travel in India and Ceylon (A.D. 399-141),* New Delhi: Oriental Publishiers

Macphail, J. M. 1951. *Ashoka*, Calcutta:The Heritage of India series.

Mishra, Tara Nanda, 1990 . ''The Nativity Sculpture of Lumbini and Its Conservation", *Rolamba*, Vol. 10 No. 4

Mishra, Tara Nanda 1996. "The Archaeological Activities in Lumbini during 1984-85"; *Ancient Nepal*, NO. 139,

Mitra, Debala 1971. *The Buddhist Monuments*. India: Shishu Sahitya Samsad Pvt.

Mitra, Devala. 1972. *Excavation at Tilaura-Kot and Kudan and exploration in Nepal Tarai*, Kathmandu: The Department of Archaeology, HMG of Nepal.

Mitra, Rajendra Lal, (Ed.) 1877. *The Lalitavistara*, India: Asiatic Society of Bengal

Mukherji, P.C. 1996. *A Report on a tour of Exploration of the Antiquities in the Tarai, Nepal* (1901) Kathmandu: S.K. International Publishing House (repriented)

Mukkerji, Radha Kumud. 1955. *Ahoka*, New Delhi : Raj Kamal Publications Ltd. (second edition)

Peppe, W. Claxton, "The Piprahwa Stupa, containing relics of Buddha", *2542nd Buddha Jayanti Souvenir*, page 53

Petech L. 1950. Northern India. According to the Shui-Ching-Chu (Voll. No.II), Rome: Instuto Italiano per il Medio ed Estremo Oriente.

Pradhan, Bhuwan Lal. "Distinguished Pilgrims to Lumbini Kapilvastu and their reminiscences", *Lumbini Buddhako Janmabhoomo* (Souvenir),

Pradhan, Bhuwan Lal, *Lumbini, Kapilwastu-Dewadhah*, Kathmandu: Research centre for Nepal and Asia studies, Tribhuban University

Rijal, Babu Krishna 1996, "Revelations of Buddha's Birthplace Mayadevi Temple". *The Rising Nepal*, June 14,

Rijal, Babu Krishna 1997. "A Great Discovery at Mayadevi Temple in Lumbini", *Lumbini*, Year 3 No.3, Baisakh 2541 May, Lumbini: International Buddhist Society

Rijal, Babu Krishna, "A Great Discovery at Mayadevi Temple in Lumbini", *Lumbini* Lumbini: The Intermational Buddhist Society No.3 may 1997,

Rijal, Babukrishna 1977. *–Archaeological Activities in Lumbini 1976-77*, Kathmandu: Lumbini Development Committe,

Rijal, Babukrishna 1979. *Archaeological Remains of Kapilvastu, Lumbini and Devadaha*, Kathmandu: Educationnal Enterprised Pvt. ltd,

Rijal, BabuKrishna 1996. *100 Years of Archaeological Research in Lumbini*, Kapilvastu & Devadaha, Kathmandu: S.K. International Publishing House

Rospatt, Alexander V. 2055. "When Did Shakyamini Buddha Really Live?" *Baishakha Mahotwav*, No. 2,

Sarasvati, S. K. 1957. *A Survey of Indian Sculpture.* P . 131 PL. XXI. No.92,

Sen, Amulyachandra1956. *Ashoka's Edics*, Calcutta,

Shrestha, Sukra Sagar, "Ramgrama Excavation". Lumbini: The Intermational Buddhist Society No.7 may 2001,

Thapaer, Romila 1963. *Ashoka and the decline of Mauryas*, London

Tuladhar, Swoyambhudhar1995, "The Ashokan Pillars in Nepal", *Lumbini Buddhako Janmabhoomo* (Souvenir)

Watters, Thomas 1973. On Yuan Chwangs Traves in India,

नेपाली, हिन्दी र नेपालभाषा

उपाध्याय, भरतसिंह । १९९१ । *बुद्धकालीन भारतीय भूगोल* । प्रयाग

गैरोला, वाचस्पति । १९८५ । *भारतीय संस्कृति और कला* । लखनउः उत्तर प्रदेश हिन्दी संस्थान ।

तमोट, काशिनाथ । ने.सं. १०९७ । लुम्बिनी- मालेज्या व व्युत्पति-विचार । *न्हसला* , अंक-७ ।

त्रिपाठी, चन्द्रमाल । १९४८ । मेरी लुम्बिनी-यात्रा । *धर्मदूत* , वर्ष १३, अंक ३ ।

त्रिपाठी, रमाशंकर । १९५६ । *प्राचीन भारतका इतिहास* । बनारसः नन्दकिशोर एण्ड ब्रदर्श ।

त्रिवेदी, उदयशंकर । भगवान् बुद्ध का जन्मस्थान लुम्बिनी । *धर्मदूत* , वैशाख पूर्णिमा ।

तुलाधर, स्वयम्भूधर । २०५८ । अन्वेषण पूमवंकं मायादेवी देगः दने मज्यू । *सन्ध्याटाइम्स,* चैत्र ४

नाहर, रतिभानु सिंह । १९६१ । *प्राचीन भारतका राजनीतिक और सांस्कृतिक इतिहास* । इलाहावादः किताब महल प्रइवेट लिमिटेड, (द्वितीय संस्करण) ।

महर्जन, बसन्त । २०५९ । मायादेवी पुनः निर्मण कार्य पुरातात्त्विक मान्यताविपरीत भएको आरोप । *स्पेसटाइम दैनिक,* वैशाख २६ ।

पाण्डे, राजबली । २०२२ । *अशोकका धर्मलेख* । वाराणसीः

पाण्डे, रामनिवास । २०२३ । कपिलवस्तुको राजनैतिक इतिहास । *कान्ति,* । कीर्तिपुर : कीर्तिपुर बहुमुखी क्याम्पस ।

प्रधान, भुवनलाल । २०४७ । लुम्बिनीको संक्षिप्त इतिहास । *धर्मकीर्ति,* पूर्णाङ्क ७४, वैशाख पूर्णिमा, काठमाडौं : धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार ।

प्रधान, भुवनलाल । १९९६ । लुम्बिनी कहाँ पर्दछ ? विविध प्रमणले पुष्टि गर्दछ । *धर्मकीर्ति,* बर्ष १६, अंक १, ११ मे ।

भट्ट, श्रीयुत जनार्दन । १९८० । *अशोकके धर्मलेख* (प्रथम भाग) । काशी : ज्ञानमण्डल कार्यालय, प्रथम संस्करण ।

भिक्षु सुदर्शन महास्थविर । १९९८ । लुम्बिनीको शिलास्तम्भ अभिलेख । *२५४२ औं बुद्ध जयन्ती स्मारिका* ।

भिक्षु सुदर्शन महास्थविर । २०५३ । *लुम्बिनीया किचलय् ।* काठमाडौं:

भिक्षु सुदर्शन महास्थविर । २०५५ । लुम्बिनीस्थित अशोक शिलास्तम्भ अभिलेखको 'अतन आगाच महीयते' एक अध्ययन । *बुद्ध जयन्ती स्मारिका* ।

भिक्षु सुदर्शन महास्थविर । १९७२ । *लुम्बिनी : छगू ऐतिहासिक विवेचना (१)* । काठमाडौं,

भिक्षु सुदर्शन महास्थविर । १९९८ । *लुम्बिनीको काखमा* । ललितपुर: हिमाली बौद्ध प्रशिक्षण संस्थान ।

भिक्षु सुदर्शन महास्थविर । २०५८ । सिद्धार्थको जन्ममूर्ति । *स्पेसटाइम दैनिक,* जेठ ११ ।

भिक्षु सुदर्शन महास्थविर । २०५३ । बुद्धको जन्मभूमि लुम्बिनी । *बुद्धभूमि,* वर्ष १ अंक १ ।

भिक्षु धर्मरक्षित (सम्पा.) । १९५१ । *जातक अट्ठकथा प्रथम भाग* । काशी : भारतीय ज्ञानपीठ ।

भिक्षु सुदर्शन महास्थविर । २०५२ । लुम्बिनी तथा यसको निर्माण । *लुम्विनी बुद्धको जन्मभूमि* (स्मारिका), ।

भिक्षु जगदीश काश्यप । २५०२ । *दीघनिकायपालि दोस्रो भाग* । भारत : ।

भिक्षु सुदर्शन महास्थविर । २५४० । 'लुम्बिनी' खँग्वलय् छपुलु । *वैशाख पूर्णिमा* । ललितपुर,: रत्नाकर महाविहार ।

भिक्षु सुदर्शन महास्थविर । । अशोकया सप्त स्तम्भाभिलेखया उद्देश्य सन्दर्भय् लुम्बिनीस्थित अशोकस्तम्भ अभिलेखया 'उबलिकेकटे' छगू अध्ययन । *धर्मकीर्ति,* वर्ष ६ अङ्क १ ।

भिक्षु सुदर्शन महास्थविर । ११२१ । सिद्धार्थ जन्मस्मारक मायादेवी मन्दिर । *सन्ध्याटाइम्स,* बछलागा १० ।

भिक्षु सुदर्शन महास्थविर । ११०८ । लुम्बिनीच्वंगु अशोक स्तम्भअभिलेखया नित्वा:खा हिदबुधेंजाते सक्यमुनीते' व हिदभगवं जाते लुंमिनी गामे । *प्याकिं*, वर्ष ३ अंक ८ ।

भिक्षु सुदर्शन महास्थविर । । लुम्बिनीस्थित जुजु अशोकया शिलास्तम्भ अभिलेखय् च्वंगु छगू शब्द 'वीसतिवसाभिसितेन' छगू अध्ययन । *आनन्दभूमि*,वर्ष १७ अंक ३ ।

महर्जन, बसन्त । २०५८ । बुद्धकालीन भनेर बेचिदैछ सत्तरी वर्ष पुरानो रूख । *स्पेसटाइम दैनिक* , वर्ष १ अंक १९७, जेठ ८ ।

महर्जन, बसन्त । २०५८ । लुम्बिनीको एउटा भरपर्दो प्रमाण पनि संकटमा । *स्पेसटाइम दैनिक*, वर्ष १ अंक २३३ असार ८ ।

महर्जन, बसन्त । २०५८ । उत्खनन् भएको दस वर्ष बित्दा पनि लुम्बिनीमा संरक्षणको विवाद कायमै । *स्पेसटाइम दैनिक*, वर्ष १ अंक १७९ वैशाख १६ अप्रिल २००१ ।

महर्जन, बसन्त । २०६० । लुम्बिनीको कथा । *स्पेस विशेष स्पेसटाइम दैनिक*, वैशाख २७ ।

मिश्र, तारानन्द । २०४३ । लुम्बिनीको अशोक स्तम्भ : थप जानकारी । *गोरखापत्र* बैशाख २७ गते ।

मिश्र, तारानन्द । २०५३ । सम्राट अशोक र नेपालसंग उनको सम्बन्ध । *प्रज्ञा*, वर्ष २६ पूर्णङ्क ८२ ख ।

रिजाल, बाबुकृष्ण । । लुम्बिनीमा संचालित केही पुरातात्त्विक गतिविधिहरू । *लुम्बिनी*, वर्ष ४ अङ्क १, लुम्बिनी विकास सहयोग समिति ।

बज्राचार्य, दुण्डबहादुर (अनु.) । १९९७ । *मज्झिमनिकाय* । ललितपुर : वीर-पूर्ण पुस्तकसंग्रहालय, (नेपालीभाषा) ।

बज्राचार्य, दुण्डबहादुर (अनु.) । १९९७ । *मज्झिमनिकाय* । ललितपुर: वीर-पूर्ण पुस्तकसंग्रहालय (नेपालभाषा)।

बज्राचार्य, दुण्डबहादुर (अनु) । १९९९ । *निदान-कथा* । ललितपुर : वीर-पूर्ण पुस्तकसंग्रहालय ।

बज्राचार्य, दुण्डबहादुर, (अनु. एवं सम्पा.) । २००० । *दीघनिकाय* । ललितपुर : वीर-पूर्ण पुस्तकसंग्रहालय, (नेपालभाषा) ।

बज्राचार्य, दुण्डबहादुर (अनु. एवं सम्पा.) । २००० । *दीघनिकाय* । ललितपुर वीर-पूर्ण पुस्तकसंग्रहालय (नेपाली) ।

विद्यालंकार, सत्यकेतु । १९६७ । *भारतका प्राचीन इतिहास* । मसूरी : सरस्वती सदन, जुलाई तृतीय संस्करण ।

वैद्य, डा. पी. एल, (सम्पा.) । १९५९ । *दिव्यावदानम् (कुणालावदानम्)* । दरभंगा : मिथिलाविद्यापिठ ।

शाक्य, हेमराज । १०९७ । *बुद्धमूर्ति : छगू अध्ययन* । काठमाडौं : च्वसापासा ।

स्पेसटाइम दैनिक । २०५८ क । काँक्रेविहारमा मन्दिर निर्माण गरिने । काठमाडौं : जेठ ११,

स्पेसटाइम दैनिक । २०५८ ख । मायादेवी मन्दिरको पीपल वितरण (समाचार) । बैशाख २८ गते ।

सिलवाल, यादवकान्त । १९८९ । लुम्बिनीको विकास अपरिहार्य । *बुद्ध धर्म र संस्कृति* । काठमाडौं ।

श्रीवास्तव, बृजभूषण । २००१ । *प्राचीन भारतीय प्रतिमा-विज्ञान एवं मूर्ति- कला* । वाराणसी : विश्वविद्यालय प्रकाशन ।

श्रीवास्तव, विजय । १९५४ । *कपिलवस्तु-लुम्बिनी-दिग्दर्शन* । बनारस : श्रीवास्तव स्टुडियो ।

कार्यपत्र

भिक्षु सुदर्शन महास्थविर र केशवमान शाक्य, "प्राचीन कर्णाली क्षेत्रको बौद्ध संस्कृति", धर्मोदय सभाद्वारा मिति २०५४ पौष १९-२१ मा धनगढी कैलालीमा आयोजित छैटौं राष्ट्रिय बौद्ध सम्मेलनमा प्रस्तुत

तुलाधर, स्वयम्भूधर, "लुम्बिनी - बुद्धको जन्मस्थल", मिति ..... मा चित्रकार (पुं) समाजद्वारा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र

श्रेष्ठ, शुक्रसागर । २०६० । "लुम्बिनी स्थित अशोकस्तम्भको अभिलेख" (लुम्बिनी बिकास कोषको आयोजनामा भएको एक विचार गोष्ठीमा प्रस्तुत कार्यपत्र)

रिपोर्ट र सम्झौता

Abhilekha. 2046. Two Letters on the discovery of Lumbini Pillar. Kathmandu:Rastriya Abhilekhalaya.

Agreement bueween Lumbini Development Trust and Japan Buddhist Federation for the project of Mayadevi temple

Restoraton

Amendment Agreement to Agreement ofr Project of Maya Devi temple Restoration Dated September 4, 1990, Lumbini Development trust Japan Buddhist Federation

Ashahi Shimbun . 1995. The Place where Buddha was born: A flat stone of the mark was found, Daily News paper, 26 July, Japan.

Brief Report on the State of Conservation of Lumbini, the birthplace of lord Vuddha (To be discussed in the 28th session of world Heritage Committee) , Submitted to World Heritage committee UNESCO, Paris, Submitted by LUMBINI DEVELOPMENT TRUST Kathmandu Jun 01, 2004

Construction of Mayadevi Temple and Preserbvation of Historic Site-2 April 2000 Yoshinobu Kumagai + S D Planning Institute

JBF 2001. Archaeological Research at Mayadevi Temple, Lumbini Volume 1, 2001, Japan Budhist Federation,

JBF 2005. Lumbini : The Archaeological Survey Report 1992-1995 (digest). Japan: Japan Buddhist Fedeartion.

JBF 2005. Lumbini : The Archaeological Survey Report 1992-1995. Japan: Japan Buddhist Fedeartion

Lumbini Mayadevi Projet: Architectural Plan April 2001, Yoshinobu Kumagai + S D Planning Institute

LDT 2001. Proceeding of the UNESCO International Technical Meeting for Conservation and Presentation of the Archaeological site of Maya Devi Temple Lumbini World Heritage Site 5-6 April 2001, Lumbini Development Trust, Lumbini-Kathmandu

UNESCO 2000. Reactive Monitoring Mission to Lumbini, Berthplace of Lord Buddha, Report and Recommendations of an UNESCO mission undertaken by Dr. Robin Coningham and Mr. Jean Francois Milou 16th –24th April 2000

परिशिष्ट

परिशिष्ट (क)

'अथ राजा स्थविरोपगुप्तस्य पादयोर्निपत्योवाच- स्थविर, अयं मे मनोरथो ये भगवता बुद्धेन प्रदेशा अध्युषितास्तानर्चेयम्, चिन्हानि च कुर्यां पश्चिमस्यां जनतायामनुग्रहार्थम्। आह च- ये बुद्धेन भगवता प्रदेशा अध्युषिताः, तानर्चयन्नहं गत्वा चिन्हानि चैतय कुर्यां पश्चिमां जनतामनुकम्पार्थम्। स्थविर उवाच- साधु साधु महाराज, शोभनस्ते तस्विरोत्पादः। अहं प्रदर्शयिष्याम्यधुना।

ये तेनाध्युषिता देशास्तान्नमस्ये कृताञ्जलिः।
गत्वा विन्हानि तेष्वेव करिष्यामि न संशयः ॥३७॥

अथ राजा चतुरङ्गबलकायं सनाहृय गन्धमाल्यपुष्पमादाय स्थविरोपगुप्त सहायः संप्रस्थितः। अथ स्थविरोपगुप्तो राजानमशोकं सर्व प्रथमेन लुम्बिनीवनं प्रवेशयित्वा दक्षिणं दस्तमभिप्रसार्योवाच अस्मिन महाराज प्रदेशे भगवान् जातः। आह च -

इदं हि प्रथम चैत्यं बुद्धस्योत्तमचक्षुषः।
जातमात्रेह स मुनिः प्रकान्त सप्तपदं भुवि ॥ ३८ ॥
चतुर्दिशमवलोक्य वाच भाषितवान् पुरा।
इयं मे पश्चिमा जातिर्गर्भावासञ्च पश्चिमः ॥ ३९ ॥
अथ राजा सर्वसशीरेण तत्र पादयोर्निषत्य उत्थाय कृताञ्जलिः अरुदन्नुवाच-
धन्यास्ते कृतपुण्यै (ण्या) श्च यैर्दृष्टः स महामुनिः।
प्रजातः संश्रृता यैश्च वाचस्तस्य मनोरमाः ॥ ४० ॥
अथ स्थविरो राज्ञः प्रसादवृद्धयर्थमुवाच- महाराज, कि द्रक्ष्यसि तां देवताम् ?
यया दृष्ट प्रजायन्स वनेण्ण्ण स्मिन् वदतां वरः।
क्रममाणः पदान् सप्त श्रुता वाचो यया मुनेः ॥ ४१ ॥

राजा आह- परं स्थविर द्रक्ष्यामि। अथ स्थविरोपगुप्तो यस्य वृक्षस्य शाखामवलम्ब्य देवो महामाया प्रसूता, तेन दक्षिणहस्तमभिप्रसार्योवाच-

नैवासिका या इहाशोकवृक्षे
संबुद्धदर्शिनी या देवकन्या ।
साक्षदसौ दर्शयतु स्वदेहं राज्ञोह्यशोकस्य (मनः) प्रसादवृद्धयै ॥४२॥

यावत् सा देवता स्वरूपेण स्थविरोपगुप्तसमीपे स्थित कृताञ्जमिरूवाच- स्थविर, किमाज्ञापयसि ? अथ स्थविरो राजानमशोक मुवाच- महाराज, इयं सा देवता, यया दृष्टो भगवान जायमानः । अथ राजा कृताञ्जलिस्तां देवतामुवाच-

दृष्टत्वया लक्षणभूषिताङ्ग
प्रजायमानः कमलायताक्षः
श्रुतास्त्वया तस्य नरर्षभस्य
वाचो मनोज्ञाः प्रथमा वनेणस्मित् ॥ ४३ ॥
देवता प्राह-
मया हि दृष्टः कनकावदानः
प्रजायमानो द्विपदपधानः ।
पदादि सप्त क्रममाण एव
श्रुता च वाचमपि तस्य शास्तुः ॥ ४४ ॥

राजा आह- कथय देवते, कीदृशी भगवता जायमानस्य श्रीर्बभूवेति । देवता प्राह - न शक्यं मया काग्भि संप्रकाशयितुम् । अपि तु संक्षेपतः शृणु-

विनिर्मिताभा कनकावदाता
सेन्द्रे त्रिलोके नयनाभिरामा ।
ससँगरान्ता च मही सशैला
महार्णवस्था इव नौश्चचाल ॥ ४५ ॥
यावद्राज्ञा जात्यां शतसहश्रं दत्तम् ।
चैत्यं च प्रतिष्ठाप्य राजा प्रक्रान्तः ॥

अथ स्थविरोपगुप्तो राजानं कपिलवस्तु निवेदयित दक्षिणहस्तमभिप्रसार्योवाच- अस्मिन् प्रदेशे महाराज बोधिसत्वो राज्ञः शुद्धोदनस्योपनमितः (वैद्य, डा. पी. एल, (सम्पा.) १९५९ । *दिव्यावदानम् (कुणालावदानम्)* दरभंगा : मिथिलाविद्यापिठ पृष्ठ २४८-२४९)

परिशिष्ट (ग)

ह्युनसाङको अंग्रेजी यात्रा वर्णन- To the north-east of the arrow well about 80-90 li, we came to the Lumbini (Lavani) garden. Here is the bathing tank of the Sakyas , the water of which is bright and clear as a mirror, and the surface covered with a mixture of flowers.

To the north of this 24 or 25 paces there is an Asoka-flower tree, which is now decayed: this is the place where bodhisattva was born on the eighth day of the second half of the same month, corresponding to the fifteenth day of the third month with us. East from this is a stupa built by Asoka-raja, on the spot where the two dragons bathed the body of the prince. When Bodhisattva was born, he walked without assistance in the direction of the four quarters, seven paces in each direction, and said, "I am the only lord in heaven and earth; from this time forth my births are finished." Where his feet had trod there sprang up great lotus flowers. Moreover, two dragons sprang forth, and, fixed in the air, poured down the one a cold and the other a warm water stream from his mouth, to wash the prince.

To the east of this stupa are two fountains of pure water, by the side of which have been built two stupas. This is the place where two dragons appeared from the earth. When Bodhisattva was born, the attendants and household relations hastened in every direction to find water for the use of the child. At this time two springs gurgled forth from the earth just before the queen, the one cold, the other warm, using which they bathed him.

To the south of this is a stupa. This is the spot where Sadra, the lord of Devas, received Bodhisattva in his arms. When Bodhisattva was born from the right side of his mother, the four kings wrapped him in a golden-colored cotton vestment, and placing him on a golden slab (bench) and bringing him to his mother. They said, "The queen may rejoice indeed at having given birth to such a fortunate child!" if the Devas rejoiced at the event, how much more should men!

By the side of these stupas and not far from them is a great stone pillar on the top of which is the figure of a horse, which was

नैवासिका या इहाशोकवृक्षे
संबुद्धदर्शिनी या देवकन्या ।
साक्षदसौ दर्शयतु स्वदेहं राज्ञोह्यशोकस्य (मनः) प्रसादवृद्ध्यै ॥४२॥

यावत् सा देवता स्वरूपेण स्थविरोपगुप्तसमीपे स्थित कृताञ्जमिरूवाच- स्थविर, किमाज्ञापयसि ? अथ स्थविरो राजानमशोक मुवाच- महाराज, इयं सा देवता, यया दृष्टो भगवान जायमानः । अथ राजा कृताञ्जलिस्तां देवतामुवाच-

दृष्टत्वया लक्षणभूषिताङ्ग
प्रजायमानः कमलायताक्षः
श्रुतास्त्वया तस्य नरर्षभस्य
वाचो मनोज्ञाः प्रथमा वनेणस्मित् ॥ ४३ ॥
देवता प्राह-
मया हि दृष्टः कनकावदानः
प्रजायमानो द्विपदपधानः ।
पदादि सप्त क्रममाण एव
श्रुता च वाचमपि तस्य शास्तुः ॥ ४४ ॥

राजा आह- कथय देवते, कीदृशी भगवता जायमानस्य श्रीर्बभूवेति । देवता प्राह - न शक्यं मया काग्भि संप्रकाशयितुम् । अपि तु संक्षेपतः शृणु-

विनिर्मिताभा कनकावदाता
सेन्द्रे त्रिलोके नयनाभिरामा ।
ससँगरान्ता च मही सशैला
महार्णवस्था इव नौश्चचाल ॥ ४५ ॥
यावद्राज्ञा जात्यां शतसहश्रं दत्तम् ।
चैत्यं च प्रतिष्ठाप्य राजा प्रक्रान्तः ॥

अथ स्थविरोपगुप्तो राजानं कपिलवस्तु निवेदयित दक्षिणहस्तमभिप्रसार्योवाच- अस्मिन् प्रदेशे महाराज बोधिसत्वो राज्ञः शुद्धोदनस्योपनमितः (वैद्य, डा. पी. एल, (सम्पा.) १९५९ । *दिव्यावदानम् (कुणालावदानम्)* दरभंगा : मिथिलाविद्यापिठ पृष्ठ २४८-२४९)

परिशिष्ट (ग)

ह्युनसाङको अंग्रेजी यात्रा वर्णन- To the north-east of the arrow well about 80-90 li, we came to the Lumbini (Lavani) garden. Here is the bathing tank of the Sakyas , the water of which is bright and clear as a mirror, and the surface covered with a mixture of flowers.

To the north of this 24 or 25 paces there is an Asoka-flower tree, which is now decayed: this is the place where bodhisattva was born on the eighth day of the second half of the same month, corresponding to the fifteenth day of the third month with us. East from this is a stupa built by Asoka-raja, on the spot where the two dragons bathed the body of the prince. When Bodhisattva was born, he walked without assistance in the direction of the four quarters, seven paces in each direction, and said, "I am the only lord in heaven and earth; from this time forth my births are finished." Where his feet had trod there sprang up great lotus flowers. Moreover, two dragons sprang forth, and, fixed in the air, poured down the one a cold and the other a warm water stream from his mouth, to wash the prince.

To the east of this stupa are two fountains of pure water, by the side of which have been built two stupas. This is the place where two dragons appeared from the earth. When Bodhisattva was born, the attendants and household relations hastened in every direction to find water for the use of the child. At this time two springs gurgled forth from the earth just before the queen, the one cold, the other warm, using which they bathed him.

To the south of this is a stupa. This is the spot where Sadra, the lord of Devas, received Bodhisattva in his arms. When Bodhisattva was born from the right side of his mother, the four kings wrapped him in a golden-colored cotton vestment, and placing him on a golden slab (bench) and bringing him to his mother. They said, "The queen may rejoice indeed at having given birth to such a fortunate child!" if the Devas rejoiced at the event, how much more should men!

By the side of these stupas and not far from them is a great stone pillar on the top of which is the figure of a horse, which was

built by Asoka-raja. Afterwards, by the contrivance of a wicked dragon, it was broken off in the middle and fell to the ground. By the side of it is a little river, which flows to the southeast. The people of the place call it the river of oil. This is the stream, which the Devas caused to appear as a pure and glistening pool for the queen, when she had brought forth her child, to wash and purify herself in. Now it is changed and become a river, the stream of which is still unctuous. (From SI-YU-KI Buddhist Records of the Western Worl, Translated by Samuel Beal, Motilal Banarasidas, 1981)

(परिशिष्ट (घ)

जय नमो श्रीबुद्ध भगवान लुम्बिनी वनस बिज्याक ॥ धु.॥
ब्रम्हानं वसिवा पुयेका सरस्वतीं बसा लायेका
अलकापुरी नगरीया जुजु कुबेरनं धनद्रव्य लायेका बिज्याक ॥ १ ॥
वायुदेवं ध्वजानं गायेका अग्निदेवनं धूप थनका ।
वरूण नाम नाग राजानं जलधारा हायेका बिज्याक ॥ २ ॥
महादेवं डम्बरु थायेका नारायणं शंख पुयेका ।
जन्मराजानं दण्ड जोंसें लासन चियेका बिज्याक ॥ ३ ॥
इन्द्रनं छत्रं कुयेका भिक्षुगणं च्वामोलं गायेका ।
आकाशनं स्वांवा गायेकाव आनन्द रसन बिज्याक ॥ ४ ॥
नैऋत्यनं ज्ञानकर दक्व जन सहित नं
शेष नागया म्हस बिज्यासे पूजा भाव कयाव ॥ ५ ॥
वन गज रत्न साल श्री सुरेन्द्र महाराजा ।
ल्हाकम्ह अज्ञानीजन गुरुयाके शरण ॥ ६ ॥'

परिशिष्ट (ङ)

Copy of D. O. letter no. A.S. / 38 dated Lacknow the 24th March 1898 from Dr. A. F. Fuhrer Ph.D. Archaeological Surveror North Western Frovinces and Oudh, to Gen. Khadga Shum Sher Jang Rana Bahadur Commander-in-chief and Governor of western Tarai, Nepal.

"I beg to forward for your kind acceptance a printed report on the exploration of ancient Buddhist ruins in the Nepal Tarai carried on in the winter of 1896-97. As soon as the detailed Report

(illustrated) is issued, now in a short time, I shall not fail to send you a presentation copy. On the results of the excavations undertaken by the Nepal Government, this winter, I have submitted a preliminary report for the information of the Kathmandu Darbar, and I hope to forward to you a copy as soon as printed.

I shall be extremely obliged to you if you will bery kindly fabvour me with few lines setting forth exactly what happened when I was privileged to pay you a visit on the 1st December 1896 at your camp at Paderiya close to Rummindei. You were kind enouth to show me that pillar, and on seeing it, I told you on the spot that it was undoubtedly an Asoka pillar and that an inscription would be found if a search was made below the surface of the mound. I am in need of it, as my antagonist, Dr. Waddell has stated in the papers: "It is somewhat amusing, after all Dr. Fuhrer has claimed in regard to this discovery, to find that not only did he not initiate that search but he had nothing to do with the local discovery of the spot, not even with the unearthing of the famous edict-pillar there, which fixed the spot beyond all doubt. This digging was done by the Nepalese officials in response to my letter to the Government of India..... "It is only in the interest of truth that I ask you to kindly give me your own version of the matter."

(अभिलेख, वर्ष ७, अंक ७, काठमाडौं : राष्ट्रिय अभिलेखायलय, २०४६ पृष्ठ ४८)

परिशिष्ट (च)

Copy of letter dated Palpa Tansein April 17th 1898 from General Khadga Shamsher Jang Rama Bahadur, Commander-in-chief and Governor of Western Tarai, to A. Fuhrer, Esquire; Ph. D Archaeological Surveyor, North Western Provinces and Oudh.

"Thank you very much for your letter of the 24th March, and I am much obliged to you for your sending me a printed copy of your report on the exploration of Buddhist ruins in our Tarai carried on last year. I am sorry to hear that the honor of having discovered the birth place of Buddha is in dispute, Permit me to say in this connexion that as soon a I received instructions from his Highness the Maharajah to explore the ruins around Nigliva and search for

the long-lost city of Kapolavastu, I forthwith reported the existence of the Padariyah monolith which had already struck me very much for its unique shape and surrounding characteristic of Ashoka-Pillars, and when immediate sanction was given by His Highness to investigate the importance of the pillar in cooperation with you, I was only too glad to embrace this auspicious occasion by purposely arranging our meeting at Mauza Padariyah so that I might not lose the opportunity of getting my own views regarding this monolith corroborated by a learned antiquary like you and of receiving from you at the same time advices. It is, however, only needless for me to remark that I had a mind to clear the debris round it for finding out any inscriptions the existence of which had seemed to me very probable , and I was almost certain that it must play an important part in identifying the site of Kapolvastu. Who would have doubted its importance after what had been known of the Nigliva-pillar? I was, however, glad to see that you also advised me to begin the work of excavation, which I did, and the inscriptions were brought to light again. I gave you a copy of it the first copy perhaps that has over been dame since many hundred years, and when I came to know what the inscriptions were about I was simply overjoyed to see that at last we had something to do in bringing to light the much-sought for birth place of Buddha himself.

As for Dr. Waddel, I am not aware of anything for which he may reasonably claim to have any immediate connexion with the discovery of this particular Padariyah monolith so conclusively identifying the famous spot in the Lumbini Garden. but I must acknowledge that you certainly had a good share in identifying the birth place of Buddha and this valuable work of yours should be acknowledged by all interested in it, I should have indeed experienced a lot of trouble in ascertaining the importance of this pillar satisfactorily without your cleaver help of deciphering the inscriptions. Of course I must say that the whole credit of finding out the birth–place of Buddha is certainly due to my august brother the Maharajah without whose generous add nothing would have been done in this long letter, but I have said so much for the sake of truth and truth only as was requested by you."

(अभिलेख, वर्ष ७, अंक ७, काठमाडौं : राष्ट्रिय अभिलेखायलय, २०४६ पृष्ठ ४८)

(परिशिष्ट छ)

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको भाषण

It is a matter of pride for all of us that the sacred place of the Nativity of Sakyamuni Buddha in Lumbini has been discovered by the archaeologists under the able advice and guidance of International Team of experts. The discovery has been made by the archaeologists of Lumbini Development Trust, Department of Archaeology, HMG/Nepal and Japan Buddhist Federation. It pinpoints the central location where stood the oldest construction dating back at least from the Mauryan period and which has been continued there till the present century. Besides, the excavation has also brought to light the pre-Mauryan cultural depositions, It is significant that the holy spot has survived through the historical ages, and I do hope that this sacred place will continue to attract and inspire pilgrims and tourist from all over the world. The discovery has been made possible by the generosity of Japan Buddhist Federation inspired initially by Lumbini Development Trust and the Department of Archaeology, HMG/Nepal.

The same spirit of devotion and co-operation is expected to preserve the successive stages in the development of the holy edifices. I do hope that a befitting presentation of whole complex will be made in manner that will endure for posterity and promote peace and religiosity amongst all mankind throughout the world. (Feb. 4, 1996)

२९४.३
म२६६लु
Anupama Kalyani Regmi Memorial Library
Kathmandu, Nepal
२६३८ग

Lumbini: Aitihasik Tatha Puratattuik Adhyayan
(Lumbini: A Historical and Archaeological Study)
By Basanta Maharjan

ISBN 99946-57-61-5
9 789994 657612



Lumbini: Aitihasik Tatha Puratattuik Adhyayan

(Lumbini: A Historical and Archaeological Study)

By Basanta Maharjan

ISBN 99946-57-61-5

9 789994 657612